**केन्द्रीय कार्यालय**

हरिहरभवन, ललितपुर
पो.ब.न. ९१८२, काठमाडौं
इमेल nhrc@nhrcnepal.org
फोन ०१ ५०१००१५, १६, १७, १८
वेवसाइट www.nhrcnepal.org
फ्याक्स ०१ ५५४७९७३, ५५४७९७५
हटलाइन ०१ ५० १० ०००

**क्षेत्रीय कार्यालयहरू**

विराटनगर, बरगाछी चोक
फोन ०२१ ४६१९३१, ४६१०९३
फ्याक्स ०२१ ४६११००

जनकपुर,
फोन ०४१ ५२७८११, ५२७८१२
फ्याक्स ०४१ ५२७२५०

पोखरा, जनप्रिय मार्ग
फोन ०६१ ४६२८११, ४६३८२२
फ्यायाक्स ०६१ ४६५०४२

नेपालगञ्ज, शान्तिनगर
फोन ०८१ ५२६७०७, ५२६७०८
फ्याक्स ०८१ ५२६७०६

धनगढी, उत्तर बेहेडी
फोन ०९१ ५२५६२१, ५२५६२२
फ्याक्स ०९१५२५६२३

**उपक्षेत्रीय कार्यालयहरू**

खोटाङ, दिक्तेल, फोन ०३६ ४२०२८४
रुपन्देही, बुटवल, फोन ०७१ ५४६९११
जुम्ला, खलङ्गा, फोन ०८७ ५२०२२२

## विद्यालय शिक्षकहरूका लागि

# मानव अधिकार स्रोत-पुस्तिका

राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर, नेपाल

विद्यालय शिक्षकहरूका लागि

# मानव अधिकार श्रोत-पुस्तिका

राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर, नेपाल

२०७०

लेखन

केशवप्रसाद बास्तोला

श्यामबाबु काफ्ले

कैलाशकुमार सिवाकोटी

लेआउट
महेशमान नकर्मी

प्रकाशक
राष्ट्रिय मानव अधिकार आयोग
पो.ब.न. ९१८२, काठमाडौं, नेपाल

प्रकाशन मिति

असोज, २०७०

| | | |
|---|---|---|
| प्रति | : | १००० |
| प्रकाशन नं. | : | प्र.का. १७४ के.का. |
| मुद्रण | : | एपेक्स प्रिन्टीङ्ग प्रेस प्रा.लि., तीनकुने, काठमाडौँ |
| सर्वाधिकार | : | राष्ट्रिय मानव अधिकार आयोग |

आयोगको पूर्व-स्वीकृतिविना यस प्रतिवेदनलाई पुनःउत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरूमात्र साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।

# मन्तव्य

राष्ट्रिय मानव अधिकार आयोगले सन् २००३ देखि नै मानव अधिकार शिक्षाको प्रचार-प्रसारलाई आफ्नो रणनीतिक कार्यक्रमहरूमा प्राथमिकताका साथ समावेश गरी विभिन्न कार्यक्रमहरू सम्पन्न गर्दै आइरहेको छ । आफ्नो अधिकार र कर्तव्यप्रति सचेत भई सोको संरक्षण, सम्वर्द्धन, सम्मान र उपयोग गर्न सहयोग पुऱ्याउने माध्यम नै मानव अधिकार शिक्षा हो । यसको प्रवर्द्धनबाट आफ्ना अधिकारहरू प्रति सजग हुनुका साथै अरूको हकअधिकारप्रति संवेदनशील हुने, अरूको अधिकारको सम्मान गर्नुका साथै समाजमा मानव अधिकार संस्कृतिको विकास सम्भव हुने भएकोले मानव अधिकार शिक्षाको प्रचारप्रसारलाई आयोगले विशेष ध्यान दिँदै आएको छ । मानव अधिकार शिक्षाले राज्यको संविधान र प्रचलित ऐनकानुनले प्रदान गरेका हक तथा अधिकारहरूको उपभोग गर्न सक्षम बनाउनसमेत मद्दत गर्दछ, जसबाट मानव अधिकार, दीगो शान्ति र सुशासन कायम भई देशको विकासमा योगदान पुग्दछ ।

आयोगले मानव अधिकारसम्बन्धी ज्ञान, सीप तथा सूचनाहरूको प्रचारप्रसार गरी दीर्घकालीन रूपमा मानव अधिकार संस्कृति विकासमा विशेष ध्यान दिँदै आएको छ । विद्यालय तहको पाठ्यक्रममा मानव अधिकार शिक्षाको समायोजन गर्न आयोगले नेपाल सरकारलाई निरन्तर रूपमा ध्यानाकर्षण गराइरहेको छ । आयोगको सिफारिस समेतलाई मध्यनजर राखी निमावि तहमा मानव अधिकारका विषयलाई समावेश गरिएको अवस्था छ ।

प्रस्तुत स्रोत-पुस्तिकामा मानव अधिकारको परिभाषा, विकासक्रम, स्रोत, अन्तर्राष्ट्रिय मानव अधिकार कानुन, अन्तर्राष्ट्रिय मानव अधिकार कानुनअन्तर्गत मानव अधिकारप्रति राज्यको दायित्व, मानव अधिकारको उल्लङ्घनको उपचार र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको अनुगमन संयन्त्रको रूपमा मानव अधिकार सन्धिगत निकायहरूको बारेमा चर्चा छ । त्यसै गरी मानव अधिकारसम्बन्धी प्रमुख अन्तर्राष्ट्रिय महासन्धिहरू र नेपालमा मानव अधिकारको विकास क्रम र विद्यालयमा मानव अधिकार शिक्षा, आयोगको भूमिका सम्बन्धमा उल्लेख गरिएको छ । अतः प्रस्तुत सामग्रीबाट मानव अधिकारको संरक्षण, सम्वर्द्धन र त्यसको प्रभावकारी कार्यान्वयनमा सहयोग पुग्न जाने विश्वास व्यक्त गर्दछु । विशेषतः विद्यालयमा अध्यापन गर्ने शिक्षक/शिक्षिकाहरू र विद्यार्थीहरू यसबाट लाभान्वित हुनेछन् । यसका साथै मानव अधिकारको क्षेत्रमा कार्यरत र मानव अधिकारको सम्बन्धमा चासो राख्ने जोकोहीलाई पनि यो सामग्री उपयोगी हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

अन्त्यमा यो सामग्री तयार गर्नुहुने लेखकहरू प्रति विशेष आभार प्रकट गर्न चाहन्छु । त्यसैगरी सम्पादन कार्यमा संलग्न झइन्द्र गुरागाईं र विशेष सहयोग पुऱ्याउनुहुने सम्झना शर्मा, सुवास सिवाकोटी र कृष्ण श्रेष्ठलाई पनि धन्यवाद दिन चाहन्छु ।

(वेद प्रसाद भट्टराई)
का.मु.सचिव

नेपाल सरकार
शिक्षा मन्त्रालय
**शिक्षा विभाग**
(..............................................................शाखा)

पत्र संख्या :-
चलानी नं. :-

सानोठिमी, भक्तपुर

# शुभकामना

राष्ट्रिय मानव अधिकार आयोगको अग्रसरतामा मानव अधिकारका क्षेत्रमा शिक्षकहरुको क्षमता अभिवृद्धिका लागि मानव अधिकार विद्यालय स्रोत पुस्तिका प्रकाशन हुन लागेकोमा अत्यन्त खुसी लागेको छ ।

शिक्षा प्राप्त गर्न पाउनु प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ ले आधारभूत शिक्षालाई व्यक्तिको आधारभूत मानव अधिकारको रुपमा लिएको छ । त्यस्तै गरी बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी १९८९ ले पनि शिक्षालाई मानव अधिकारको रुपमा लिएको छ । यस पृष्ठभूमीमा नेपाल सरकारले पनि नेपालको अन्तरिम संविधान २०६३, शिक्षा ऐन तथा नियमावली र शैक्षिक नीति एवं कार्यक्रम मार्फत शिक्षालाई आधारभूत मानव अधिकारको रुपमा स्थापित गरेको छ ।

मानव अधिकार तथा बाल अधिकारसँग सम्बन्धित विविध पक्षमा आधारभूत ज्ञान तथा जानकारी प्रदान गर्दै मानव अधिकारको संरक्षण एवं प्रवर्द्धन गर्नमा समस्त शिक्षकवर्गको क्षमता अभिवृद्धि गर्न यो प्रकाशन सहयोगी हुनेछ भन्ने अपेक्षा गरेको छु ।

शिक्षकहरुबाट मानव अधिकार तथा पेरिस सिद्धान्त अनुरुप व्यवहार गर्नको लागि सोही बमोजिमको ज्ञान,सीप बालबालिकाहरुमा प्रदान गर्न सकेमा भविष्यमा मानव अधिकार संरक्षणको क्षेत्रमा महत्वपूर्ण योगदान पुग्नेछ । यिनै सन्दर्भहरुलाई मध्यनजर राखी राष्ट्रिय मानव अधिकार आयोग र नेपाल सरकार,शिक्षा विभागले संयुक्त रुपमा विद्यालयका शिक्षकहरुलाई मानव अधिकारको बारेमा सामान्य जानकारी तथा ज्ञान हासिल हुन सकोस् र पठनपाठनको क्रममा एउटा स्रोत पुस्तिकाको खाँचो पूरा गर्न सकोस् भनी यो स्रोत पुस्तिका प्रकाशनमा ल्याइएको छ । सम्पूर्ण शिक्षकहरुले यस स्रोत सामग्रीको अधिकतम उपयोग गरी अत्यधिक लाभ प्राप्त गर्नु हुनेछ र यसबाट बालबालिकाहरुको समग्र आचरण, व्यवहारमा समेत सकारात्मक परिवर्तन ल्याउन सहयोग पुगोस् भन्ने अपेक्षासहित शुभकामना व्यक्त गर्दछु ।

**(डा.लवदेव अवस्थी)**
**महानिर्देशक**

फोन नं. : ६६३४१७८, ६६३४१७९, ६६३४१८०, ६६३१०७५, ६६३१९७१, ६६३१९७४, ६६३३६२५, ६६३३०२८, फ्याक्स नं. : ६६३१९७२, ६६३१९७३, ६६३३६२४
वेभसाइट : www.doe.gov.np, इमेल : doestat@mos.com.np, doedg@mos,.com.np

# विषय-सूची

विषय पेज न.

भाग–१

१. मानव अधिकारको परिचय १

(१) पृष्ठभूमि १

(२) परिभाषा २

(३) मानव अधिकारको विकासक्रम ३

(४) मानव अधिकारको स्रोत ५

(५) अन्तर्राष्ट्रिय मानव अधिकार कानुन ५

(६) अन्तर्राष्ट्रिय मानव अधिकार कानुनअन्तर्गत मानव अधिकारप्रति राज्यको दायित्व ६

(७) मानव अधिकारको उल्लङ्घनको उपचार ९

(क) राष्ट्रियस्तरको उपचारविधि १०

(ख) अन्तर्राष्ट्रियस्तरको उपचारविधि ११

(८) मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको अनुगमन संयन्त्रको रूपमा मानव अधिकार सन्धिगत निकायहरू १२

भाग–२

२. मानव अधिकारसम्बन्धी प्रमुख अन्तर्राष्ट्रिय महासन्धिहरू

(१) आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ १५

(२) नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ २५

(३) अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ ३८

(४) बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ ४९

(५) सबै प्रकारको जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ ६४

| | | |
|---|---|---|
| (६) | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९ | ७५ |
| (७) | यातना तथा अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि, १९८४ | ८७ |
| (८) | सबै आप्रवासी कामदार र उनीहरूका परिवारको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि, १९९० | ९६ |
| (९) | बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिको संरक्षणका लागि अन्तर्राष्ट्रिय महासन्धि, २००६ | १०६ |

**भाग–३**

| | | |
|---|---|---|
| १) | नेपालमा मानव अधिकारको विकास क्रम | ११३ |
| २) | विद्यालय पाठ्यक्रममा मानव अधिकार शिक्षा | १२० |
| ३) | राष्ट्रिय मानव अधिकार आयोग | १२४ |
| ४) | मानव अधिकार शिक्षाको क्षेत्रमा मानव अधिकार आयोगको प्रयासहरू | १२५ |
| | सन्दर्भ सामग्री | १२७ |

# भाग- १

# मानव अधिकारको परिचय

## (१) पृष्ठभूमि

प्राकृतिकरूपमा मानिसलाई जीवनयापन गर्न आधारभूत मानव अधिकारहरूको आवश्यकता पर्दछ। त्यस्ता आधारभूत मानव अधिकार मानिसको जीवन, मर्यादा, स्वतन्त्रता र स्वाभिमानसँग सम्बन्धित छन्। यी मानिस भएर बाँच्नुको अर्थसँग सम्बन्धित छन्। मानिसलाई अन्य प्राणीभन्दा भिन्न देखाउने प्रमुख आधारमध्येको मानव अधिकार एक प्रमुख आधार हो। मानव अधिकार र मौलिक स्वतन्त्रतालाई लोकतन्त्रको आधारशिला मानिन्छ। जहाँ मानव अधिकार र मौलिक स्वतन्त्रतामा अङ्कुश लगाइएको हुन्छ, त्यहाँ लोकतन्त्रको अस्तित्व नै सङ्कटमा पर्ने खतरा रहन्छ। खासगरी निरङ्कुश तानाशाही व्यवस्थामा यस्तो स्थिति देखापर्दछ। मानिसको पहिचानको आधार मानिएको यस्तो महत्वपूर्ण मानव अधिकारलाई कुण्ठित पार्ने, अपहरण गर्ने वा त्यसको गम्भीररूपमा उल्लङ्घन गर्ने प्रवृत्तिको व्यापकताले सार्थक मानव जीवनको लागि चुनौती खडा गर्दछ।

विश्वका धेरै मुलुकमा दिनहुँजसो मानव अधिकारको उल्लङ्घनका अनेकौं घटना घटिरहेका छन्। त्यसको रोकथाम र उपचारका प्रयासहरू पनि भई नै रहेका छन्। खासगरी अन्तर्राष्ट्रिय क्षेत्रबाट मानव अधिकारको उल्लङ्घनको क्रमलाई रोक्ने प्रयास गरिएको भए पनि यो पूर्णरूपमा सम्भव हुन सकेको छैन। मानव शोषण, अन्याय र मानव अधिकारको हननका पुराना स्वरूप समाप्त हुँदै गए पनि यिनका नयाँनयाँ स्वरूप विकसित भइरहेका छन् (सेलर्ड : २०६०, पृ.३)। जसलाई सहजै सम्बोधन गर्न कठिन छ तर पनि विश्व जगतले विभिन्न उपाय अवलम्बन गरी मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने प्रयास गर्दै आएको छ। यस प्रयासमा राज्यहरूको प्रमुख भूमिका हुने भएकोले राज्यलाई बढी जिम्मेवार बनाउने विभिन्न उपायहरू पनि अवलम्बन गरिँदै

छ । यस्तै प्रयासहरू मध्येको महत्वपूर्ण कडीको रूपमा विभिन्न विषयमा जारी भएका विभिन्न विषयका मानव अधिकारसम्बन्धी महासन्धिहरूलाई लिन सकिन्छ । यी महासन्धिहरूले मानव अधिकारको प्रत्याभूति गर्ने मात्र नभई राज्यलाई नागरिकको अधिकारको सम्मान गर्न, संरक्षण गर्न र परिपूर्ति गर्न समेत निश्चित दायित्व सुम्पेका छन् ।

## (२) परिभाषा

सामान्यतः भन्दा सबै देश, धर्म र संस्कृतिका आमनागरिकहरूको लागि बिना भेदभाव आधारभूत नैतिक मान्यताका आधारमा प्रत्याभूत गरिएको अधिकार नै मानव अधिकार हो ("Human rights are universal legal guarantees protecting individuals and groups against actions and ommissions that interfere with fundamental freedoms, entitlements and human dignity") (OHCHR, P.1) ।

मानव अधिकार मानवमात्रको नैसर्गिक एवम् जन्मसिद्ध अधिकार हो (सेलर्ड : २०६०, पृ.२) । “अधिकार” भन्ने शब्दबाट नै यो कुनै व्यक्तिले उपयोग गर्ने, यसलाई सबै तह र तप्काबाट उच्चसम्मानका साथ आदर गरिने र यसको बाध्यात्मकरूपमा पालना हुने कुराको अनुभूति हुन्छ । मानव अधिकार प्रत्येक मानिसमा जाति, भाषा, धर्म, लिङ्ग, राष्ट्रियता, उत्पत्ति, सामाजिक र आर्थिक स्थिति, राष्ट्रिय सिमाना आदिको भेदभाव बिना प्राप्त हुने अधिकार हुन् । सबै मानिस सबै अधिकार र स्वतन्त्रताका हकदार छन् (UDHR : 1948, Article 2) । सामान्य अर्थमा मानवलाई मानव भएका कारणले प्राप्त हुने सबै अधिकार मानव अधिकार हुन् (सेलर्ड : २०६०, पृ.३) ।

**मानव अधिकार भगवान् वा दैवीशक्तिको उपहार** (Gift of the God) **भएकोले यसलाई कसैले खोस्न, नास्न, मास्न वा मानव जीवनबाट छुटयाउन सक्दैन भन्ने पनि मानिन्छ । प्राकृतिक अधिकार** (Natural Rights) **को रूपमा मानव अधिकारलाई लिइने हुनाले पनि यसको महत्व अझ बढेको छ । मानव अधिकारलाई जुनसुकै विशेषणद्वारा विभूषित गरिएको भए तापनि वास्तबमा यो मानिसका लागि मानिस भएर बाँच्न अपरिहार्य रूपमा स्थापित भएको अधिकार हो । मानिसको जीवन, मर्यादा, समानता र स्वतन्त्रता मानव अधिकारको संरक्षणका मुख्य क्षेत्र हुन् (सेलर्ड : २०६०, पृ.५) । मानव अधिकार निर्बाध उपयोग गर्न सक्षम भएकोले नै मानव जाति अन्य प्राणीभन्दा भिन्न भएको हो भन्ने मानिन्छ ।**

सबै नागरिकले समानरूपमा उपयोग गर्ने अधिकार भएकोले मानव अधिकार सर्वव्यापी (Universal) र समान (Equal) छ । मानव अधिकारलाई छुटयाउन वा विभाजन गर्न नसकिने भएकोले यो अविभाज्य (Indivisible) छ । सबै मानव अधिकार एकअर्काका परिपूरक र अन्तर्सम्बन्धित (Inter-dependent and Inter-related) छन् । शान्ति (Peace), स्वतन्त्रता (Freedom), न्याय (Justice) र समानता (Equality) मानव अधिकारका आधारभूत अङ्ग हुन् ।

## (३) मानव अधिकारको विकासक्रम

मानव अधिकारको इतिहास मानव सभ्यता जत्तिकै पुरानो छ। जङ्गली सभ्यताबाट परिवार, समाज र राष्ट्र हुँदै विकसित हुँदै आएको मानव जातिको नैसर्गिक अधिकारको अवधारणाले सन् १२१५ मा जारी भएको म्याग्नाकार्टाको माध्यमबाट पहिलो पटक लिपिबद्ध हुने अवसर पाएको थियो। सन् १७८९ को मानिसका अधिकारसम्बन्धी फ्रान्सेली घोषणा, सोही ताकाको अमेरिकन बिल अफ राइट्स् र सन् १८६४ को युद्धसम्बन्धी जेनेभा महासन्धिले मानव अधिकारको विकासलाई महत्वपूर्ण योगदान गरेका छन्। त्यसपछिका दिनहरूमा क्रमशः विकसित हुँदै संयुक्त राष्ट्रसङ्घको जन्मसम्म आइपुग्दा यसको अवधारणामा धेरै नवीनता आइसकेको थियो। यसैको परिणामस्वरूप सन् १९४५ मा जारी भएको संयुक्त राष्ट्रसङ्घको बडापत्रमा मानव अधिकारका आधारभूत सिद्धान्तहरूलाई समावेश गरियो (Charter of the United Nations : 1945, Article 1)।

मानव अधिकारलाई शान्ति, स्वतन्त्रता र विकासको मूल आधारका रूपमा अङ्गीकार गर्दै संयुक्त राष्ट्रसङ्घको महासभाले १० डिसेम्बर १९४८ का दिन मानव अधिकारको विश्वव्यापी घोषणापत्र (Universal Declaration of Human Rights, 1948) जारी गरेपछि विश्वमा मानव अधिकारको विकासक्रमले छलाङ मारेको हो। त्यसैले मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई मानवमात्रको जन्मसिद्ध एवम् नैसर्गिक अधिकारको परिभाषा गरेको आधिकारिक पहिलो दस्तावेजको रूपमा लिने गरिन्छ।

**मानव अधिकारसम्बन्धी प्रमुख अन्तर्राष्ट्रिय महासन्धिहरू**

- नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध, १९६६,
- आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक, १९६६
- महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९
- सबै प्रकारको जातीय भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९६५
- यातना तथा अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि, १९८४
- बाल अधिकारसम्बन्धी महासन्धि, १९८९
- सबै आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी महासन्धि, १९९०
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६
- जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिहरूको अधिकार संरक्षणसम्बन्धी महासन्धि, २००६

संयुक्त राष्ट्रसङ्घको स्थापनापछि मानव अधिकारलाई विभिन्न घोषणा र महासन्धिहरूको माध्यमबाट संस्थागतरूपमा मान्यता प्रदान गर्दै

विश्वस्तरबाटै यसको संरक्षण र सम्वर्द्धनको प्रयास हुँदै आएको छ। यसको प्रथम कडी मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ हो। मानव अधिकारको विकासक्रमसँगसँगै संयुक्त राष्ट्रसङ्घीय बडापत्र र मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई आधार मानेर मानव अधिकारको विविध पक्षहरूलाई समेट्ने गरी संयुक्त राष्ट्रसङ्घको पहलमा समय-समयमा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू जारी हुँदै आएका छन्। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ (Universal Declaration of Human Rights, 1948), आर्थिक, सामाजिक तथा **साँस्कृतिक** अधिकार विषयक अनुबन्ध, १९६६ (International Covenant on Economic, Social and Cultural Rights, 1966) र नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध, १९६६ (International Covenant on Civil and Political Rights, 1966) ले मानव अधिकारको समग्र पक्षलाई सम्बोधन गरेका छन्। त्यसैले यी दस्तावेजहरूलाई सामूहिकरूपमा "The International Bill of Human Rights" भनेर भनिएको छ (The International Bill of Human Rights, Fact Sheet No. 2 (Rev.1), Page-3)।

संयुक्त राष्ट्रसङ्घको पहलमा आजसम्ममा मानव अधिकारका विविध पक्षहरूलाई समेटेर थुप्रै सन्धि, महासन्धिहरू जारी भइसकेका छन्। महिलाका अधिकार, बालबालिकाका अधिकार, आदिवासी जनजातिका अधिकार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको संरक्षणका लागि कतिपय सन्धि, महासन्धिहरू जारी गरिएका छन् भने कतिपय सभा र सम्मेलन आयोजना गरी ती सभासम्मेलनको माध्यमबाट विभिन्न घोषणापत्रहरू जारी गरी मानव अधिकारका विविध पक्षहरूको बारेमा स्पष्ट पारिँदै आइएको छ। संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार आयोग र पछिल्लो पटक मानव अधिकार परिषद्को स्थापना र विकास गरिएको छ (UN GAR No.60/251, 2006)। संयुक्त राष्ट्रसङ्घअन्तर्गत नै अनेकन सन्धि अनुगमन निकाय र संस्थाहरू पनि स्थापना भएका छन् (An Introduction to the Core Human Rights Treaties and the Treaty Bodies, Fact Sheet No. 30, page 15-16)। अन्तर्राष्ट्रिय न्यायालयको स्थापना र क्षेत्रीय स्तरमा भएका मानव अधिकारको संरक्षण र सम्वर्द्धनका प्रयासहरूले पनि मानव अधिकारको विकासलाई तीव्रता दिएको छ।

मानव अधिकारको विकासक्रमकै सिलसिलामा मानव अधिकारलाई पहिलो पुस्ता (First Generation), दोस्रो पुस्ता (Second Generation) र तेस्रो पुस्ता (Third Generation) को मानव अधिकार भनी वर्गीकरण गरी मानव अधिकारको विकासक्रमलाई चरणबद्ध गर्ने प्रयास पनि भएको पाइन्छ। यसरी वर्गीकरण गर्नेहरूले पहिलो पुस्तामा नागरिक तथा राजनीतिक अधिकार (Civil and Political Rights including the rights to life and liberty and the rights to freedom of speech and worship), दोस्रो पुस्तामा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार (Economic, Social and Cultural Rights including the right to work, right to good health and the right to an education) र तेस्रो पुस्तामा सामूहिक अधिकार (Collective Rights including solidarity rights, rights to political self-determination and economic development) लाई राख्ने गरेका छन्।

अहिले मानव अधिकारको चौथो पुस्ताको रूपमा वातावरणीय अधिकार (Right to Clean and Healthy Environment) लाई लिन थालिएको छ तर मानव अधिकार अविभाज्य छ भन्नेहरू भने मानव अधिकारलाई यसरी पुस्ता-पुस्तामा विभाजन गर्नुहुँदैन भन्दछन्। उनीहरूको भनाइमा यस्तो पुस्ता विभाजनले मानव अधिकारको अविभाज्य प्रकृतिलाई चुनौती दिन्छ साथै मानव अधिकारको आफू अनुकूलको व्याख्याले यसलाई सङ्कुचित गर्ने उनीहरूको धारणा छ। चाहे जे भए पनि समय, काल, परिस्थितिअनुसार मानव अधिकारको अवधारणामा क्रमशः नवीनता आउँदै गएको र नयाँ-नयाँ स्वरूपमा यसको विकास हुँदै गरेको देखिन्छ।

## (४) **मानव अधिकारको स्रोत**

अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको स्रोतको कुरा गर्दा संयुक्त राष्ट्रसङ्घको बडापत्र अग्रस्थानमा आउँछ। बडापत्रले मानव अधिकारको सैद्धान्तिक आधार खडा गरेको छ। त्यस्तै मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ मानव अधिकारलाई संहिताबद्ध गरिएको पहिलो दस्तावेज हो। यसमा आधारभूत मानव अधिकारलाई एकीकृतरूपमा समावेश गरी उल्लेख गरिएको छ।

संयुक्त राष्ट्रसङ्घको पहलमा समय-समयमा जारी गरिएका मानव अधिकारसम्बन्धी सन्धि, महासन्धिहरू मानव अधिकारका अन्य स्रोतहरू हुन्। जसमा नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध, १९६६ (International Covenant on Civil and Political Rights, 1966), आर्थिक, सामाजिक तथा **साँस्कृतिक** अधिकार विषयक अनुबन्ध, १९६६ (International Covenant on Economic, Social and Cultural Rights, 1966), सबै प्रकारको जातीय भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९६५ (International Covenant on Elimination of Racial Discrimination, 1965), महिलाविरुद्धका सबै प्रकारको भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९ (Convention on Elimination of All Forms of Discrimination Against Women, 1979), बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ (Convention on Rights of the Child, 1989), यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि, १९८४ (Convention Against Torture and Other Cruel, Inhuman and Degrading Treatment or Punishment, 1984), आदि प्रमुख छन्। त्यस्तै विभिन्न प्रोटोकलहरू, घोषणाहरू, समय-समयमा जारी भएका नियम, मापदण्ड र सिद्धान्तहरू, क्षेत्रीय सन्धि, सम्झौताहरू, अनुबन्ध, परम्परा र प्रथा, न्यायिक निर्णयहरू आदि पनि मानव अधिकारका स्रोत हुन्।

## (५) **अन्तर्राष्ट्रिय मानव अधिकार कानुन**

आधुनिक विश्वमा अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको विकासक्रम सन् १९४८ डिसेम्बर १० मा संयुक्त राष्ट्रसङ्घीय महासभाले मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र जारी गरेपछि शुरु भएको हो। मानव इतिहासको विकासक्रम सँगसँगै विकसित हुँदै गएको अधिकारसम्बन्धी अवधारणालाई एकीकृत गरी आधारभूत नागरिक,

राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूलाई विश्वमा नै पहिलो पटक एउटा दस्तावेजभित्र समेटी मानिसले यी अधिकारलाई निर्वाधरूपमा उपभोग गर्न पाउने अवस्थाको सिर्जना गर्न आव्हानसहित मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र जारी भएको थियो। त्यसपछिका दिनहरूमा मानव अधिकारका विभिन्न पक्षहरूलाई समेटी विभिन्न अन्तर्राष्ट्रिय तथा क्षेत्रीयस्तरमा विभिन्न दस्तावेजहरूमार्फत् मानव अधिकारलाई अझ विकसित र समृद्ध बनाउने प्रयास हुँदै आएको छ। यसक्रममा विभिन्न मानव अधिकारसम्बन्धी महत्वपूर्ण प्रमुख महासन्धिहरू जारी भइसकेका छन्। यी महासन्धिहरूले मानव अधिकारका आधारभूत सिद्धान्त, मूल्य र मान्यतालाई आत्मसात गर्नुका साथै अन्तर्राष्ट्रिय मानव अधिकार कानुनलाई थप विकसित तुल्याएका छन्।

अन्तर्राष्ट्रिय मानव अधिकार कानुनले राज्यलाई केही निश्चित दायित्व सुम्पेको हुन्छ, जसलाई आदर गर्नु राज्यको कर्तव्य मानिन्छ। अन्तर्राष्ट्रिय कानुनअनुसार राज्य कुनै निश्चित महासन्धिको पक्ष भएपछि त्यस्तो महासन्धिले सिर्जना गरेका दायित्व र कर्तव्यको आदर गर्न, संरक्षण गर्न र परिपालना गर्न बाध्य हुन्छ। राज्यले महासन्धिका प्रावधानलाई कार्यान्वयन गर्ने प्रयोजनका लागि ती महासन्धि अनुकूल हुनेगरी घरेलु संयन्त्रको विकास र खासगरी घरेलु कानुनहरूको निर्माण गरेको हुनुपर्दछ। यदि घरेलु संयन्त्र वा कानुन महासन्धिद्वारा प्रदत्त मानव अधिकारको संरक्षण गर्न असक्षम भएमा त्यसको उपचार अन्तर्राष्ट्रियरूपमा पाउन सकिने गरी व्यवस्था गरिएको छ।

## (६) अन्तर्राष्ट्रिय मानव अधिकार कानुनअन्तर्गत मानव अधिकार प्रति राज्यको दायित्व

अन्तर्राष्ट्रिय मानव अधिकार कानुनबमोजिम मानव अधिकारप्रति राज्यका केही निश्चित दायित्वहरू छन्। मानव अधिकारको सम्मान गर्नु (Respect), यसको संरक्षण गर्नु (Protect) र मानव अधिकारको परिपूर्ति गर्नु (Fulfill) राज्यको दायित्व हो। त्यसैले मानव अधिकारसम्बन्धी कुनै दस्तावेजको पक्ष बनेपछि उक्त दस्तावेजले राज्यका लागि देहायका तीन प्रमुख दायित्वको सिर्जना गर्दछ:

- **सम्मान गर्ने दायित्व**

  **मानव अधिकारप्रति सम्मान व्यक्त गर्दै ती अधिकारको उपभोगमा हस्तक्षेप नगर्ने दायित्व,**

- **संरक्षण गर्ने दायित्व**

  **नागरिकहरूका लागि मानव अधिकारको निर्वाध उपभोगको सुनिश्चितता गर्दै प्रभावकारी नियमन तथा उपचारविधिमार्फत् ती अधिकारको उपभोगमा हस्तक्षेप गर्न नपाउने कुरा सुनिश्चित गर्ने दायित्व, र**

- **पूरा गर्ने दायित्व**

  **मानव अधिकारको प्रवर्द्धन गर्ने, मानव अधिकार उपभोगको पहुँचलाई सहज बनाउने र कुनै कारणवस कुनै व्यक्ति वा समूहले मानव अधिकारको उपभोग**

**गर्न नसक्ने अवस्था सिर्जना भएमा राज्य आफैंले ती अधिकारको प्रवाहका लागि आवश्यक सेवाहरू प्रदान गर्ने दायित्व ।**

**नागरिकले उपभोग गर्ने मानव अधिकारमाथि राज्यले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा हस्तक्षेप गर्दैन । उदाहरणका लागि राज्यले स्वेच्छाचारीरूपमा विद्यालय, अस्पताल वा अन्य यस्तै सामाजिक सेवामूलक संस्थाहरू बन्द गर्नु वा उपयुक्त कानुनी प्रक्रिया बिना कसैलाई जबर्जस्ती ऊ बसोवास गरेको स्थानबाट हटाउनुहुँदैन ।**

राज्यले मानव अधिकारप्रति सम्मान (Respect) गर्नुपर्दछ। कसैको मानव अधिकारको उल्लङ्घन हुन नपाउने अवस्था सिर्जना गरेर वा मानव अधिकारको उपभोगमा बाधा नपुऱ्याएर राज्यले मानव अधिकारप्रति सम्मान देखाउन सक्दछ। तर जब राज्यले नागरिकको मानव अधिकारको बलपूर्वक अपहरण गर्दछ वा उल्लङ्घन गर्दछ भने राज्य यो दायित्वबाट चुकेको मानिन्छ। उदाहरणका लागि आवासको अधिकार नागरिकको मानव अधिकार हो। जब राज्यले नागरिकलाई ऊ रहे बसेको घरबाट बलपूर्वक निकाल्दछ वा जबर्जस्ती नागरिकको घर खाली गराउँदछ भने राज्यले मानव अधिकारप्रति सम्मान नगरेको ठहरिन्छ। त्यसैले मानव अधिकारप्रतिको सम्मान राज्यको पहिलो र महत्वपूर्ण दायित्व हो ।

**त्यसैगरी, राज्यले नागरिकहरूका लागि मानव अधिकारको निर्वाध उपभोगको सुनिश्चितता गरेको हुनुपर्दछ। कुनै व्यक्ति, संस्था, प्रतिष्ठान वा अन्य गैरराज्य पक्ष जस्ता तेस्रो पक्षहरूद्वारा हुने मानव अधिकारको दुरूपयोग वा त्यसको दुरुत्साहन हुन नदिने, यदि त्यस्तो भएको पाइएमा त्यसको अनुसन्धान गर्ने, त्यस्तो कार्यमा संलग्नलाई सजाय दिने तथा त्यसबाट भएको हानीका लागि पीडितलाई न्याय तथा क्षतिपूर्ति प्रदान गर्ने कुराको राज्यले सुनिश्चितता गर्नुपर्दछ। उदाहरणका लागि, राज्यले कुनै रोजगारदाता श्रम प्रतिष्ठानको कामदारप्रतिको व्यवहार तथा ती प्रतिष्ठानले कामदारलाई प्रदान गरेका सुविधा र सेवाहरूको पर्याप्तता तथा उपयुक्तताको नियमन र अनुगमन गरेको हुनुपर्दछ ।**

राज्यले नागरिकको मानव अधिकार कुनै तेस्रो पक्षबाट उल्लङ्घन नहुने गरी संरक्षण (Protection) को व्यवस्था मिलाउनुपर्दछ। उदाहरणका लागि निजी क्षेत्रका रोजगारदाताले श्रमिकसम्बन्धी आधारभूत मापदण्ड पूरा गरे नगरेको बारेमा राज्यले सुनिश्चितता गर्न नसकेमा श्रमिकहरूको काम गर्ने न्यायोचित र उपयुक्त वातावरणको अधिकार उल्लङ्घन गरेको मानिन्छ। त्यसैगरी राज्यले जोखिममा रहेका विशेष वर्ग खासगरी महिला, बालबालिका, दृष्टिविहीन, अपाङ्ग, बृद्धबृद्धा, आदिवासी जनजाति आदिको अधिकार संरक्षित हुने कानुनी व्यवस्था गर्नुपर्दछ। यसो गर्न नसकेमा राज्यले मानव अधिकारको संरक्षण गर्ने दायित्व निर्वाह नगरेको भन्न सकिने ठाउँ रहन्छ। खासगरी द्वन्द्वपूर्ण अवस्थामा जोखिममा रहेका वर्गको मानव अधिकार खतरामा पर्दछ। यस्तो स्थितिमा राज्य अत्यन्तै चनाखो भई ती वर्गको मानव अधिकारको संरक्षण गर्ने यथेष्ट प्रयास गरेको हुनुपर्ने कुरालाई राष्ट्रसङ्घीय सन्धिगत निकायहरूले समय-समयमा जोड दिँदै आएका छन् (सेलर्ड : २०६२) ।

**राज्यले मानव अधिकारको प्रवर्द्धनका लागि कानुनी, प्रशासकीय, न्यायिक वा अन्य यस्तै आवश्यक कदमहरू चालेको हुनुपर्दछ। यी दायित्व तत्कालै पूरा हुने नभई क्रमश: पूरा गर्दै जानुपर्ने खालको दायित्व हो। यसले नागरिकहरूलाई मानव अधिकारको उपभोगमा सहजता ल्याउँछ। नागरिक स्वयंले मानव अधिकारको उपभोग गर्न नसक्ने परिस्थिति आयो भने राज्यद्वारा त्यस्तो अधिकार उपभोगको सुनिश्चितताका लागि सहजकर्ताको भूमिका निर्वाह गरिन्छ र नागरिकलाई अधिकारको पहुँच सरल बनाई दिन्छ। यस किसिमको दायित्वबाट विशेष गरी सीमान्तकृत वर्ग तथा जोखिमपूर्ण अवस्थामा रहेका समूह तथा समुदायहरूलाई लाभ मिल्दछ। उनीहरूका लागि प्रत्येक अधिकारको न्यूनतम अत्यावश्यक पक्षलाई पूरा गर्ने कुरालाई राज्यले प्राथमिकता दिनुपर्ने हुन्छ। उदाहरणका लागि बृद्धबृद्धा, अपाङ्गता भएका वा अशक्त व्यक्ति, एकल महिला आदिका लागि सामाजिक सुरक्षा।**

राज्यले मानव अधिकारको प्रचार-प्रसार गरी प्रवर्द्धन गर्नुपर्दछ। मानव अधिकारका बारेमा जनतालाई सुसूचित, सचेत र सजग गराउने जिम्मेवारी पनि राज्यको नै हो। राज्यले विभिन्न पाठचक्रमहरूमा मानव अधिकार शिक्षा समावेश गरी औपचारिक रूपमा र विभिन्न तालिम, गोष्ठी, सेमिनार आदि आयोजना गरी अनौपचारिकरूपमा मानव अधिकारको प्रवर्द्धन गर्न सक्दछ। राज्यको अर्को महत्वपूर्ण दायित्व नागरिकहरूले पूर्णरूपमा अनुभूत गर्नसक्ने गरी मानव अधिकारको परिपूर्ति गर्नु हो। राज्यले मानव अधिकार उपभोग गर्न पाउने गरी उपयुक्त कानुनी, प्रशासकीय, आर्थिक, न्यायिक र अन्य व्यवस्थाहरू मिलाउनुपर्दछ। उदाहरणका लागि नागरिकहरूको स्वास्थ्यसम्बन्धी अधिकार उपभोग गर्न पाउने अवस्था सिर्जना गर्न स्वास्थ्य केन्द्रहरू देशका ठाउँ-ठाउँमा स्थापना गर्ने, त्यहाँ जनशक्तिको व्यवस्था गर्ने र औषधि उपलब्ध गराउने राज्यको दायित्व हो। यी मध्ये कुनै कुरा हुन नसकेमा राज्यले मानव अधिकार परिपूर्ति नगरी यसको उल्लङ्घन गरेको मानिन्छ।

राज्यले यी माथि उल्लिखित दायित्वहरू तत्काल प्रभावकारीरूपमा कार्यान्वयन गर्नेतर्फ अगाडि बढ्नुपर्दछ। संयुक्त राष्ट्रसङ्घीय प्रणाली, यसअन्तर्गतका विशिष्टीकृत निकायहरू, कोष, कार्यक्रम आदिले राज्यका यी माथि उल्लिखित दायित्व पूरा गराउन सक्दो सहयोग गर्नुपर्दछ (ICESCR, Article 2.1)।

**त्यसैले महासन्धिहरूमा व्यवस्था गरिएका मानव अधिकारप्रतिको सम्मान, त्यसको संरक्षण र परिपूर्ति गर्नु पक्ष राज्यको प्राथमिक दायित्व हो। राज्यले महासन्धिअन्तर्गतका मानव अधिकारका आधारभूत मूल्य र मान्यतालाई नकार्न, नष्ट गर्न, बङ्ग्याउन वा अन्यथा परिभाषित गर्न सक्दैन। ती मूल्य र मान्यतालाई सधैं आदर गरेको हुनुपर्दछ। त्यतिमात्र होइन, राज्यले ती अधिकारको संरक्षणका लागि पनि यथोचित कार्य गरेको हुनुपर्दछ, ता कि कसैले ती अधिकारको हनन गर्न नसकोस्। त्यसैगरी, राज्यले त्यस्ता अधिकारको प्रवर्द्धनका लागि आवश्यक उपायहरूसमेत अवलम्बन गरेको हुनुपर्ने गरी पनि दायित्व तोकिएको छ। उदाहरणका लागि आर्थिक, सामाजिक तथा नागरिक अधिकारसम्बन्धी महासन्धिमा उल्लेखित शिक्षासम्बन्धी अधिकार लिएर हेरौं। यो अधिकारको राज्यले सधैं सम्मान गर्नुपर्दछ। त्यसैगरी राज्यका तर्फबाट शिक्षाको**

**अधिकारको संरक्षणको प्रत्याभूति पनि हुनु आवश्यक छ । शिक्षाको अधिकारबाट कहींकतै कसैले कसैलाई वञ्चित गरेको भए राज्यले तत्कालै हस्तक्षेप गरी त्यो अधिकारलाई निर्वाधरूपमा उपभोग गर्न पाउने गरी पुनस्थापित गरी अधिकारको संरक्षण गरिनुपर्दछ । उदाहरणका लागि कहींकतैबाट बालबच्चालाई विद्यालय जान नदिइएको अवस्थाबाट बालबालिकाले शिक्षाको अधिकारको उपभोग गर्न नपाएमा राज्यले तत्कालै हस्तक्षेप गरी ती बालबालिकाको शिक्षाको अधिकार संरक्षण गर्न विद्यालय जान नदिने अविभावक वा अन्य जो-कोहीलाई कारबाही गर्दै बालबच्चाको शिक्षाको अधिकारको संरक्षण गर्नुपर्दछ । त्यसैगरी राज्यका तर्फबाट शिक्षाको अधिकारको परिपूर्तिका लागि बालबच्चाको पहुँच हुने स्थानमा विद्यालयको स्थापना, शिक्षकको व्यवस्था, पाठचपुस्तकको उपलब्धता, विद्यालयमा शैक्षिक वातावरणको निर्माण आदि कुरामा आवश्यक कामकारबाही गरेको हुनुपर्दछ । यी कुराहरू अन्य अधिकारहरूमा पनि उत्तिकै रूपमा लागू हुन्छन् ।**

**महासन्धिले सिर्जना गरेका दायित्वमध्ये कतिपय दायित्व तत्कालै पूरा गर्नुपर्ने खालका र कतिपय दायित्व उपलब्ध स्रोतहरूको अधिकतम उपयोगका आधारमा यसको अधिकतम प्रयोग गरी क्रमिकरूपमा पूरा गरिनुपर्ने खालका हुन सक्दछन् । क्रमिकरूपमा पूरा गर्नुपर्ने दायित्वअन्तर्गत राज्यले अधिकारलाई पूरा गर्नेतर्फ जतिसक्दो शीघ्र र प्रभावकारीरूपमा ठोस तथा लक्षित कदमहरू चाल्नुपर्छ । यस्ता कदमहरूमा कानुनी, प्रशासकीय, आर्थिक, वित्तीय, शैक्षिक वा सामाजिक सुधार, कार्ययोजनाको तर्जुमा वा कार्यविधिहरूको निर्माण तथा कार्यान्वयन आदि पर्दछन् ।**

संयुक्त राष्ट्रसङ्घको सक्रियतामा जारी भएका अन्तर्राष्ट्रिय दस्तावेजहरूमा राष्ट्रसङ्घको सदस्य राष्ट्रको हैसियतले हस्ताक्षर एवम् अनुमोदन गरी त्यस्तो सन्धि, महासन्धिको पक्ष बनेपछि ती अन्तर्राष्ट्रिय सन्धि, महासन्धिहरूका प्रावधानहरूलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्नुपर्ने पक्ष राष्ट्रको दायित्व सिर्जना हुन्छ। पक्ष राष्ट्रले अन्तर्राष्ट्रिय दस्तावेजहरूबाट सिर्जित दायित्व इमान्दारीपूर्वक निर्वाह गर्न सक्नुपर्दछ । तर व्यावहारिक अवस्था भने त्यस्तो छैन ।

मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि जारी भएका विभिन्न दस्तावेजहरूका बावजुद पनि विभिन्न मुलुकहरूमा मानव अधिकारको उल्लङ्घन र दुरूपयोगको घटना घटिरहेका छन् । संयुक्त राष्ट्रसङ्घलगायत अन्य अन्तर्राष्ट्रिय मानव अधिकारवादी सङ्घसंस्थाहरूको अथक प्रयास हुँदाहुँदै पनि मानव अधिकारको स्थितिमा सुधार आउन सकेको छैन । खासगरी प्रजातन्त्र र कानुनको शासन नभएका मुलुकहरू, अति-कम-विकसित मुलुकहरू र विकासोन्मुख मुलुकहरूमा मानव अधिकारको अवस्था टीठलाग्दो देखिन्छ ।

## (७) मानव अधिकारको उल्लङ्घनको उपचार

**अन्तर्राष्ट्रिय मानव अधिकार कानुनअन्तर्गत मानव अधिकारको उल्लङ्घनउपर दुई किसिमको उपचारविधि अवलम्बन गर्न सकिन्छ । पहिलो राष्ट्रियस्तरको उपचारविधि र दोस्रो अन्तर्राष्ट्रियस्तरको उपचारविधि । यी दुवै उपचारविधिबारे सङ्क्षेपमा प्रकाश पार्नु सान्दर्भिक हुन्छ ।**

## (क) राष्ट्रियस्तरको उपचारविधि

मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय तथा क्षेत्रीय दस्तावेजमा उल्लेख भएका मानव अधिकारको हननको विषयमा अन्तर्राष्ट्रियस्तरमा उपचारको लागि जानुभन्दा पहिले राष्ट्रियस्तरको उपचारविधि प्रयोग गरिसकेको हुनुपर्ने भन्ने अन्तर्राष्ट्रिय मान्यता एवम् प्रचलन रहेको छ। कतिपय मुद्दामा अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संयन्त्रहरूले मानव अधिकारको उल्लङ्घनको विषयमा उजुरी लिँदा राष्ट्रियस्तरको उपचारविधि उपयोग गरे नगरेको हेर्ने गर्दछन्। यदि राष्ट्रियस्तरको उपचारविधि उपयोग गरेको नपाइएमा उक्त विधिको उपयोग गर्न उजुरीकर्तालाई सल्लाह दिने पनि गर्दछन्। त्यसैले मानव अधिकारको हननको विषयमा राष्ट्रियस्तरको उपचारविधिको विशिष्ट महत्व छ।

अन्तर्राष्ट्रिय तथा क्षेत्रीय महासन्धिहरूद्वारा प्रदत्त मानव अधिकारलाई घरेलुकरण गरिएको अवस्थामा ती अधिकारहरू राष्ट्रिय कानुनद्वारा व्यवस्थित गरिएका हुन्छन्। त्यसरी मानव अधिकारसम्बन्धी व्यवस्था घरेलुकरण गरिएको कानुनमा नै त्यसको उल्लङ्घनको उपचारको सम्बन्धमा पनि व्यवस्था गरिएको हुन्छ। धेरैजसो मुलुकमा देशको संविधानले नै मानव अधिकारको प्रत्याभूति गरेको हुन्छ र त्यसको उल्लङ्घन उपर उपचारको व्यवस्था समेत संविधानमा उल्लेख गरिएको हुन्छ। त्यसका अतिरिक्त मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनको व्यावहारिक कार्यान्वयनका लागि राष्ट्रले संवैधानिक, कानुनी, प्रशासनिक तथा नीतिगत व्यवस्था गरेका हुन्छन्। त्यस्ता व्यवस्थाहरूमध्ये कानुन तथा नीतिको निर्माण तथा त्यसको कार्यान्वयनका लागि प्रशासनिक संरचनाको विकास मुख्य छन्। यसरी व्यवस्था गर्दा मानव अधिकार उल्लङ्घन सम्बन्धमा उपचारविधि समेतको स्पष्ट व्यवस्था गर्नुपर्ने र त्यस्तो विधिमा अन्तर्राष्ट्रिय तथा क्षेत्रीयस्तरमा स्थापित मापदण्डअनुरूपका उपचारका सबै विधि र प्रक्रियाहरूको व्यवस्था गर्नुपर्दछ।

**मानव अधिकारसम्बन्धी प्रमुख अन्तर्राष्ट्रिय सन्धिहरूको अनुगमन गर्ने सन्धिगत निकायहरू:**

- मानव अधिकार समिति
- आर्थिक, सामाजिक तथा साँस्कृतिक समिति
- महिला विरुद्ध हुने भेदभाव उन्मूलनसम्बन्धी समिति
- जातीय भेदभाव उन्मूलनसम्बन्धी समिति
- यातना विरुद्धको समिति
- बाल अधिकारसम्बन्धी समिति
- आप्रवासी कामदारसम्बन्धी समिति
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समिति
- जबर्जस्ती बेपात्तासम्बन्धी समिति

यसरी अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी दस्तावेजमा उल्लेखित विषयलाई देशको संविधान तथा अन्य कानुनहरूमा समावेश गर्न वा ती

कानुनहरूको आधारमा नयाँ कानुनहरूको निर्माण गरी मानव अधिकारसम्बन्धी उल्लङ्घनका सम्बन्धमा उपचारविधि अपनाउन सकिन्छ । यस सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ मा व्यवस्थित नागरिकका मौलिक हकहरूको उल्लङ्घनका सम्बन्धमा संविधानको धारा ३२ ले उपचारको विधिबारे व्यवस्था गरेको छ । जसअनुसार संविधानमा उल्लिखित मौलिक हकउपर अनुचित बन्देज लगाइएको अवस्थामा वा संवैधानिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त र प्रभावहीन देखिएको अवस्थामा धारा १०७ बमोजिम सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत सो अदालतमा सिधैं निवेदन गर्न सकिने व्यवस्था छ । यसबाहेक मानव अधिकारको उल्लङ्घनविरुद्ध राष्ट्रिय मानव अधिकार आयोगमा पनि निवेदन गर्न सकिने र त्यस सम्बन्धमा सो आयोगले अनुसन्धान गरी दोषीउपर कारबाहीको सिफारिस गर्न सक्ने गरी संविधानको धारा १३२ ले राष्ट्रिय मानव अधिकार आयोगलाई अधिकार प्रदान गरेको छ । त्यस्तै महिलाका अधिकारको विषयमा राष्ट्रिय महिला आयोगमा पनि उजुरी गर्न सकिने व्यवस्था सो आयोगसम्बन्धी कानुनमा व्यवस्था छ । त्यस्तै अन्य अदालतहरूमा पनि अधिकारको हननको उपचारका लागि निवेदन गर्न सकिने व्यवस्थाहरू पनि विभिन्न कानुनले गरेका छन् ।

### (ख) अन्तर्राष्ट्रियस्तरको उपचारविधि

अन्तर्राष्ट्रियस्तरको मानव अधिकार उल्लङ्घनको उपचारविधिको विषयमा चर्चा गर्दा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार संरक्षणका संयन्त्रहरूबारे जानकारी लिनु उपयुक्त हुन्छ । त्यस्ता संयन्त्रहरू दुई प्रकारका छन् । पहिलो सन्धिमा आधारित संयन्त्र हो । यसलाई महासन्धिमा आधारित निकाय (Treaty based Body) भनिन्छ । यसले महासन्धिमा व्यवस्था गरिएका अधिकारहरूको कुनै पक्ष राज्यले उल्लङ्घन गरेमा त्यसरी हुने उल्लङ्घनबाट पीडितले पेश गरेको निवेदनउपर छानबिन गरी त्यसको उपचार प्रदान गर्दछ । मानव अधिकारसम्बन्धी प्रमुख महासन्धिहरूमा यस किसिमको उपचारविधिबारे उल्लेख भएको पाइन्छ । यस विधिअनुसार व्यक्तिले महासन्धिअनुसारका समितिसमक्ष मुद्दा लिएर जाने प्रक्रियालाई व्यक्तिगत उजुरीसम्बन्धी कार्यविधि (Individual Complain Procedure) भनिन्छ । यसप्रकारको व्यक्तिगत उजुरीसम्बन्धी कार्यविधिले उजुरीमा उल्लिखित मानव अधिकारको कार्यान्वयनको अवस्थाबारे अनुगमन गर्दछ । त्यसरी अनुगमन गर्ने क्रममा पक्ष राज्यले मानव अधिकारको उल्लङ्घन गरे वा नगरेको सम्बन्धमा छानबिनपछि एकीन गरी उक्त राज्यलाई निश्चित सिफारिस गर्दछ । त्यसरी गरेको सिफारिस कार्यान्वयन गर्नु पक्ष राज्यको दायित्व हुन्छ । यस्तो उजुरी गर्दा मूलतः दुई कुरामा ध्यान दिनुपर्दछः पहिलो–उजुरीसँग सम्बन्धित राज्य महासन्धिको पक्ष भई सो राज्यले व्यक्तिगत उजुरी स्वीकार गर्न मञ्जुर गरेको हुनुपर्दछ । दोस्रो–उजुरी महासन्धिको निश्चित धारासँग सम्बन्धित हुनुपर्दछ । यसरी उजुरी लिएर जानुअघि सम्बन्धित राज्यमा उपलव्ध भएको सबै उपचारको विधि अवलम्बन गरिसकेको वा त्यस्तो उपचारको विधि अवलम्बन गर्न सम्भव नभएको एथेष्ट प्रमाण सङ्कलन गर्नु अनिवार्य मानिन्छ ।

संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार संरक्षणका संयन्त्रहरूमध्ये दोस्रो संयन्त्र बडापत्रमा आधारित संयन्त्र (Charter Based Body) हो। यो संयन्त्र कुनै निश्चित महासन्धिको परिधिमा सीमित नभई संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्रको समग्र मानव अधिकारको अवस्थाको बारेमा मूल्याङ्कन गर्न स्थापना भएको हो। यो संयन्त्रले महासन्धिको पक्ष नभएको राज्यको पनि मानव अधिकारको उल्लङ्घनको मुद्दा वा मानव अधिकारसम्बन्धी कुनै पनि विषयलाई छानबिनको दायरामा ल्याउन सक्दछ। बडापत्रमा आधारित संयन्त्रअन्तर्गत मानव अधिकार परिषद् (Human Rights Council) पर्दछ। संयुक्त राष्ट्रसङ्घको स्थापनाको लगतै आर्थिक तथा सामाजिक परिषद्द्वारा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार आयोग (United Nations Commission on Human Rights) को स्थापना गरिएको थियो। सन् २००६ सम्म आइपुग्दा सो आयोगले करिब ६० वर्षसम्म विश्वमा मानव अधिकारको संरक्षण र सम्वर्द्धनको काम गऱ्यो तर सन् २००६ मा ४७ राष्ट्रहरू सदस्य रहेको मानव अधिकार परिषद्को स्थापना गरी मानव अधिकार आयोगलाई प्रतिस्थापन गर्दै परिषद् महासभाअन्तर्गत रहने व्यवस्था भयो। यो मानव अधिकार परिषद्ले सदस्य राष्ट्रको मानव अधिकारको उल्लङ्घनको मुद्दा वा मानव अधिकारसम्बन्धी कुनै पनि विषयलाई छानबिनको दायरामा ल्याउन विशेष कार्यविधि (Special Procedure) को व्यवस्था गरेको छ। यस व्यवस्थाअन्तर्गत कार्य गर्न स्वतन्त्र विज्ञहरू छानिन्छन्। यी विज्ञहरूले जिम्मेवारी वाहक, विशेष प्रतिनिधि वा विशेष र्‍यापोर्टरको रूपमा कार्य गर्दछन्। यसै कार्यविधिअन्तर्गत कतिपय अवस्थामा कार्यसमूहको गठन पनि गरिएको हुन्छ। यी सबैको काम उनीहरूलाई तोकिएको जिम्मेवारीअन्तर्गत रही मानव अधिकारको अवस्थाका बारेमा जाँचबुझ तथा छानबिन गरी प्रतिवेदन परिषद्समक्ष पेश गर्नु हो। यसबाहेक प्रस्ताव नं. १५०३ अन्तर्गतको कार्यविधिलाई पनि मानव अधिकारको संरक्षणको प्रमुख संयन्त्रको रूपमा लिइन्छ। आर्थिक तथा सामाजिक परिषद्द्वारा सन् १९७० मा स्थापित यो कार्यविधिले मुलुकको समग्र मानव अधिकारको अनुगमन गर्ने र व्यक्तिगतरूपमा परेका मानव अधिकार उल्लङ्घनसम्बन्धी उजुरीउपर छानबिन गरी प्रतिवेदन परिषद्समक्ष पेश गर्ने कार्य गर्दछ।

## (८) मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको अनुगमन संयन्त्रको रूपमा मानव अधिकार सन्धिगत निकायहरू

मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको अनुगमन संयन्त्रको रूपमा काम गर्नका लागि विभिन्न महासन्धिले विभिन्न समितिहरूको व्यवस्था गरेका छन्। ती समितिमा विभिन्न विशेषज्ञ व्यक्तिहरू व्यक्तिगत हैसियतमा सदस्यको रूपमा रहन्छन्। मूलत: यस्ता व्यक्तिहरू सम्बन्धित विषयका विज्ञ हुन्छन्। मानव अधिकारसम्बन्धी प्रमुख महासन्धिहरू प्रत्येकमा यस्ता समितिहरूको व्यवस्था गरिएको छ।

### १) मानव अधिकार समिति

यो समिति नागरिक तथा राजनीतिक अधिकार विषयक अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ ले व्यवस्था गरेको समिति हो। यो समितिले नागरिक तथा राजनीतिक अधिकार विषयक अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ र सो अन्तर्गतका दुई इच्छाधीन आलेखहरूको कार्यान्वयन अवस्थाबारे नियमितरूपमा अनुगमन गर्दछ।

## २) आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी समिति

यो समिति आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ ले व्यवस्था गरेको समिति हो । यो समितिले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको विषयक अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को कार्यान्वयन अवस्थाबारे नियमितरूपमा अनुगमन गर्दछ ।

## ३) जातीय भेदभाव उन्मूलनसम्बन्धी समिति

यो समिति जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६५ ले व्यवस्था गरेको समिति हो । यो समितिले जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६५ को कार्यान्वयन अवस्थाबारे नियमितरूपमा अनुगमन गर्दछ ।

## ४) महिलाविरुद्ध हुने भेदभाव उन्मूलनसम्बन्धी समिति

यो समिति महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९७९ ले व्यवस्था गरेको समिति हो । यो समितिले महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९७९ र सोअन्तर्गतको इच्छाधीन आलेखको कार्यान्वयन अवस्थाबारे नियमितरूपमा अनुगमन गर्दछ ।

## ५) यातनाविरुद्धको समिति

यो समिति यातना र अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८४ ले व्यवस्था गरेको समिति हो । यो समितिले यातना र अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८४ को कार्यान्वयन अवस्थाबारे नियमित रूपमा अनुगमन गर्दछ ।

## ६) बाल अधिकारसम्बन्धी समिति

यो समिति बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ ले व्यवस्था गरेको समिति हो । यो समितिले बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ र यसको इच्छाधीन आलेखको कार्यान्वयन अवस्थाबारे नियमितरूपमा अनुगमन गर्दछ ।

## ७) आप्रवासी कामदारसम्बन्धी समिति

यो समिति आप्रवासी कामदार र उनीहरूका परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० ले व्यवस्था गरेको समिति हो । यो समितिले आप्रवासी कामदार र उनीहरूका परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० को कार्यान्वयन अवस्थाबारे नियमितरूपमा अनुगमन गर्दछ ।

## ८) अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समिति

यो समिति अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ ले व्यवस्था गरेको समिति हो । यो समितिले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ को कार्यान्वयन अवस्थाबारे नियमितरूपमा अनुगमन गर्दछ ।

## ९) बलपूर्वक बेपत्तासम्बन्धी समिति

यो समिति बलपूर्वक बेपत्ता पारिएका सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ ले व्यवस्था गरेको समिति हो। यो समितिले बलपूर्वक बेपत्ता पारिएका सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ को कार्यान्वयन अवस्थाबारे नियमित रूपमा अनुगमन गर्दछ ।

यी सबै सन्धिगत निकायहरूले मानव अधिकार उच्चायुक्तको कार्यालय जेनेभाबाट सचिवालयको सेवा प्राप्त गर्दछन् । महिलाविरुद्ध हुने भेदभाव उन्मूलनसम्बन्धी समिति र मानव अधिकार समितिबाहेक अरू सबै समितिको बैठक जेनेभामा हुन्छ । महिलाविरुद्ध हुने भेदभाव उन्मूलनसम्बन्धी समिति वर्षको एकपटक न्यूयोर्कमा बस्छ भने मानव अधिकार समितिको वर्षको तीन बैठकमध्ये मार्च-अप्रिलको बैठक न्यूयोर्कमा र अरू दुई बैठक जेनेभामा बस्छ ।

यी समितिहरूले सम्बन्धित महासन्धिमा व्यवस्था भएबमोजिम विभिन्न कार्य गर्दछन् । यिनीहरूको काम मुख्यरूपमा पक्ष राज्यले पेश गरेको प्रतिवेदनको पुनरावलोकन गर्नु र महासन्धिले व्यवस्था गरेबमोजिम व्यक्तिगत उजुरी वा सूचना स्वीकर गरी त्यसउपर छानबिन गर्नु हो । मानव अधिकार समिति, महिलाविरुद्ध हुने भेदभाव उन्मूलनसम्बन्धी समिति, यातनाविरुद्धको समिति र जातीय भेदभाव उन्मूलनसम्बन्धी समितिलाई व्यक्तिगत उजुरी वा सूचना स्वीकार गरी त्यसउपर छानबिन गर्ने अख्तियारी सम्बन्धित महासन्धिले प्रदान गरेका छन् । यी सबै समितिहरूलाई मानव अधिकारको विषयसँग सम्बन्धित व्यवस्थाको व्याख्या गरी उक्त व्याख्यालाई कार्यप्रक्रिया वा विषय केन्द्रित मुद्दासम्बन्धी सामान्य प्रतिक्रियाको रूपमा प्रकाशन गर्न पाउने अख्तियारी समेत प्राप्त छ । यी सबै समितिहरूले आफ्ना कामकारबाहीलाई प्रभावकारी रूपमा सञ्चालन गर्न कार्यप्रक्रिया र व्यवहारलाई एकरूपता कायम गर्ने प्रयास गर्दछन् । यसरी कार्यप्रक्रियामा एकरूपता कायम गर्दा द्विविधा नहुने, व्याख्यामा एकरूपता आउने र समितिका सिफारिस कार्यान्वयनमा सहजता आउने विश्वास गर्न सकिन्छ ।

# भाग- २

# मानव अधिकारसम्बन्धी प्रमुख अन्तर्राष्ट्रिय महासन्धिहरू

## १. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्ध, १९६६

### (१) पृष्ठभूमि

> **International Covenant on Economic, Social and Cultural Rights**
>
> New York, 16 December 1966
>
> **Entry into force** : 3 January 1976, in accordance with article 27.
>
> **Registration** : 3 January 1976, No. 14531
>
> **Status** : Signatories : 70. Parties : 160
>
> **Note** : The Covenant was opened for signature at New York on 19 December

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको जरा खोतल्दै जाँदा मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र जारी गर्ने अवस्थासम्म आइपुग्दाको प्रक्रियाअनुसार नै यी अधिकारहरू स्थापित भएका हुन् भन्ने देखिन्छ। मानिसका आधारभूत एवम् आवश्यकीय अधिकारका लागि सन् १९४५ मा सनफ्रान्सिस्कोमा भएको एक सम्मेलनले एउटा घोषणापत्रको प्रस्ताव गरेको थियो। यो सम्मेलन संयुक्त राष्ट्रसङ्घको स्थापनाको आधारशिला पनि थियो। संयुक्त राष्ट्रसङ्घ स्थापना भएपछि

तत्कालै आर्थिक तथा सामाजिक परिषद्लाई अधिकारहरूसम्बन्धी घोषणापत्रको मस्यौदा तयार गर्न भनियो। परिषद्ले आफ्नो कामलाई दुई भागमा बाँड्यो, पहिलो मानव अधिकारका आधारभूत सिद्धान्तहरूलाई समावेश गरी घोषणापत्रको मस्यौदा तयार गर्ने र दोस्रो बाध्यात्मक व्यवस्थाहरूसहितको अनुबन्धको प्रारूप तयार गर्ने। पहिलो जुन मस्यौदा तयार भयो उक्त मस्यौदा नै मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको रूपमा सन् १९४८ को डिसेम्बर १० का दिन विश्वजगतमा अगाडि आयो, जसमा आधारभूत मानव अधिकार र यी अधिकारसम्बन्धी आधारभूत सिद्धान्त समावेश गरियो। आर्थिक तथा सामाजिक परिषद्ले अनुबन्धको मस्यौदा तर्जुमा गर्ने कार्यलाई त्यसपछि पनि निरन्तरता दिइरह्यो। यसरी मस्यौदा तयार गर्ने क्रममा संयुक्त राष्ट्रसङ्घका सदस्यहरूका बीचमा नागरिक तथा राजनीतिक अधिकारलाई महत्व दिने कि आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूलाई भन्ने कुरामा निकै विवाद हुन पुग्यो। अन्त्यमा, यी दुवै कुराहरूलाई उत्तिकै महत्वका साथ छुट्टाछुट्टै अनुबन्धमा समेट्ने भन्ने कुरामा सहमति भयो र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी छुट्टाछुट्टै अनुबन्धका मस्यौदा तयार गरिए। तर पनि यी अनुबन्धहरूमा भरसक एकै प्रकृतिका प्रावधानहरू राख्ने प्रयास गरियो र एकैसाथ दुवै अनुबन्धहरू हस्ताक्षरका लागि खुला गरियो। यी अनुबन्धहरूको मस्यौदा सन् १९५४ मा तयार भई महासभामा पेश गरिएको भए पनि सन् १९६६ मा मात्र महासभाले पारित गऱ्यो।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध एक बहुपक्षीय अनुबन्ध हो, जसलाई संयुक्त राष्ट्रसङ्घीय महासभाले सन् १९६६ को डिसेम्बर १६ तारिखका दिन स्वीकार गरी जारी गरेको थियो। यो अनुबन्धले यसका पक्ष राष्ट्रहरूलाई नागरिकका श्रमसम्बन्धी अधिकार, स्वास्थ्यको अधिकार, शिक्षाको अधिकार, उचित र पर्याप्त बसोवासको अधिकार, पर्याप्त खानाको अधिकार आदि जस्ता आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरू प्रत्याभूत गर्न उत्प्रेरित गर्दछ। सन् २०११ को जुलाईसम्ममा यो अनुबन्धको १६० राष्ट्र पक्ष बनिसकेका छन् भने ६ राष्ट्रहरूले हस्ताक्षर गरको भए पनि पक्ष राष्ट्र बन्न बाँकी रहेको देखिन्छ। यो अनुबन्धलाई नेपालले १४ मे १९९१ मा कुनै सर्त नराखी अनुमोदन गरेको थियो।

अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी कानुनअनुसार आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको आमनागरिकले निर्वाधरूपमा उपभोग गर्न पाउनुपर्दछ। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरू ती मानव अधिकार हुन्, जसलाई आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध र अन्य अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी दस्तावेजहरूले प्रत्याभूत गरेका छन्। उदाहरणको लागि स्वास्थ्यको अधिकार, शिक्षाको अधिकार, पर्याप्त खानाको अधिकार आदि जस्ता अधिकारहरू राज्यले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अनुबन्धलाई अनुमोदन गरी कुनै राज्य अनुबन्धको पक्ष बनेपछि उक्त पक्ष राज्यका नागरिकहरूलाई स्वतः प्रत्याभूत हुन्छ र यस्ता अधिकारहरूको प्रत्याभूतिको लागि पक्ष राष्ट्र संयुक्त राष्ट्रसङ्घप्रति जिम्मेवार

हुन्छ। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्धको कार्यान्वयन भए नभएको बारेमा संयुक्त राष्ट्रसङ्घीय आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी समितिले अनुगमन गर्ने गर्दछ।

(२) **अनुबन्धका प्रमुख प्रावधानहरू**

पाँच भागमा अनुबन्धित यो आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्धमा प्रस्तावनाका अतिरिक्त एकतीस धारा छन्।

भाग- १ (धारा १): अनुबन्धको पहिलो भागमा व्यक्तिको आत्म निर्णयको अधिकारलाई मान्यता दिँदै आफ्नो राजनीतिक हैसियत निश्चित गर्न, आर्थिक, सामाजिक तथा साँस्कृतिक लक्ष प्राप्त गर्न र आफ्नो स्रोतको व्यवस्थापन र उपभोग गर्न स्वतन्त्र रहने कुराको प्रत्याभूत गरिएको छ।

भाग- २ (धारा २-५): अनुबन्धको यस भागमा प्रगतिशील अनुभूतिको सिद्धान्तलाई स्थापित गरिएको छ। कुनै जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियतका आधारमा भेदभाव नगरी अधिकारको स्थापित हुनुपर्ने कुरा यो भागमा जोड दिइएको छ। अधिकारको प्रकृति र लोककल्याणलाई अभिवृद्धि गर्ने उद्देश्यबाट मात्र कानुनद्वारा यी अधिकारहरू सीमित गर्न सकिने कुरा पनि यो भागमा उल्लेख गरिएको छ।

भाग-३ (धारा ६-१५): यस भागमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी विभिन्न व्यवस्थाका बारेमा उल्लेख गरिएको छ। न्यायपूर्ण र उचित वातावरणमा काम गर्न पाउने अधिकार, ट्रेड युनियन खोल्न र त्यसमा भाग लिन पाउने अधिकार, पारिवारिक जीवन र बालबच्चाको संरक्षणको अधिकार, उचित र पर्याप्त बसोवास, पर्याप्त खाना, लुगा र आवासको अधिकार, स्वास्थ्यको अधिकार, नि:शुल्क प्राथमिक शिक्षासहितको शिक्षाको अधिकार, साँस्कृतिक गतिविधिमा सहभागी हुन पाउने अधिकार आदि जस्ता अधिकारका बारेमा यो भागमा बिस्तृतरूपमा उल्लेख छ। यी अधिकारमध्ये धेरैजसो अधिकार व्यक्तिले अनुभूत गर्न पाउने गरी राज्यले सुनिश्चित गरेको हुनुपर्ने कुरामा अनुबन्धले जोड दिएको छ।

भाग-४ (धारा १६-२५): अनुबन्धको यस भागमा अनुबन्धको कार्यान्वयनस्थितिका बारेमा प्रतिवेदन पेश गर्नुपर्ने र यसको अनुगमनका सम्बन्धमा उल्लेख गरिएको छ। यस व्यवस्थाअनुसार राज्य पक्षले आवधिकरूपमा अनुबन्धअन्तर्गत भए गरेका कामकारबाहीको विवरण संयुक्त राष्ट्रसङ्घीय आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी समितिसमक्ष पेश गर्नुपर्दछ। सो समितिले पक्ष राष्ट्रबाट त्यसरी प्राप्त भएको प्रतिवेदनको समीक्षा गर्दै महासभा र पक्ष राष्ट्रसमक्ष विभिन्न सिफारिस गर्दछ। ती सिफारिसमध्ये महासभाबाट अनुमोदन भएका र पक्ष राष्ट्रतर्फ लक्षित सिफारिसको कार्यान्वयन गरी पुन: प्रतिवेदन पेश गर्नु पक्ष राष्ट्रको दायित्व हुने कुरा पनि अनुबन्धमा उल्लेख गरिएको छ।

भाग-५ (धारा २६-३१): अनुबन्धको यस भागमा अनुबन्धलाई अनुमोदन गर्ने, अनुबन्धको व्यवस्था लागू हुने र अनुबन्धको संशोधनसम्बन्धी व्यवस्थाहरू गरिएका छन् ।

### (३) अनुबन्धद्वारा प्रदत्त अधिकारहरू

(क) आर्थिक अधिकार:

- भोकबाट मुक्त हुने अधिकार,
- जीविकोपार्जनका लागि काम गर्न पाउने अधिकार,
- आफ्नो इच्छाको काम छान्न पाउने तथा स्वीकार्ने अधिकार,
- काम गर्नका लागि उपयुक्त वातावरणको अधिकार,
- उचित ज्याला पाउने अधिकार,
- दासत्वबाट मुक्तिको अधिकार,
- श्रमिक सङ्गठन खोल्न तथा सङ्गठित हुन पाउने अधिकार,
- हड्ताल गर्न पाउने अधिकार,
- सम्पत्तिमाथिको अधिकार,
- समान कामका लागि महिला-पुरुषमा भेदभाव गर्न नहुने अधिकार,
- राष्ट्रको सम्पत्तिको उपभोग गर्न पाउने अधिकार ।

(ख) सामाजिक अधिकार:

- स्वनिर्णयको अधिकार,
- परिवारप्रतिको दायित्वको अधिकार,
- उपयुक्त जीवनस्तरमा बाँच्न पाउने अधिकार,
- प्रत्येक व्यक्तिको शिक्षा प्राप्त गर्ने अधिकार,
- जातीय समानताको अधिकार,
- व्यक्तित्व विकासको अवसर पाउने अधिकार,
- स्वास्थ्य, सुरक्षा, बिरामीको सुविधा आदि पाउने अधिकार,
- सामाजिक सुरक्षा प्राप्त गर्ने अधिकार,
- सुत्केरी भएको बेला सेवा पाउने अधिकार,
- बाँच्नका लागि आवश्यक पर्ने आधारभूत कुराहरू प्राप्त गर्ने अधिकार,
- काम गर्दा घाइते भएको अवस्थामा पाउनुपर्ने सुविधाहरू प्राप्त गर्ने अधिकार,
- बालबालिकाहरूले सुरक्षा पाउने अधिकार,
- महिला र पुरुषबीच समानताको अधिकार,

- उमेर पुगेका युवा-युवतीहरूलाई उनीहरूको मञ्जुरीमा विवाह गर्ने तथा परिवार सञ्चालन गर्न पाउने अधिकार ।

(ग) **साँस्कृतिक अधिकार:**

- साँस्कृतिक जीवनमा सहभागी हुन पाउने अधिकार,
- आ-आफ्नो परम्परा, रीतिथिति, चालचलनअनुसार विभिन्न संस्कारहरू गर्न पाउने अधिकार,
- आफ्नो रीतिरिवाजअनुसार विवाह, व्रतबन्ध आदि गर्न पाउने अधिकार,
- मृत्युपछिको अन्तिम संस्कार गर्न पाउने अधिकार,
- जातीय परम्पराअनुसार संस्कारहरू गर्न पाउने अधिकार,
- कलाको आनन्द लिने तथा विज्ञानको क्षेत्रमा भएको प्रगति र यस क्षेत्रबाट भएको फाइदामा सहभागी हुने अधिकार,
- आफूले रचना गरेको वैज्ञानिक, साहित्यिक अथवा कलात्मक कृतिबाट प्राप्त भएको नैतिक तथा भौतिक लाभको संरक्षणको अधिकार,
- आफूलाई सही लागेको धर्म अवलम्बन गर्न पाउने अधिकार ।

## (४) अनुबन्धअन्तर्गत राज्यको दायित्व

अनुबन्धले व्यक्तिगत एवम् समुदायलाई केन्द्रित गरी आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरू प्रत्याभूत गरेको छ । यी अधिकारको राज्यद्वारा सम्मान (अधिकारको उपभोगमा हस्तक्षेप नगर्ने दायित्व), संरक्षण (कसैको अधिकारको उपभोगमा हस्तक्षेप गर्न नपाउने कुरा सुनिश्चित गर्ने) र परिपूर्ति (अधिकार उपभोगका लागि आवश्यक सेवा र सुविधा प्रदान गर्ने) हुनुपर्ने गरी राज्यको दायित्व पनि तोकिएको छ । कुनै नागरिकले यस अनुबन्धअन्तर्गतको कुनै अधिकारको दाबी गरेमा त्यस्तो अधिकारको प्रत्याभूति राज्यले गर्न सक्नुपर्दछ । अनुबन्धअन्तर्गत राज्यको दायित्व सामान्यतया अनुबन्धमा उल्लिखित अधिकारको आदर गर्ने, संरक्षण गर्ने र ती अधिकार परिपूर्ति गर्ने कुरासँग सम्बन्धित हुन्छ ।

राज्यले अनुबन्धअन्तर्गतका मानव अधिकारका आधारभूत सिद्धान्तहरूलाई नष्ट गर्न, बङ्ग्याउन वा अन्यथा परिभाषित गर्न पाउँदैन । ती सिद्धान्तहरूलाई सधैं आदर गरेको हुनुपर्दछ । त्यतिमात्र होइन, राज्यले ती अधिकारको संरक्षणका लागि पनि यथोचित कार्य गरेको हुनुपर्दछ, ताकि कसैले ती अधिकारको हनन गर्न नसकोस् । त्यसैगरी, राज्यले त्यस्ता अधिकारको परिपूर्तिका लागि आवश्यक उपायहरू समेत अवलम्बन गरेको हुनुपर्ने गरी पनि दायित्व तोकिएको छ । उदाहरणका लागि अनुबन्धमा उल्लेखित शिक्षासम्बन्धी अधिकारलाई लिऔं । यो अधिकारको राज्यले सधैं सम्मान गर्नुपर्दछ । त्यसैगरी राज्यका तर्फबाट शिक्षाको अधिकारको संरक्षणको प्रत्याभूति पनि हुनु आवश्यक छ । शिक्षाको अधिकारबाट कहींकतै कसैले कसैलाई वञ्चित गरेको भए राज्यले तत्कालै हस्तक्षेप गरी

त्यो अधिकारलाई पुनस्थापित गरी अधिकारको संरक्षण गरिनुपर्दछ । जस्तो बालबच्चालाई विद्यालय जान नदिएको अवस्थाबाट बालबालिकाले शिक्षाको अधिकारको उपभोग गर्न नपाएमा राज्यले तत्कालै हस्तक्षेप गरी ती बालबालिकाको शिक्षाको अधिकार संरक्षण गर्न विद्यालय जान नदिने अविभावक वा अन्य जोकोहीलाई कारबाही गर्नुपर्ने र बालबच्चाको शिक्षाको अधिकारको संरक्षण गर्नुपर्दछ । त्यसैगरी राज्यका तर्फबाट शिक्षाको अधिकारको परिपूर्तिका लागि बालबच्चाको पहुँच हुने स्थानमा विद्यालयको स्थापना, शिक्षकको व्यवस्था, पाठ्यपुस्तकको उपलब्धता, विद्यालयमा शैक्षिक वातावरणको निर्माण आदि कुरामा आवश्यक कामकारबाही गरेको हुनुपर्दछ । यी कुराहरू अन्य आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूमा पनि उत्तिकै रूपमा लागू हुन्छन् ।

अनुबन्धले सिर्जना गरेका दायित्व उपलब्ध स्रोतहरूको अधिकतम उपयोगका आधारमा यसको अधिकतम प्रयोग गरी क्रमिकरूपमा पूरा गरिनुपर्दछ । यस दायित्वअन्तर्गत नेपालले यी अधिकारहरूलाई पूरा गर्नेतर्फ जतिसक्दो शीघ्र र प्रभावकारीरूपमा ठोस तथा लक्षित कदमहरू चाल्नुपर्छ । यस्ता कदमहरूअन्तर्गत कानुनी, प्रशासकीय, आर्थिक, वित्तीय, शैक्षिक वा सामाजिक सुधारका विषय, कार्ययोजनाको तर्जुमा वा विभिन्न कार्यविधिहरूको स्थापना आदि पर्दछन् ।

### (५) अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि भएका प्रयासहरू (कानुनी, नीतिगत र संस्थागत)

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि राज्यले थुप्रै नीतिगत एवम् संस्थागत प्रयास गरेको हुन्छ । नीतिगत व्यवस्थाअन्तर्गत आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि राज्यको प्रमुख नीतिको घोषणा देशको संविधानको माध्यमबाट गर्ने, उपरोक्त नीतिगत संवैधानिक व्यवस्थाको कार्यान्वयनको लागि अन्य क्षेत्रगत नीतिहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, त्यस्ता नीतिहरूको कार्यान्वयनको लागि कानुनी तथा संस्थागत संरचनाहरूको विकास गर्ने र ती संरचनाहरूलाई क्रियाशील तुल्याई आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्ने प्रयास गरिएको हुन्छ । कतियप आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारलाई नागरिकका मौलिक अधिकारको रूपमा पनि संविधानले नै मान्यता प्रदान गरेको हुन्छ ।

प्रस्तुत विषयमा नेपालको सन्दर्भलाई लिएर हेर्दा नेपालको अन्तरिम संविधान, २०६३ ले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारलाई मौलिक अधिकारको रूपमा समावेश गरी आफ्नो प्रगतिशील प्रकृति प्रस्तुत गरेको छ । समानताको अधिकार, वातावरण तथा स्वास्थ्यसम्बन्धी अधिकार, शिक्षा तथा संस्कृतिको अधिकार, रोजगारी तथा सामाजिक सुरक्षाको अधिकार, सामाजिक न्यायको अधिकार, श्रमसम्बन्धी अधिकार, धर्मसम्बन्धी अधिकार, खाद्य सम्प्रभूताको अधिकार, मानव बेचविखन तथा दासताविरुद्धको अधिकार, ट्रेड युनियन खोल्ने, सङ्गठित हुने र सामूहिक सौदावाजीको अधिकार आदि जस्ता आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारलाई संविधानले नागरिकका मौलिक र आधारभूत

अधिकारको रूपमा मान्यता दिएको छ। यसका अतिरिक्त संविधानले सर्वोच्च अदालतलाई मौलिक अधिकारको पालना र प्रचलनका लागि रिटलगायतका उपयुक्त आदेश जारी गर्ने अधिकार प्रदान गरेकोले यी अधिकारको निर्वाध उपभोगको लागि संवैधानिक सुनिश्चितता रहेको देखिन्छ ।

त्यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ को भाग ४ मा उल्लिखित राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूमा नेपाली नागरिकलाई अनुबन्धले प्रत्याभूत गरेका अधिकारहरूको सम्मान, संरक्षण र परिपूर्तिको लागि विशेष व्यवस्था गरिएको पाइन्छ । जसअनुसार संविधानको धारा ३३ ले राज्यको दायित्वअन्तर्गत देशमा अग्रगामी राजनीतिक, आर्थिक र सामाजिक परिवर्तन सुनिश्चितता लगायत विश्वव्यापीरूपमा स्वीकृत आधारभूत मानव अधिकार, कानुनको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यायपालिका आदि अवधारणाहरूको पूर्ण परिपालना गर्ने कुरामा जोड दिएको छ। त्यसैगरी वर्गीय, जातीय, भाषिक, लैङ्गिक, साँस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभाव उन्मूलन गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्रलगायतका समस्याहरूलाई सम्बोधन गर्न राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गरी मुलुकको राज्य संरचनाका सबै अङ्गहरूमा सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने तथा आर्थिक सामाजिक रूपान्तरणको न्यूनत्तम साझा कार्यक्रम लागू गर्दै शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सम्प्रभूतामा सबै नागरिकको अधिकार स्थापित गर्ने आदि जस्ता कुरालाई समावेश गरी आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको संरक्षण र सम्वर्द्धनका लागि राज्यलाई जिम्मेवार बनाएको छ ।

धारा ३४ मा राज्यका निर्देशक सिद्धान्तहरूअन्तर्गत सामाजिक, आर्थिक एवम् राजनीतिक क्षेत्रलगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी खुला समाजमा आधारित लोककल्याणकारी व्यवस्थाको अभिवृद्धि गर्नु राज्यको प्रमुख उद्देश्य हुनेछ भनिएको छ। सोही धारामा मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्दै सार्वजनिक हितको प्रवर्द्धन गर्ने र स्वायत्त शासनको माध्यमद्वारा जनतालाई शासनमा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई लोकतन्त्रका लाभहरूको उपभोग गर्न सक्ने व्यवस्था कायम गर्नु राज्यको उद्देश्य हुने गरी तोकिएको छ। सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धिको न्यायोचित वितरणको व्यवस्था मिलाई आर्थिक असमानता हटाउँदै स्वदेशी निजी एवम् सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र, आत्मनिर्भर एवम् उन्नतिशील गराउनु राज्यको मूलभूत आर्थिक उद्देश्य हुने र सबै किसिमको आर्थिक एवम् सामाजिक असमानता हटाई विभिन्न जात, जाति, धर्म, भाषा, वर्ण, समुदाय र सम्प्रदायका बीच सामन्जस्य स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य हुने भनी व्यवस्था पनि भएको छ । यी व्यवस्थाहरू अनुबन्धद्वारा प्रदत्त आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको सुनिश्चितताका लागि संविधानले निर्देश गरेको राज्यका निर्देशक सिद्धान्तहरू हुन् ।

यसका अतिरिक्त धारा ३५ मा राज्यका नीतिहरूअन्तर्गत विभिन्न आर्थिक, सामाजिक तथा साँस्कृतिक विषयमा राज्यका नीतिगत व्यवस्था गर्दै ती अधिकारहरूको थप सुनिश्चितताको लागि आर्थिक, सामाजिक र साँस्कृतिक विषयहरूमा राज्यका स्पष्ट नीतिहरू निश्चित गरिएका छन् । यसरी व्यवस्था गरिएका सैद्धान्तिक एवम् नीतिगत व्यवस्थाहरू राज्यले आवश्यकताअनुसार स्रोत र साधन परिचालन गरी गराई आफ्ना विभिन्न अङ्ग र निकायहरूमार्फत् क्रमश: कार्यान्वयन गर्दै जाने र यसको कार्यान्वयन भएको कुराको अनुभूति जनताले क्रमश: गर्दै जाने भएकोले यी विषयहरू कार्यान्वयन भए वा नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन नसकिने गरी संविधानको धारा ३६ मा व्यवस्था गरिएको छ ।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको संरक्षण तथा सम्वर्द्धनसँग सम्बन्धित कानुनी संरचनाको कुरा गर्दा माथि उल्लेख गरिएको संवैधानिक व्यवस्थाका अतिरिक्त विभिन्न कानुनहरू निर्माण भएको देखिन्छ । जस्तै: नागरिक अधिकार ऐन, २०१२, मुलुकी ऐन, २०२०, शिक्षा ऐन, २०२८, नेपाल स्वास्थ्य सेवा ऐन, औषधी ऐन, २०३५, बालबालिकासम्बन्धी ऐन, २०४८, जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८, श्रम ऐन, २०४८, वैदेशिक रोजगार ऐन, २०६४, अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९, राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८, राष्ट्रिय महिला आयोग ऐन, २०६३, समाजकल्याण ऐन, २०४९, खाद्य ऐन, २०२३, भवन ऐन, २०५५, वातावरण संरक्षण ऐन, २०५३, स्थानीय स्वायत्त शासन ऐन, २०५५ आदि ।

त्यसैगरी संरचनागत व्यवस्थाको कुरा गर्दा मुलुकमा स्थापना र सञ्चालनमा रहेका विभिन्न अस्पतालहरू, विभिन्न तहका विद्यालय तथा महाविद्यालयहरू, तालिम तथा प्रशिक्षण केन्द्रहरू, साँस्कृतिक एवम् सामाजिक प्रतिष्ठान, गुठी, विभिन्न विकास समिति तथा आयोजनाहरू, आर्थिक, सामाजिक तथा साँस्कृतिक विषयसँग सम्बन्धित निकाय, कार्यालय, प्रज्ञा-प्रतिष्ठान, सङ्घ तथा संस्थाहरू आदिलाई लिन सकिन्छ । उदाहरणका लागि वीर अस्पताल, प्रसूतिगृह, जिल्ला अस्पतालहरू, विभिन्न तहका विद्यालय तथा विश्वविद्यालयहरू, गुठी संस्थान, विभिन्न प्रज्ञा प्रतिष्ठानहरू, समाजकल्याण परिषद्, पशुपति क्षेत्र विकास कोष, गुम्बा व्यवस्थापन समिति, केन्द्रीय हज व्यवस्थापन समिति, विभिन्न सहकारीहरू, सामाजिक तथा आर्थिक विषयसँग जोडिएका अन्य सङ्घसंस्थाहरू, जस्तै- बैङ्क आदिलाई पनि लिन सकिन्छ ।

## (६) सन्धि घरेलुकरणको प्रक्रिया र अवस्था

The Vienna Convention on the Law of Treaties, 1969 का अनुसार कुनै राज्य कुनै अनुबन्धको पक्ष बनेपछि त्यस्तो पक्ष राज्य उक्त अनुबन्धका व्यवस्था कार्यान्वयन गर्न बाध्य हुन्छ । आफू पक्ष बनेको अनुबन्धले सिर्जना गरेका दायित्वहरू निर्वाह गर्न र त्यस्तो अनुबन्धका व्यवस्थाहरू कार्यान्वयन गर्नका लागि राज्यले घरेलु उपायहरू अवलम्बन गरेको हुनुपर्दछ । यस्ता घरेलु उपायहरू राज्य स्वयंले निर्धारण गर्ने कुरा हो,

यस सम्बन्धमा अनुबन्धले कुनै कुरा बोलेको हुँदैन । अनुबन्धका व्यवस्थाको घरेलुकरणको सम्बन्धमा चर्चा गर्दा विश्वमा दुईओटा प्रणाली प्रचलनमा रहेको पाइन्छ। पहिलो, अनुबन्धको पक्ष बनेपछि त्यस्तो अनुबन्धको व्यवस्था स्वत: घरेलु कानुनसरह मान्य हुन्छ। अन्य घरेलु कानुनहरू अनुबन्धको व्यवस्थासँग बाझिएमा बाझिएको हदसम्म अनुबन्धका व्यवस्था लागू हुन्छ । दोस्रो, अनुबन्धको व्यवस्था स्वत: लागू नभई अनुबन्धको कार्यान्वयनका लागि छुट्टै कानुन निर्माण गरी लागू गरिन्छ । त्यसैले राज्यले अनुबन्धको व्यवस्था सिधैं लागू गर्न वा ती व्यवस्थाको कार्यान्वयनका लागि आवश्यकताअनुसार घरेलु कानुन निर्माण गर्न सक्दछ। यसका अतिरिक्त राज्यले अनुबन्धका व्यवस्थाहरू कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र कार्यान्वयन गर्ने, संस्थागत संरचनाको विकास गर्ने आदि उपायहरू पनि अवलम्बन गर्न सक्दछ ।

यससम्बन्धी नेपालको सन्दर्भलाई हेर्दा नेपाल सन्धि ऐन, २०४७ लाई प्रमुखरूपमा हेर्नुपर्दछ। यो ऐनले नेपाल राज्य वा नेपाल सरकारले हस्ताक्षर, अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गरी पक्ष बनेको कुनै सन्धि वा सम्झौताको कार्यान्वयनका सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ। यस ऐनको दफा ९ ले नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुने र त्यस सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुनसरह लागू हुने व्यवस्था गरेको छ। सोही दफामा नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिबाट नेपाल राज्य वा नेपाल सरकार उपर कुनै थप दायित्व वा भार पर्न जाने र त्यसको कार्यान्वयनको लागि कानुनी व्यवस्था गर्नुपर्ने रहेछ भने त्यस्तो सन्धि कार्यान्वयनको लागि नेपाल सरकारले यथासम्भव चाँडो कानुन बनाउने कारबाही चलाउनुपर्ने व्यवस्था गरिएको छ। यो कानुनी व्यवस्थालाई हेर्दा नेपाल पक्ष भएका अनुबन्धअनुसारको दायित्व निर्वाह गर्न वा त्यस्तो अनुबन्धको कार्यान्वयन गर्न कानुनी व्यवस्था गर्नुपर्ने र त्यसबाट मात्र अनुबन्धको घरेलुकरणका प्रक्रिया पूरा हुने देखिन्छ। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अनुबन्धको प्रसङ्गलाई हेर्दा नेपालले सो अनुबन्धले सिर्जना गरेका दायित्व निर्वाह गर्न थुप्रै कानुनी व्यवस्था गरेको पाइन्छ। उदाहरणका लागि- नागरिक अधिकार ऐन, २०१२, मुलुकी ऐन, २०२०, शिक्षा ऐन, २०२८, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३, मेडिकल काउन्सील ऐन, २०२०, औषधी ऐन, २०३५, बालबालिकासम्बन्धी ऐन, २०४८, जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८, श्रम ऐन, २०४८, ट्रेड युनियन, ऐन, २०४९, बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६, वैदेशिक रोजगार ऐन, २०६४, अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९, राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८, राष्ट्रिय महिला आयोग ऐन, २०६३, समाजकल्याण ऐन, २०४९, खाद्य ऐन, २०२३, आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९, भवन ऐन, २०५५, संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४, नगर विकास ऐन, २०४५, वातावरण संरक्षण ऐन, २०५३, स्थानीय स्वायत्त शासन ऐन, २०५५ आदि। यी कानुनी व्यवस्थालगायत यीअन्तर्गत

बनेका नियमहरूले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको प्रत्याभूतिको बाटो निश्चित गरेका छन् भन्न सकिन्छ। तथापि नागरिकसँग प्रत्यक्षरूपमा सरोकार राख्ने विषयसँग मात्र नागरिक बढी मात्रामा परिचित हुने हुँदा यी कानुनी व्यवस्थाले प्रत्यक्षतः नागरिकका अधिकारलाई छोएको कुरामा स्वयम् नागरिकहरूमा द्विविधा उत्पन्न भएको हुन सक्ने हुँदा यस सम्बन्धमा राज्यले नागरिकलाई सचेत तुल्याउन गम्भीर रूपमा लाग्न सक्नुपर्दछ।

## (७) सन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय प्रतिवेदनको अवस्था

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १६ मा व्यवस्था भएअनुसार प्रत्येक पक्ष राज्यले अनुबन्धमा व्यवस्था गरिएका अधिकारहरूको प्रत्याभूतिको लागि अवलम्बन गरिएका उपायहरूका बारेमा प्रत्येक पाँच-पाँच वर्षमा आवधिक प्रतिवेदन संयुक्त राष्ट्रसङ्घसमक्ष पेश गर्नुपर्दछ। सोही व्यवस्थाअनुसार नेपालले हालसम्म ३ ओटा आवधिक प्रतिवेदनहरू पेश गरिसकेको छ। यसमध्ये तेस्रो प्रतिवेदनको सम्बन्धमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी समितिमा छलफल हुन भने बाँकी नै छ। नेपालले अनुबन्धअन्तर्गतको प्रारम्भिक प्रतिवेदन २५ अक्टोबर सन् १९९९ मा पेश गरेकोमा सो उपर समितिमा २५ सेप्टेम्बर सन् २००० मा छलफल भएको थियो। त्यसैगरी दोस्रो प्रतिवेदन ३० जुन सन् २००६ मा पेश गरेकोमा सो उपर ७ अगष्ट सन् २००६ मा छलफल भएको थियो। तेस्रो प्रतिवेदन नेपालले सन् २०११ मा नै पेश गरेको भए पनि हालसम्म सो प्रतिवेदनउपर छलफल हुन सकेको छैन।

## (८) सन्धि कार्यान्वयनबाट हुने उपलब्धिहरू

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को कार्यान्वयनबाट आम नेपाली जनतालाई उनीहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको प्रत्याभूति हुने मात्र नभई ती अधिकारहरूको सम्मान, संरक्षण र परिपूर्ति गर्न सरकारलाई बल मिल्दछ। यो अनुबन्धको कार्यान्वयनको कारणबाट आमनागरिकहरू आर्थिकरूपमा सबल, सामाजिकरूपमा सम्मानित र साँस्कृतिकरूपमा स्वतन्त्र हुन पुग्दछन्। अनुबन्धको कार्यान्वयनबाट नागरिकले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको निर्वाध उपभोग गर्न पाउने अवस्था सिर्जना हुन्छ। यी अधिकारहरूको उल्लङ्घन भएको अवस्थामा घरेलु तथा अन्तर्राष्ट्रिय उपचारको अधिकार पनि सुरक्षित हुन्छ।

## (९) सन्धिको कार्यान्वयनमा देखिएका चुनौती र समस्याहरू

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ ले पक्ष राज्यलाई महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ। तथापि यी अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने काम पक्ष राज्यका लागि सजिलो छैन। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार नागरिकले क्रमशः अनुभूति गर्दै जाने विषय भएकोले यी अधिकारको

सम्बन्धमा दाबी गर्न र अदालतमा प्रत्यक्षतः प्रश्न उठाउन मिल्दैन भनिन्छ। तर आजकल अदालतले निर्णय दिने क्रममा यी अधिकारलाई पनि अन्य अधिकारसरह मौलिक अधिकारको रूपमा लिई राज्य पक्षलाई यस्ता अधिकारको संरक्षण र सम्वर्द्धन गर्न आदेश दिने गरेको पाइन्छ। नेपालको सन्दर्भमा पनि कतिपय मुद्दामा अदालतले राज्यलाई कानुन निर्माण गरी यी अधिकारको सुनिश्चितता गर्न आदेश दिएको देखिन्छ। यसरी हुने आदेश कार्यान्वयन गर्नु राज्य पक्षको जिम्मेवारी र कर्तव्य भए पनि यसको सही समयमा कार्यान्वयन हुन नसक्दा यी अधिकारको संरक्षणको प्रश्न र अदालतबाट भएका आदेशको कार्यान्वयनको प्रश्न जटिल बन्ने गरेको छ।

### (१०) सन्धिको कार्यान्वयनका लागि गर्नुपर्ने प्रयासहरू

नेपालको सन्धि ऐन, २०४७ को दफा ९ ले संसदबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनका लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुनसरह लागू हुनेछ भनी गरेको व्यवस्था हेर्दा अनुबन्धका व्यवस्थाहरू नेपाल कानुनभन्दा उच्च हुन् कि भन्ने देखिन्छ। त्यसैले अनुबन्धको पक्ष बनेपछि अनुबन्धका प्रावधानहरू स्वतः लागू हुने अवस्था रहेको हो कि भन्ने पनि देखिएको छ तर त्यो सही होइन। अनुबन्धको व्यवस्थाहरू लागू हुनका लागि त्यसको कार्यान्वयन संयन्त्रको विकास गरिएको हुनुपर्दछ। महासन्धिको व्यवस्थालाई घरेलुकरण गरी कानुनी रूप दिएपछि मात्र यसका व्यवस्थाहरू प्रभावी हुन्छन्। त्यसैले अनुबन्धद्वारा प्रत्याभूत गरिएका अधिकारहरूको सुनिश्चितताका लागि कानुन आवश्यक हुन्छ। त्यस्तो कानुन बनाएरमात्र हुँदैन। त्यसको प्रभावकारी कार्यान्वयन हुनु पनि उत्तिकै आवश्यक छ। प्रस्तुत अनुबन्धले नागरिकका आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको प्रत्याभूति गरेकोले अनुबन्धले व्यवस्था गरेका आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको व्यावहारिक प्रयोगको सुनिश्चितताका लागि भएका कानुनहरूमा आवश्यक परिमार्जन गरी त्यसको व्यावहारिक प्रयोग र कतिपय नयाँ कानुन निर्माण गरिनुपर्दछ। उदाहरणका लागि नेपालमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको संरक्षणसम्बन्धी छुट्टै कानुन नै छैन। विभिन्न कानुनहरूमा यी अधिकारहरू केही मात्रामा छरिएर रहेको स्थिति छ। कतिपय अवस्थामा अदालतले आदेश गरेको भरमा अधिकार संरक्षित भइरहेको अवस्था पनि छ।

## २. नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६

### (१) पृष्ठभूमि

नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् १९६६ डिसेम्बर १६ तारिखमा जारी भई सन् १९७६ मार्च २३ देखि लागू भएको बहुपक्षीय अनुबन्ध हो। यो अनुबन्धले मूलतः व्यक्तिको नागरिक तथा

राजनीतिक अधिकार खासगरी जीवनको अधिकार, धार्मिक स्वतन्त्रता, अभिव्यक्तिको स्वतन्त्रता, भेला हुन पाउने स्वतन्त्रता, निर्वाचनमा सहभागी हुन पाउने अधिकारलगायत स्वच्छ सुनुवाइ र उचित प्रक्रियासम्बन्धी अधिकार आदिलाई यस अनुबन्धका पक्ष राज्यले आदर गर्ने कुराको सुनिश्चितता प्रदान गरेको छ । ६ भाग र ५३ धाराहरूमा अनुबन्धित यो अनुबन्धको सन् २०१२ को अगष्टसम्ममा ७४ राष्ट्रले हस्ताक्षर गरेको स्थिति छ भने १६७ राष्ट्र पक्ष बनिसकेका छन् । यो अनुबन्धलाई नेपालले १४ मे १९९१ मा कुनै सर्त नराखी अनुमोदन गरेको थियो ।

**International Covenant on Civil and Political Rights**

New York, 16 December 1966

Entry into force : 23 March 1976, in accordance with article 49, for all provisions except those of article 41; 28 March 1979 for the provisions of article 41 (Human Rights Committee), in accordance with paragraph 2 of the said article 41.

Registration : 23 March 1976, No. 14668

Status : Signatories : 74 Parties : 167

**Note** : The Covenant was opened for signature at New York on 19 December 1966.

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ र मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ का साथसाथै नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनको एक भाग हो । अन्तर्राष्ट्रिय मानव अधिकार समितिले यो अनुबन्धको कार्यान्वयन पक्षको नियमितरूपमा अनुगमन गर्दछ । यो समितिलाई पक्ष राष्ट्रले संयुक्त राष्ट्रसङ्घसमक्ष पेश गरेको आवधिक प्रतिवेदनहरूको नियमितरूपमा पुनरावलोकन गरी अनुबन्धमा उल्लिखित अधिकारहरू पक्ष राष्ट्रले कसरी कार्यान्वयन गरिरहेका छन् भनी हेर्ने अधिकार प्राप्त छ ।

नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को ऐतिहासिक पक्षको विश्लेषण गर्दा मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा, १९४८ को विकासक्रमलाई हेर्नुपर्ने हुन्छ । संयुक्त राष्ट्रसङ्घको स्थापनाको लागि कोशेढुङ्गाको रूपमा रहेको सन् १९४५ को सनफ्रान्सिस्को सम्मेलनको क्रममा सहभागीहरूबीचमा भएको छलफलका आधारमा प्रस्ताव गरिएको मानिसहरूको आधारभूत अधिकारसम्बन्धी घोषणाको मस्यौदा तयार गर्न आर्थिक तथा सामाजिक परिषद्लाई जिम्मा दिएपछि अनुबन्ध बारेमा चर्चा परिचर्चा शुरु भएको थियो । मानिसहरूको आधारभूत अधिकारसम्बन्धी घोषणाको मस्यौदा तयार गर्ने कार्यको शुरुआतसँगै बाध्यात्मक व्यवस्थासहितको अनुबन्धको अवधारणा पनि

अगाडि आयो र मानव अधिकारका आधारभूत सिद्धान्तहरूलाई उल्लेख गरी घोषणाको मस्यौदाका साथै अनुबन्धको प्रारूप पनि तयार गरियो। सन् १९४८ डिसेम्बर १० मा आर्थिक तथा सामाजिक परिषद्ले तयार गरेको घोषणालाई मानव अधिकारको विश्वव्यापी घोषणापत्रको रूपमा जारी गरियो भने अनुबन्धको मस्यौदा तयार गर्ने कार्यलाई त्यसपछि पनि निरन्तरता दिइयो। तर छलफलकै क्रममा संयुक्त राष्ट्रसङ्घका सदस्यहरूबीच आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार र नागरिक तथा राजनीतिक अधिकारको महत्वको विषयलाई लिएर विवाद चुलियो। यो क्रम बढ्दै जाँदा अधिकारहरूलाई दुई भाग भागमा बाँडियो र दुई अलग-अलग अनुबन्धको मस्यौदा तयार गरियो। यी दुवै अनुबन्धहरूमा कतिपय व्यवस्थाहरू समान प्रकृतिका राखियो। यसरी तयार भएको दुई भिन्न-भिन्न अनुबन्धलाई संयुक्त राष्ट्रसङ्घीय महासभामा सन् १९५४ मा पेश गरिएको भए पनि करिब १२ वर्षपछि सन् १९६६ मा मात्र यी दुवै अनुबन्धहरू जारी भए र हस्ताक्षरका लागि खुला गरिए।

### (२) अनुबन्धका प्रमुख प्रावधानहरू

संयुक्त राष्ट्रसङ्घको बडापत्रमा उल्लेख गरिएका आधारभूत सिद्धान्तबमोजिम मानिस मात्रमा अन्तर्निहित सम्मान तथा समानता एवम् नैसर्गिक अधिकारको स्वीकृति नै स्वतन्त्रता, न्याय र शान्तिको आधार हो। मानिसका यी अन्तर्निहित सम्मानबाट नै अधिकारको सिर्जना हुन्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेख भएबमोजिम भय तथा अभाव बिना स्वतन्त्रता उपभोग गरिरहेका व्यक्तिका आदर्शलाई स्थापित गर्न प्रत्येक व्यक्तिले आफ्ना आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारका साथै नागरिक तथा राजनीतिक अधिकार उपभोग गर्न पाउने अवस्था सिर्जना गरिनुपर्दछ। यिनै मान्यतालाई स्वीकार गरी नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध लागू गरिएको हो। यस अनुबन्धले प्रत्येक व्यक्तिलाई आत्मनिर्णयको अधिकार प्रदान गरेको छ। यसै अधिकारको उपभोगको आधारमा मानव जातिले स्वतन्त्रतापूर्वक आफ्ना नागरिक तथा राजनीतिक हैसियत स्थापित गर्दै आफ्ना आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासमा स्वतन्त्रतापूर्वक संलग्न हुन पाउने अवस्था सिर्जना गरिएको छ।

नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्धले प्रत्येक व्यक्तिलाई बाँच्न पाउने नैसर्गिक अधिकार प्रत्याभूत गरेको छ। यो अधिकारलाई पक्ष राज्यको कानुनद्वारा व्यवस्थित गरिनेछ। मृत्युदण्ड उन्मूलन नगरेका देशहरूले अत्यन्तै गम्भीर प्रकृतिका अपराधका लागि मात्र कानुनअनुसार मृत्युदण्ड दिन पाउने र १८ वर्षमुनिका कुनै पनि व्यक्तिलाई र गर्भवती महिलालाई मृत्युदण्ड दिन नपाइने प्रावधान राखिएको छ। त्यसैगरी, कसैलाई पनि यातना वा क्रूर, अमानवीय अथवा निर्दयी एवम् अपमानजनक व्यवहार गरिने छैन भन्दै कसैलाई पनि दासत्व वा सम्पूर्ण प्रकारका दास व्यापारलाई निषेध गरिएको छ।

अनुबन्धका प्रावधानबमोजिम प्रत्येक व्यक्तिलाई स्वतन्त्रता तथा जीउको सुरक्षाको अधिकार हुनेछ। कसैलाई पनि स्वेच्छाचारी तवरले पक्राउ गर्न वा थुनामा राख्न पाइँदैन। कानुनबमोजिम बाहेक कसैलाई पनि आफ्नो स्वतन्त्रताबाट वञ्चित गरिने छैन। पक्राउ पर्नुअघि कुनै व्यक्तिलाई पक्राउ पर्नुको कारण तथा आरोपका बारेमा तुरून्त जानकारी दिइनुपर्ने, पक्राउ वा थुनामा परेको कुनै व्यक्तिको स्वतन्त्रता हनन भएमा अदालतमा मुद्दा चलाउने अधिकार र अदालतले निजको थुना कानुनसम्मत हुने भए सोहीअनुसार र नहुने भए निजलाई मुक्त गर्न आदेश दिनुपर्ने व्यवस्था छ। गैरकानुनी पक्राउ वा थुनाबाट अन्यायमा परेका कुनै पनि व्यक्तिलाई क्षतिपूर्ति प्राप्त गर्ने अधिकार छ।

यसैगरी, यस अनुबन्धले कसैको पनि गोपनीयता, परिवार, घर वा चिठ्ठीपत्रमा स्वेच्छाचारी वा गैरकानुनी तवरले हस्तक्षेप गर्न वा निजको प्रतिष्ठा र इज्जतमा गैरकानुनी आक्रमण गर्न निषेध गरेको छ। प्रत्येक व्यक्तिलाई आस्था र धर्मको स्वतन्त्रताको अधिकार र बिना अवरोध विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, सङ्घसंस्था खोल्ने स्वतन्त्रता सुनिश्चित गरेको छ।

यस अनुबन्धमा विवाहयोग्य उमेरका नरनारीको विवाह गर्ने तथा परिवार बसाल्ने अधिकार सुनिश्चित गरिएको छ। अनुबन्धका अन्य प्रावधानहरूमा प्रत्येक शिशुलाई जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म, राष्ट्रियता अथवा सामाजिक उत्पत्ति अथवा जन्मको आधारमा कुनै भेदभाव गरिनेछैन। प्रत्येक शिशुको राष्ट्रियता प्राप्त गर्ने अधिकार हुनेछ। प्रत्येक नागरिकलाई प्रत्यक्ष अथवा स्वतन्त्रतापूर्वक छानिएका प्रतिनिधिमार्फत् सार्वजनिक जीवन सञ्चालनमा सहभागी हुने, विश्वव्यापी तथा समान मतदान एवम् गोप्यताबाट मतदाताको इच्छाको स्वतन्त्र अभिव्यक्तिको सुनिश्चित गरिएको शुद्ध आवधिक निर्वाचनमा मतदान गर्ने तथा निर्वाचित हुने अधिकार र समानताको सामान्य नियमबाट आफ्नो देशको सार्वजनिक सेवामा प्रवेश पाउने अधिकार हुनेछ।

छ भागमा अनुबन्धित यो नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धमा प्रस्तावनाका अतिरिक्त त्रिपन्न धारा छन्।

भाग- १ (धारा १): अनुबन्धको पहिलो भागमा नागरिकको आत्मनिर्णयको अधिकारलाई मान्यता दिँदै आफ्नो राजनीतिक हैसियत निश्चित गर्न, आर्थिक, सामाजिक तथा साँस्कृतिक लक्ष्य प्राप्त गर्न र आफ्नो स्रोतको व्यवस्थापन र उपभोग गर्न स्वतन्त्र रहने कुराको प्रत्याभूत गरिएको छ।

भाग- २ (धारा २-५): यस भागमा अनुबन्धमा उल्लेख गरिएका अधिकारहरूको कार्यान्वयनका लागि कानुन निर्माण गर्ने र यी अधिकारको उल्लङ्घन भएमा त्यसको प्रभावकारी उपचारको व्यवस्था गर्नुपर्ने पक्ष राष्ट्रको दायित्व हुने कुरा उल्लेख गरिएको छ। कुनै जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियतका आधारमा भेदभाव नगरी यो अनुबन्धमा उल्लेख गरिएका अधिकार स्थापित हुनुपर्ने र यी अधिकारहरू महिलाले पनि समानरूपमा उपभोग गर्न पाउनुपर्ने कुरामा पनि यस भागमा जोड दिइएको छ।

भाग- ३ (धारा ६-२७): यस भागमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी विभिन्न व्यवस्थाका बारेमा उल्लेख गरिएको छ। जसअनुसार व्यक्तिको जीवनको अधिकार, यातना, क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको अधिकार, दासत्व तथा दासविरुद्धको अधिकार, स्वतन्त्रता र सुरक्षाको अधिकार, स्वतन्त्रता अपहरण गरिएका व्यक्तिहरूको मानवीय मर्यादा र सम्मानको अधिकार, करारीय दायित्व उपर थुनाविरुद्धको अधिकार, कानुनबमोजिम कुनै देशभित्र रहेको विदेशी व्यक्तिको अधिकार, न्यायालयसमक्ष समानताको अधिकार, कानुनबमोजिम बाहेकका अन्य कसुरमा दोषी बनाउन नपाइने, कानुनका सामुमा व्यक्तिको रूपमा मान्यता पाउने अधिकार, गोपनीयता र घरपरिवारको अधिकार, विचार, विवेक र धर्मको अधिकार, स्वतन्त्र विचार र अभिव्यक्तिको अधिकार, शान्तिपूर्वक भेला हुने अधिकार, सङ्घसङ्गठन तथा ट्रेड युनियनसम्बन्धी अधिकार, विवाह र परिवारसम्बन्धी अधिकार, बालबालिकाको अधिकार, सार्वजनिक जीवन, मताधिकार, सार्वजनिक सेवामा पहुँचको अधिकार, कानुनको समान संरक्षणको अधिकार, सामाजिक, धार्मिक वा भाषिक अल्पसङ्ख्यकको संस्कृति, धर्म र भाषाको अधिकारका बारेमा यस भागमा बिस्तृतरूपमा उल्लेख गरिएको छ।

भाग- ४ (धारा २८-४५): अनुबन्धको यस भागमा अनुबन्धको कार्यान्वयनस्थितिका बारेमा प्रतिवेदन पेश गर्नुपर्ने र यसको अनुगमनका सम्बन्धमा उल्लेख गरिएको छ। यस व्यवस्थाअनुसार राज्य पक्षले आवधिकरूपमा अनुबन्धअन्तर्गत भएगरेका कामकारबाहीको विवरण संयुक्त राष्ट्रसङ्घीय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी समितिसमक्ष पेश गर्नुपर्दछ। सो समितिले पक्ष राष्ट्रबाट त्यसरी प्राप्त भएको प्रतिवेदनको समीक्षा गर्दै महासभा र पक्ष राष्ट्रसमक्ष विभिन्न सिफारिस गर्दछ। ती सिफारिसमध्ये महासभाबाट अनुमोदन भएका र पक्ष राष्ट्रतर्फ लक्षित सिफारिसको कार्यान्वयन गरी पुन: प्रतिवेदन पेश गर्नु पक्ष राष्ट्रको दायित्व हुने कुरा पनि अनुबन्धमा उल्लेख गरिएको छ।

भाग- ५ (धारा ४६-४७): अनुबन्धको यस भागमा अनुबन्धलाई अपव्याख्या गर्न नपाइने सम्बन्धमा उल्लेख गरिएको छ।

भाग- ६ (धारा ४८-५३): अनुबन्धको यस भागमा अनुबन्धको पक्ष हुनेसम्बन्धी व्यवस्थाका बारेमा उल्लेख छ।

## (३) अनुबन्धद्वारा प्रत्याभूत गरिएका अधिकारहरू

| | |
|---|---|
| धारा- १ | राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक स्वतन्त्रतासहितको आत्मनिर्णयको अधिकार |
| धारा- २ | अधिकारको उपभोगमा विभेद नहुने र अधिकारहरूको कुराको सुनिश्चितता |
| धारा- ३ | पुरुष र महिलाबीचको समानताको अधिकारको उपभोगको सुनिश्चितता |
| धारा- ४ | विशेष अवस्थामा अधिकारहरू कटौती हुन सक्ने |

धारा- ५ अनुबन्धमा सुनिश्चित गरिएका अधिकारहरू नष्ट हुने गरी अनुबन्धको व्याख्या गर्न नसकिने

धारा- ६ कानुनद्वारा संरक्षण प्रदान गरिएको जीवनको अधिकार

धारा- ७ यातना, क्रूर वा अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट स्वतन्त्र रहन पाउने अधिकार

धारा- ८ दासत्व र दासबाट उन्मुक्तिको अधिकार

धारा- ९ स्वतन्त्रताको अधिकार र स्वेच्छाचारीरूपमा गरिने गिरफ्तारी वा थुनाबाट स्वतन्त्रताको अधिकार

धारा- १० स्वतन्त्रता उपभोग गर्नबाट वञ्चित गरिएको व्यक्तिको अधिकार

धारा- ११ करारीय दायित्व उपर थुनाबाट उन्मुक्तिको अधिकार

धारा- १२ स्वतन्त्रताको अधिकार र हिँड्डुलको स्वतन्त्रता

धारा- १३ विदेशी नागरिकको अधिकार

धारा- १४ कानुनका सामुमा समानताको अधिकार, गल्ती प्रमाणित नहुँदासम्म निर्दोष मान्नुपर्ने र स्वच्छ र सार्वजनिक सुनुवाई पाउने अधिकार

धारा- १५ घटना घट्दाको अवस्थामा अपराध नमानिएको विषयमा कसैलाई दोषी नमानिने

धारा- १६ कानुनको सामु व्यक्तिको रूपमा मान्यता पाउने अधिकार

धारा- १७ गोप्यताको अधिकार र यसको कानुनद्वारा संरक्षण

धारा- १८ सोचाई, विवेक र धर्मको स्वतन्त्रता

धारा- १९ विचार र अभिव्यक्तिको स्वतन्त्रता

धारा- २० युद्ध वा राष्ट्रिय, जातीय वा धार्मिकरूपमा घृणा फैलाउने किसिमको प्रचारको निषेध

धारा- २१ शान्तिपूर्णरूपमा भेला हुन पाउने अधिकार

धारा- २२ आबद्धताको स्वतन्त्रता र ट्रेड युनियनमा सहभागी हुन पाउने अधिकार

धारा- २३ विवाह र परिवार प्राप्तिको अधिकार तथा विवाह विच्छेद हुँदा महिला र पुरुषबीचको समानताको अधिकार

धारा- २४ बालबालिकाको अधिकार (नाबालकको हैसियत, राष्ट्रियता, दर्ता र नाम)

धारा- २५ सार्वजनिक मामिलामा सहभागी हुन पाउने, मतदान गर्ने, निर्वाचित हुने र सार्वजनिक सेवामा पहुँचको अधिकार

धारा- २६ कानुनका अगाडि समानता र बिना भेदभाव कानुनद्वारा संरक्षण पाउने अधिकार

धारा- २७ धार्मिक, जातीय वा भाषिक अल्पसङ्ख्यक सदस्यहरूको संस्कृतिको आनन्द लिन तथा धर्म र भाषाको प्रयोग गर्न पाउने अधिकार ।

माथि उल्लेख गरिएका व्यवस्थाहरूलाई नागरिक अधिकार र राजनीतिक अधिकार गरी देहायबमोजिम छुट्टाउन सकिन्छ:-

## (क) नागरिक अधिकार

- स्वनिर्णयको अधिकार
- भेदभावविरुद्धको अधिकार
- महिला र पुरुषबीच समान अधिकारको सुनिश्चितता
- सङ्कटकालमा पनि मानव अधिकारको सुनिश्चितता
- बन्देज, सीमाङ्कन र नियन्त्रणविरुद्धको अधिकार
- जीवनको अन्तर्निहित बाँच्न पाउने अधिकार
- यातनाविरुद्धको अधिकार
- दासत्वविरुद्धको अधिकार
- स्वतन्त्रता र सुरक्षा अधिकार
- करारीय दायित्वमा थुनाविरुद्धको अधिकार
- हिँड्डुल गर्ने स्वतन्त्रताको अधिकार
- मुलुकबाट निष्काशनविरुद्धको अधिकार
- निष्पक्ष न्याय र सुनुवाइको अधिकार
- भूतलक्षित कानुनविरुद्धको अधिकार
- कानुनसमक्ष व्यक्तिको रूपमा मान्यताको अधिकार
- हस्तक्षेपविरुद्धको गोपनीयताको अधिकार
- परिवारमा रहन पाउने अधिकार
- बालबालिकाको दर्ता र राष्ट्रियताको अधिकार
- जातीय, धार्मिक अथवा भाषिक अल्पसङ्ख्यकको अधिकार
- स्वेच्छाचारी पक्राउविरुद्धको अधिकार
- बन्दीहरूको अधिकार ।

## (ख) राजनीतिक अधिकार

- विचार, अन्तरमन तथा धार्मिक स्वतन्त्रता
- अभिव्यक्तिको स्वतन्त्रता
- युद्धसम्बन्धी अनर्गल प्रचार तथा धार्मिक वितृष्णा फैलाउने कार्यविरुद्धको अधिकार
- शान्तिपूर्वक सभा-सम्मेलन गर्न पाउने अधिकार

- सङ्घ-सङ्गठन खोल्न पाउने, सङ्गठित हुन पाउने अधिकार
- निर्वाचन तथा सार्वजनिक सेवामा प्रवेशको अधिकार
- विचार, उत्पत्ति, सम्पत्ति तथा जन्मका आधारमा हुने भेदभावविरुद्धको अधिकार
- विरोध गर्न पाउने अधिकार
- आफ्नो मतको प्रचार गर्न पाउने अधिकार ।

## (४) नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी सिद्धान्तको पालना

नागरिक तथा राजनीतिक अधिकारको प्रत्याभूति नागरिकको जीवन, मर्यादा, स्वतन्त्रता, सम्मान र प्रतिष्ठासँग प्रत्यक्षरूपमा गाँसिएको हुन्छ । विभेदको अन्त्य, समानताको सुनिश्चितता, आत्मसम्मान र आत्मनिर्णयको अधिकारजस्ता विषयहरू नागरिकको स्वतन्त्रतासँग गाँसिएका विषय हुँदा यी अधिकारलाई अहरणीय अधिकारका रूपमा स्थापित गरिएका छन् । त्यसैले अन्तर्राष्ट्रियरूपमा नागरिक तथा राजनीतिक अधिकारलाई नकारात्मक अधिकारको रूपमा परिभाषित गरिन्छ । नागरिक तथा राजनीतिक अधिकारमाथि राज्यले हस्तक्षेप नगरेमा नागरिकले स्वभाविकरूपमा यी अधिकार उपभोग गर्न पाउँछन् । यी अधिकारको सुनिश्चितताका लागि राज्यले निश्चित कानुनी संयन्त्र र निकायको स्थापना गर्नु बाहेक अरू खासै केही गर्नुपर्दैन ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको बिना आरक्षण नेपाल पक्ष राष्ट्र भएकाले यस अनुबन्धमा व्यवस्था गरिएका अधिकारलाई राष्ट्रिय कानुनसरह बिना शर्त परिपालना र कार्यान्वयन गर्नुपर्ने दायित्व नेपाल उपर स्वत: सिर्जना भएको अवस्था छ । त्यसैले यो अनुबन्धको व्यवस्थालाई घरेलुकरण गर्दा यी प्रावधानलाई कानुनी स्वरूप प्रदान गर्न आवश्यक हुन्छ ।

## (५) अनुबन्धअन्तर्गत राज्यको दायित्व

अनुबन्धले व्यक्तिलाई केन्द्रित गरी नागरिक तथा राजनीतिक अधिकारहरू प्रत्याभूत गरेको छ । यी अधिकारको राज्यद्वारा सम्मान (अधिकारको उपभोगमा हस्तक्षेप नगर्ने दायित्व), संरक्षण (कसैको अधिकारको उपभोगमा हस्तक्षेप गर्न नपाउने कुरा सुनिश्चित गर्ने) र परिपूर्ति (अधिकार उपभोगका लागि आवश्यक स्वतन्त्र परिवेश निर्माण गर्ने) हुनुपर्ने गरी राज्यको दायित्व पनि तोकिएको छ । कुनै नागरिकले यस अनुबन्धअन्तर्गतको कुनै अधिकारको दाबी गरेमा त्यस्तो अधिकारको प्रत्याभूति राज्यले गर्न सक्नुपर्दछ । अनुबन्धअन्तर्गत राज्यको दायित्व सामान्यतया अनुबन्धमा उल्लिखित अधिकारको आदर गर्ने, संरक्षण गर्ने र ती अधिकार परिपूर्ति गर्ने कुरासँग सम्बन्धित हुन्छ ।

राज्यले अनुबन्धअन्तर्गतका मानव अधिकारका आधारभूत सिद्धान्तहरूलाई नष्ट गर्न, बङ्ग्याउन वा अन्यथा परिभाषित गर्न पाउँदैन । ती सिद्धान्तहरूलाई सधैं आदर गरेको

हुनुपर्दछ । त्यतिमात्र होइन, राज्यले ती अधिकारको संरक्षणका लागि पनि यथोचित कार्य गरेको हुनुपर्दछ, ता कि कसैले ती अधिकारको हनन गर्न नसकोस् । त्यसैगरी, राज्यले त्यस्ता अधिकारको परिपूर्तिका लागि आवश्यक उपायहरू समेत अवलम्बन गरेको हुनुपर्ने गरी पनि दायित्व तोकिएको छ । उदाहरणका लागि अनुबन्धमा उल्लेखित मतदानसम्बन्धी अधिकारलाई लिऔं । यो अधिकारको राज्यले सधैं सम्मान गर्नुपर्दछ । त्यसैगरी राज्यका तर्फबाट मतदानको अधिकारको संरक्षणको प्रत्याभूति पनि हुनु आवश्यक छ । मतदानको अधिकारबाट कहींकतै कसैले कसैलाई वञ्चित गरेको भए राज्यले तत्कालै हस्तक्षेप गरी त्यो अधिकारलाई पुनस्थापित गरी अधिकारको संरक्षण गरिनुपर्दछ । जस्तो नागरिकलाई मतदान केन्द्र जान नदिएको अवस्थाबाट नागरिकले मतदानको अधिकारको उपभोग गर्न नपाएमा राज्यले तत्कालै हस्तक्षेप गरी ती नागरिकको मतदानको अधिकार संरक्षण गर्न मतदान केन्द्र जान नदिने जोकोहीलाई कारबाही गर्नुपर्ने र नागरिकको मतदानको अधिकारको संरक्षण गर्नुपर्दछ । त्यसैगरी राज्यका तर्फबाट मतदानको अधिकारको परिपूर्तिका लागि नागरिकको पहुँच हुने स्थानमा मतदान केन्द्रको स्थापना, मतदानका आगि पर्याप्त सामग्रीको उपलब्धता, मतदान केन्द्र वरपरको सुरक्षा र भयमुक्त वातावरणको निर्माण आदि कुरामा आवश्यक कामकारबाही गरेको हुनुपर्दछ । यी कुराहरू अन्य नागरिक तथा राजनीतिक अधिकारहरूमा पनि उत्तिकै रूपमा लागू हुन्छन् ।

अनुबन्धले सिर्जना गरेका दायित्वहरू राज्यले अनिवार्यरूपमा पूरा गरिनुपर्दछ । यस दायित्वअन्तर्गत, नेपालले यी अधिकारहरूलाई पूरा गर्नेतर्फ जतिसक्दो शीघ्र र प्रभावकारीरूपमा ठोस तथा लक्षित कदमहरू चाल्नुपर्छ । यस्ता कदमहरूअन्तर्गत कानुनी तथा प्रशासकीय सुधारका विषय, नीति तथा कानुन तर्जुमा एवम् कार्ययोजना वा विभिन्न कार्यविधिहरूको निर्माण आदि पर्दछन् ।

## (६) अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि भएका प्रयासहरू (कानुनी, नीतिगत र संस्थागत)

नागरिक तथा राजनीतिक अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि राज्यले थुप्रै नीतिगत एवम् संस्थागत प्रयास गरेको हुन्छ । नीतिगत व्यवस्थाअन्तर्गत नागरिक तथा राजनीतिक अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि राज्यको प्रमुख नीतिको घोषणा देशको संविधानको माध्यमबाट गर्ने, उपरोक्त नीतिगत संवैधानिक व्यवस्थाको कार्यान्वयनको लागि अन्य क्षेत्रगत नीतिहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, त्यस्ता नीतिहरूको कार्यान्वयनको लागि कानुनी तथा संस्थागत संरचनाहरूको विकास गर्ने र ती संरचनाहरूलाई क्रियाशील तुल्याई नागरिक तथा राजनीतिक अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्ने प्रयास गरिएको हुन्छ । कतिपय नागरिक तथा राजनीतिक अधिकारलाई नागरिकका मौलिक अधिकारको रूपमा पनि संविधानले नै मान्यता प्रदान गरेको हुन्छ ।

प्रस्तुत विषयमा नेपालको सन्दर्भलाई लिएर हेर्दा नेपालको अन्तरिम संविधान, २०६३ ले नागरिक तथा राजनीतिक अधिकारलाई मौलिक अधिकारको रूपमा समावेश गरी आफ्नो

प्रगतिशील प्रकृति प्रस्तुत गरेको छ । समानताको अधिकार, भेदभावविरुद्धको अधिकार, यातनाविरुद्धको अधिकार, दासत्वविरुद्धको अधिकार, स्वतन्त्रता र सुरक्षासम्बन्धी अधिकार, हिँड्डुल गर्ने स्वतन्त्रताको अधिकार, मुलुकबाट निष्काशनविरुद्धको अधिकार, निष्पक्ष न्याय र सुनुवाइको अधिकार, भूतलक्षित कानुनविरुद्धको अधिकार, गोपनीयताको अधिकार, जातीय, धार्मिक अथवा भाषिक अल्पसङ्ख्यकको अधिकार, स्वेच्छाचारी पक्राउ विरुद्धको अधिकार, विचार, अन्तरमन तथा धार्मिक स्वतन्त्रताको अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्वक सभा-सम्मेलन गर्न पाउने अधिकार, सङ्घ-सङ्गठन खोल्न पाउने, सङ्गठित हुन पाउने अधिकार, निर्वाचन तथा सार्वजनिक सेवामा प्रवेशको अधिकार आदि जस्ता नागरिक तथा राजनीतिक अधिकारलाई संविधानले नागरिकका मौलिक र आधारभूत अधिकारको रूपमा मान्यता दिएको छ । यसका अतिरिक्त संविधानले सर्वोच्च अदालतलाई मौलिक अधिकारको पालना र प्रचलनका लागि रिटलगायतका उपयुक्त आदेश जारी गर्ने अधिकार प्रदान गरेकोले यी अधिकारको निर्वाध उपभोगको लागि संवैधानिक सुनिश्चितता रहेको देखिन्छ ।

नागरिक तथा राजनीतिक अधिकारको संरक्षण तथा सम्वर्द्धनसँग सम्बन्धित कानुनी संरचनाको कुरा गर्दा माथि उल्लेख गरिएका संवैधानिक व्यवस्थाका अतिरिक्त विभिन्न कानुनहरू निर्माण भएको देखिन्छ । जस्तै–नागरिक अधिकार ऐन, २०१२, मुलुकी ऐन, २०२०, श्रम ऐन, २०४८, वैदेशिक रोजगार ऐन, २०६४, राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८, राष्ट्रिय महिला आयोग ऐन, २०६३, स्थानीय स्वायत्त शासन ऐन, २०५५, निर्वाचनसँग सम्बन्धित विभिन्न ऐनहरू आदि ।

त्यसैगरी संरचनागत व्यवस्थाको कुरा गर्दा मुलुकमा स्थापना र सञ्चालनमा रहेका विभिन्न प्रहरी कार्यालयहरू, जिल्ला तथा क्षेत्रीय प्रशासन कार्यालयहरू, निर्वाचन आयोग र मातहतका कार्यालयहरू, विभिन्न तहका अदालतहरू, कारागारहरू, सरकारी वकिल कार्यालयहरू, नेपाल बार एशोसिएशन र बारका विभिन्न एकाईहरू, राजनीतिक दल र तिनका भातृसंस्थाहरू आदिलाई लिन पनि सकिन्छ ।

## (७) सन्धि घरेलुकरणको प्रक्रिया र अवस्था

The Vienna Convention on the Law of Treaties, 1969 का अनुसार कुनै राज्य कुनै अनुबन्धको पक्ष बनेपछि त्यस्तो पक्ष राज्य उक्त अनुबन्धका व्यवस्था कार्यान्वयन गर्न बाध्य हुन्छ । आफू पक्ष बनेको अनुबन्धले सिर्जना गरेका दायित्वहरू निर्वाह गर्न र त्यस्तो अनुबन्धका व्यवस्थाहरू कार्यान्वयन गर्नका लागि राज्यले घरेलु उपायहरू अवलम्बन गरेको हुनुपर्दछ । यस्ता घरेलु उपायहरू राज्य स्वयंले निर्धारण गर्ने कुरा हो, यस सम्बन्धमा अनुबन्धले कुनै कुरा बोलेको हुँदैन । अनुबन्धका व्यवस्थाको घरेलुकरणको सम्बन्धमा चर्चा गर्दा विश्वमा दुईओटा प्रणाली प्रचलनमा रहेको पाइन्छ । पहिलो, अनुबन्धको पक्ष बनेपछि त्यस्तो अनुबन्धको व्यवस्था स्वतः घरेलु कानुनसरह मान्य हुन्छ । अन्य घरेलु कानुनहरू अनुबन्धको व्यवस्थासँग बाझिएमा बाझिएको हदसम्म अनुबन्धको व्यवस्था लागू हुन्छ । दोस्रो, अनुबन्धको व्यवस्था स्वतः लागू नभई अनुबन्धको

कार्यान्वयनका लागि छुट्टै कानुन निर्माण गरी लागू गरिन्छ। त्यसैले राज्यले अनुबन्धको व्यवस्था सिधैं लागू गर्न वा ती व्यवस्थाको कार्यान्वयनका लागि आवश्यकताअनुसार घरेलु कानुन निर्माण गर्न सक्दछ। यसका अतिरिक्त राज्यले अनुबन्धका व्यवस्थाहरू कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र कार्यान्वयन गर्ने, संस्थागत संरचनाको विकास गर्ने आदि उपायहरू पनि अवलम्बन गर्न सक्दछ।

यससम्बन्धी नेपालको सन्दर्भलाई हेर्दा नेपाल सन्धि ऐन, २०४७ लाई प्रमुखरूपमा हेर्नुपर्दछ। यो ऐनले नेपाल राज्य वा नेपाल सरकारले हस्ताक्षर, अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गरी पक्ष बनेको कुनै सन्धि वा सम्झौताको कार्यान्वयनका सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ। यस ऐनको दफा ९ ले नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुने र त्यस सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुनसरह लागू हुने व्यवस्था गरेको छ। सोही दफामा नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिबाट नेपाल राज्य वा नेपाल सरकार उपर कुनै थप दायित्व वा भार पर्न जाने र त्यसको कार्यान्वयनको लागि कानुनी व्यवस्था गर्नुपर्ने रहेछ भने त्यस्तो सन्धि कार्यान्वयनको लागि नेपाल सरकारले यथासम्भव चाँडो कानुन बनाउने कारबाही चलाउनुपर्ने व्यवस्था गरिएको छ। यो कानुनी व्यवस्थालाई हेर्दा नेपाल पक्ष भएका अनुबन्धअनुसारको दायित्व निर्वाह गर्न वा त्यस्तो अनुबन्धको कार्यान्वयन गर्न कानुनी व्यवस्था गर्नुपर्ने र त्यसबाट मात्र अनुबन्धको घरेलुकरणका प्रक्रिया पूरा हुने देखिन्छ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धको प्रसङ्गलाई हेर्दा सो अनुबन्धको धारा २ मा पक्ष राज्यले अनुबन्धका व्यवस्था कार्यान्वयन गर्न उपयुक्त कानुनी संयन्त्रको विकास गर्नुपर्दछ। यो दायित्वको सम्मान गर्दै नेपालले पनि महासन्धिको व्यवस्था कार्यान्वयन गर्न तत्कालै कानुनी व्यवस्था गर्नुपर्ने हो तर अनुबन्धको व्यवस्था कार्यान्वयन गर्नकै लागि नभए पनि नेपालमा सो अनुबन्धले सिर्जना गरेका दायित्व निर्वाहसँग सम्बन्धित थुप्रै कानुनी व्यवस्था रहेको पाइन्छ।

नेपालको अन्तरिम संविधान, २०६३, मुलुकी ऐन, २०२०, अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९, जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८, उपभोक्ता हित संरक्षण ऐन, २०५६, बधुवा मजदुर (निषेध) ऐन, २०४९, कानुनी सहायता ऐन, २०५४, कारागार ऐन, २०६३, छापाखाना तथा प्रकाशन ऐन, २०५१, ट्रेड युनियन ऐन, २०५२, नेपाल नागरिकता ऐन, २०६३, नेपाल सन्धि ऐन, २०४७, प्रेस काउन्सील ऐन, २०५०, वातावरण संरक्षण ऐन, २०५६, बालश्रम (निषेध तथा नियमित) ऐन, २०५६, बालबालिकासम्बन्धी ऐन, २०४८, राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८, राष्ट्रिय महिला आयोग ऐन, २०६३, क्षतिपूर्ति ऐन, २०५०, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९, सैनिक ऐन, २०६३, स्थानीय स्वायत्त शासन ऐन, २०५६, श्रम ऐन, २०५६, श्रमजीवी पत्रकारसम्बन्धी ऐन, १९९३, सूचनाको हकसम्बन्धी ऐन, २०६४, निर्वाचन आयोग

ऐनलगायत निर्वाचनसँग सम्बन्धित विभिन्न ऐनहरू नागरिक तथा राजनीतिक अधिकारसँग सम्बन्धित छन् । यी कानुनी व्यवस्थालगायत यीअन्तर्गत बनेका नियमहरूले नागरिक तथा राजनीतिक अधिकारको प्रत्याभूतिको बाटो निश्चित गरेका छन् भन्न सकिन्छ । तथापि नागरिकसँग प्रत्यक्षरूपमा सरोकार राख्ने विषयसँग मात्र नागरिक बढी मात्रामा परिचित हुने हुँदा यी कानुनी व्यवस्थाले प्रत्यक्षतः नागरिकका अधिकारलाई छोएको कुरामा स्वयं नागरिकहरूमा द्विविधा उत्पन्न भएको हुन सक्ने हुँदा यस सम्बन्धमा राज्यले नागरिकलाई सचेत तुल्याउन गम्भीररूपमा लाग्न सक्नुपर्दछ ।

## (८) अनुबन्धको कार्यान्वयनसम्बन्धी राष्ट्रिय प्रतिवेदनको अवस्था

अनुबन्धको कार्यान्वयनस्थितिको नियमितरूपमा मानव अधिकार समितिले अनुगमन गर्दछ । मानव अधिकार समिति स्वतन्त्र विज्ञहरू संलग्न रहेको अनुबन्धअन्तर्गतको महत्वपूर्ण निकाय हो । अनुबन्धले पक्ष राज्यलाई अनुबन्धमा उल्लिखित अधिकारहरूको कार्यान्वयन कसरी भइरहेको छ भन्ने सम्बन्धमा समितिसमक्ष नियमितरूपमा प्रतिवेदन गर्ने दायित्व सुम्पेको छ । पक्ष राज्यले आफू पक्ष भएको एक वर्षभित्र प्रारम्भिक प्रतिवेदन र त्यसपछि समितिद्वारा तोकिएको समय सामान्यतया प्रत्येक चार-चार वर्षमा आवधिक प्रतिवेदन समितिसमक्ष बुझाउनुपर्दछ । यसरी पक्ष राज्यबाट प्राप्त हुन आएको आवधिक प्रतिवेदनहरूको समितिले पुनरावलोकन गरी अनुबन्धको कार्यान्वयनस्थितिको अनुगमन गर्दछ । त्यसरी अनुगमन गर्ने क्रममा समितिले पक्ष राज्यलाई अनुबन्ध कार्यान्वयनका लागि थप निर्देशन दिन वा सिफारिस गर्न सक्दछ, जसलाई सन्धिको भाषामा Concluding observation भनिन्छ । यस्तो Concluding observation मा उल्लेख गरिएका विषयलाई राज्यले सम्बोधन गरी अर्को प्रतिवेदन पेश गर्दा त्यस सम्बन्धमा भएको प्रगति समेत उल्लेख गरी प्रतिवेदन पेश गर्नुपर्दछ । अनुबन्धको धारा ४१ ले समितिलाई अन्तरराज्य उजुरी सुन्ने अधिकार पनि प्रदान गरेको छ । त्यस्तै अनुबन्धको पहिलो इच्छाधीन आलेखले समितिलाई पक्ष राज्यको मानव अधिकार उल्लङ्घनसम्बन्धी व्यक्तिगत उजुरी हेर्ने अधिकार पनि प्रदान गरेको देखिन्छ । यो समितिको बैठक सामान्यतया वर्षमा तीन पटक जेनेभा वा न्यूयोर्कमा बस्दछ ।

नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा ४० मा व्यवस्था भएअनुसार प्रत्येक पक्ष राज्यले अनुबन्धमा व्यवस्था गरिएका अधिकारहरूको प्रत्याभूतिको लागि अवलम्बन गरिएका उपायहरूका बारेमा अनुबन्धको पक्ष भएपछिको एक वर्षभित्र प्रारम्भिक प्रतिवेदन र त्यसपछि मानव अधिकार समितिले तोकेको मिति सामान्यतया प्रत्येक चार-चार वर्षमा आवधिक प्रतिवेदन संयुक्त राष्ट्रसङ्घसमक्ष पेश गर्नुपर्दछ । सोही व्यवस्थाअनुसार नेपालले सन् १९९१ मा यो अनुबन्धको पक्ष भएपछिको एक वर्ष १३ अगष्ट १९९२ भित्रै प्रारम्भिक प्रतिवेदन पेश गर्नुपर्नेमा सो मिति नाघेको दुई वर्षपछि अर्थात् ३० मार्च १९९४ मा मात्र प्रारम्भिक प्रतिवेदन पेश गऱ्यो । यस अनुबन्धअन्तर्गत नेपालले दोस्रो प्रतिवेदन १३ अगष्ट १९९७ मा पेश गर्नुपर्ने गरी समितिले म्याद तोकेको थियो । तर नेपालले तोकिएको म्यादमा प्रतिवेदन बुझाउन

सकेन । त्यसैले नेपालले धेरै आलोचनाका स्वरहरू सुन्नुपरेको थियो । तर हालैमात्र दोस्रो, तेस्रो र चौथो संयुक्त प्रतिवेदन सन् २०११ मा समितिसमक्ष पेश गरेको भए पनि उक्त प्रतिवेदनउपर समितिको १११औं सेसन जुलाई २०१३ मा छलफल हुने गरी समितिले कार्यक्रम सार्वजनिक गरेको छ ।

## (९) सन्धि कार्यान्वयनबाट हुने उपलब्धिहरू

नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को कार्यान्वयनबाट आमनेपाली जनतालाई उनीहरूको नागरिक तथा राजनीतिक अधिकारको प्रत्याभूति हुने मात्र नभई ती अधिकारहरूको सम्मान, संरक्षण र परिपूर्ति गर्न सरकारलाई बल मिल्दछ । यो अनुबन्धको कार्यान्वयनको कारणबाट आमनागरिकहरू राजनीतिकरूपमा सबल, सम्मानित र स्वतन्त्र हुन पुग्दछन् । अनुबन्धको कार्यान्वयनबाट नागरिकले नागरिक तथा राजनीतिक अधिकारको निर्वाध उपभोग गर्न पाउने अवस्था सिर्जना हुन्छ। यी अधिकारहरूको उल्लङ्घन भएको अवस्थामा घरेलु तथा अन्तर्राष्ट्रिय उपचारको अधिकार पनि सुरक्षित हुन्छ ।

## (१०) सन्धिको कार्यान्वयनमा देखिएका चुनौती र समस्याहरू

नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ ले पक्ष राज्यलाई महत्वपूर्ण जिम्मेवारी प्रदान गरको छ। तथापि यी अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने काम पक्ष राज्यका लागि सजिलो छैन । नागरिक तथा राजनीतिक अधिकार नागरिकले तत्काल अनुभूत गर्ने विषय भएकोले यी अधिकारको सम्बन्धमा दाबी गर्न र अदालतमा प्रत्यक्षत: प्रश्न उठाउन सजिलो हुन्छ भन्ने मानिन्छ । तर आजकल अदालतले निर्णय दिने क्रममा अनुबन्धका व्यवस्थाहरू पनि उल्लेख गरी राज्यलाई निर्देश गर्ने गरेकोले अनुबन्धका व्यवस्थाहरूलाई सरकारका तर्फबाट सिधैं कार्यान्वयन गर्न सजिलो अवस्था छैन । यो अनुबन्धमा उल्लेख भएका धेरै अधिकारलाई मौलिक अधिकारको रूपमा संविधानमा नै उल्लेख गरिएकोले यसको उल्लङ्घनको तत्कालै अदालती प्रक्रियाबाट उपचार पाउने अवस्था भए पनि अदालतबाट भएका आदेश कार्यान्वयन पक्ष भने फितलो हुनुले यसमा चुनौती थपिएको छ ।

## (११) सन्धिको कार्यान्वयनका लागि गर्नुपर्ने प्रयासहरू

नेपालको सन्धि ऐन, २०४७ को दफा ९ ले संसदबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनका लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुनसरह लागू हुनेछ भनी गरेको व्यवस्था हेर्दा अनुबन्धका व्यवस्थाहरू नेपाल कानुनभन्दा उच्च हुन् कि भन्ने देखिन्छ। त्यसैले अनुबन्धको पक्ष बनेपछि अनुबन्धका प्रावधानहरू स्वत: लागू हुने अवस्था रहेको हो कि भन्ने पनि देखिएको छ तर त्यो सही होइन। अनुबन्धको व्यवस्थाहरू लागू हुनका लागि त्यसको कार्यान्वयन संयन्त्रको विकास गरिएको हुनुपर्दछ ।

अनुबन्धको व्यवस्थालाई घरेलुकरण गरी कानुनी रूप दिएपछि मात्र यसका व्यवस्थाहरू प्रभावी हुन्छन् । त्यसैले अनुबन्धद्वारा प्रत्याभूत गरिएका अधिकारहरूको सुनिश्चितताका लागि कानुन आवश्यक हुन्छ । त्यस्तो कानुन बनाएरमात्र हुँदैन, त्यसको प्रभावकारी कार्यान्वयन हुनु पनि उत्तिकै आवश्यक छ । प्रस्तुत अनुबन्धले नागरिकका नागरिक तथा राजनीतिक अधिकारहरूको प्रत्याभूति गरेकोले अनुबन्धले व्यवस्था गरेका नागरिक तथा राजनीतिक अधिकारहरूको व्यावहारिक प्रयोगको सुनिश्चितताका लागि भएका कानुनहरूमा आवश्यक परिमार्जन गरी त्यसको व्यावहारिक प्रयोग र कतिपय नयाँ कानुन निर्माण गरिनुपर्दछ । उदाहरणका लागि नेपालमा नागरिक तथा राजनीतिक अधिकारको संरक्षणसम्बन्धी छुट्टै कानुन नै छैन । विभिन्न कानुनहरूमा यी अधिकारहरू छरिएर रहेको स्थिति छ । नागरिक अधिकार ऐन पनि निकै पुरानो छ । यसमा पनि सुधारका थुप्रै गुञ्जायस छन् । कतिपय अवस्थामा अदालतले आदेश गरेको भरमा अधिकार संरक्षित भइरहेको अवस्था पनि छ । त्यसैले अनुबन्धले गरेको व्यवस्थाअनुसार छुट्टै कानुनद्वारा नागरिक तथा राजनीतिक अधिकार सम्मान, संरक्षण र परिपूर्ति हुने व्यवस्था गरिनुपर्दछ ।

## ३. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६

### (१) पृष्ठभूमि

**Convention on the Rights of Persons with Disabilities**

New York, 13 December 2006

**Entry into force** : 3 May 2008, in accordance with article 45(1).

**Registration** : 3 May 2008, No. 44910

**Status** : Signatories : 153. Parties : 119

**Note** : The above Convention was adopted on 13 December 2006 during the sixty-first session of the General Assembly by resolution A/RES/61/106. In accordance with its article 42, the Convention shall be open for signature by all States and by regional integration organizations at United Nations Headquarters in New York as of 30 March 2007.

अपाङ्गताको आधारमा कुनै पनि व्यक्तिविरुद्ध हुने भेदभाव मानवमात्रको नैसर्गिक मर्यादा तथा मूल्यको उल्लङ्घन हो । यो मानव अधिकारको गम्भीर उल्लङ्घन पनि हो । त्यसैले संयुक्त राष्ट्रसङ्घीय बडापत्रमा अपाङ्गता भएका व्यक्तिहरू लगायत मानव परिवारका सम्पूर्ण सदस्यहरूको नैसर्गिक मर्यादा र मूल्य तथा समान र अहरणीय अधिकारलाई स्वतन्त्रता, न्याय र शान्तिको आधारशिलाको रूपमा मान्यता प्रदान गरिएको छ ।

त्यसैगरी संयुक्त राष्ट्रसङ्घीय मानव अधिकारको विश्वव्यापी घोषणापत्र र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूमा पनि अपाङ्गता भएका व्यक्तिहरू लगायत अरू मानिसहरूको सबै अधिकार तथा स्वतन्त्रताको कुनै किसिमको भेदभाव बिना उपभोग गर्न पाउने कुरालाई महत्वका साथ प्रत्याभूति गरिएको छ। यी दस्तावेजहरूले सबै मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको सर्वव्यापकता, अविभाज्यता, अन्तर्निर्भरता तथा अन्तर्सम्बद्धता साथै अपाङ्गता भएका व्यक्तिहरूलाई बिना कुनै भेदभाव त्यस्ता अधिकार र स्वतन्त्रताहरूको पूर्ण प्रत्याभूतिको आवश्यकतालाई जोड दिएका छन् तर अपाङ्गता स्वयंमा एउटा नवीनत्तम् अवधारणा भएकोले अपाङ्गता भएका व्यक्तिहरूका लागि अवसरहरूलाई थप समान तुल्याउन राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा नीति, योजना, कार्यक्रम तथा कार्यहरूको प्रवर्द्धन, तर्जुमा तथा मूल्याङ्कनमा प्रभाव पार्न समय-समयमा विभिन्न कार्ययोजना तथा नियमहरू जारी भएका छन्। साथै, अपाङ्गतासम्बन्धी विषयलाई दिगो विकासको सम्बद्ध रणनीतिहरूको अभिन्न अङ्गको रूपमा मूल प्रवाहीकरण गर्ने पहल हुँदै आएको छ। अपाङ्गता भएका व्यक्तिहरूको विविधतालाई विचार गरी उनीहरूका लागि थप सघन सहयोग आवश्यक भएको र उनीहरूको मानव अधिकार संरक्षण र सम्वर्द्धनका लागि विशेष व्यवस्था आवश्यक भएकोले छुट्टै महासन्धिको आवश्यकता महसुस भएको हो।

प्रथम र द्वितीय विश्वयुद्ध र त्यसपछि संसारभरि नै विभिन्न मुलुकहरूबीच र आन्तरिकरूपमा भएका द्वन्द्वका कारणले गर्दा विश्वमा अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या दिनानुदिन बढ्दै गयो। यसरी अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या बढ्दै जाँदा उनीहरूको अधिकार, संरक्षण र सुविधाका विषयमा थुप्रै दबाब आएकाले संयुक्त राष्ट्रसङ्घबाट विभिन्न समयमा विभिन्न घोषणापत्रहरू जारी भए। तर ती घोषणापत्रहरूको अवस्था बाध्यकारी नहुने र अरू छरिएर रहेका मानव अधिकारसम्बन्धी दस्तावेजहरूले पनि अपाङ्गता भएका व्यक्तिहरूको हक, अधिकार र मर्यादाको संरक्षण हुन सक्ने अवस्था नरहेकोले अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार सुनिश्चित गर्न र उनीहरूको मर्यादाको संरक्षणका लागि एउटा छुट्टै महासन्धिको आवश्यकता देखियो। यिनै कुराहरूलाई विचार गरी सन् २००६ डिसेम्बर १३ मा संयुक्त राष्ट्रसङ्घीय महासभाले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ जारी गऱ्यो र हस्ताक्षरको लागि खुला गरियो। अपाङ्गता भएका व्यक्तिहरूले अन्य व्यक्तिसरह समानरूपमा अधिकार प्राप्त गर्न पाउनुपर्ने कुरालाई जोड दिँदै यो महासन्धि जारी गरिएको हो। यस महासन्धिको पक्ष बनेपछि राज्यले अपाङ्गता भएका व्यक्तिहरूलाई थप अधिकार दिनुपर्ने नभई अरू व्यक्तिसरह समान किसिमको व्यवहारका आधारमा उनीहरूको शारीरिक अवस्थाको विचार गरी मानव अधिकार तथा मर्यादाको संरक्षणका लागि थप प्रतिबद्धता प्राप्त हुनपुग्छ भन्ने मानिएको छ। प्रस्तुत महासन्धिको प्रमुख उद्देश्य अपाङ्गता भएका सबै व्यक्तिहरूको सम्पूर्ण मानव अधिकार तथा मौलिक स्वतन्त्रताको पूर्ण र समान उपभोग, प्रवर्द्धन, संरक्षणको सुनिश्चितता गर्नु र उनीहरूको नैसर्गिक मर्यादाको सम्मानलाई प्रवर्द्धन गर्नु हो।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ को ऐतिहासिक पक्षको स्मरण गर्दा संयुक्त राष्ट्रसङ्घले मनाएको अपाङ्गता भएका व्यक्तिहरूसम्बन्धी दशक सन् १९८१–१९९१ को सम्झना हुन्छ । उक्त दशकभर संयुक्त राष्ट्रसङ्घको पहलमा विश्वभर अपाङ्गता भएका व्यक्तिहरूको हक र अधिकार प्रवर्द्धन गर्न थुप्रै कार्यक्रम आयोजना गरिए । यसैबीचमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका सम्बन्धमा महासन्धिको मस्यौदा गर्ने प्रयोजनका लागि सन् १९८७ मा विश्वका दक्ष प्राविधिकहरूको बैठक बस्यो । उक्त बैठकमा महासन्धिमा समावेश हुनुपर्ने विषयको रूपरेखा पेश भए पनि यसमा सहमति हुन सकेन । संयुक्त राष्ट्रसङ्घीय महासभाले महासन्धिको सट्टामा सन् १९९३ मा बाध्यकारी नभएको अपाङ्गता भएका व्यक्तिहरूको लागि अवसरहरूमा समानतासम्बन्धी मान्य नियमहरू जारी गर्‍यो । पछि सन् २००१ मा महासभाले नै अपाङ्गता भएका व्यक्तिहरूको हक र अधिकारको प्रभावकारी संरक्षण, सम्वर्द्धन र सम्मान हुने गरी बिस्तृत रूपको महासन्धिको मस्यौदा तयार गर्न एक तदर्थ समिति गठन गर्‍यो । यही तदर्थ समितिले तयार पारेको मस्यौदामा आवश्यक परिमार्जन गरी महासभाले सन् २००६ मा महासन्धि जारी गरेको हो । नेपाल यो महासन्धिको सन् २०१० मे ७ देखि पक्ष बनेको छ ।

## (२) महासन्धिका प्रमुख प्रावधानहरू

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ मा प्रस्तावनाका अतिरिक्त ५० धाराहरू छन् । यो महासन्धिलाई अरू महासन्धिको जस्तो गरी भागमा विभाजन गरिएको छैन । यसको धारा १ मा यो महासन्धिको उद्देश्यका बारेमा उल्लेख गरिएको छ। जसअनुसार यो महासन्धिको प्रमुख उद्देश्य अपाङ्गता भएका सबै व्यक्तिहरूको सम्पूर्ण मानव अधिकार तथा मौलिक स्वतन्त्रताको पूर्ण र समान उपभोग, संरक्षण र सम्वर्द्धनको सुनिश्चितता गर्नु र उनीहरूको नैसर्गिक मर्यादाको सम्मानलाई प्रवर्द्धन गर्नु हो ।

महासन्धिको धारा २ र ३ मा सञ्चार, भाषा, अपाङ्गताका आधारमा हुने विभेदजस्ता विषयको परिभाषा र केही सिद्धान्तका बारेमा उल्लेख गरिएको छ। अपाङ्गताको आधारमा हुने विभेदलाई परिभाषित गर्दै महासन्धिले भनेको छ, अरू व्यक्तिसरह समान आधारमा राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक नागरिक वा अन्य क्षेत्रमा सम्पूर्ण मानव अधिकार तथा आधारभूत स्वतन्त्रताको स्वीकार्यता, उपभोग वा प्रयोगलाई अवरोध गर्ने वा निस्तेज गर्ने उद्देश्यले वा त्यस्तो प्रभाव भएको अपाङ्गताको आधारमा हुने कुनै पनि विषमता, उपेक्षा वा प्रतिबन्धलाई अपाङ्गताको आधारमा हुने विभेद सम्झनुपर्छ र सो शब्दले उपयुक्त अनुकूलताको अस्वीकारलगायतका सबै प्रकारका विभेदहरू समेतलाई जनाउँछ। महासन्धिमा निम्नबमोजिमका आधारभूत सिद्धान्तका बारेमा उल्लेख गरिएको छ :

- नैसर्गिक मर्यादाको सम्मान,
- आफ्नो लागि आफैं छनौट गर्न पाउने स्वतन्त्रतालगायतका वैयक्तिक स्वायत्तता तथा व्यक्तिको स्वतन्त्रताको सम्मान,

- गैरभेदभाव,
- समाजमा पूर्ण र प्रभावकारी सहभागिता तथा समावेशीकरण,
- मानवीय विविधता साथसाथै मानवीयताको अङ्गको रूपमा अपाङ्गता भएका व्यक्तिहरूको भिन्नताको स्वीकार्यता,
- अवसरहरूमा समानता,
- पहुँचता,
- पुरूष र महिलाबीच समानता,
- अपाङ्गता भएका बालबालिकाको विकासोन्मुख क्षमताको सम्मान तथा अपाङ्गता भएका बालबालिकाको आफ्नो पहिचानको संरक्षण गर्न पाउने अधिकारको सम्मान ।

धारा ४ देखि ३२ सम्ममा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारहरू र त्यस सम्बन्धमा राज्यको दायित्वका बारेमा उल्लेख छ। यो महासन्धिमा उल्लेख भएका अधिकांश अधिकारहरू नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि तथा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अभिसन्धिलगायत अन्य विभिन्न महासन्धिमा उल्लेख भएका अधिकारहरू नै हुन्। तर यो महासन्धिले ती अधिकारहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको रूपमा पुन:पुष्टि गर्दै थप महत्वका साथ उल्लेख गरेको र राज्यलाई यी अधिकारको अपाङ्गता भएका व्यक्तिहरूले अनुभूत गर्ने गरी सम्मान गर्न, संरक्षण गर्न र सम्वर्द्धन गर्न थप जिम्मेवार बनाएको अवस्था छ। यी धाराहरूमा खासगरी पहुँचको अधिकार, समाजमा स्वतन्त्रतापूर्वक रहन पाउने अधिकार, पुनस्थापनाको अधिकार, स्वतन्त्रतापूर्वक हिँड्डुल गर्न पाउने अधिकार, राजनीतिक, सार्वजनिक, साँस्कृतिक, मनोरञ्जन र खेलकूदका जीवनमा सहभागी हुन पाउने अधिकार, शिक्षाको अधिकार, स्वास्थ्यको अधिकार आदिका बारेमा बिस्तृतरूपमा उल्लेख गरिएको छ। अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारबारे जनचेतना अभिवृद्धि गर्ने र उनीहरूका लागि सडक, भवन र सूचनामा पहुँच हुनुपर्ने कुरामा पनि यो महासन्धिले जोड दिएको अवस्था छ।

महासन्धिको धारा ३३ देखि ३९ सम्ममा महासन्धिअन्तर्गतको प्रतिवेदन र राष्ट्रिय मानव अधिकार संस्थाहरू र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समितिले गर्ने अनुगमनका बारेमा उल्लेख गरिएको छ। त्यस्तै धारा ४० देखि ५० सम्ममा महासन्धिको अनुमोदन, महासन्धि लागू हुने व्यवस्था र यसको संशोधनजस्ता कुराहरूका बारेमा उल्लेख गरिएको छ।

## (३) महासन्धिद्वारा प्रत्याभूत गरिएका अधिकारहरू

महासन्धिको धारा १० देखि ३० सम्ममा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धमा व्यवस्था गरिएको छ। महासन्धिले व्यवस्था गरेका अधिकारहरू निम्नबमोजिम छन् :

धारा –१० जीवनको अधिकार
धारा –११ जोखिमपूर्ण अवस्था र मानवीय आकस्मिकतासम्बन्धी अधिकार
धारा – १२ कानुनका सामुन्ने समान मान्यताको अधिकार
धारा – १३ न्यायमा पहुँचको अधिकार
धारा – १४ स्वतन्त्रता र व्यक्तिको सुरक्षासम्बन्धी अधिकार
धारा –१५ यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट स्वतन्त्रता
धारा – १६ शोषण, हिंसा र दुरूपयोगबाट स्वतन्त्रता
धारा – १७ व्यक्तिको मर्यादाको संरक्षणसम्बन्धी अधिकार
धारा – १८ हिँड्डुल गर्न पाउने र राष्ट्रियताको स्वतन्त्रता
धारा – १९ स्वतन्त्ररूपमा रहन पाउने र समाजमा समावेश हुन पाउने अधिकार
धारा – २० व्यक्तिगत हलचलको अधिकार
धारा – २१ अभिव्यक्ति, विचार र सूचनाको पहुँचको स्वतन्त्रता
धारा – २२ गोपनीयताको सम्मान
धारा – २३ घर र परिवारप्रतिको सम्मान
धारा – २४ शिक्षाको अधिकार
धारा – २५ स्वास्थ्यको अधिकार
धारा – २६ पुनस्थापनाको अधिकार
धारा – २७ काम र रोजगारीको अधिकार
धारा – २८ पर्याप्त सम्मानित जीवन र सामाजिक सुरक्षाको अधिकार
धारा – २९ राजनीतिक र सार्वजनिक जीवनमा सहभागिताको अधिकार
धारा – ३० संस्कृति, मनोरञ्जन, विश्राम र खेलकुदको अधिकार ।

## (४) महासन्धिअन्तर्गत राज्यको दायित्व

महासन्धिले व्यक्तिगत एवम् समुदायलाई केन्द्रित गरी अपाङ्गता भएका व्यक्तिहरूको अधिकारहरू प्रत्याभूत गरेको छ। यी अधिकारको राज्यद्वारा सम्मान (अधिकारको उपभोगमा हस्तक्षेप नगर्ने दायित्व), संरक्षण (कसैको अधिकारको उपभोगमा हस्तक्षेप गर्न नपाउने कुरा सुनिश्चित गर्ने) र परिपूर्ति (अधिकार उपभोगका लागि आवश्यक सेवा र सुविधा प्रदान गर्ने) हुनुपर्ने गरी राज्यको दायित्व पनि तोकिएको छ। कुनै अपाङ्गता भएका व्यक्तिले यस महासन्धिअन्तर्गतको कुनै अधिकारको दाबी गरेमा त्यस्तो अधिकारको प्रत्याभूति राज्यले गर्न सक्नुपर्दछ। महासन्धिअन्तर्गत राज्यको दायित्व सामान्यतया महासन्धिमा उल्लिखित अधिकारको आदर गर्ने, संरक्षण गर्ने र ती अधिकार परिपूर्ति गर्ने कुरासँग सम्बन्धित हुन्छ ।

राज्यले महासन्धिअन्तर्गतका मानव अधिकारका आधारभूत सिद्धान्तहरूलाई नष्ट गर्न, बङ्ग्याउन वा अन्यथा परिभाषित गर्न पाउँदैन । ती सिद्धान्तहरूलाई सधैं आदर गरेको

हुनुपर्दछ । त्यतिमात्र होइन, राज्यले ती अधिकारको संरक्षणका लागि पनि यथोचित कार्य गरेको हुनुपर्दछ, ताकि कसैले ती अधिकारको हनन गर्न नसकोस् । त्यसैगरी, राज्यले त्यस्ता अधिकारको परिपूर्तिका लागि आवश्यक उपायहरू समेत अवलम्बन गरेको हुनुपर्ने गरी पनि दायित्व तोकिएको छ । उदाहरणका लागि महासन्धिमा उल्लेखित अपाङ्गता भएका व्यक्तिको शिक्षासम्बन्धी अधिकारलाई लिऔँ । यो अधिकारको राज्यले सधैँ सम्मान गर्नुपर्दछ । त्यसैगरी राज्यका तर्फबाट अपाङ्गता भएका व्यक्तिका लागि शिक्षाको अधिकारको संरक्षणको प्रत्याभूति पनि हुनु आवश्यक छ । शिक्षाको अधिकारबाट कहीँकतै कसैले कुनै अपाङ्गता भएका व्यक्तिलाई वञ्चित गरेको भए राज्यले तत्कालै हस्तक्षेप गरी त्यो अधिकारलाई पुनस्थापित गरी अधिकारको संरक्षण गरिनुपर्दछ । जस्तो–अपाङ्गता भएका बालबच्चालाई विद्यालय जान नदिएको अवस्थाबाट अपाङ्गता भएका बालबालिकाले शिक्षाको अधिकारको उपभोग गर्न नपाएमा राज्यले तत्कालै हस्तक्षेप गरी ती बालबालिकाको शिक्षाको अधिकार संरक्षण गर्न विद्यालय जान नदिने अविभावक वा अन्य जोकोहीलाई कारबाही गर्नुपर्ने र अपाङ्गता भएका बालबच्चाको शिक्षाको अधिकारको संरक्षण गर्नुपर्दछ । त्यसैगरी राज्यका तर्फबाट अपाङ्गता भएका व्यक्तिको शिक्षाको अधिकारको परिपूर्तिका लागि अपाङ्गता भएका बालबच्चाको पहुँच हुने स्थानमा विद्यालयको स्थापना, शिक्षकको व्यवस्था, उनीहरूका लागि विशेष पाठचपुस्तक र शैक्षिक सामग्रीको उपलव्धता, विद्यालयमा शैक्षिक वातावरणको निर्माण आदि कुरामा आवश्यक कामकारबाही गरेको हुनुपर्दछ । यी कुराहरू अन्य अपाङ्गता भएका व्यक्तिहरूको अधिकारहरूमा पनि उत्तिकै रूपमा लागू हुन्छन् ।

महासन्धिले सिर्जना गरेका दायित्व उपलब्ध स्रोतहरूको अधिकतम उपयोगका आधारमा यसको अधिकतम प्रयोग गरी राज्यले प्राथमिकताका साथ पूरा गरिनुपर्दछ । यस दायित्वअन्तर्गत, नेपालले यी अधिकारहरूलाई पूरा गर्नेतर्फ जतिसक्दो शीघ्र र प्रभावकारीरूपमा ठोस तथा लक्षित कदमहरू चाल्नु आवश्यक छ । यस्ता कदमहरूअन्तर्गत कानुनी, प्रशासकीय, आर्थिक, वित्तिय, संरचनागत, शैक्षिक वा सामाजिक सुधारका विषय, कार्ययोजनाको तर्जुमा वा विभिन्न कार्यविधिहरूको स्थापना आदि पर्दछन् ।

### (५) अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि भएका प्रयासहरू (कानुनी, नीतिगत र संस्थागत)

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि राज्यले थुप्रै नीतिगत एवम् संस्थागत प्रयास गरेको हुनुपर्दछ । नीतिगत व्यवस्थाअन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि राज्यको प्रमुख नीतिको घोषणा देशको संविधानको माध्यमबाट गर्ने, उपरोक्त नीतिगत संवैधानिक व्यवस्थाको कार्यान्वयनको लागि अन्य क्षेत्रगत नीतिहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, त्यस्ता नीतिहरूको कार्यान्वयनको लागि कानुनी तथा संस्थागत संरचनाहरूको विकास गर्ने र ती संरचनाहरूलाई क्रियाशील तुल्याई अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको संरक्षण

तथा सम्वर्द्धन गर्ने प्रयास गरिएको हुनु आवश्यक छ । अपाङ्गता भएका व्यक्तिहरूले अन्य नागरिकसरह समानरूपमा अधिकारको उपभोग गर्न पाउने गरी नागरिकका मौलिक अधिकारको रूपमा पनि अपाङ्गता भएका व्यक्तिहरूको अधिकारलाई संविधानले नै मान्यता प्रदान गर्दै संरक्षण गरेको हुन्छ ।

प्रस्तुत सन्दर्भमा नेपालको विषयलाई लिएर हेर्दा नेपालको अन्तरिम संविधान, २०६३ ले अपाङ्गता भएका व्यक्तिहरूले बिना भेदभाव मुलुकको सम्मानित नागरिकको रूपमा मौलिक अधिकारको उपभोग गर्न पाउने व्यवस्था गरी आफ्नो प्रगतिशील प्रकृति प्रस्तुत गरेको छ । जीवनको अधिकार, कानुनका सामुन्ने समानताको अधिकार, न्यायमा पहुँचको अधिकार, स्वतन्त्रता र व्यक्तिगत सुरक्षासम्बन्धी अधिकार, यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको अधिकार, शोषण, हिंसा र दुरूपयोगविरुद्धको अधिकार, व्यक्तिको मर्यादाको संरक्षणसम्बन्धी अधिकार, हिँड्डुल गर्न पाउने अधिकार, अभिव्यक्ति, विचार र सूचनाको पहुँचको स्वतन्त्रता, गोपनीयताको अधिकार, शिक्षाको अधिकार, स्वास्थ्यको अधिकार, काम र रोजगारीको अधिकार, सामाजिक सुरक्षाको अधिकार, राजनीतिक र सार्वजनिक जीवनमा सहभागिताको अधिकार, साँस्कृतिक अधिकार आदि जस्ता अपाङ्गता भएका व्यक्तिहरूको अधिकारलाई संविधानले नागरिकका मौलिक र आधारभूत अधिकारको रूपमा मान्यता दिएको छ। यसका अतिरिक्त संविधानले सर्वोच्च अदालतलाई यी विभिन्न मौलिक अधिकारको पालना र प्रचलनका लागि रिटलगायतका उपयुक्त आदेश जारी गर्ने अधिकार प्रदान गरेकोले यी अधिकारको निर्वाध उपभोगको लागि संवैधानिक सुनिश्चितता रहेको देखिन्छ ।

त्यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ को भाग ४ मा उल्लिखित राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूमा नेपाली नागरिकलाई महासन्धिले प्रत्याभूत गरेका अधिकारहरूको सम्मान, संरक्षण र परिपूर्तिको लागि विशेष व्यवस्था गरिएको पाइन्छ । जसअनुसार संविधानको धारा ३३ ले राज्यको दायित्वअन्तर्गत देशमा अग्रगामी राजनीतिक, आर्थिक र सामाजिक परिवर्तन सुनिश्चितता लगायत विश्वव्यापीरूपमा स्वीकृत आधारभूत मानव अधिकार, कानुनको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यायपालिका आदि अवधारणाहरूको पूर्ण परिपालना गर्ने कुरामा जोड दिएको छ । त्यसैगरी वर्गीय, जातीय, भाषिक, लैङ्गिक, साँस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभाव उन्मूलन गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अपाङ्गता भएका व्यक्तिलगायत अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्र आदिका समस्याहरूलाई सम्बोधन गर्न राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गरी मुलुकको राज्य संरचनाका सबै अङ्गहरूमा सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने तथा आर्थिक सामाजिक रूपान्तरणको न्यूनतम साझा कार्यक्रम लागू गर्दै शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सम्प्रभूतामा सबै नागरिकको अधिकार स्थापित गर्ने आदि जस्ता कुरालाई समावेश गरी आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको संरक्षण र सम्वर्द्धनका लागि राज्यलाई जिम्मेवार बनाएको छ । यो व्यवस्थाले पनि अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको संरक्षणमा बल मिलेको छ भन्न सकिन्छ ।

धारा ३४ मा राज्यका निर्देशक सिद्धान्तहरूअन्तर्गत सामाजिक, आर्थिक एवम् राजनीतिक क्षेत्रलगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी खुला समाजमा आधारित लोककल्याणकारी व्यवस्थाको अभिवृद्धि गर्नु राज्यको प्रमुख उद्देश्य हुनेछ भनिएको छ। सोही धारामा मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्दै सार्वजनिक हितको प्रवर्द्धन गर्ने र स्वायत्त शासनको माध्यमद्वारा जनतालाई शासनमा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई लोकतन्त्रका लाभहरूको उपभोग गर्न सक्ने व्यवस्था कायम गर्नु राज्यको उद्देश्य हुने गरी तोकिएको छ। सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धिको न्यायोचित वितरणको व्यवस्था मिलाई आर्थिक असमानता हटाउँदै स्वदेशी निजी एवम् सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र, आत्मनिर्भर एवम् उन्नतिशील गराउनु राज्यको मूलभूत आर्थिक उद्देश्य हुने र सबै किसिमको आर्थिक एवम् सामाजिक असमानता हटाई विभिन्न जात, जाति, धर्म, भाषा, वर्ण, समुदाय र सम्प्रदायका बीच सामाञ्जस्य स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य हुने भनी व्यवस्था पनि भएको छ। यी व्यवस्थाहरू महासन्धिद्वारा प्रदत्त अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सुनिश्चितताका लागि संविधानले निर्देश गरेको राज्यका निर्देशक सिद्धान्तहरू हुन्।

यसका अतिरिक्त धारा ३५ मा राज्यका नीतिहरूअन्तर्गत विभिन्न नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक विषयमा राज्यका नीतिगत व्यवस्था गर्दै ती अधिकारहरूको थप सुनिश्चितताको लागि मार्ग प्रशस्त गरिएका छन्। यसरी व्यवस्था गरिएका सैद्धान्तिक एवम् नीतिगत व्यवस्थाहरू राज्यले आवश्यकताअनुसार स्रोत र साधन परिचालन गरी गराई आफ्ना विभिन्न अङ्ग र निकायहरूमार्फत् क्रमश: कार्यान्वयन गर्दै जाने र यसको कार्यान्वयन भएको कुराको अनुभूति जनताले क्रमश: गर्दै जाने भएकोले यी विषयहरू कार्यान्वयन भए वा नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन नसकिने गरी संविधानको धारा ३६ मा व्यवस्था गरिएको छ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको संरक्षण तथा सम्वर्द्धनसँग सम्बन्धित कानुनी संरचनाको कुरा गर्दा माथि उल्लेख गरिएको संवैधानिक व्यवस्थाका अतिरिक्त विभिन्न कानुनहरू निर्माण भएको देखिन्छ। जस्तै– नागरिक अधिकार ऐन, २०१२, मुलुकी ऐन, २०२०, शिक्षा ऐन, २०२८, नेपाल स्वास्थ्य सेवा ऐन, औषधी ऐन, २०३५, बालबालिकासम्बन्धी ऐन, २०४८, श्रम ऐन, २०४८, अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९, राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८, राष्ट्रिय महिला आयोग ऐन, २०६३, समाजकल्याण ऐन, २०४९, स्थानीय स्वायत्त शासन ऐन, २०५५ आदि।

त्यसैगरी संरचनागत व्यवस्थाको कुरा गर्दा मुलुकमा स्थापना र सञ्चालनमा रहेको विभिन्न अस्पतालहरू, विभिन्न तहका विद्यालय तथा महाविद्यालयहरू, तालिम तथा प्रशिक्षण केन्द्रहरू, साँस्कृतिक एवम् सामाजिक प्रतिष्ठान, गुठी, विभिन्न विकास समिति तथा आयोजनाहरू, नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक विषयसँग

सम्बन्धित निकाय, कार्यालय, प्रज्ञा-प्रतिष्ठान, सङ्घ तथा संस्थाहरू आदि सबैले अपाङ्गता भएको व्यक्तिहरूको अधिकारलाई उच्चसम्मान गर्दै उनीहरूलाई ती निकायको हरेक क्रियाकलापमा समानरूपमा सहभागी हुने अवसर प्रदान गर्ने कुरालाई लिन सकिन्छ ।

## (६) सन्धि घरेलुकरणको प्रक्रिया र अवस्था

नेपाल यो महासन्धिको पक्ष राज्य बनेको धेरै समय भएको छैन तर पनि महासन्धिको पक्ष बनेपछि अन्तर्राष्ट्रियरूपमा सिर्जना हुने दायित्व निर्वाह गर्नु पक्ष राज्यको कर्तव्य हुन्छ । The Vienna Convention on the Law of Treaties, 1969 का अनुसार कुनै राज्य कुनै महासन्धिको पक्ष बनेपछि त्यस्तो पक्ष राज्य उक्त महासन्धिका व्यवस्था कार्यान्वयन गर्न बाध्य हुन्छ । आफू पक्ष बनेको महासन्धिले सिर्जना गरेका दायित्वहरू निर्वाह गर्न र त्यस्तो महासन्धिका व्यवस्थाहरू कार्यान्वयन गर्नका लागि राज्यले घरेलु उपायहरू अवलम्बन गरेको हुनुपर्दछ । यस्ता घरेलु उपायहरू राज्य स्वयंले निर्धारण गर्ने कुरा हो, यस सम्बन्धमा महासन्धिले कुनै कुरा बोलेको हुँदैन । महासन्धिका व्यवस्थाको घरेलुकरणको सम्बन्धमा चर्चा गर्दा विश्वमा दुईओटा प्रणाली प्रचलनमा रहेको पाइन्छ । पहिलो, महासन्धिको पक्ष बनेपछि त्यस्तो महासन्धिको व्यवस्था स्वतः घरेलु कानुनसरह मान्य हुन्छ । अन्य घरेलु कानुनहरू महासन्धिको व्यवस्थासँग बाझिएमा बाझिएको हदसम्म महासन्धिका व्यवस्था लागू हुन्छ । दोस्रो, महासन्धिको व्यवस्था स्वतः लागू नभई महासन्धिको कार्यान्वयनका लागि छुट्टै कानुन निर्माण गरी लागू गरिन्छ । त्यसैले राज्यले महासन्धिको व्यवस्था सिधैं लागू गर्न वा ती व्यवस्थाको कार्यान्वयनका लागि आवश्यकताअनुसार घरेलु कानुन निर्माण गर्न सक्दछ । यसका अतिरिक्त राज्यले महासन्धिका व्यवस्थाहरू कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र कार्यान्वयन गर्ने, संस्थागत संरचनाको विकास गर्ने आदि उपायहरू पनि अवलम्बन गर्न सक्दछ ।

यससम्बन्धी नेपालको सन्दर्भलाई हेर्दा नेपाल सन्धि ऐन, २०४७ लाई प्रमुख रूपमा हेर्नुपर्दछ । यो ऐनले नेपाल राज्य वा नेपाल सरकारले हस्ताक्षर, अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गरी पक्ष बनेको कुनै सन्धि वा सम्झौताको कार्यान्वयनका सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ । यस ऐनको दफा ९ ले नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुने र त्यस सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुनसरह लागू हुने व्यवस्था गरेको छ । सोही दफामा नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिबाट नेपाल राज्य वा नेपाल सरकार उपर कुनै थप दायित्व वा भार पर्न जाने र त्यसको कार्यान्वयनको लागि कानुनी व्यवस्था गर्नुपर्ने रहेछ भने त्यस्तो सन्धि कार्यान्वयनको लागि नेपाल सरकारले यथासम्भव चाँडो कानुन बनाउने कारबाही चलाउनुपर्ने व्यवस्था गरिएको छ । यो कानुनी व्यवस्थालाई हेर्दा नेपाल पक्ष भएका महासन्धिअनुसारको दायित्व निर्वाह गर्न वा त्यस्तो महासन्धिको कार्यान्वयन गर्न कानुनी व्यवस्था गर्नुपर्ने र त्यसबाट मात्र महासन्धिको घरेलुकरणका प्रक्रिया पूरा हुने देखिन्छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि,

२००६ को प्रसङ्गलाई हेर्दा नेपालले सो महासन्धिले सिर्जना गरेका दायित्व निर्वाह गर्न महासन्धिको पक्ष बन्नुअगाडि नै थुप्रै कानुनी व्यवस्था गरेको पाइन्छ । उदाहरणका लागि नागरिक अधिकार ऐन, २०१२, मुलुकी ऐन, २०२०, शिक्षा ऐन, २०२८, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३, मेडिकल काउन्सील ऐन, २०२०, औषधी ऐन, २०३५, बालबालिकासम्बन्धी ऐन, २०४८, श्रम ऐन, २०४८, ट्रेड युनियन, ऐन, २०४९, अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९, राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८, राष्ट्रिय महिला आयोग ऐन, २०६३, समाजकल्याण ऐन, २०४९, स्थानीय स्वायत्त शासन ऐन, २०५५ आदि । यी कानुनी व्यवस्थालगायत यीअन्तर्गत बनेका नियमहरूले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको प्रत्याभूतिको बाटो निश्चित गरेका छन् भन्न सकिन्छ । तथापि अपाङ्गता भएका व्यक्तिसँग प्रत्यक्षरूपमा सरोकार राख्ने विषयसँग मात्र यो महासन्धि बढी केन्द्रित भएको हुँदा यी कानुनी व्यवस्थाले प्रत्यक्षतः अपाङ्गता भएका व्यक्तिको अधिकारलाई छोएको कुरामा द्विविधा उत्पन्न भएको हुन्छ । त्यसैले यस सम्बन्धमा राज्यले अपाङ्गता भएका व्यक्तिहरू लगायत आमनागरिकलाई सचेत तुल्याउन गम्भीररूपमा लाग्न सक्नुपर्दछ । साथै महासन्धिको प्रभावकारी कार्यान्वयन गर्न विशेष कानुन निर्माण गरिनुपर्दछ ।

## (७) सन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय प्रतिवेदनको अवस्था

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको अन्तर्राष्ट्रिय महासन्धि, २००६ को नेपाल सन् २०10 मा मात्रै पक्ष बनेको हो । यसरी पक्ष बनेपछि यो महासन्धिको धारा ३५ मा व्यवस्था भएअनुसार महासन्धिमा व्यवस्था गरिएका अधिकारहरूको प्रत्याभूतिको लागि अवलम्बन गरिएका उपायहरूका बारेमा पक्ष बनेको दुई वर्षभित्र प्रारम्भिक प्रतिवेदन र त्यसपछि प्रत्येक चार-चार वर्षमा आवधिक प्रतिवेदन संयुक्त राष्ट्रसङ्घसमक्ष पेश गर्नुपर्दछ । सोही व्यवस्थाअनुसार नेपालले हालसम्ममा प्रारम्भिक प्रतिवेदन बुझाइसकेको हुनुपर्ने हो । तर त्यसो हुन सकेको छैन । कुनै पनि प्रतिवेदन नबुझाएका कारणले यो महासन्धिको कार्यान्वयन पक्षको बारेमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समितिमा छलफल हुन सकेको छैन ।

## (८) सन्धि कार्यान्वयनबाट हुने उपलब्धिहरू

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको अन्तर्राष्ट्रिय महासन्धि, २००६ को कार्यान्वयनबाट अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको प्रत्याभूति हुने मात्र नभई ती अधिकारहरूको सम्मान, संरक्षण र परिपूर्ति गर्न सरकारलाई बल मिल्दछ । यो महासन्धिको कार्यान्वयनको कारणबाट अपाङ्गता भएका व्यक्तिहरू राजनीतिक तथा आर्थिकरूपमा सबल र सक्षम, सामाजिकरूपमा सम्मानित र साँस्कृतिकरूपमा स्वतन्त्र हुन पुग्दछन् । महासन्धिको कार्यान्वयनबाट अपाङ्गता भएका व्यक्तिहरूले उनीहरूका लागि महासन्धिले प्रत्याभूति गरेका अधिकारको निर्वाध उपभोग गर्न पाउने अवस्था सिर्जना हुन्छ । यी अधिकारहरूको उल्लङ्घन भएको अवस्थामा घरेलु तथा अन्तर्राष्ट्रिय उपचारको अधिकार पनि सुरक्षित हुन्छ ।

## (९) सन्धिको कार्यान्वयनमा देखिएका चुनौती र समस्याहरू

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको अन्तर्राष्ट्रिय महासन्धि, २००६ ले पक्ष राज्यलाई महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ। तथापि यी अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने काम पक्ष राज्यका लागि सजिलो छैन। अपाङ्गता भएका व्यक्तिहरूले उनीहरूको अधिकार क्रमश: अनुभूति गर्दै जाने विषय नभई तत्कालै अनुभूति गर्न पाउनुपर्ने विषय भएकोले यी अधिकारको उल्लङ्घन भएका त्यस उपर दाबी गर्न र अदालतमा उजुरी गर्न जान सकिन्छ। अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको विषयमा पनि आजकल अदालतले नागरिकका अन्य अधिकारसरह मौलिक अधिकारको रूपमा मान्यता दिई राज्य पक्षलाई यस्ता अधिकारको संरक्षण र सम्वर्द्धन गर्न आदेश दिने गरेको पाइन्छ। नेपालको सन्दर्भमा पनि कतिपय मुद्दामा अदालतले राज्यलाई कानुन निर्माण गरी यी अधिकारको सुनिश्चितता गर्न आदेश दिएको देखिन्छ। यसरी हुने आदेश कार्यान्वयन गर्नु राज्य पक्षको जिम्मेवारी र कर्तव्य भए पनि यसको सही समयमा कार्यान्वयन हुन नसक्दा यी अधिकारको संरक्षणको प्रश्न र अदालतबाट भएका आदेशको कार्यान्वयनको प्रश्न जटिल बन्ने गरेको छ।

## (१०) सन्धिको कार्यान्वयनका लागि गर्नुपर्ने प्रयासहरू

नेपालको सन्धि ऐन, २०४७ को दफा ९ ले संसदबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनका लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुनसरह लागू हुनेछ भनी गरेको व्यवस्था हेर्दा महासन्धिका व्यवस्थाहरू नेपाल कानुनभन्दा उच्च हुन् कि भन्ने देखिन्छ। त्यसैले महासन्धिको पक्ष बनेपछि महासन्धिका प्रावधानहरू स्वत: लागू हुने अवस्था रहेको हो कि भन्ने पनि देखिएको छ तर त्यो सही होइन। महासन्धिको व्यवस्थाहरू लागू हुनका लागि त्यसको कार्यान्वयन संयन्त्रको विकास गरिएको हुनुपर्दछ। महासन्धिको व्यवस्थालाई घरेलुकरण गरी कानुनी रूप दिएपछि मात्र यसका व्यवस्थाहरू प्रभावी हुन्छन्। त्यसैले महासन्धिद्वारा प्रत्याभूत गरिएका अधिकारहरूको सुनिश्चितताका लागि कानुन आवश्यक हुन्छ। त्यस्तो कानुन बनाएर मात्र हुँदैन, त्यसको प्रभावकारी कार्यान्वयन हुनु पनि उत्तिकै आवश्यक छ। प्रस्तुत महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारहरूको प्रत्याभूति गरेकोले महासन्धिले व्यवस्था गरेका अपाङ्गता भएका व्यक्तिहरूको अधिकारहरूको व्यावहारिक प्रयोगको सुनिश्चितताका लागि भएका कानुनहरूमा आवश्यक परिमार्जन गरी त्यसको व्यावहारिक प्रयोग र कतिपय नयाँ कानुन निर्माण गरिनुपर्दछ। उदाहरणका लागि नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको संरक्षणसम्बन्धी छुट्टै कानुन नै छैन। विभिन्न कानुनहरूमा यी अधिकारहरू केही मात्रामा छरिएर रहेको स्थिति छ। कतिपय अवस्थामा अदालतले आदेश गरेको भरमा अधिकार संरक्षित भइरहेको अवस्था पनि छ। त्यसैले यस्तो अवस्थाको अन्त्यका

लागि राज्यले गम्भीररूपमा गृहकार्य गरी अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको संरक्षणका लागि प्रभावकारी उपाय अवलम्बन गर्नु आवश्यक छ ।

## ४. बाल अधिकारसम्बन्धी महासन्धि, १९८९

### (१) पृष्ठभूमि

**Convention on the Rights of the Child**

New York, 20 November 1989

**Entry into force** : 2 September 1990, in accordance with article 49(1).

**Registration** : 2 September 1990, No. 27531

**Status** : Signatories : 140. Parties : 193

**Note** : The Convention was adopted by resolution 44/25 of 20 November 1989 at the Forty-fourth session of the General Assembly of the United Nations. The Convention is open for signature by all States at the Headquarters of the United Nations in New York.

धेरै अगाडिदेखि नै बालबालिकाको अधिकारको संरक्षण तथा उनीहरूको विकासका लागि विश्वमा विविध प्रयास हुँदै आएका हो । त्यसमा पनि प्रथम विश्वयुद्ध पछि बालबालिकाको अधिकारको विषयले बढी प्राथमिकता पाउन थालेको देखिन्छ । प्रथम विश्वयुद्ध पछि बाल अधिकारसम्बन्धी घोषणा- १९२४, मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र- १९४८, बाल अधिकारसम्बन्धी घोषणा- १९५९ आदि जस्ता विभिन्न घोषणाले बालबालिकाको अधिकारको संरक्षण र उनीहरूको समग्र विकासमा सकारात्मक प्रभाव पार्‍यो । त्यसैगरी संयुक्त राष्ट्रसङ्घले सन् १९७९ लाई अन्तर्राष्ट्रिय बालवर्ष घोषणा गरी उक्त वर्षभर विभिन्न कार्यक्रम आयोजना गर्‍यो । यसले पनि बाल अधिकार र विकासको धारालाई अगाडि बढाउन मद्दत गरेको देखिन्छ । सोही वर्ष संयुक्त राष्ट्रसङ्घले बाल अधिकारसम्बन्धी महासन्धिको मस्यौदा तयार गर्न एक कार्यदल गठन गर्‍यो । सन् १९८९ मा उक्त कार्यदलले आफ्नो मस्यौदा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार आयोगसमक्ष प्रस्तुत गर्‍यो । सोही मस्यौदालाई सन् १९८९ को नोभेम्बर २० तारिखका दिन बाल अधिकार घोषणापत्रको ३०औँ वार्षिकोत्सवका सन्दर्भ पारेर संयुक्त राष्ट्रसङ्घीय महासभाले बाल अधिकारसम्बन्धी महासन्धिलाई स्वीकार गर्दै हस्ताक्षरका लागि खुला गर्‍यो ।

संयुक्त राष्ट्रसङ्घको महासभाबाट बाल अधिकारसम्बन्धी महासन्धि पारित भएपछि संयुक्त राष्ट्रसङ्घले बालबालिकाका सम्बन्धमा प्रथम विशेष सभाको आयोजना गरी बालबालिकाको लागि पहिलो आह्वान नाम दिएर विश्वभरिकै लागि एक कार्ययोजना जारी गरियो । यसका अतिरिक्त बालबालिकाका बेचविखन, बाल बेश्यावृत्ति र अश्लील

चित्रसम्बन्धी तथा बालबालिकालाई सशस्त्र विद्रोहमा संलग्नतासम्बन्धी दुईओटा इच्छाधीन आलेखहरू–सन् २००० मा अनुमोदन भए। यी सबै घोषणा र महासन्धिहरूको माध्यमबाट विश्वभरि नै बाल अधिकार तथा विकासको सुनिश्चितताका लागि अन्तर्राष्ट्रिय रूपमा ढोका खुलेको र यसका लागि संयुक्त राष्ट्रसङ्घका सबै सदस्य राष्ट्रहरू अन्तर्राष्ट्रिय रूपमा प्रतिबद्ध भएको देखिन्छ।

बाल अधिकारसम्बन्धी महासन्धि एक बहुपक्षीय महासन्धि हो। जसलाई संयुक्त राष्ट्रसङ्घका २० सदस्य राष्ट्रहरूले अनुमोदन गरिसकेपछि सन् १९९० सेप्टेम्बर २ तारेखका दिनदेखि यो महासन्धि लागू भएको हो। यो महासन्धिले यसका पक्ष राष्ट्रहरूलाई बालबालिकाको शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, विचार र अभिव्यक्तिको स्वतन्त्रता, सङ्गठनसम्बन्धी स्वतन्त्रता आदि जस्ता बाल अधिकारहरू प्रत्याभूत गर्न उत्प्रेरित गरेको छ। यस महासन्धिलाई नेपालले १४ सेप्टेम्बर, १९९० मा बिना शर्त अनुमोदन गरी यो महासन्धिको पक्ष राष्ट्र बनेको हो। यस महासन्धिको विश्वका सम्पूर्ण राष्ट्रहरूलाई पक्ष बनाउने लक्ष्य राखिएअनुसार हालसम्ममा यो महासन्धिको पक्ष हुने सदस्य राष्ट्रको सङ्ख्या १९३ पुगिसकेको देखिन्छ।

संयुक्त राष्ट्रसङ्घीय बाल अधिकारसम्बन्धी महासन्धिलाई नेपालले अनुमोदन गरेपछि बालबालिकाको बेचविखन, बाल बेश्यावृत्ति तथा बाल अश्लील चित्रणविरुद्धका सम्बन्धमा व्यवस्था भएको बाल अधिकारसम्बन्धी महासन्धिका स्वेच्छिक प्रोटोकल, २००० लाई २००६ मा अनुमोदन गरेर बालबालिकालाई सो कार्यमा नलगाउने र सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग तथा संलग्नताका विरुद्धमा व्यवस्था भएको बाल अधिकारसम्बन्धी महासन्धिको स्वेच्छिक प्रोटोकल २००० लाई २००७ मा अनुमोदन गरेर सशस्त्र द्वन्द्वमा बालबालिकालाई संलग्न नगराउने दायित्व समेत लिएको छ। यस अतिरिक्त नेपालले निष्कृष्ट प्रकारका बालश्रम उन्मूलनसम्बन्धी आइ.एल.ओ. महासन्धि १९९९ लगायतका सन्धिलाई समेत अनुमोदन गरी बालबालिकाको विकास, बाल अधिकारको संरक्षण र बाल सहभागिताजस्ता विषयमा आफ्नो अन्तर्राष्ट्रिय प्रतिबद्धता स्पष्टरूपमा प्रकट गरेको पाइन्छ।

अनुमोदन गर्ने राष्ट्रहरूको निम्ति यो महासन्धि एक अन्तर्राष्ट्रिय कानुन हो। यस महासन्धिमा उल्लेखित कुराहरूलाई आफ्नो राज्यमा लागू गर्नु प्रत्येक राष्ट्रको कानुनी दायित्व हुन्छ। बाल अधिकारसम्बन्धी महासन्धिका अनुसार प्रत्येक बालबालिकालाई बिना भेदभाव, बिना पक्षपात महासन्धिमा उल्लेख भएका सम्पूर्ण अधिकारहरू उपलब्ध गराउनुपर्दछ। अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी कानुनअनुसार बालबालिकाहरूले बाल अधिकारहरूको निर्बाध रूपमा उपभोग गर्न पाउनुपर्दछ। बाल अधिकारहरू ती मानव अधिकार हुन्, जसलाई बाल अधिकारसम्बन्धी महासन्धि र अन्य अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी दस्तावेजहरूले प्रत्याभूत गरेका छन्। उदाहरणको लागि दीर्घजीवन र विकास, नाम र राष्ट्रियता, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, बालबालिकाको विचार, अभिव्यक्ति र धर्मको स्वतन्त्रता, सङ्गठनसम्बन्धी स्वतन्त्रता,

निजीपनको संरक्षण, दुर्व्यवहार र उपेक्षाबाट संरक्षण, परिवारविहीन बालबालिकाको संरक्षण, धर्मपुत्र लिने प्रक्रिया, शरणार्थी बालबालिका, अपाङ्ग बालबालिका, अल्पसङ्ख्यक वा आदिवासी जनताका बालबालिका, बाल मजदुरसम्बन्धी र बालबालिकामाथि यौन शोषण, बेचविखन, सौदावाजी र अपहरण, यातना र सशस्त्र सङ्घर्षमा लगाउन नहुने आदि लगायतका बालबालिकाका आधारभूत अधिकारहरू समेटिएको बाल अधिकारसम्बन्धी महासन्धिलाई अनुमोदन गरी कुनै राज्य महासन्धिको पक्ष बनेपछि उक्त पक्ष राज्यका बालबालिकाहरूका लागि यी अधिकारहरू स्वतः प्रत्याभूत हुन्छ र यस्ता अधिकारहरूको प्रत्याभूतिको लागि पक्ष राष्ट्र संयुक्त राष्ट्रसङ्घप्रति जिम्मेवार हुन्छ । बाल अधिकारसम्बन्धी महासन्धिको कार्यान्वयन भए नभएको बारेमा संयुक्त राष्ट्रसङ्घीय बाल अधिकारसम्बन्धी समितिले अनुगमन गर्ने गर्दछ ।

त्यसैगरी मुलुकको विभिन्न क्षेत्रमा बालबालिकाले सामना गर्न परिरहेका हेला र दुर्व्यवहारका विरुद्ध बालबालिकाको संरक्षणका लागि आवश्यक मापदण्ड निर्धारण गर्न बाल अधिकारसम्बन्धी महासन्धिको प्रमुख उद्देश्य हो । बाल अधिकारका संरक्षण गर्ने क्रममा राज्यहरूबीच रहेको विभिन्न किसिमको साँस्कतिक, राजनीतिक तथा भौतिक यथार्थहरूलाई समेत मान्यता दिइनुपर्दछ तर विद्यमान राष्ट्रिय कानुनहरूको कुनै पनि कुराहरू महासन्धिको भावनासँग बाझिनुहुँदैन । महासन्धिमा उल्लेखित बाल अधिकारसम्बन्धी मापदण्डभन्दा राष्ट्रिय कानुनमा अझ प्रगतिशील कुराहरू कायम गरिएको भए त्यसलाई जारी राख्नुपर्दछ । निरन्तररूपमा बालबालिकाका हितलाई कायम राख्नु नै यस महासन्धिको मागदर्शक सिद्धान्त हो ।

### (२) महासन्धिका प्रमुख प्रावधानहरू

तीन भागमा अनुबन्धित यो बाल अधिकारसम्बन्धी महासन्धिमा प्रस्तावनाका अतिरिक्त चौवन्न धारा छन् । भाग एकमा धारा १ देखि ४१ सम्म, भाग दुईमा धारा ४२ देखि ४५ सम्म र भाग तीनमा धारा ४६ देखि ५४ सम्म अनुबन्धित गरिएको छ ।

प्रस्तावनाले संयुक्त राष्ट्रसङ्घका आधारभूत सिद्धान्तहरू र केही मानव अधिकारसम्बन्धी सन्धि तथा घोषणापत्रहरूको सम्बद्ध प्रावधानहरूलाई स्मरण गरेको छ । बालबालिकाहरूको असक्षमताको कारणले उनीहरूलाई विशेष स्याहार र संरक्षणको खाँचो पर्छ भन्ने कुरालाई समर्थन गर्दै प्राथमिक स्याहार तथा परिवारको सुरक्षात्मक उत्तरदायित्व जन्मनु अगाडि र जन्मेपछि पनि आवश्यक पर्ने कानुनी र अन्य सुरक्षा बालबालिकाको समुदायको साँस्कृतिक मूल्यहरूप्रतिको आदर एवम् बाल अधिकार साकार पार्नमा अन्तर्राष्ट्रिय सहयोगको प्रमुख भूमिका माथि विशेष जोड दिइएको छ ।

भाग १, धारा १: कानुनद्वारा अन्यथा व्यवस्था गरेकोमा बाहेक १८ वर्षलाई वयस्कताको उमेर मानी बालकको परिभाषा गरिएको छ ।

धारा २: बिना अपवाद सम्पूर्ण अधिकारहरू सम्पूर्ण बालबालिकाहरूलाई उपलब्ध हुनेछ भन्ने सिद्धान्त र तिनीहरूलाई कुनै पनि किसिमको भेदभावबाट जोगाउनुपर्ने राज्यको

कर्तव्य हुने कुरा उल्लेख गर्दै राज्यले कुनै पनि अधिकारको हनन गर्न नहुने, बरु ती अधिकारहरूको प्रवर्द्धनको लागि सकारात्मक कार्य गर्नुपर्ने व्यवस्था गरेको छ ।

धारा ३: बालबालिकाको सम्बन्धमा गरिने सम्पूर्ण क्रियाकलापहरूले उनीहरूका उच्चतम हितलाई मध्यनजर राख्ने । बाबुआमा वा अन्य जिम्मेवार मानिसहरूले बालबालिकाको हितमा काम नगरेमा राज्यले त्यस्ता बालबालिकालाई पर्याप्त स्याहारसम्भारको व्यवस्था गर्नुपर्ने ।

धारा ४: यस महासन्धिमा उल्लेखित अधिकारहरूलाई वास्तविकतामा उतार्नु राज्यको दायित्व हुने ।

धारा ५: बालबालिकाको उदयोन्मुख क्षमताहरूसँग मेल खाने किसिमसँग मार्गदर्शन प्रदान गर्न बाबुआमा र ठूला परिवारको अधिकार र कर्तव्यहरूलाई मान्यता दिने राज्यको दायित्व हुने ।

धारा ६: बाँच्न पाउने जन्मसिद्ध अधिकार र बालबालिकाका दीर्घ जीवन र विकासप्रति राज्यको दायित्व हुने ।

धारा ७: बालबालिकालाई जन्मेदेखि नाम राख्न पाउने र राष्ट्रियता पाउने अधिकारको प्रत्याभूति गरिएको ।

धारा ८: बालबालिकाको परिचयका आधारभूत कुराहरू (नाम, राष्ट्रियता र पारिवारिक सम्बन्ध) को संरक्षण गर्ने र आवश्यकताअनुसार पुनःस्थापना गर्ने राज्यको दायित्व हुने ।

धारा ९: बालबालिकाको सर्वोत्तम हितहरू विपरीत हुने अवस्थामा बाहेक आफ्नो आमाबाबुसँग बसोवास गर्ने अधिकार, आमा वा बाबु वा दुवैबाट छुट्टिएमा सम्पर्क राख्न पाउने अधिकार, राज्यको कामकारबाहीबाट बाबुआमाबाट अलग हुन गएमा आवश्यक प्रबन्ध गर्नुपर्ने राज्यको कर्तव्य हुने व्यवस्था आदिको बारेमा स्पष्टरूपमा उल्लेख भएको ।

धारा १०: पारिवारिक पुनर्मिलन हुन वा बाबुआमा र बालबालिकाको नाता कायम राख्नको निमित्त बालबालिकाले र निजका बाबुआमा कुनैले पनि मुलुक छाड्ने र आफ्नो मुलुकमा प्रवेश गर्ने अधिकार राख्ने व्यवस्था गरिएको ।

धारा ११: बाबुआमा वा अन्य तेस्रो पक्षले गरेको बालबालिकाहरूको अपहरण वा विदेशमा रोक्ने काम निवारण गर्ने र ती समस्याहरूको समाधान गर्ने राज्यको दायित्व रहने ।

धारा १२-१६: बालबालिकालाई असर पार्ने कुनै पनि कुरा वा कार्यविधि सम्बन्धमा आफ्नो विचार प्रकट गर्न पाउने र त्यस विचारको उचित मान्यता पाउनुपर्ने अधिकार, अर्काको अधिकार हनन नहुने गरी जानकारी प्राप्त गर्ने वा दिने र आफ्नो विचार व्यक्त गर्ने बालबालिकाको अधिकार, जुन बाबुआमाको उचित निर्देशन र राष्ट्रिय कानुनको अधीनमा रही बालबालिकाका विचार, विवेक र धर्मसम्बन्धी स्वतन्त्रताको अधिकार, अर्काको अधिकार उल्लङ्घन नहुने गरी अरूहरूसँग भेटघाट गर्न पाउन र सङ्घसंस्थामा भाग लिन वा खोल्न पाउने बालबालिकाहरूको अधिकार तथा निजीपना परिवार, घर र

पत्राचारमाथिको हस्तक्षेपबाट र गाली बेइज्जतीबाट सुरक्षित हुनेलगायतका अधिकारको प्रत्याभूति गरिएको ।

धारा १७-२२: बालबालिकाहरूलाई नैतिक विकास र ज्ञान तथा मानिसहरूबीचको समझदारी अनुकूलको र बालबालिकाको साँस्कृतिक पृष्ठभूमिप्रतिको आदर दर्शाउने खालका जानकारीहरू बालबालिकासम्म पुऱ्याउनुपर्ने सञ्चार माध्यमको भूमिका रहने र राज्यले यस्तो कार्यलाई प्रोत्साहित गर्नुपर्ने एवम् बालबालिकाहरूलाई हानी हुने सामग्रीबाट जोगाउनुपर्ने । आफ्ना बालबालिकाको लालनपालनको लागि बाबुआमा दुवैको संयुक्त प्राथमिक दायित्व छ भन्ने सिद्धान्त र यस कार्यमा राज्यले उनीहरूलाई सहयोग गर्नुपर्ने । बाबुआमा वा बालबालिकाको स्याहारको निम्ति उत्तरदायी व्यक्तिहरूद्वारा हुने सबै प्रकारका दुर्व्यवहारबाट जोगाउने तथा यस सम्बन्धमा निवारक र उपचारका उपायहरू अपनाउनुपर्ने । पारिवारिक वातावरणबाट वञ्चित बालबालिकालाई विशेष संरक्षण प्रदान गर्ने र उसको साँस्कृतिक पृष्ठभूमिलाई मध्यनजर राख्दै उपयुक्त वैकल्पिक पारिवारिक स्याहार अर्थात् संस्थागत स्याहार सेवाको व्यवस्था मिलाउनुपर्ने । धर्मपुत्र लिने प्रक्रियालाई मान्यता वा अनुमति दिन प्रचलन भएको देशमा धर्मपुत्रको रूपमा दिइएका बालबालिकाको सम्बन्धमा आवश्यक सबै बचाउ राखिएको र सक्षम अधिकारीहरूले मात्र स्वीकृति दिन पाउने गरी बालबालिकाको हितलाई ध्यानमा राखेर मात्र दिने व्यवस्था तथा शरणार्थी बालबालिका वा शरणार्थी हुन खोजिरहेका बालबालिकालाई विशेष संरक्षण दिनुपर्ने र त्यसको संरक्षण र सहायता दिने संस्थाहरूलाई सहयोग गर्नुपर्ने राज्यहरूको दायित्व हुने व्यवस्था गरेको ।

धारा २३: समाजमा जतिसक्दो बढी स्वावलम्बन पाउने र पूर्ण र सक्रिय जीवनयापन गर्न योग्य बनाउने उद्देश्यले विशेष स्याहार, शिक्षा र प्रशिक्षण पाउने अपाङ्ग बालबालिकाको अधिकार ।

धारा २४: प्राथमिक र निवारक स्वास्थ्य स्याहार, जनस्वास्थ्य शिक्षा र न्यून बाल मृत्युदरलाई विशेष जोड दिँदै सम्भव भएसम्मको उच्चतमस्तरको स्वास्थ्यसम्बन्धी अधिकार र स्वास्थ्य एवम् औषधोपचारसम्बन्धी सेवा प्राप्त गर्ने अधिकार । हानिकारक परम्परागत प्रचलनहरूलाई उन्मूलन गर्ने दिशामा काम गर्नुपर्ने राज्यको दायित्व तोकिएको ।

धारा २५-२६: स्याहार, संरक्षण तथा उपचारको लागि राज्यको तर्फबाट राखिएका बालबालिकालाई त्यस्ता स्थानमा भएको बन्दोवस्तबारे नियमित तवरले मूल्याङ्कन हुनुपर्ने । बालबालिकालाई सामाजिक सुरक्षासम्बन्धी सुविधा पाउने अधिकारसम्बन्धी व्यवस्था गरिएको ।

धारा २७: पर्याप्त जीवनस्तरको माध्यमबाट लाभान्वित हुने बालबालिकाको अधिकार । यसलाई पूरा गर्ने बाबुआमाको प्राथमिक दायित्व र आवश्यक भएमा मानाचामलको असूल उपरद्वारा समेत यस्तो दायित्व पूरा गर्न सकिने नसकिने भनी निरोपण गर्ने र पूरा गर्ने समेत राज्यको कर्तव्य हुने ।

धारा २८: शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकार र कम्तीमा प्राथमिक शिक्षा अनिवार्य र नि:शुल्क गराउन राज्यको दायित्व हुने, विद्यालयमा अनुशासन कायम राख्दा बालबालिकाको मानवीय मर्यादा प्रतिबिम्बित हुनुपर्ने, यस अधिकारलाई सुनिश्चित गराउन अन्तर्राष्ट्रिय सहयोगमा जोड दिएको ।

धारा २९: यस धारामा शिक्षा बालबालिकाका व्यक्तित्व र बौद्धिक क्षमताको विकासतर्फ निर्देशित हुनुपर्ने र वयस्कको रूपमा सक्रिय जीवन बिताउन बालबालिकालाई तयार गर्नेतर्फ मौलिक मानव अधिकारप्रति आदर जगाउने र बालबालिकामा आफ्नो र अरूको साँस्कृतिक एवम् राष्ट्रिय मूल्यहरूप्रति आदरको भावनाको संवर्द्धन गर्नेतर्फ लक्षित हुनुपर्ने कुरामा जोड दिएको ।

धारा ३०-३१: अल्पसङ्ख्यक समुदाय र आदिवासी जनताका बालबालिकाहरूको आफ्नो संस्कृति मान्न पाउने र आफ्नो धर्म र भाषा प्रयोग गर्न पाउने अधिकारका साथै आराम गर्ने, खेल्ने तथा साँस्कृतिक र कलात्मक गतिविधिहरूमा भाग लिने बालबालिकाको अधिकार हुने कुराको प्रत्याभूत गरिएको ।

धारा ३२: स्वास्थ्य, शिक्षा वा विकासमा हानि पुग्ने प्रकारको काममा बालबालिकाहरूलाई लगाउनबाट संरक्षण गर्न तथा रोजगारीको लागि न्यूनतम उमेरको हद तोक्ने र रोजगारीको शर्तहरू लागू गराउने राज्यको दायित्व हुने ।

धारा ३३-३६: लागू पदार्थ र मनोसंदीपक पदार्थको प्रयोगबाट संरक्षण पाउने र यसको उत्पादन एवम् वितरणमा संलग्न गराउने कामबाट जोगिने बालबालिकाको अधिकारका साथै बेश्यावृत्ति वा अश्लील चित्रणमा संलग्नतालगायतको यौनशोषण र दुर्व्यवहारबाट संरक्षण पाउने बालबालिकाको अधिकार एवम् बालबालिकाको बेचबिखन, सौदावाजी र अपहरणलाई रोकथाम गर्न हरेक प्रयास गर्नु राज्यको दायित्व हुने र अन्य सबै प्रकारका शोषणहरूबाट संरक्षित हुने बालबालिकाको अधिकारको प्रत्याभूति गरिएको ।

धारा ३७-४१: बालबालिकाका विरुद्धमा यातना, क्रूर व्यवहार वा सजाय, मृत्युदण्ड, आजीवन कारावास र गैरकानुनी गिरफ्तारी अथवा स्वतन्त्रताको अपहरणमा प्रतिबन्ध लगाएको छ । उपयुक्त व्यवहारको सिद्धान्तहरू, वयस्क बन्दीहरूबाट अलग राखिनुपर्ने परिवारसँगको सम्पर्क र कानुनी तथा अन्य सहयोगको प्राप्ति । बालबालिकाको सन्दर्भमा लागू हुने मानवीय कानुनका आदर गर्न र आदर गर्न लगाउने राज्यहरूको दायित्व । १५ वर्षमुनिका कुनै पनि बालबालिकालाई सशस्त्र लडाइँमा प्रत्यक्ष भाग लिन नलगाउने वा सशस्त्र सेनामा भर्ति नगराउने र सशस्त्र सङ्घर्षबाट प्रभावित बालबालिकाले सुरक्षा र स्याहार पाउने। सशस्त्र सङ्घर्ष, यातना, हेला, दुर्व्यवहार र शोषणका शिकार बनेका बालबालिकालाई आफ्नो पुनर्लाभ र सामाजिक पुनर्स्थापनाका लागि उपयुक्त उपचार दिलाउने राज्यको दायित्व । आरोपित वा अपराधी मानिएका बालबालिकाहरूका सम्बन्धमा मानव अधिकारको आदर विशेषत: निजहरूको प्रतिकारको तयारी र प्रस्तुतिलगायतका कानुनी कारबाहीका सम्पूर्ण पक्षहरूबाट फाइदा लिन पाउने अधिकार । उचित र सम्भव भएसम्म न्यायिक कारबाही र संस्थागत प्रतिस्थापन सकभर

हुन नदिनु राज्यको दायित्व हुने । यदि राष्ट्रिय कानुन वा अन्य व्यावहारिक अन्तर्राष्ट्रिय लिखितहरूका प्रावधानहरू महासन्धिमा व्यवस्थित गरिएका भन्दा झन् उच्चस्तरका छन् भने ती उच्चस्तरलाई नै व्यवहारमा लागू गरिने सम्बन्धी व्यवस्था गरिएको ।

भाग २ (धारा ४२-४५): यस भागका प्रावधानहरूले मुख्यतया निम्न कुराहरूको बारे व्यवस्था गरिएको छः–

१) यस महासन्धिमा भएको अधिकारहरूबारे वयस्क तथा बालबालिका दुवै थरीलाई व्यापकरूपमा थाहा दिनुपर्ने राज्यको दायित्व ।

२) दश जना विशेषज्ञहरू भएको बाल अधिकारसँग सम्बन्धित एउटा समिति स्थापना हुने, त्यसले महासन्धिका राज्य पक्षहरूले गरेको अनुमोदनको २ वर्षपछि र त्यसपछि हरेक ५ वर्षमा बुझाउने प्रतिवेदनउपर विचार गर्ने । २० राष्ट्रहरूले यसमा अनुमोदन गर्नासाथ उक्त समिति खडा हुने र महासन्धि लागू हुने ।

३) राज्य पक्षहरूले आफ्नो प्रतिवेदनहरू जनसाधारणमा व्यापकरूपमा उपलब्ध गराउनुपर्ने ।

४) समितिले बाल अधिकारसम्बन्धी कुनै खास प्रश्नमा विशेष अध्ययनको लागि प्रस्ताव राख्न सक्ने र यसले गरेको मूल्याङ्कनसम्बन्धी राज्य पक्षका साथै संयुक्त राष्ट्रसङ्घको महासभालाई जानकारी दिने ।

५) महासन्धिको प्रभावशाली कार्यान्वयन र अन्तर्राष्ट्रिय सहयोगलाई प्रोत्साहन गर्नको निम्ति संयुक्त राष्ट्रसङ्घका विशिष्ट संस्थाहरू, संयुक्त राष्ट्रसङ्घीय बालकोष र राष्ट्रसङ्घका अन्य निकायहरू जस्तैः विश्व श्रम सङ्गठन, विश्व स्वास्थ्य सङ्गठन, युनेस्को, युनिसेफसमेत समितिको सभामा उपस्थित भई समितिलाई चाहिने उपयुक्त जानकारी दिन सक्ने र महासन्धिकै पूर्ण कार्यान्वयनमा सरसल्लाहको लागि यी संस्थाहरूलाई अनुरोध गर्न सकिने ।

भाग ३ (धारा ४६-५४ धारा): महासन्धिको यस भागमा महासन्धिलाई अनुमोदन गर्ने, महासन्धिको व्यवस्था लागू हुने र महासन्धिको संशोधनका सम्बन्धमा व्यवस्थाहरू गरिएका छन् ।

## (३) महासन्धिद्वारा प्रदत्त अधिकारहरू

- बालबालिकाको दीर्घ जीवन र विकासको अधिकार ।
- मानव अधिकारसम्बन्धी सम्पूर्ण अधिकारहरू बालबालिकाहरूलाई उपलब्ध हुने र उनीहरूलाई कुनै पनि किसिमको भेदभाव नगरिने ।
- बालबालिकाको सम्बन्धमा गरिने सम्पूर्ण क्रियाकलापहरूमा उनीहरूको उच्चत्तम हितको प्रत्याभूति गरिएको ।
- जन्मेदेखि नाम राख्न पाउने र राष्ट्रियता पाउने अधिकार ।

- बालबालिकाको सर्वोत्तम हितहरू विपरीत हुने अवस्थामा बाहेक आफ्नो आमाबाबुसँग बसोवास गर्ने अधिकार। आमा वा बाबु वा दुवैबाट छुट्टिएमा सम्पर्क राख्न पाउने अधिकार।
- पारिवारिक पुनर्मिलन हुन वा बाबुआमा र बालबालिकाको नाता कायम राख्नको निमित्त बालबालिकाले र निजका बाबुआमा कुनैले पनि मुलुक छाड्ने र आफ्नो मुलुकमा प्रवेश गर्ने अधिकार।
- बालबालिकालाई असर पार्ने कुनै पनि कुरा वा कार्यविधि सम्बन्धमा आफ्नो विचार प्रकट गर्न पाउने र त्यस विचारको उचित मान्यता पाउनुपर्ने अधिकार।
- अर्काको अधिकार हनन नहुने गरी जानकारी प्राप्त गर्ने वा दिने र आफ्नो विचार व्यक्त गर्ने बालबालिकाको अधिकार।
- अर्काको अधिकार उल्लङ्घन नहुने गरी अरूहरूसँग भेटघाट गर्न पाउने र सङ्घसंस्थामा भाग लिने वा खोल्न पाउने अधिकार।
- निजीपना परिवार, घर र पत्राचारमाथिको हस्तक्षेपबाट र गाली बेइज्जतिबाट सुरक्षित हुने अधिकार।
- समाजमा जतिसक्दो बढी स्वावलम्बन पाउने र पूर्ण एवम् सक्रिय जीवनयापन गर्न योग्य बनाउने उद्देश्यले विशेष स्याहार, शिक्षा र प्रशिक्षण पाउने अपाङ्ग भएका बालबालिकाको अधिकार।
- प्राथमिक र निवारक स्वास्थ्य स्याहार, जनस्वास्थ्य शिक्षा र न्यून बाल मृत्युदरलाई विशेष जोड दिँदै सम्भव भएसम्मको उच्चतमस्तरको स्वास्थ्यसम्बन्धी अधिकार र स्वास्थ्य र औषधोपचारसम्बन्धी सेवा प्राप्त गर्ने अधिकार।
- स्याहार, संरक्षण तथा उपचारका लागि राज्यको तर्फबाट राखिएका बालबालिकालाई त्यस्ता स्थानमा भएको बन्दोबस्तबारे नियमित मूल्याङ्कन हुनुपर्नेसम्बन्धी अधिकार।
- बालबालिकालाई सामाजिक सुरक्षासम्बन्धी सुविधा पाउने अधिकार।
- पर्याप्त जीवनस्तरको माध्यमबाट लाभान्वित हुने अधिकार।
- शिक्षा प्राप्त गर्ने अधिकार।
- अल्पसङ्ख्यक समुदाय र आदिवासी जनताको बालबालिकाहरूको आफ्नो संस्कृति मान्न पाउने र आफ्नो धर्म र भाषा प्रयोग गर्न पाउने अधिकार।
- आराम गर्ने, खेल्ने तथा साँस्कृतिक र कलात्मक गतिविधिहरूमा भाग लिने बालबालिकाको अधिकार।
- लागू पदार्थ र मनोसंदीपक पदार्थको प्रयोगबाट संरक्षण पाउने र यसको उत्पादन एवम् वितरणमा संलग्न गराउने कामबाट जोगिने बालबालिकाको अधिकार।
- बेश्यावृत्ति वा अश्लील चित्रणमा संलग्नतालगायतको यौनशोषण र दुर्व्यवहारबाट संरक्षण पाउने बालबालिकाको अधिकार।

- सबै प्रकारका यातना तथा शोषणहरूबाट संरक्षित हुने बालबालिकाको अधिकार ।
- आरोपित वा अपराधी मानिएका बालबालिकाहरूका सम्बन्धमा मानव अधिकारको आदर विशेषत: निजहरूको प्रतिकारको तयारी र प्रस्तुतिलगायतका कानुनी कारबाहीका सम्पूर्ण पक्षहरूबाट फाइदा लिन पाउने अधिकार ।

## (४) महासन्धिअन्तर्गत राज्यको दायित्व

महासन्धिले व्यक्तिगत एवम् समुदायलाई केन्द्रित गरी बाल अधिकारहरू प्रत्याभूत गरिएको छ । यी अधिकारको राज्यद्वारा सम्मान (अधिकारको उपभोगमा हस्तक्षेप नगर्ने दायित्व), संरक्षण (कसैको अधिकारको उपभोगमा हस्तक्षेप गर्न नपाउने कुरा सुनिश्चित गर्ने) र परिपूर्ति (अधिकार उपभोगका लागि आवश्यक सेवा र सुविधा प्रदान गर्ने) हुनुपर्ने गरी राज्यको दायित्व पनि तोकिएको छ । कुनै नागरिकले यस महासन्धिअन्तर्गतको कुनै अधिकारको दाबी गरेमा त्यस्तो अधिकारको प्रत्याभूति राज्यले गर्न सक्नुपर्दछ । महासन्धिअन्तर्गत राज्यको दायित्व सामान्यतया महासन्धिमा उल्लिखित अधिकारको आदर गर्ने, संरक्षण गर्ने र ती अधिकार परिपूर्ति गर्ने कुरासँग सम्बन्धित हुन्छ । बाल अधिकारसम्बन्धी महासन्धिअन्तर्गत राज्यका दायित्वहरू निम्नानुसार रहेका छन्:

- बाबुआमा वा अन्य जिम्मेवार मानिसहरूले बालबालिकाको हितमा काम नगरेमा राज्यले त्यस्ता बालबालिकालाई पर्याप्त स्याहार सम्भारको व्यवस्था गर्ने ।
- महासन्धिमा उल्लेखित अधिकारहरूलाई वास्तविकतारूपमा कार्यान्वयन गर्ने ।
- बाँच्न पाउने जन्मसिद्ध अधिकार र बालबालिकाका दीर्घ जीवन र विकासको सुनिश्चित गर्ने ।
- बालबालिकाको परिचयका आधारभूत कुराहरू (नाम, राष्ट्रियता र पारिवारिक सम्बन्ध) को संरक्षण गर्ने र आवश्यकताअनुसार पुन:स्थापना गर्ने ।
- बालबालिका राज्यको कामकारबाहीबाट बाबुआमाबाट अलग हुन गएमा तिनको सुनिश्चित राज्यले गर्ने ।
- बाबु आमा वा अन्य तेस्रो पक्षले गरेको बालबालिकाहरूको अपहरण वा विदेशमा रोक्ने काम निवारण गर्ने र ती समस्याहरूको समाधान गर्ने ।
- बालबालिकाको विचार, सद्विवेक र धर्मको स्वतन्त्रताको अधिकारलाई सम्मान गर्ने ।
- बालबालिकाहरूलाई नैतिक विकास र ज्ञान तथा मानिसहरूबीचको समझदारीमा हानि पुऱ्याउने सञ्चार सामग्रीबाट जोगाउनुपर्ने ।
- बाबुआमा वा बालबालिकाको स्याहारको निम्ति उत्तरदायी व्यक्तिहरूद्वारा हुने सबै प्रकारका दुर्व्यवहारबाट जोगाउने तथा यस सम्बन्धमा निवारक र उपचारका उपायहरू अपनाउने ।
- पारिवारिक वातावरणबाट वञ्चित बालबालिकालाई विशेष संरक्षण प्रदान गर्ने र उसको साँस्कृतिक पृष्ठभूमिलाई मध्यनजर राख्दै उपयुक्त वैकल्पिक पारिवारिक स्याहार अर्थात् संस्थागत स्याहार सेवाको व्यवस्था मिलाउनुपर्ने ।

- धर्मपुत्र लिने प्रक्रियालाई मान्यता वा अनुमति दिने प्रचलन भएको देशमा धर्मपुत्र/धर्मपुत्रीको रूपमा दिइएका बालबालिकाको सम्बन्धमा आवश्यक सबै बचाउका उपाय अपनाउने र सक्षम अधिकारीहरूले मात्र स्वीकृति दिन पाउने व्यवस्थाको सुनिश्चित गर्ने ।
- शरणार्थी बालबालिका वा शरणार्थी हुन खोजिरहेका बालबालिकालाई विशेष संरक्षण दिनुपर्ने र त्यसको संरक्षण र सहायता दिने संस्थाहरूलाई सहयोग गर्ने ।
- स्वास्थ्य र औषधोपचारसम्बन्धी सेवा प्रदान गर्ने हानिकारक परम्परागत प्रचलनहरूलाई उन्मूलन गर्ने दिशामा काम गर्ने ।
- कम्तीमा प्राथमिक शिक्षा अनिवार्य र नि:शुल्क गराउनुपर्ने ।
- स्वास्थ्य, शिक्षा वा विकासमा हानि पुग्ने प्रकारको काममा बालबालिकाहरूलाई लगाउनबाट संरक्षण गर्ने तथा रोजगारीको लागि न्यूनतम उमेरको हद तोक्ने र रोजगारीको शर्तहरू लागू गराउने ।
- बालबालिकाको बेचविखन, सौदावाजी र अपहरणलाई रोकथाम गर्न हरेक प्रयास गर्ने ।
- यातना, क्रूर व्यवहार वा सजाय, मृत्युदण्ड, आजीवन कारावास र गैरकानुनी गिरफ्तारी अथवा स्वतन्त्रताको अपहरणमा प्रतिबन्ध लगाउने ।
- बालबालिकालाई वयस्क बन्दीहरूबाट अलग राखिनुपर्ने, परिवारसँगको सम्पर्क र कानुनी तथा अन्य सहयोगको प्राप्ति सुनिश्चित गर्ने ।
- बालबालिकाको सन्दर्भमा लागू हुने मानवीय कानुनको आदर गर्न लगाउने र १५ वर्षमुनिका कुनै पनि बालबालिकालाई सशस्त्र लडाईमा प्रत्यक्ष भाग लिन नलगाउने वा सशस्त्र सेनामा भर्ति नगराउने र सशस्त्र सङ्घर्षबाट प्रभावित बालबालिकाको सुरक्षा तथा हेरचाहको सुनिश्चितता गर्ने ।
- सशस्त्र सङ्घर्ष, यातना, हेला, दुर्व्यवहार र शोषणका शिकार बनेका बालबालिकालाई आफ्नो पुनर्लाभ र सामाजिक पुनर्स्थापनाका लागि उपयुक्त उपचार दिलाउने ।
- आरोपित वा अपराधी मानिएका बालबालिकाहरूलाई सम्भव भएसम्म न्यायिक कारबाही एवम् संस्थागत प्रतिस्थापन सकभर हुन नदिने ।
- यदि राष्ट्रिय कानुन वा अन्य व्यावहारिक अन्तर्राष्ट्रिय लिखितहरूका प्रावधानहरू महासन्धिमा व्यवस्थित गरिएका भन्दा झन् उच्चस्तरका छन् भने ती उच्चस्तरलाई नै व्यवहारमा लागू गर्ने ।
- महासन्धिमा भएका अधिकारहरूबारे वयस्क तथा बालबालिका दुवै थरीलाई व्यापकरूपमा थाहा दिनुपर्ने ।
- राज्य पक्षहरूले आफ्ना प्रतिवेदनहरू जनसाधारणमा व्यापकरूपमा उपलब्ध गराउने ।
- महासन्धिमा स्वीकार गरिएका अधिकारहरूको कार्यान्वयन गर्न आफूले अवलम्बन गरेका उपायहरू तथा ती अधिकारहरूको उपभोगमा हासिल गरिएको

प्रगतिसम्बन्धी प्रतिवेदन सम्बन्धित राष्ट्रको हकमा महासन्धि लागू भएको मितिले दुई वर्षभित्र र त्यसपछि कम्तीमा प्रत्येक पाँच वर्षमा संयुक्त राष्ट्रसङ्घका महासचिवमार्फत् समितिमा पेश गर्ने ।

महासन्धिले सिर्जना गरेका दायित्व उपलब्ध स्रोतहरूको अधिकतम उपयोगका आधारमा यसको अधिकतम प्रयोग गरी पूरा गरिनुपर्दछ । यस दायित्वअन्तर्गत, नेपालले यी अधिकारहरूलाई पूरा गर्नेतर्फ जतिसक्दो शीघ्र र प्रभावकारीरूपमा ठोस तथा लक्षित कदमहरू चाल्नुपर्छ । यस्ता कदमहरूअन्तर्गत कानुनी, प्रशासकीय, आर्थिक, वित्तीय, शैक्षिक वा सामाजिक सुधारका विषय, कार्ययोजनाको तर्जुमा वा विभिन्न कार्यविधिहरूको स्थापना आदि पर्दछन् ।

## (५) अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि भएका प्रयासहरू (कानुनी, नीतिगत र संस्थागत)

बाल अधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि राज्यले थुप्रै नीतिगत एवम् संस्थागत प्रयास गरेको हुन्छ । नीतिगत व्यवस्थाअन्तर्गत बाल अधिकारसम्बन्धी संरक्षण तथा सम्वर्द्धनका लागि राज्यको प्रमुख नीतिको घोषणा देशको संविधानको माध्यमबाट गर्ने, उपरोक्त नीतिगत संवैधानिक व्यवस्थाको कार्यान्वयनको लागि अन्य क्षेत्रगत नीतिहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, त्यस्ता नीतिहरूको कार्यान्वयनको लागि कानुनी तथा संस्थागत संरचनाहरूको विकास गर्ने र ती संरचनाहरूलाई क्रियाशील तुल्याई बाल अधिकारसम्बन्धीको संरक्षण तथा सम्वर्द्धन गर्ने प्रयास गरिएको हुन्छ । कतिपय बाल अधिकारलाई नागरिकका मौलिक अधिकारको रूपमा पनि संविधानले नै मान्यता प्रदान गरेको हुन्छ ।

प्रस्तुत विषयमा नेपालको सन्दर्भलाई लिएर हेर्दा नेपालको अन्तरिम संविधान, २०६३ ले बाल अधिकारलाई मौलिक अधिकारको रूपमा समावेश गरी आफ्नो प्रगतिशील प्रकृति प्रस्तुत गरेको छ । अन्तरिम संविधानमा बालकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सक्ने व्यवस्था गरिएको छ । त्यस्तै निःशुल्क शिक्षा पाउने र प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुने व्यवस्था गरिएको छ । प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त हुने र प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमका शोषणविरुद्धको हक हुने व्यवस्था पनि संविधानमा गरिएको छ । संविधानअनुसार कुनै पनि नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न नपाइने व्यवस्था गरेको छ ।

नेपालमा बालबालिकाका हकहितका संरक्षणका निमित्त बालबालिकासम्बन्धी ऐन, २०४८ र बालबालिकासम्बन्धी नियमावली, २०५१ बनी कार्यान्वयनमा आएका छन् । त्यस्तै बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ तथा बालश्रम (निषेध र नियमित गर्ने)

नियमावली, २०६२ बनेका छन् । २०६३ सालमा बालन्यायका क्षेत्रमा छुट्टै बालन्याय (कार्यविधि) नियमावली, २०६३ कार्यान्वयनमा आएको छ । बाल अधिकारको संरक्षण तथा सम्वर्द्धनसँग सम्बन्धित कानुनी संरचनाको कुरा गर्दा माथि उल्लेख गरिएको संवैधानिक व्यवस्थाका अतिरिक्त विभिन्न कानुनहरू निर्माण भएको देखिन्छ । जस्तै–मुलुकी ऐन, २०२०, शिक्षा ऐन, २०२८, श्रम ऐन, २०४८, अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९, राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८, राष्ट्रिय महिला आयोग ऐन, २०६३, समाजकल्याण ऐन, २०४९, स्थानीय स्वायत्त शासन ऐन, २०५५ आदि । यसका अतिरिक्त संविधानले सर्वोच्च अदालतलाई मौलिक अधिकारको पालना र प्रचलनका लागि रिटलगायतका उपयुक्त आदेश जारी गर्ने अधिकार प्रदान गरेकोले यी अधिकारको निर्वाध उपभोगको लागि संवैधानिक सुनिश्चितता रहेको देखिन्छ ।

नेपाल सरकारले बाल अधिकार महासन्धिको कार्यान्वयनका सन्दर्भमा विभिन्न संस्थागत व्यवस्था गरेको छ । वि.सं. २०५२ सालमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको स्थापना, महिला तथा बालबालिका विभाग र मातहत जिल्ला कार्यालयहरू, केन्द्रीय तथा जिल्ला बालकल्याण समिति, समाजकल्याण परिषद्, जिल्लास्तरमा विभिन्न समितिहरू गठन गरिएका छन् भने सरकारी तथा गैरसरकारी क्षेत्रबाट बालगृहहरू सञ्चालन भइरहेका छन् । विभिन्न तहका अदालतहरू, राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय महिला आयोगबाट पनि बालबालिकाका अधिकार संरक्षण कार्यमा महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन् । त्यसैगरी संरचनागत व्यवस्थाको कुरा गर्दा मुलुकमा स्थापना र सञ्चालनमा रहेका विद्यालय तथा महाविद्यालयहरू, तालिम तथा प्रशिक्षण केन्द्रहरू, बाल अधिकार विषयसँग सम्बन्धित निकाय, कार्यालय, सङ्घ तथा संस्थाहरू आदिलाई लिन सकिन्छ । उदाहरणका लागि विभिन्न अस्पतालहरू, विभिन्न तहका विद्यालयहरू ।

## (६) सन्धि घरेलुकरणको प्रक्रिया र अवस्था

The Vienna Convention on the Law of Treaties, 1969 का अनुसार कुनै राज्य कुनै महासन्धिको पक्ष बनेपछि त्यस्तो पक्ष राज्य उक्त महासन्धिका व्यवस्था कार्यान्वयन गर्न बाध्य हुन्छ । आफू पक्ष बनेको महासन्धिले सिर्जना गरेका दायित्वहरू निर्वाह गर्न र त्यस्तो महासन्धिका व्यवस्थाहरू कार्यान्वयन गर्नका लागि राज्यले घरेलु उपायहरू अवलम्बन गरेको हुनुपर्दछ । यस्ता घरेलु उपायहरू राज्य स्वयम्ले निर्धारण गर्ने कुरा हो, यस सम्बन्धमा महासन्धिले कुनै कुरा बोलेको हुँदैन । महासन्धिका व्यवस्थाको घरेलुकरणको सम्बन्धमा चर्चा गर्दा विश्वमा दुईओटा प्रणाली प्रचलनमा रहेको पाइन्छ । पहिलो, महासन्धिको पक्ष बनेपछि त्यस्तो महासन्धिको व्यवस्था स्वत: घरेलु कानुनसरह मान्य हुन्छ । अन्य घरेलु कानुनहरू महासन्धिको व्यवस्थासँग बाझिएमा बाझिएको हदसम्म महासन्धिका व्यवस्था लागू हुन्छ । दोस्रो, महासन्धिको व्यवस्था स्वत: लागू नभई महासन्धिको कार्यान्वयनका लागि छुट्टै कानुन निर्माण गरी लागू गरिन्छ । त्यसैले राज्यले महासन्धिको व्यवस्था सिधैं लागू गर्न वा ती व्यवस्थाको कार्यान्वयनका लागि आवश्यकताअनुसार घरेलु कानुन निर्माण गर्न सक्दछ । यसका अतिरिक्त राज्यले

महासन्धिका व्यवस्थाहरू कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र कार्यान्वयन गर्ने, संस्थागत संरचनाको विकास गर्ने आदि उपायहरू पनि अवलम्बन गर्न सक्दछ ।

यससम्बन्धी नेपालको सन्दर्भलाई हेर्दा नेपाल सन्धि ऐन, २०४७ लाई प्रमुखरूपमा हेर्नुपर्दछ । यो ऐनले नेपाल राज्य वा नेपाल सरकारले हस्ताक्षर, अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गरी पक्ष बनेको कुनै सन्धि वा सम्झौताको कार्यान्वयनका सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ । यस ऐनको दफा ९ ले नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुने र त्यस सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुनसरह लागू हुने व्यवस्था गरेको छ । सोही दफामा नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिबाट नेपाल राज्य वा नेपाल सरकारउपर कुनै थप दायित्व वा भार पर्न जाने र त्यसको कार्यान्वयनको लागि कानुनी व्यवस्था गर्नुपर्ने रहेछ भने त्यस्तो सन्धि कार्यान्वयनको लागि नेपाल सरकारले यथासम्भव चाँडो कानुन बनाउने कारबाही चलाउनुपर्ने व्यवस्था गरिएको छ । यो कानुनी व्यवस्थालाई हेर्दा नेपाल पक्ष भएका महासन्धिअनुसारको दायित्व निर्वाह गर्न वा त्यस्तो महासन्धिको कार्यान्वयन गर्न कानुनी व्यवस्था गर्नुपर्ने र त्यसबाट मात्र महासन्धिको घरेलुकरणका प्रक्रिया पूरा हुने देखिन्छ । बाल अधिकारसम्बन्धी महासन्धिको प्रसङ्गलाई हेर्दा नेपालले सो महासन्धिले सिर्जना गरेका दायित्व निर्वाह गर्न थुप्रै कानुनी व्यवस्था गरेको पाइन्छ । उदाहरणका लागि मुलुकी ऐन, २०२०, बालबालिकासम्बन्धी ऐन, २०४८, श्रम ऐन, २०४८, बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६, अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९, राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८, राष्ट्रिय महिला आयोग ऐन, २०६३, समाजकल्याण ऐन, २०४९, आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९, स्थानीय स्वायत्त शासन ऐन, २०५५ आदि । यी कानुनी व्यवस्थालगायत यीअन्तर्गत बनेका नियमहरूले बाल अधिकारसम्बन्धीको प्रत्याभूतिको बाटो निश्चित गरेका छन् ।

### (७) सन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय प्रतिवेदनको अवस्था

बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ४४ मा व्यवस्था भएअनुसार प्रत्येक पक्ष राज्यले महासन्धिमा व्यवस्था गरिएका अधिकारहरूको प्रत्याभूतिको लागि अवलम्बन गरिएका उपायहरू तथा ती अधिकारहरूको उपभोगमा हासिल गरिएको प्रगतिसम्बन्धी प्रतिवेदन सम्बन्धित राष्ट्रको हकमा पहिलो पटकका लागि महासन्धि लागू भएको मितिले दुई वर्षभित्र र त्यसपछि कम्तीमा प्रत्येक पाँच-पाँच वर्षमा संयुक्त राष्ट्रसङ्घका महासचिवमार्फत् सम्बन्धित समितिसमक्ष पेश गर्नुपर्दछ । सोही व्यवस्थाअनुसार नेपालले सन् १९९२ मा प्रारम्भिक प्रतिवेदन बुझाउनुपर्ने थियो । तर नेपालले समयमा उक्त प्रतिवेदन बुझाउन सकेन । १० अप्रिल १९९५ मा मात्र नेपालले आफ्नो प्रारम्भिक प्रतिवेदन पेश गरेको देखिन्छ । महासन्धिको पक्ष भएपछि पेश गरेको सो प्रारम्भिक प्रतिवेदनउपर २९-३० मे सन् १९९६ मा बाल अधिकारसम्बन्धी समितिमा छलफल

भएको थियो। महासन्धिको व्यवस्थाअनुसार नेपालले दोस्रो आवधिक प्रतिवेदन १३ अक्टोवर १९९७ मा बुझाउनुपर्ने भए पनि करिब आठवर्ष पछि ४ मार्च २००३ मा पेश गरेको दोस्रो आवधिक प्रतिवेदन समितिको २० मे सन् २००५ मा बसेको बैठकमा पेश भई ३ जुन २००५ मा बसेको बैठकबाट उक्त प्रतिवेदनका सम्बन्धमा Concluding observation जारी भएको थियो। सो अवसरमा समितिले नेपालले पेश गर्नुपर्ने आवधिक प्रतिवेदनहरू समयमै नबुझाएकोले १३ मार्च २०१० भित्र तेस्रो, चौथो र पाँचौं प्रतिवेदनहरूलाई संयुक्तरूपमा बुझाउन निर्देशन गरेको थियो। सो निर्देशनबमोजिम नेपालले पेश गरेको तेस्रो, चौथो र पाँचौ संयुक्त प्रतिवेदनउपर हालसम्म समितिमा छलफल नभएको देखिन्छ।

## (८) महासन्धि कार्यान्वयनबाट हुने उपलब्धिहरू

बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को कार्यान्वयनबाट बालबालिकाहरूको अधिकारको प्रत्याभूति हुने मात्र नभई ती अधिकारहरूको सम्मान, संरक्षण र परिपूर्ति गर्न सरकारलाई बल मिल्ने देखिन्छ। महासन्धिको कार्यान्वयनबाट बालबालिकाले बाल अधिकारको निर्वाध उपभोग गर्न पाउने अवस्था सिर्जना हुन्छ। यी अधिकारहरूको उल्लङ्घन भएको अवस्थामा घरेलु तथा अन्तर्राष्ट्रिय उपचारको अधिकार पनि सुरक्षित हुन्छ। महासन्धिको प्रावधानहरूको घरेलुकरणको प्रक्रियाबाट यो महासन्धिले प्रत्याभूत गरेका अधिकारहरू नेपाली बालबालिकाहरूले समेत उपभोग गर्न पाउने स्थिति सिर्जना भएको छ।

## (९) महासन्धिको कार्यान्वयनमा देखिएका चुनौती र समस्याहरू

प्रत्येक राज्यका लागि बाल अधिकारको संरक्षण, सम्वर्द्धन र पुनर्स्थापन गर्नु एउटा चुनौतीपूर्ण कार्य भए पनि बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ ले पक्ष राज्यलाई महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ। तथापि यी अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने काम पक्ष राज्यका लागि भने सजिलो छैन। आजकल अदालतले निर्णय दिने क्रममा बाल अधिकारलाई पनि अन्य अधिकारसरह मौलिक अधिकारको रूपमा लिई राज्य पक्षलाई यस्ता अधिकारको संरक्षण र सम्वर्द्धन गर्न आदेश दिने गरेको पाइन्छ। नेपालको सन्दर्भमा पनि कतिपय मुद्दामा अदालतले राज्यलाई कानुन निर्माण गरी यी अधिकारको सुनिश्चितता गर्न आदेश दिएको देखिन्छ। यसरी हुने आदेश कार्यान्वयन गर्नु राज्य पक्षको जिम्मेवारी र कर्तव्य भए पनि यसको सही समयमा कार्यान्वयन हुन नसक्दा यी अधिकारको संरक्षणको प्रश्न र अदालतबाट भएका आदेशको कार्यान्वयनको प्रश्न जटिल बन्ने गरेको छ। बालबालिकाको विकास र संरक्षणको क्षेत्रमा देखिएका मुख्य समस्याहरूमा:

- बालबालिकासम्बन्धी विषयले राष्ट्रिय प्राथमिकता नपाउनु,
- बालबालिकासम्बन्धी क्षेत्रमा कार्यरत संस्थाको संस्थागत क्षमता कमजोर हुनु,
- बालबालिकासम्बन्धी कार्यमा समन्वयको अभाव हुनु,
- उपलब्ध स्रोत र साधनको पर्याप्त र उचित व्यवस्थापन गर्न नसक्नु।

यसका साथै देशमा विद्यमान गरीबीले पनि बालबालिकाको हक अधिकारको संरक्षण र उपयोगमा समस्या थपेको छ । देशको भौगोलिक अवस्थाले बालबालिकासम्बन्धी चेतना अभिवृद्धि गर्ने कार्यमा समस्या उत्पन्न गरेको छ । सीमित स्रोत र साधनको अत्याधिक उपयोग गरी बालबालिकाको हक अधिकारको संरक्षण गर्ने, बालबालिकाका विकास गर्नु र बाल सहभागिता अभिवृद्धि गर्नु आजको चुनौती हो । विद्यमान बालबालिकासँग सम्बन्धित ऐन नियमहरूको प्रभावकारी कार्यान्वयन गर्ने र बालबालिकालाई विभेद गर्ने तथा बालबालिकाको विकासमा अवरोध सिर्जना गर्ने मौजुदा ऐन, नियम, कुरीति र परम्परालाई समयानुकूल संशोधन, खारेज र सुधार गर्नु आजको अपरिहार्य आवश्यकता भएको छ । केन्द्रदेखि समुदायसम्म बाल अधिकार र बाल विकासप्रति संवेदनशील बनाई सबैमा उत्तरदायित्व र स्वामित्वको बोध गराउन पनि उत्तिकै आवश्यकता छ । बालबालिकाका क्षेत्रमा कार्यरत संस्थाको संस्थागत क्षमता वृद्धि गर्नु पनि एक चुनौतीको विषयका रूपमा रहेको छ ।

### (१०) महासन्धिको कार्यान्वयनका लागि गर्नुपर्ने प्रयासहरू

नेपालको सन्धि ऐन, २०४७ को दफा ९ ले संसदबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनका लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुनसरह लागू हुनेछ भनी गरेको व्यवस्था हेर्दा महासन्धिका व्यवस्थाहरू नेपाल कानुनभन्दा उच्च हुन् कि भन्ने देखिन्छ । त्यसैले महासन्धिको पक्ष बनेपछि महासन्धिका प्रावधानहरू स्वत: लागू हुने अवस्था रहेको हो कि भन्ने पनि देखिएको छ । तर त्यो सही होइन । महासन्धिको व्यवस्थाहरू लागू हुनका लागि त्यसको कार्यान्वयन संयन्त्रको विकास गरिएको हुनुपर्दछ । महासन्धिको व्यवस्थालाई घरेलुकरण गरी कानुनी रूप दिएपछि मात्र यसका व्यवस्थाहरू प्रभावी हुन्छन् । त्यसैले महासन्धिद्वारा प्रत्याभूत गरिएका अधिकारहरूको सुनिश्चितताका लागि कानुन आवश्यक हुन्छ । त्यस्तो कानुन बनाएरमात्र हुँदैन । त्यसको प्रभावकारी कार्यान्वयन हुनु पनि उत्तिकै आवश्यक छ । प्रस्तुत महासन्धिले बालबालिकाको अधिकारहरूको प्रत्याभूति गरेकोले महासन्धिले व्यवस्था गरेका अधिकारहरूको व्यावहारिक प्रयोगको सुनिश्चितताका लागि भएका कानुनहरूमा आवश्यक परिमार्जन गरी त्यसको व्यावहारिक प्रयोग र कतिपय नयाँ कानुन निर्माण गरिनुपर्दछ । उदाहरणका लागि नेपालको बालबालिकासम्बन्धी ऐन, २०४८ ले बाल अधिकारको समग्र पक्षलाई समेट्न सकेको छैन । यसमा समसामयिक सुधार गरी नयाँ बालबालिकासम्बन्धी ऐन जारी गर्नु आवश्यक छ । विभिन्न कानुनहरूमा छरिएर रहेका बाल विकास र बाल अधिकारसँग सम्बन्धित विषयहरूलाई पनि एकीकृत गरी एउटै कानुनमा समेट्नु उपयुक्त हुन्छ । कतिपय अवस्थामा अदालतले आदेश गरेको भरमा अधिकार संरक्षित भइरहेको अवस्था पनि छ । त्यसैले यस्तो अवस्थाको अन्त्यका लागि राज्यले गम्भीररूपमा गृहकार्य गरी बालबालिकाको अधिकारको संरक्षणका लागि प्रभावकारी उपाय अवलम्बन गर्नु आवश्यक छ ।

# ५. सबै प्रकारको जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६

## (१) पृष्ठभूमि

**International Convention on the Elimination of All Forms of Racial Discrimination**

New York, 7 March 1966

**Entry into force** : 4 January 1969, in accordance with article 19.

**Registration** : 12 March 1969, No. 9464

**Status** : Signatories : 86. Parties : 175

**Note** : The Convention was adopted by the General Assembly of the United Nations in resolution 2106 (XX) of 21 December 1965.

सबै प्रकारको जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ संयुक्त राष्ट्रसङ्घीय महासभाले यसको प्रस्ताव नं. २१०६ ए (२०) बाट सन् १९६५ डिसेम्बर २१ मा जारी गरी हस्ताक्षर र अनुमोदनको लागि खुला गरेको थियो । यो महासन्धि धारा १९ को व्यवस्थाअनुसार सन् १९६९ जनवरी ४ का दिनदेखि लागू भएको हो ।

सन् १९६० मा विश्वका विभिन्न भागमा घटेको निश्चित भाषीहरूविरुद्ध लक्षित घटनाहरूको लगतै संयुक्त राष्ट्रसङ्घीय महासभाले एउटा प्रस्ताव पास गऱ्यो । जसद्वारा जातीय, धार्मिक वा राष्ट्रियरूपमा घृणा फैलाउने सबै कार्यको गम्भीररूपमा आलोचना गरियो । यस्ता कार्य संयुक्त राष्ट्रसङ्घीय बडापत्र, मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको विपरीत भएको भन्दै उक्त प्रस्तावको माध्यमबाट सदस्य राष्ट्रलाई त्यस्तो कार्य रोक्ने उपयुक्त संयन्त्रको विकास गर्न आव्हान गऱ्यो । पछि सन् १९६३ नोभेम्बर २० मा संयुक्त राष्ट्रसङ्घीय महासभाले सबै प्रकारको जातीय भेदभाव उन्मूलनसम्बन्धी घोषणापत्र पारित गऱ्यो । सोही दिन महासभाले आर्थिक तथा सामाजिक परिषद्लाई उच्च प्राथमिकताका साथ सबै प्रकारको जातीय भेदभाव उन्मूलनसम्बन्धी महासन्धिको मस्यौदा तयार गर्न भन्यो । सोही अख्तियारीबमोजिम महासन्धिको मस्यौदा तयार गर्ने कार्य भयो र सन् १९६५ डिसेम्बर २१ मा उक्त मस्यौदालाई महासभाले पारित गरी महासन्धिको रूप दियो । सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको नेपालले ३० जनवरी मे १९७१ तदअनुसार १७ माघ २०२७ मा सम्मिलन गरी पक्ष बनेको थियो ।

## (२) महासन्धिको प्रावधानहरू

सबै प्रकारको जातीय भेदभाव उन्मूलनसम्बन्धी महासन्धिमा प्रस्तावनासहित तीन भाग र पच्चीस धारा समावेश छन् ।

महासन्धिको प्रस्तावनामा महासन्धिका पक्ष राष्ट्रहरू संयुक्त राष्ट्रसङ्घको बडापत्र सबै मानव जातिमा अन्तर्निहित प्रतिष्ठा तथा समानताको सिद्धान्तमा आधारित भएको र संयुक्त राष्ट्रसङ्घका उद्देश्यहरूमध्ये जात, लिङ्ग, भाषा वा धर्मको आधारमा कुनै पनि भेदभाव नगरी सबैका लागि मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको विश्वव्यापी आदर तथा पालनाको प्रवर्द्धन गर्ने तथा प्रोत्साहन दिने उद्देश्य प्राप्तिका लागि सबै सदस्य राष्ट्रहरू सङ्घको सहयोगमा संयुक्त तथा छुट्टाछुट्टै कामकारबाही गर्ने प्रतिज्ञा गरेको, मानव अधिकारको विश्वव्यापी घोषणापत्रले सबै मानव जाति स्वतन्त्ररूपले जन्मन्छन् र प्रतिष्ठा एवम् अधिकारमा समान छन् तथा प्रत्येक व्यक्ति कुनै पनि किसिमको, खासगरी जाति, वर्ण वा उत्पत्तिको भेदभाव बिना सो घोषणापत्रमा उल्लिखित सम्पूर्ण अधिकार तथा स्वतन्त्रताहरूको हकदार छन् भन्ने घोषणा गरेको, सबै मानव जाति कानुनको अगाडि समान छन् तथा कुनै पनि भेदभावको प्रोत्साहनविरुद्ध कानुनको समान संरक्षणका हकदार रहेको, संयुक्त राष्ट्रसङ्घले जुनसुकै रूपमा र जहाँसुकै भए पनि उपनिवेशवाद र विखण्डन तथा सोसँग सम्बन्धित भेदभावका सम्पूर्ण व्यवहारहरूको निन्दा गरेको र १४ डिसेम्वर १९६० को औपनिवेशिक देशहरू तथा जनताहरूलाई स्वाधिनता प्रदान गर्नेसम्बन्धी घोषणापत्र (महासभाको प्रस्ताव १५१४ (१५)) ले त्यस्ता कुराहरूको शीघ्र तथा निशर्त अन्त्य हासिल गर्ने आवश्यकतालाई पुष्टि गरी निष्ठापूर्वक घोषणा गरेको, २० नोभेम्वर १९६३ को सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने (प्रस्ताव १९०४ (१८)) सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्रले विश्वभरि नै जातीय भेदभावका सम्पूर्ण तथा प्रकट रूपहरूलाई तीव्र गतिमा उन्मूलन गर्ने आवश्यकता तथा मानव जातिको मर्यादाको बोध एवम् सो प्रतिको आदर सुरक्षित गर्ने आवश्यकतालाई निष्ठापूर्वक प्रतिरक्षा गरेको, जातीय विभेदमा आधारित सर्वोच्चताको कुनै पनि सिद्धान्त वैज्ञानिकरूपले गलत, नैतिकरूपले निन्दनीय, सामाजिकरूपले अन्यायपूर्ण र खतरनाक भएको तथा सिद्धान्त वा व्यवहारका कुनै पनि स्थानमा जातीय भेदभावको औचित्य नभएको, जात, वर्ण र जातीय उत्पत्तिको आधारमा मानव जातिबीच गरिने भेदभाव राष्ट्रहरूबीचको मैत्रीपूर्ण तथा शान्तिपूर्ण सम्बन्धको एक बाधक भएको तथा जनताहरूबीचको शान्ति र सुरक्षा तथा एकै राष्ट्रभित्र पनि सँगै बसेका व्यक्तिहरूको सामञ्जस्यतामा समेत खलल पुऱ्याउन समर्थ भएको देखिएको, जातीय तगारोको विद्यमानता कुनै पनि मानव समाजको आदर्श विपरीत भएको कुरामा विश्वस्त भएर, विश्वका केही स्थानहरूमा जातिय विभेद अझै पनि प्रमाणको रूपमा देखिइरहेको तथा जातीय सर्वोच्चता वा घृणामा आधारित सरकारी नीतिहरू जस्तै रङ्गभेद, विखण्डन वा विभाजनवादी नीतिहरूबाट भयभीत भएर, जातीय भेदभावका सम्पूर्ण तथा प्रकटरूपलाई शीघ्ररूपमा उन्मूलन गर्न आवश्यक सम्पूर्ण उपायहरू अवलम्बन गर्न तथा जातीहरूबीच समझदारी प्रवर्द्धन गर्ने र सबै किसिमका जातीय विखण्डनवाद तथा जातीय भेदभावबाट

मुक्त अन्तर्राष्ट्रिय समुदाय निर्माण गर्ने उद्देश्यले जातीय सिद्धान्त तथा व्यवहारहरू रोकथाम गर्न र त्यस्ता सिद्धान्त तथा व्यवहारविरुद्ध लडाइँ गर्न दृढ भएर, अन्तर्राष्ट्रिय श्रम सङ्गठनबाट सन् १९५८ मा ग्रहण गरिएको रोजगार तथा पेशाव्यवसायका सम्बन्धमा भेदभावसम्बन्धी महासन्धि तथा संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक सङ्गठनबाट सन् १९६० मा ग्रहण गरिएको शिक्षामा भेदभावविरुद्धको महासन्धिलाई मनन गर्दै सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्रमा अन्तर्निहित सिद्धान्तहरूको कार्यान्वयन गर्ने तथा सो लक्ष्य प्राप्तिका लागि व्यावहारिक उपायहरूको शीघ्र अवलम्बन गर्न इच्छुक हुँदै यो महासन्धि जारी गर्न सहमत छन् भनिएको छ ।

यस महासन्धिका अन्य व्यवस्थाहरू सङ्क्षेपमा निम्नबमोजिम रहेको देखिन्छः-

भाग १ (धारा १–७): महासन्धिको यो भागमा जातीय भेदभावको परिभाषा गर्दै पक्ष राज्यलाई सबै प्रकारका जातीय भेदभाव अन्त गर्न प्रतिबद्ध हुन र सबै जातिहरूबीच समझदारी अभिवृद्धि गर्न दायित्व सिर्जना गरिएको छ । त्यसैगरी, नागरिकहरूको बीचमा जातीयताका आधारमा भेदभाव नगर्न, जातीयताको वकालत नगर्न, आफ्नो क्षेत्रभित्र जातीय भेदभावलाई निषेध गर्न पक्ष राज्यलाई निश्चित दायित्व सिर्जना गरेको छ । पक्ष राज्यलाई उनीहरूको घरेलु कानुन र नीतिहरूको पुनरावलोकन गरी ती कानुन र नीतिहरूमा जातीयताका आधारमा कुनै किसिमको भेदभाव नहुने कुराको सुनिश्चितता गर्न र त्यसका लागि त्यसरी भेदभाव गर्ने खालका कानुन र नीतिको आवश्यकताअनुसार खारेज गर्न वा संशोधन गर्न प्रतिबद्ध हुन दायित्व सिर्जना गरेको छ । यसै भागमा भेदभाव उन्मूलन गर्नुपर्ने निश्चित क्षेत्रहरूका बारेमा पनि उल्लेख छ । घृणा र द्वेष फैलाउने खालका भाषणलाई कानुनी प्रतिबन्ध लगाउन र जातीय सङ्गठनको सदस्यता लिने कार्यलाई अपराधीकरण गर्न पनि पक्ष राज्यको दायित्व हुने गरी व्यवस्था गरेको छ ।

भाग २ (धारा ८–१६): महासन्धिको यस भागमा जातीय भेदभाव उन्मूलनसम्बन्धी समितिको व्यवस्था गर्दै यसको कामकारबाहीका बारेमा उल्लेख गरिएको छ । जसअनुसार पक्ष उच्च नैतिक अडान तथा निष्पक्ष स्वीकार गरिएका आफ्नो व्यक्तिगत क्षमताका आधारमा काम गर्न सक्ने समन्यायिक भौगोलिक विभाजन र विभिन्न सभ्यताको साथै मुख्य-मुख्य कानुनी प्रणालीको प्रतिनिधित्वलाई ध्यानमा राखी पक्ष राज्यद्वारा आफ्ना नागरिकमध्येबाट चार वर्षका लागि निर्वाचित १८ जना विशेषज्ञहरू समितिको सदस्यको रूपमा रहनेछन् । पक्ष राज्यले आफूले महासन्धिको कार्यान्वयनका लागि गरेका व्यवस्थापकीय, न्यायिक, प्रशासनिक वा अन्य उपायहरूसम्बन्धी प्रतिवेदन महासन्धिको पक्ष बनेको पहिलो पटकका लागि एक वर्षभित्र र त्यसपछि प्रत्येक दुई-दुई वर्षमा महासचिवमार्फत् समितिमा पठाउनुपर्ने र समितिले त्यसरी प्राप्त भएको प्रतिवेदनको पुनरावलोकन गरी आफ्नो सिफारिस पक्ष राज्यसमक्ष पठाउने व्यवस्था समेत महासन्धिमा गरिएको छ । कुनै पक्ष राज्यले महासन्धिका व्यवस्थालाई कार्यान्वयन नगरेको भन्ने सम्बन्धमा अर्को कुनै पक्ष राज्यले समितिको ध्यान आकर्षित गराउन सक्ने, समितिले

आवश्यक ठानेको जानकारी प्राप्त गर्न आयोग गठन गर्न सक्ने र कुनै पक्ष राज्यले कुनै व्यक्ति वा व्यक्तिहरूको समूहको महासन्धिमा उल्लिखित अधिकार उल्लङ्घन भएको भन्ने सम्बन्धमा पीडितको व्यक्तिगत उजुरी स्वीकार गरी त्यस उपर छानबिन गर्न सक्ने समेतको व्यवस्था महासन्धिमा छ ।

भाग ३ (धारा १७–२५): महासन्धिको यस भागमा महासन्धिको अनुमोदन, आरक्षणसम्बन्धी व्यवस्था, महासन्धिको परित्याग, व्याख्या, पुनरावलोकन आदिका सम्बन्धमा उल्लेख गरिएको छ ।

### (३) सन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय प्रतिवेदनको अवस्था

सबै प्रकारको जातीय भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९६५ को धारा १९ मा व्यवस्था भएअनुसार प्रत्येक पक्ष राज्यले महासन्धिमा व्यवस्था गरिएका प्रावधानहरूको कार्यान्वयनका लागि अवलम्बन गरिएका उपायहरू तथा त्यस सम्बन्धमा हासिल गरिएको प्रगतिसम्बन्धी प्रतिवेदन सम्बन्धित राष्ट्रको हकमा पहिलो पटकका लागि महासन्धि लागू भएको मितिले एक वर्षभित्र र त्यसपछि कम्तीमा प्रत्येक दुई-दुई वर्षमा संयुक्त राष्ट्रसङ्घका महासचिवमार्फत् सम्बन्धित समितिसमक्ष पेश गर्नुपर्दछ । सोही व्यवस्थाअनुसार नेपालले ३० जनवरी १९७१ मा महासन्धिको पक्ष भएपछि नियमितरूपमा प्रतिवेदन पेश गर्नुपर्नेमा त्यसो हुन सकेको छैन । सन् १९७२ देखि प्रतिवेदन पेश गर्न थालेको नेपालले १३ अगष्ट सन् १९९८ मा नेपालको नवौँदेखि तेह्रौँसम्मको संयुक्त प्रतिवेदन पेश भई सो उपर समितिमा छलफल भएको थियो । त्यसपछि सन् १९९८ मा नै पेश गर्नुपर्ने चौधौँ प्रतिवेदन ९ र १८ अगष्ट सन् २००० मा मात्र समितिमा छलफल भएको थियो । त्यसैगरी सन् २००० र २००२ मा पेश गर्नुपर्ने पन्ध्रौँ र सोह्रौँ प्रतिवेदन संयुक्तरूपमा ४ र ५ मार्च सन् २००४ मा मात्र समितिसमक्ष पेश भएको थियो । त्यसपछि प्रत्येक २ वर्षमा पेश गर्नुपर्ने सत्रौँदेखि एक्काइसौँ प्रतिवेदनहरू हालसम्म पेश हुन सकेको छैन । यो महासन्धिअन्तर्गत नेपालको आवधिक प्रतिवेदनसम्बन्धी अवस्था देहायबमोजिम रहेको देखिन्छ:

| CERD | Due | Received | Examined |
|---|---|---|---|
| *Initial* | 01-Mar-72 | 18-May-72<br>CERD/C/R.33/Add.2 | 18-Aug-72 |
| *Supplementary report* | 01-Jun-73 | 19-Aug-73 | 19-Aug-73 |
| *Second periodic* | 01-Mar-74 | 19-Jun-74<br>CERD/C/R.65/Add.2 | 19-Aug-74 |
| *Third periodic* | 01-Mar-76 | 06-Jul-77<br>CERD/C/R.88/Add.10 | 22-Mar-78 |
| *Fourth periodic*[1] | 01-Mar-78 | 25-Jun-81<br>CERD/C/65/Add.6 | 03-Mar-82 |

| CERD | Due | Received | Examined |
|---|---|---|---|
| *Fifth periodic*[1] | 01-Mar-80 | 25-Jun-81 CERD/C/65/Add.6 | 03-Mar-82 |
| *Sixth periodic*[2] | 01-Mar-82 | 12-Feb-86 CERD/C/148/Add.1 | 09-Mar-87 |
| *Seventh periodic*[2] | 01-Mar-84 | 12-Feb-86 CERD/C/148/Add.1 | 09-Mar-87 |
| *Eighth periodic*[2] | 01-Mar-86 | 12-Feb-86 CERD/C/148/Add.1 | 09-Mar-87 |
| *Ninth periodic*[3] | 01-Mar-88 | 05-May-97 CERD/C/298/Add.1 | 13-Aug-98 |
| *Tenth periodic*[3] | 01-Mar-90 | 05-May-97 CERD/C/298/Add.1 | 13-Aug-98 |
| *Eleventh periodic*[3] | 01-Mar-92 | 05-May-97 CERD/C/298/Add.1 | 13-Aug-98 |
| *Twelfth periodic*[3] | 01-Mar-94 | 05-May-97 CERD/C/298/Add.1 | 13-Aug-98 |
| *Thirteenth periodic*[3] | 01-Mar-96 | 05-May-97 CERD/C/298/Add.1 | 13-Aug-98 |
| *Fourteenth periodic* | 01-Mar-98 | 18-Mar-99 CERD/C/337/Add.4 | 09-Aug-00 |
| *Fifteenth periodic4* | 01-Mar-00 | 29-Apr-03 CERD/C/452/Add.2 | 04-Mar-04 |
| *Sixteenth periodic*[4] | 01-Mar-02 | 29-Apr-03 CERD/C/452/Add.2 | 04-Mar-04 |
| *Seventeenth periodic* | 01-Mar-08[5] | | |
| *Eighteenth periodic* | 01-Mar-08[5] | | |
| *Nineteenth periodic* | 01-Mar-08[5] | | |
| *Twentieth periodic* | 01-Mar-10 | | |
| *Twenty-first periodic* | 01-Mar-12 | | |

1 The fourth and fifth periodic reports were submitted together as one document.

2 The sixth, seventh and eighth periodic reports were submitted together as one document.

[3] The ninth, tenth, eleventh, twelfth and thirteenth periodic reports were submitted together as one document.

[4] The fifteenth and sixteenth periodic reports were submitted together as one document.

[5] In its concluding observations adopted on 12 March 2004, the Committee on the Elimination of Racial Discrimination recommended that the State party submit its seventeenth, eighteenth and nineteenth periodic reports combined in one document, due on 1 March 2008.

## (४) महासन्धिअन्तर्गतको सरकारको अन्तर्राष्ट्रिय दायित्व

यो महासन्धिको कार्यान्वयनको सुनिश्चितताका लागि राज्यले थुप्रै नीतिगत एवम् संस्थागत प्रयास गरेको हुनु आवश्यक छ । नीतिगत व्यवस्थाअन्तर्गत कसैका विरुद्धमा कुनै प्रकारको जातीय भेदभाव हुन नपाउने गरी नागरिकको अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि राज्यको प्रमुख नीतिको घोषणा देशको संविधानको माध्यमबाट गर्ने, उपरोक्त नीतिगत संवैधानिक व्यवस्थाको कार्यान्वयनको लागि अन्य क्षेत्रगत नीतिहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, त्यस्ता नीतिहरूको कार्यान्वयनको लागि कानुनी तथा संस्थागत संरचनाहरूको विकास गर्ने र ती संरचनाहरूलाई क्रियाशील तुल्याई यातना नदिने कुराको सुनिश्चितता गर्ने, यदि भइहालेमा पीडित व्यक्तिको अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्ने प्रयास गरिएको हुनु आवश्यक छ । जातीय भेदभावबाट पीडित व्यक्तिले अन्य नागरिकसरह समानरूपमा अधिकारको उपभोग गर्न पाउने अवस्थाका बारेमा महासन्धिमा व्यवस्था गरिएकोले त्यसको कार्यान्वयनका लागि पनि राज्य इमान्दार हुनु आवश्यक छ ।

नेपाल यो महासन्धिको पक्ष बनेकोले नेपाल सरकार जातीय भेदभाव तथा छुवाछुतलाई निषेध गर्ने उपायहरू अवलम्बन गर्न बाध्य छ । अभेदभाव र समानता अन्तर्राष्ट्रिय मानव अधिकार कानुनका आधारमूत सिद्धान्तहरू हुन् । यी सिद्धान्तहरू प्रत्येक सभ्य राज्यका लागि बाध्यकारी छन् । राजनीतिक तथा नागरिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिलगायत मानव अधिकारसम्बन्धी विभिन्न दस्तावेजहरूले आफ्नो भूभागमा रहेका व्यक्तिहरू अविभेद र समानताको अधिकारलाई सुनिश्चितता प्रदान गरेका छन् । यी दस्तावेजहरूले यसका पक्ष राज्यहरूलाई कुनै पनि प्रकारको भेदभाव बिना आफ्नो भूभागमा रहेका सबै व्यक्तिहरूको अधिकारको सम्मान तथा संरक्षण गर्नुपर्ने दायित्व सुम्पेका छन् ।

यसैक्रममा नेपाल सन् १९७१ मा सबै प्रकारका जातीय भेदभावहरूको उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र बनेकोले नेपालमा कुनै पनि प्रकारको जातीय भेदभाव नहुने कुराको प्रत्याभूति गर्न नेपाल सरकार बाध्य रहेको छ । महासन्धिले सरकारलाई सबै प्रकारका जातीय भेदभावलाई गैरकानुनी घोषणा गर्ने कानुन बनाउने; आवास, शिक्षा

तथा रोजगारीमा विभेदकारी अभ्यासहरू हुन नदिने, त्यस्तो कार्यलाई निषेध तथा उन्मूलन गर्ने; र कुनै पनि स्थल तथा सर्वसाधारणको लागि उपलब्ध सार्वजनिक सेवामा पहुँचको अधिकारलाई सुरक्षित गर्नेलगायतका आवश्यक उपाय अवलम्बन गर्ने बाध्यकारी दायित्व सुम्पेको छ ।

जातीय आधारमा घृणा वा द्वैष फैलाउनेलगायत जातीय भेदभावसम्बन्धी सबै कामलाई अपराधीकरण गर्न उक्त महासन्धिले सरकारलाई निर्देश गरेको छ । महासन्धिले पीडक सर्वसाधारण व्यक्ति वा राज्यका अधिकारी जोसुकै भए पनि पीडितलाई न्यायिक उपचार तथा क्षतिपूर्तिसहितको परिपूरण सुनिश्चित गर्न सरकारलाई थप बाध्य तुल्याएको छ । यो महासन्धिले पीडितलाई पनि पीडकका विरुद्धमा भएका फौजदारी अथवा अन्य त्यस्तैखाले कार्यविधिहरूमा कुनै पनि प्रकारको डर, त्रास वा बदला बिना पर्याप्त संरक्षणसहित सहभागी बन्न पाउने अधिकार सुनिश्चित गरेको छ । यसप्रति पनि पक्ष राज्यको हैसियतले सरकार संवेदनशील हुनु आवश्यक छ ।

## (५) महासन्धिको घरेलुकरण र राष्ट्रिय कानुन

नेपाल यो महासन्धिको पक्ष राज्य बनेको धेरै भइसक्यो । महासन्धिको पक्ष बनिसकेपछि अन्तर्राष्ट्रियरूपमा सिर्जना हुने दायित्व निर्वाह गर्नु पक्ष राज्यको कर्तव्य हुन्छ । The Vienna Convention on the Law of Treaties, 1969 का अनुसार कुनै राज्य कुनै महासन्धिको पक्ष बनेपछि त्यस्तो पक्ष राज्य उक्त महासन्धिका व्यवस्था कार्यान्वयन गर्न बाध्य हुन्छ । आफू पक्ष बनेको महासन्धिले सिर्जना गरेका दायित्वहरू निर्वाह गर्न र त्यस्तो महासन्धिका व्यवस्थाहरू कार्यान्वयन गर्नका लागि राज्यले घरेलु उपायहरू अवलम्बन गरेको हुनुपर्दछ । यस्ता घरेलु उपायहरू राज्य स्वयंले निर्धारण गर्ने कुरा हो, यस सम्बन्धमा महासन्धिले कुनै कुरा बोलेको हुँदैन । महासन्धिका व्यवस्थाको घरेलुकरणको सम्बन्धमा चर्चा गर्दा विश्वमा दुईओटा प्रणाली प्रचलनमा रहेको पाइन्छ । पहिलो, महासन्धिको पक्ष बनेपछि त्यस्तो महासन्धिको व्यवस्था स्वत: घरेलु कानुनसरह मान्य हुन्छ । अन्य घरेलु कानुनहरू महासन्धिको व्यवस्थासँग बाझिएमा बाझिएको हदसम्म महासन्धिका व्यवस्था लागू हुन्छ । दोस्रो, महासन्धिको व्यवस्था स्वत: लागू नभई महासन्धिको कार्यान्वयनका लागि छुट्टै कानुन निर्माण गरी लागू गरिन्छ । त्यसैले राज्यले महासन्धिको व्यवस्था सिधैँ लागू गर्न वा ती व्यवस्थाको कार्यान्वयनका लागि आवश्यकताअनुसार घरेलु कानुन निर्माण गर्न सक्दछ । यसका अतिरिक्त राज्यले महासन्धिका व्यवस्थाहरू कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र कार्यान्वयन गर्ने, संस्थागत संरचनाको विकास गर्ने आदि उपायहरू पनि अवलम्बन गर्न सक्दछ ।

यससम्बन्धी नेपालको सन्दर्भलाई हेर्दा नेपाल सन्धि ऐन, २०४७ लाई प्रमुखरूपमा हेर्नुपर्दछ । यो ऐनले नेपाल राज्य वा नेपाल सरकारले हस्ताक्षर, अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गरी पक्ष बनेको कुनै सन्धि वा सम्झौताको कार्यान्वयनका सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ । यस ऐनको दफा ९ ले नेपाल राज्य वा नेपाल

सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुने र त्यस सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुनसरह लागू हुने व्यवस्था गरेको छ । सोही दफामा नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिबाट नेपाल राज्य वा नेपाल सरकार उपर कुनै थप दायित्व वा भार पर्न जाने र त्यसको कार्यान्वयनको लागि कानुनी व्यवस्था गर्नुपर्ने रहेछ भने त्यस्तो सन्धि कार्यान्वयनको लागि नेपाल सरकारले यथासम्भव चाँडो कानुन बनाउने कारबाही चलाउनुपर्ने व्यवस्था गरिएको छ । यो कानुनी व्यवस्थालाई हेर्दा नेपाल पक्ष भएका महासन्धिअनुसारको दायित्व निर्वाह गर्न वा त्यस्तो महासन्धिको कार्यान्वयन गर्न कानुनी व्यवस्था गर्नुपर्ने र त्यसबाट मात्र महासन्धिको घरेलुकरणका प्रक्रिया पूरा हुने देखिन्छ ।

नेपालको मौजुदा कानुनले यो महासन्धिअन्तर्गतको अन्तर्राष्ट्रिय दायित्वलाई धेरै हदसम्म पूरा गरेको छ भन्न सकिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ ले जातिपातिका आधारमा कुनै पनि नागरिकविरुद्ध भेदभाव गरिने छैन भनी समानताको अधिकारलाई प्रत्याभूति गर्नुका साथै कुनै पनि प्रकारको छुवाछुतलाई निषेध गरी पीडकको दायित्वलाई स्थापित गर्दै पीडितलाई क्षतिपूर्तिको हकदार समेत बनाएको छ । अन्तरिम संविधानले जातिपातिको आधारमा कुनै पनि सार्वजनिक स्थल, वस्तु तथा सेवाहरूमा पहुँच प्राप्त गर्न वा तिनको प्रयोग गर्नबाट वञ्चित गर्ने कार्य तथा जातीय श्रेष्ठताको प्रोत्साहनलाई पनि निषेध गरेको स्थिति छ । अन्तरिम संविधानका अतिरिक्त, मुलुकी ऐन, २०२० ले "छुवाछुतको भेदभावपूर्ण व्यवहार"लाई अपराधीकरण गर्नुका साथै "जातिपातिको आधारमा कसैलाई पनि बहिष्कार गर्न वा बन्देज लगाउन नपाइने" व्यवस्था गरी त्यस्तो कार्य गरेमा जेल सजाय र/वा जरिवानाको व्यवस्था गरेको देखिन्छ ।

तर मुलुकी ऐनको व्यवस्था भेदभावपूर्ण अभ्यासहरूलाई वास्तविक अर्थमा रोक्न अपर्याप्त तथा प्रभावकारी सिद्ध हुन नसकेकोले यसका लागि महासन्धिअन्तर्गतको छुट्टै कानुन आवश्यक भएको महसुस धेरै अगाडिदेखि गरिँदै आएको हो । मुलुकी ऐनको प्रावधानमा भएको अस्पष्टताले गर्दा प्रहरी तथा सरकारी अधिकारीहरूले जातीय भेदभावपूर्ण कार्यलाई अपराधको रूपमा बिरलै लिई अनुसन्धान गर्ने गरेको धेरै कम उदाहरण पाइन्थ्यो । यसको सट्टामा यस्ता उजुरीहरूउपर अनौपचारिक मध्यस्थता वा मिलापत्र गरी उजुरीको किनारा लगाउने प्रचलन व्याप्त थियो । यसबाहेक कसुरको गम्भीरताअनुसार दण्डसजायको व्यवस्था पनि थिएन । मुद्दा दर्ताका लागि तोकिएको सीमित हदम्यादको व्यवस्था र संवैधानिक प्रावधानको विपरीत पीडितलाई कुनै पनि क्षतिपूर्ति उपलब्ध हुने अवस्था सिर्जना नहुनु पनि कानुनको कमजोरीका रूपमा रहेका थिए ।

यी सबै कमीकमजोरीसम्बन्धी कुराहरूलाई हटाउन र महासन्धि र संविधानको व्यवस्थालाई कार्यान्वयन गर्न हालै मात्र जातीय भेदभाव तथा छुवाछुतको कसुर र सजायको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन जारी गरिएको छ । "जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८" नाम रहेको यो ऐनले प्रत्येक व्यक्तिको अधिकार

र मानवीय मर्यादामा समान हुने सिद्धान्तलाई आत्मसात् गर्दै प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज वा अन्य कुनै नाममा जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा छुवाछुत तथा भेदभाव नहुने अवस्था सिर्जना गरी प्रत्येक व्यक्तिको समानता, स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको संरक्षण गर्न तथा कुनै पनि स्थानमा गरिने छुवाछुत, बहिष्कार, प्रतिबन्ध, निष्काशन, अवहेलना वा त्यस्तै अन्य मानवता विरोधी भेदभावजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई क्षतिपूर्तिको व्यवस्था गरी सर्वसाधारणबीच सुसम्बन्ध सुदृढ गरी राष्ट्रिय एकता अक्षुण्ण राखी समतामूलक समाजको सिर्जना गर्ने उद्देश्य लिएको देखिन्छ ।

यस ऐनले जातीय भेदभाव तथा छुवाछुत गर्न वा गराउन वा त्यस्तो कार्य गर्न कुनै प्रकारको मद्दत गर्न, दुरुत्साहन गर्न, उक्साउन वा त्यस्तो कार्यको उद्योग गर्न नहुने र यसको विपरीत कसैले कुनै कार्य गरेमा यो ऐनबमोजिमको कसुर गरेको मानिने व्यवस्था गरेको छ ।

त्यस्तै कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा (क) सार्वजनिक स्थानमा प्रवेश गर्न, उपस्थित हुन वा भाग लिन निषेध गर्ने वा कुनै किसिमले रोक, नियन्त्रण वा प्रतिबन्ध लगाउने, वा (ख) व्यक्तिगत वा सामूहिक रूपमा सार्वजनिक स्थान वा समारोहबाट निष्काशन, सामाजिक बहिष्कार वा कुनै प्रकारको भेदभाव गर्ने वा त्यस्तो कार्यमा प्रतिबन्ध लगाउने वा अन्य कुनै किसिमको असहिष्णु व्यवहार प्रदर्शन गर्ने जस्ता कार्य गरे वा गराएमा जातीय भेदभाव तथा छुवाछुत गरेको मानिने व्यवस्था गरेको छ ।

त्यसैगरी कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा सार्वजनिक सेवाको प्रयोग गर्न वा उपभोग गर्नबाट वञ्चित गर्न नहुने, सार्वजनिक समारोह आयोजना गर्न वा सार्वजनिकरूपमा आयोजना हुने कुनै कार्य गर्नबाट वञ्चित गर्न नहुने, जातीय छुवाछुत वा भेदभाव हुने कार्य गर्न कसैलाई भड्काउने, उक्साउने वा त्यस्तो कार्य गर्न दुरुत्साहन हुने कुनै कार्य गर्न वा त्यस्तो कुनै क्रियाकलापमा जानी-जानी सहभागी हुन नहुने, कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा कुनै पनि पेशा वा व्यवसाय गर्न प्रतिबन्ध वा रोक लगाउने वा कुनै पनि व्यक्तिलाई कुनै पेशा वा व्यवसाय गर्न बाध्य पार्न नहुने, कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा कुनै धार्मिक कार्य गर्नबाट वञ्चित गर्न वा गराउन र कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, बिक्री वा वितरण गर्नबाट रोक्न वा रोक लगाउन नहुने, कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, बिक्री वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्रीवितरण गर्ने गरी उत्पादन, बिक्री वा वितरण गर्न वा गराउन नहुने, जात वा जातिका आधारमा परिवारका कुनै सदस्यलाई बहिष्कार गर्ने, घरभित्र प्रवेश गर्न नदिने वा घर वा गाउँबाट निकाल्ने वा निस्कन बाध्य तुल्याउने कार्य गर्न वा गराउन नहुने, प्रचलित कानुनबमोजिम उमेर पुगेका वर-वधुबाट मञ्जुर भएको अन्तरजातीय विवाह गर्नबाट कुनै पनि व्यक्तिलाई जात, जाति, वंश वा समुदायका

आधारमा रोक लगाउन, त्यस्तो विवाहबाट जन्मिएका सन्तानको न्वारान नगराउन वा भइसकेको विवाह विच्छेद गराउन कुनै किसिमले कर गर्न वा गर्न लगाउन नहुने, कसैले श्रव्य-दृश्य सामग्री, लेखरचना, चित्र, आकार, कार्टुन, पोष्टर, पुस्तक वा साहित्यको प्रसारण, प्रकाशन वा प्रदर्शन गरेर वा अन्य कुनै तरिकाले कुनै जात, जाति वा उत्पत्तिका व्यक्तिको उचनीच दर्शाउने, जात, जातिका आधारमा हुने सामाजिक विभेदलाई न्यायोचित ठहऱ्याउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने, अपमानजनक शब्दको प्रयोग गर्ने वा आचरण, हाउभाउ वा व्यवहारबाट त्यस्तो सङ्केत गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले अभिवृद्धि गर्ने किसिमबाट उक्साउन वा दुरुत्साहन गर्न वा गराउन नहुने, जात, जाति, वंश वा समुदायका आधारमा कुनै पनि व्यक्तिलाई कुनै, प्रकारको श्रममा लगाउन इन्कार गर्ने वा श्रमबाट निष्काशन गर्ने वा पारिश्रमिकमा भेदभाव गर्न वा गराउन नहुने व्यवस्था पनि यो ऐनमा गरिएको छ।

यी व्यवस्थाका विपरीत कसैले कार्य गरेमा वा गर्न लागेको थाहा भएमा जोकोहीले नजिकको प्रहरी कार्यालयमा उजुर गर्न सक्ने व्यवस्था पनि ऐनमा छ। यससम्बन्धी उजुरी सम्बन्धित प्रहरी कार्यालयले दर्ता नगरेमा वा प्रचलित कानुनबमोजिम आवश्यक कारबाही नगरेमा सम्बन्धित व्यक्तिले सो कुराको उजुरी राष्ट्रिय दलित आयोग वा स्थानीय निकायमा समेत गर्न सक्ने गरी कानुनी व्यवस्था गरिएको छ।

कसैले जातीय भेदभाव तथा छुवाछुतको कसुर हुने कार्य गरेमा कसुर गर्ने व्यक्तिलाई तीन महिनादेखि तीनवर्षसम्म कैद वा एक हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजायसम्म हुन सक्ने कानुनी व्यवस्था पनि गरिएको छ। सार्वजनिक पद धारण गरेको व्यक्तिले यस्तो कसुर गरेमा निजलाई यो सजायमा पचास प्रतिशत थप सजाय हुने व्यवस्था पनि ऐनमा छ। यस ऐनअन्तर्गत सजाय हुने कसुरको अनुसन्धान वा तहकिकातको काममा कसैले बाधाविरोध गरेमा निजलाई अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीको प्रतिवेदनको आधारमा अदालतले कसुरदारलाई हुने सजायको आधा सजाय गर्न सक्ने व्यवस्था पनि गरिएको छ।

त्यसैगरी कसैले यस ऐनबमोजिमको कसुर गरेको ठहरिएमा त्यसरी ठहर गर्दा अदालतले कसुरदारबाट पीडितलाई पच्चीस हजार रूपैयाँदेखि एकलाख रूपैयाँसम्म क्षतिपूर्ति भराइदिन सक्ने र यो क्षतिपूर्तिबाहेक कसुरदारले पीडितलाई कुनै हानिनोक्सानी पुऱ्याएको रहेछ भने अदालतले सोको प्रकृतिको आधारमा उपचार खर्च वा थप हानिनोक्सानीको मनासिव रकम कसुरदारबाट पीडितलाई भराउने आदेश दिन सक्ने व्यवस्था पनि भएको छ। साथै यस ऐनअन्तर्गतको कसुरमा कसुर भए गरेको मितिले तीन महिनाभित्र मुद्दा दायर गर्नुपर्ने गरी हदम्यादको व्यवस्था र यस ऐनअन्तर्गतको मुद्दा सरकारवादी हुने र त्यस्तो मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानी मुद्दाको कारबाही र किनारा गर्दा सङ्क्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनुपर्ने गरी व्यवस्थासमेत गरिएको छ।

यस ऐनअन्तर्गत कसुर मानिने कुनै कार्य अन्य प्रचलित कानुनबमोजिम समेत कसुर हुने रहेछ भने त्यस्तो कसुरमा प्रचलित कानुनबमोजिम मुद्दा चलाई कारबाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको नमानिने र यस ऐनअन्तर्गतको मुद्दामा अनुसन्धान तथा तहकिकातको कार्यमा सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुने गरी व्यवस्था समेत भएको छ ।

### (६) सन्धि कार्यान्वयनबाट हुने उपलब्धिहरू

यो महासन्धिको कार्यान्वयनबाट जातीय भेदभावसम्बन्धी कार्यमा कमी आउनुका साथै यस्तो कार्यमा संलग्नलाई फौज्दारी कसुर गरेको मानी कारबाही र दण्डसजाय हुने अवस्था रहन्छ । साथै कदम्कदाचित कसैलाई जातीय भेदभाव भए तापनि त्यसरी भेदभाव गरिएको व्यक्ति र उसको परिवारका सदस्यहरूको अधिकारको प्रत्याभूति हुने मात्र नभई ती अधिकारहरूको सम्मान, संरक्षण र परिपूर्ति गर्न सरकारलाई बल मिल्दछ । यो महासन्धिको कार्यान्वयनको कारणबाट भेदभाव भएको व्यक्ति र उसको परिवारका सदस्यहरूले उसका लागि महासन्धिले प्रत्याभूति गरेका अधिकारको निर्वाध उपभोग गर्न पाउने र उसको उचित संरक्षणको अवस्था सिर्जना हुन्छ । यी अधिकारहरूको उल्लङ्घन भएको अवस्थामा घरेलु तथा अन्तर्राष्ट्रिय उपचारको अधिकार पनि सुरक्षित हुन्छ । महासन्धिले भेदभाव भएको व्यक्तिको सम्मान र क्षतिपूर्तिको समेत व्यवस्था गरेकोले यसबाट पीडित व्यक्तिको अधिकारको संरक्षण हुने कुरामा विश्वास गर्न सकिन्छ ।

### (७) महासन्धि कार्यान्वयनका प्रमुख चुनौतीहरू

- महासन्धिलाई ग्रहण गर्न र त्यसको प्रभावकारी कार्यान्वयन गर्न राज्यहरू उत्साहित नहुनु ।
- महासन्धिका व्यवस्थाहरू व्यावहारिकरूपमा कार्यान्वयन गर्न गाह्रो, अन्तर्राष्ट्रिय मापदण्डको घेराभन्दा बाहिर रहेको, बढी महत्वाकांक्षी हुनु ।
- धेरै मुलुकहरूले महासन्धिको प्रावधानप्रति चासो नदिनु ।
- महासन्धि कार्यान्वयन गर्न संरचनागत व्यवस्थाको कमी हुनु ।
- महासन्धिको कार्यान्वयनमा कतिपय मुलुकको संविधान र कानुन नै बाधक रहनु ।
- महासन्धिका व्यवस्थाहरूको गहिरो अध्ययन नहुनु साथै महासन्धिका व्यवस्थाहरूको गलत बुझाइ हुनु ।
- जातीय भेदभावसम्बन्धी विषय सरकारको प्राथमिकतामा नपर्नु ।
- भेदभाव गरिएको व्यक्तिको अधिकारप्रति बेवास्ता गर्ने प्रवृत्ति रहनु ।
- जातीय भेदभावको समस्यालाई गुपचुपरूपमा नै सुल्झाउन उपयुक्त हुने राज्यहरूको सोचाइ रहनु ।
- मानव अधिकारप्रतिको बुझाइमा कमी हुनु । मानव अधिकारलाई समग्रमा नहेरिनु । मानव अधिकार आफ्ना नागरिकको लागि मात्र हो भन्ने गलत सोचाई रहनु ।
- यस क्षेत्रमा अध्ययन, अनुसन्धानको कमी रहनु ।

### (८) सन्धिको कार्यान्वयनका लागि चाल्नुपर्ने कदम

यो महासन्धिले पक्ष राज्यलाई महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ। महासन्धिका व्यवस्थाहरूको सम्मान, संरक्षण र परिपूर्ति गर्ने काम पक्ष राज्यका लागि सजिलो छैन । नेपाल यो महासन्धिको पक्ष बनेको पनि धेरै भइसकेको छ। तर पनि महासन्धिअन्तर्गतको कानुन कार्यान्वयनको चुनौतीको सामना गर्न गाह्रो परिरहेको छ । त्यसैले महासन्धिको कार्यान्वयनका लागि कानुनको कार्यान्वयनलाई राज्यले प्राथमिकतामा राख्न सक्नुपर्दछ। यदि यसो हुन नसकेमा धेरै चुनौती आउन सक्नेतर्फ ख्याल राखी त्यसको निदानको उपाय सोच्नु जरुरी छ। मुख्यरूपमा महासन्धिमा व्यवस्था भएको जातीय भेदभावलाई फौजदारी कसुरको रूपमा लिई यस्तो कार्यलाई दण्डनीय बनाउने र जातीय भेदभावमा संलग्न जोकोहीलाई उसले गरेको आपराधिक कार्यको लागि जिम्मेवार बनाउने गरी हालै जारी भएको कानुनलाई प्रभावकारीरूपमा कार्यान्वयन गरी महासन्धिको पक्ष राज्यको दायित्व निर्वाह गर्नुपर्ने देखिन्छ। साथै महासन्धिका व्यवस्थाहरूबारे सबै सम्बद्ध निकाय तथा पदाधिकारी र आमनागरिकलाई सचेतना हुने किसिमबाट कार्यक्रम सञ्चालन गर्नु पनि उत्तिकै आवश्यक छ। त्यसैगरी महासन्धिको पक्ष राज्यको हैसियतबाट पेश गर्नुपर्ने आवधिक प्रतिवेदनलाई पनि प्राथमिकतामा राखी समयमै बुझाउनेतर्फ सरकार गम्भीर हुनु जरुरी छ।

## ६. महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९

### (१) पृष्ठभूमि

महिलाहरूको अधिकारको विषयले संयुक्त राष्ट्रसङ्घको स्थापनादेखि बढी महत्व पाउँदै आयो र त्यसपछि नै महिला अधिकारको संरक्षण र सम्वर्द्धनका लागि अन्तर्राष्ट्रियरूपमा थुप्रै प्रयासहरू हुँदै आएका छन्। संयुक्त राष्ट्रसङ्घको बडापत्रको प्रस्तावनामा नै मौलिक मानव अधिकार, मानवीयरूपमा व्यक्तिको मर्यादा र मूल्य एवम् महिला र पुरुषको समान हकमा विश्वास गर्ने कुरा उल्लेख गरिएको छ भने धारा-५५ मा लिङ्गका आधारमा भेदभाव नगरी सबैका निमित्त

**Convention on the Elimination of All Forms of Discrimination against Women**

New York, 18 December 1979

**Entry into force** : 3 September 1981, in accordance with article 27(1).

**Registration** : 3 September 1981, No. 20378

**Status** : Signatories : 99. Parties : 187

**Note** : The Convention was opened for signature at the United Nations Headquarters on 1 March 1980.

मानव अधिकार र मौलिक स्वतन्त्रताका लागि विश्वव्यापी सम्मान र तिनको पालना गर्ने कुरा उल्लेख गरिएको छ । वास्तवमा बडापत्रको यी व्यवस्थाहरू नै महिला अधिकारको प्रत्याभूतिका आधारशिला हुन् भन्न सकिन्छ । सन् १९४८ मा जारी भएको मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा पनि महिलाहरूको समान अधिकारको उल्लेख गर्दै जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीति वा अरू विचार र राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति वा अरू कुनै मर्यादाको आधारमा भेदभाव नगरी प्रत्येक व्यक्तिलाई घोषणामा उल्लिखित अधिकार र स्वतन्त्रताको अधिकार हुने व्यवस्था गरिएको छ । त्यस्तै जीउ मास्ने-बेच्ने तथा अरूद्वारा हुने बेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९, महिलाहरूको राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९५२, दासत्व, दास व्यापार र दासत्व समान संस्था र अभ्यासहरूको उन्मूलनसम्बन्धी पूरक महासन्धि, १९५६, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६, बाल अधिकारसम्बन्धी महासन्धि, १९८९, अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि नं. १६९, १९८९, बेइजिङ्ग घोषणा, १९९५, महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धिको स्वेच्छिक प्रोटोकल, १९९९, संयुक्त राष्ट्रसङ्घ, सुरक्षा परिषद्द्वारा पारित प्रस्ताव नं. १३२५, १८२०, २०००, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६, आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र, २००६ लगायत अन्य धेरै अन्तर्राष्ट्रिय तथा क्षेत्रीय दस्तावेजहरूमा महिला अधिकार सम्बन्धमा व्यवस्था भएको छ । तर यीमध्ये महिलाको हक अधिकारको संरक्षणका लागि महत्वपूर्ण अन्तर्राष्ट्रिय दस्तावेज महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ हो ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि संयुक्त राष्ट्रसङ्घीय महासभाले सन् १९७९ मा जारी गरेको महिलाहरूको अधिकारसम्बन्धी महासन्धि हो । यो महासन्धि महिलाहरूको अधिकारसम्बन्धी विषय समेटिएको अन्तर्राष्ट्रिय कानुन हो । यो महासन्धि ३ सेप्टेम्बर १९८१ देखि लागू भएको हो ।

### (२) **महासन्धिका प्रमुख व्यवस्थाहरू**

महासन्धिमा प्रस्तावनालगायत ६ भाग र ३० ओटा धारा छन् । प्रस्तावनामा संयुक्त राष्ट्रसङ्घको बडापत्र, मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अभिसन्धिलगायतका विभिन्न मानव अधिकारसम्बन्धी महासन्धि, संयुक्त राष्ट्रसङ्घीय प्रस्ताव, घोषणपत्र तथा सिफारिसहरूमा गरिएका भेदभावविरुद्ध र समानतासम्बन्धी प्रावधानको बावजुद पनि महिलामाथि हुने गरेको भेदभावको स्थिति कायम रहेको कुरालाई मनन गरी महिलाविरुद्ध हुने सबै प्रकारका भेदभावको उन्मूलन तथा उनीहरूको समानताको अधिकारलाई सुनिश्चित गर्न यो महासन्धि जारी गरिएको कुरा उल्लेख छ । महासन्धिमा रहेका अन्य व्यवस्थाहरूमा:

धारा- १: महिलाविरुद्धको भेदभाव भन्नाले राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक वा अन्य कुनै पनि विषयमा लिङ्गको आधारमा हुने कुनै पनि भेदभाव, वहिष्करण वा प्रतिबन्ध ।

धारा- २: महिलाविरुद्धका सबै प्रकारका भेदभावको अन्त्य तथा समान कानुनी संरक्षणसम्बन्धी अधिकार ।

धारा- ५: महिलाविरुद्धका पुरातनवादी मान्यता बदल्न पाउने, मातृत्व, बाल पोषण र विकासमा समान सहभागिताको अधिकार ।

धारा- ६: बेचविखन तथा वेश्यावृत्तिका लागि गरिने यौनशोषण विरुद्धको अधिकार ।

धारा- ७: महिलालाई सार्वजनिक र राजनीतिक जीवनमा पुरुषसरह समान सहभागितासम्बन्धी अधिकार हुने :

- सबै निर्वाचनमा मत दिन पाउने र निर्वाचनका लागि योग्य हुन पाउने अधिकार
- सार्वजनिक पद धारण गर्न पाउने र सार्वजनिक क्रियाकलापमा सहभागी हुन पाउने अधिकार
- गैरसरकारी संस्था, राजनीतिक सङ्गठन तथा अन्तर्राष्ट्रिय तहमा सहभागी हुने अधिकार

धारा- ८: अन्तर्राष्ट्रिय तहमा प्रतिनिधित्व र अन्तर्राष्ट्रिय सङ्गठनहरूको कार्यमा सहभागी हुने अधिकार

धारा- ९: महिलाको राष्ट्रियता (नागरिकता)का सम्बन्धमा निम्न अधिकार हुने:

- महिलालाई पुरुषसरह राष्ट्रियता (नागरिकता) प्राप्त गर्ने, परिवर्तन गर्ने वा धारण गर्ने समान अधिकार,
- विदेशीसँग विवाह भएको कारणबाट वा पतिले राष्ट्रियता परिवर्तन गरेको कारणबाट पत्नीको राष्ट्रियता स्वत: परिवर्तन नहुने अधिकार,
- पतिको राष्ट्रियता जे-जस्तो भए तापनि महिलालाई आफ्नो इच्छाअनुसारको राष्ट्रियता धारण गर्न पाउने अधिकार,
- सन्तानलाई राष्ट्रियता दिलाउने सम्बन्धमा पुरुषसरह महिलालाई समान अधिकार ।

धारा- १०: महिलालाई निम्नअनुसारको शिक्षाको अधिकार हुने:

- अध्ययन गर्ने र उपाधि पाउने अधिकार,
- सबै प्रकारका व्यावसायिक प्रशिक्षणको अधिकार,
- समान शैक्षिक वातावरणमा अध्ययन गर्न पाउने अधिकार,
- समान भौतिक सुविधासहितको शिक्षा पाउने अधिकार,
- छात्रवृत्तिसम्बन्धी अधिकार,
- पढाइ छाड्ने छात्राहरूको सक्रियरूपमा शैक्षिक कार्यक्रममा सहभागी हुन पाउने अधिकार,

- खेलकुद तथा शारीरिक शिक्षामा भाग लिन पाउने समान अवसरको अधिकार,
- परिवार नियोजनसम्बन्धी सूचना, सल्लाहलगायत परिवारको स्वास्थ्य तथा समृद्धि सुनिश्चित गर्न सहायक हुने शैक्षिक जानकारी पाउने अधिकार ।

धारा- ११: महिलालाई रोजगारीसम्बन्धी निम्न अधिकारहरू हुने:

- रोजगारीमा समान अवसरको अधिकार,
- रोजगारीको स्वतन्त्ररूपमा चयन गर्न पाउने अधिकार,
- सेवाका शर्त र सुरक्षासम्बन्धी अधिकार,
- समान पारिश्रमिक तथा सुविधाको अधिकार,
- सामाजिक सुरक्षाको अधिकार,
- कार्यस्थलमा स्वास्थ्य संरक्षणको अधिकार,
- पूरा तलबसहित प्रसूति बिदाको अधिकार,
- बाल-स्याहार सुविधा प्रणालीको उपभोगको अधिकार,
- गर्भवती महिलालाई हानिकारक कार्यमा लगाउन नपाउने अधिकार ।

धारा- १२: महिलाका स्वास्थ्यसम्बन्धी निम्न अधिकारहरू हुने:

- महिलाहरूलाई परिवार नियोजनसँग सम्बन्धित कुराहरू लगायत स्वास्थ्य र स्याहारसम्बन्धी सेवा बिना कुनै भेदभाव पुरुषसरह प्रदान गर्नुपर्ने,
- महिलालाई गर्भवती, प्रसूति र प्रसूतिपश्चात्को समयमा चाहिने आवश्यक सेवाहरू उपलब्ध गराउनुपर्ने,
- गर्भवती तथा स्तनपानको समयमा महिलालाई पर्याप्त पोषण उपलब्ध गराउन आवश्यक व्यवस्था गर्नुपर्ने ।

धारा- १३: आर्थिक तथा सामाजिक जीवनसम्बन्धी अधिकार

- पारिवारिक लाभ प्राप्त गर्ने अधिकार
- आर्थिक ऋण प्राप्त गर्ने अधिकार
- खेलकुद, मनोरञ्जन तथा साँस्कृतिक जीवनमा सहभागी हुन पाउने अधिकार

धारा- १४: ग्रामीण क्षेत्रमा बसोवास गर्ने महिलालाई प्राप्त हुने अधिकार :

- सबै तहका विकास योजनाहरूको विस्तार र कार्यान्वयनमा सहभागी हुन पाउने अधिकार,
- परिवार नियोजनका सूचना, सल्लाह र सेवालगायतका पर्याप्त स्वास्थ्य हेरचाह सुविधामा पहुँचको अधिकार,
- सामाजिक सुरक्षा कार्यक्रमबाट प्रत्यक्ष लाभ लिने अधिकार,
- औपचारिक तथा अनौपचारिक तालिम र शिक्षा प्राप्त गर्ने अधिकार,

- रोजगारीका लागि स्वावलम्बन समूहहरू तथा साझा संस्थाहरू गठन गर्न पाउने अधिकार,
- सामुदायिक क्रियाकलापहरूमा भाग लिन पाउने अधिकार,
- कृषि तथा भूमिसुधार सम्बन्धमा समान व्यवहार पाउने अधिकार,
- आवास, सरसफाइ, विद्युत, यातायात, खानेपानी तथा सञ्चारसम्बन्धी व्यवस्थाहरू उपभोग गर्न पाउने अधिकार ।

धारा- १५: राज्यद्वारा महिला र पुरुषबीचमा समानताको व्यवहार पाउने अधिकार

धारा- १६: महिलाहरूलाई विवाह र परिवारका सम्बन्धी अधिकारहरू:

- विवाह गर्ने समान अधिकार,
- आफ्नो जीवनसाथी स्वतन्त्ररूपले छान्न पाउने अधिकार,
- सम्बन्ध विच्छेदको अधिकार,
- सन्तान कति जन्माउने, कहिले जन्माउने भन्ने कुरा निर्धारण गर्न पाउने अधिकार,
- सन्तानको संरक्षकत्व ग्रहण गर्न पाउने अधिकार,
- पारिवारिक नाम, पेशा तथा वृत्ति छान्न पाउने अधिकार,
- सम्पत्तिको अधिकार ।

महासन्धिको धारा १७ मा महासन्धिको व्यवस्था कार्यान्वयनसम्बन्धी पक्ष राज्यबाट प्राप्त हुने प्रगति विवरणसहितको प्रतिवेदनको लेखाजोखा गर्न उच्च नैतिक मर्यादा र क्षमता भएका विशेषज्ञहरूमध्येबाट चार वर्षका लागि निर्वाचित २३ जना विज्ञ व्यक्तिहरू सदस्य रहेको एक महिलाविरुद्ध भेदभाव उन्मूलन समिति रहने व्यवस्था गरिएको छ । समितिले धारा १८ बमोजिम पक्ष राज्यबाट पेश भएको प्रतिवेदनको लेखाजोखा गर्नुका साथै पक्ष राज्यहरूलाई आफ्नो धारणासहितको सिफारिस गर्दछ ।

## (३) महिला अधिकारसम्बन्धी राष्ट्रिय कानुनी व्यवस्था

नेपालको अन्तरिम संविधान, २०६३ (भेदभावविरुद्ध र समानताको अधिकार, प्रजनन् स्वास्थ्य तथा प्रजनन्सम्बन्धी हक, हिंसा विरुद्धको हक, सामाजिक सुरक्षाको हक, पैतृक सम्पत्तिमाथिको समान हक, राज्यको संरचनामा सहभागी हुने हक, राष्ट्रिय मानव अधिकार आयोगको पदाधिकारीको नियुक्ति गर्दा महिलासहित विविधता कायम गर्ने, समानुपातिक निर्वाचन प्रणालीबाट संविधानसभामा निर्वाचित हुने सदस्यमा राजनीतिक सूचीकरण गर्दा महिलालगायतको समानुपातिक प्रतिनिधित्व गराउनुपर्ने व्यवस्था), नागरिक अधिकार ऐन, २०१२ (समानता र कानुनको समान संरक्षण हुने, भेदभाव नगरिने), मुलुकी ऐन २०२० (सम्बन्ध-विच्छेदसम्बन्धी व्यवस्था, जबर्जस्ती करणीसम्बन्धी व्यवस्था, गर्भपतनसम्बन्धी व्यवस्था, विवाहसम्बन्धी व्यवस्था, अंशसम्बन्धी व्यवस्था, अपुतालीसम्बन्धी व्यवस्था, स्त्री-अंशधनसम्बन्धी व्यवस्था, बोक्सो-बोक्सीको आरोप लगाउनेलाई सजायको व्यवस्था आदि), संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ (राजनीतिक दलले समानुपातिक निर्वाचनमा कुल उम्मेद्वारमध्ये ५० प्रतिशत महिला

उम्मेद्‌वारसहित जनसङ्ख्याको आधारमा समानुपातिक प्रतिनिधित्व हुने गरी उम्मेद्‌वारहरूको सूची तयार गर्नुपर्ने), स्थानीय स्वायत्त शासन ऐन, २०५५ (स्थानीय निकायमा महिला सहभागिता), मतदाता परिचय-पत्रसम्बन्धी नियमावली, २०५३ (मतदाता परिचय-पत्रसम्बन्धी विवादको निर्णय गर्ने समितिमा एकजना महिला सदस्य रहने), चलचित्र (निर्माण प्रदर्शन तथा वितरण) नियमावली, २०५७ (चलचित्र जाँच केन्द्रीय र स्थानीय समितिमा महिला प्रतिनिधित्व रहने), संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ (उपभोक्ता समितिमा महिला सदस्य रहने), बालबालिकासम्बन्धी ऐन, २०४८, उपभोक्ता संरक्षण ऐन, २०५४, शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र ऐन, २०५७, नेपाल फार्मेसी परिषद् ऐन, २०५७, सिँचाइ नियमावली, २०५६, नेपाल स्काउट ऐन, २०५०, राष्ट्रिय सहकारी विकास प्रतिष्ठान ऐन, २०४९, आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री-वितरण नियन्त्रण) ऐन, २०४९, खानेपानी नियमावली, २०५५, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८, सवारी तथा यातायात व्यवस्था ऐन, २०४९, शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५३, श्रम ऐन, २०४८, श्रम नियमावली, २०५०, चिया-बगानसम्बन्धी श्रम नियमावली, २०५०, प्रहरी नियमावली, २०४९, सशस्त्र प्रहरी नियमावली, २०६०, कारागार नियमावली, २०२०, निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५०, गाली र बेइज्जती ऐन, २०१६, घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६, मानव बेचविखन तथा ओसार-पसार (नियन्त्रण) ऐन, २०६४, लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०६३, तीन वर्षीय अन्तरिम योजना (२०६७/६८-२०६९/७०), मानव अधिकार राष्ट्रिय कार्ययोजना, मानव बेचविखन तथा ओसार-पसार (नियन्त्रण) राष्ट्रिय कार्ययोजना, लैङ्गिक हिंसाको अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, सर्वोच्च अदालतबाट भएका विभिन्न आदेशहरूमा पनि महिलाहरूको हक अधिकारका विषयमा उल्लेख भएको पाइन्छ ।

## (४) महासन्धिअन्तर्गत राज्यको दायित्व

महासन्धिले महिलाविरुद्ध हुने भेदभावको उन्मूलन र उनीहरूको समग्र विकासका लागि निश्चित अधिकारहरू प्रत्याभूत गरेको छ । यी अधिकारको राज्यद्वारा सम्मान (अधिकारको उपभोगमा हस्तक्षेप नगर्ने दायित्व), संरक्षण (कसैको अधिकारको उपभोगमा हस्तक्षेप गर्न नपाउने कुरा सुनिश्चित गर्ने) र परिपूर्ति (अधिकार उपभोगका लागि आवश्यक सेवा र सुविधा प्रदान गर्ने) हुनुपर्ने गरी राज्यको दायित्व पनि तोकिएको छ । कुनै महिलाले यस महासन्धिअन्तर्गतको कुनै अधिकारको दाबी गरेमा त्यस्तो अधिकारको प्रत्याभूति राज्यले गर्न सक्नुपर्दछ । महासन्धिअन्तर्गत राज्यको दायित्व सामान्यतया महासन्धिमा उल्लिखित अधिकारको आदर गर्ने, संरक्षण गर्ने र ती अधिकार परिपूर्ति गर्ने कुरासँग सम्बन्धित हुन्छ ।

राज्यले महासन्धिअन्तर्गतका मानव अधिकारका आधारभूत सिद्धान्तहरूलाई नष्ट गर्न, बङ्ग्याउन वा अन्यथा परिभाषित गर्न पाउँदैन । ती सिद्धान्तहरूलाई सधैँ आदर गरेको हुनुपर्दछ । त्यतिमात्र होइन, राज्यले ती अधिकारको संरक्षणका लागि पनि यथोचित कार्य

गरेको हुनुपर्दछ, ताकि कसैले ती अधिकारको हनन गर्न नसकोस् । त्यसैगरी, राज्यले त्यस्ता अधिकारको परिपूर्तिका लागि आवश्यक उपायहरू समेत अवलम्बन गरेको हुनुपर्ने गरी पनि दायित्व तोकिएको छ । उदाहरणका लागि महासन्धिमा उल्लेखित महिलाको शिक्षासम्बन्धी अधिकारलाई लिऔँ । यो अधिकारको राज्यले सधैँ सम्मान गर्नुपर्दछ । त्यसैगरी राज्यका तर्फबाट महिलाका लागि शिक्षाको अधिकारको संरक्षणको प्रत्याभूति पनि हुनु आवश्यक छ । शिक्षाको अधिकारबाट कहीँकतै कसैले कुनै महिलालाई वञ्चित गरेको भए राज्यले तत्कालै हस्तक्षेप गरी त्यो अधिकारलाई पुनस्थापित गरी अधिकारको संरक्षण गरिनुपर्दछ । जस्तो–कुनै बालिकालाई विद्यालय जान नदिएको अवस्थाबाट ती बालिकाले शिक्षाको अधिकारको उपभोग गर्न नपाएमा राज्यले तत्कालै हस्तक्षेप गरी ती बालिकाको शिक्षाको अधिकार संरक्षण गर्न विद्यालय जान नदिने अविभावक वा अन्य जोकोहीलाई कारबाही गर्नुपर्ने र बालिकाको शिक्षाको अधिकारको संरक्षण गर्नुपर्दछ । त्यसैगरी राज्यका तर्फबाट महिलाको शिक्षाको अधिकारको परिपूर्तिका लागि बालिकाको पहुँच हुने स्थानमा विद्यालयको स्थापना, शिक्षकको व्यवस्था, उनीहरूका लागि विशेष पाठ्यपुस्तक र शैक्षिक सामग्रीको उपलव्धता, विद्यालयमा शैक्षिक वातावरणको निर्माण आदि कुरामा आवश्यक कामकारबाही गरेको हुनुपर्दछ । यी कुराहरू अन्य महिलाको हकमा पनि उत्तिकै रूपमा लागू हुन्छन् ।

महासन्धिले सिर्जना गरेका दायित्व उपलब्ध स्रोतहरूको अधिकतम उपयोगका आधारमा यसको अधिकतम प्रयोग गरी राज्यले प्राथमिकताका साथ पूरा गरिनुपर्दछ । यस दायित्वअन्तर्गत, नेपालले यी अधिकारहरूलाई पूरा गर्नेतर्फ जतिसक्दो शीघ्र र प्रभावकारीरूपमा ठोस तथा लक्षित कदमहरू चाल्नु आवश्यक छ । यस्ता कदमहरूअन्तर्गत कानुनी, प्रशासकीय, आर्थिक, वित्तीय, संरचनागत, शैक्षिक वा सामाजिक सुधारका विषय, कार्ययोजनाको तर्जुमा वा विभिन्न कार्यविधिहरूको स्थापना आदि पर्दछन् ।

### (५) अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि भएका प्रयासहरू (कानुनी, नीतिगत र संस्थागत)

महिलाको अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि राज्यले थुप्रै नीतिगत एवम् संस्थागत प्रयास गरेको हुनु आवश्यक छ । नीतिगत व्यवस्थाअन्तर्गत महिलाको अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि राज्यको प्रमुख नीतिको घोषणा देशको संविधानको माध्यमबाट गर्ने, उपरोक्त नीतिगत संवैधानिक व्यवस्थाको कार्यान्वयनको लागि अन्य क्षेत्रगत नीतिहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, त्यस्ता नीतिहरूको कार्यान्वयनको लागि कानुनी तथा संस्थागत संरचनाहरूको विकास गर्ने र ती संरचनाहरूलाई क्रियाशील तुल्याई महिलाको अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्ने प्रयास गरिएको हुनु आवश्यक छ । महिलाले अन्य नागरिकसरह समानरूपमा अधिकारको उपभोग गर्न पाउने गरी नागरिकका मौलिक अधिकारको रूपमा पनि महिलाको अधिकारलाई संविधानले नै मान्यता प्रदान गर्दै संरक्षण गरेको हुन्छ ।

प्रस्तुत सन्दर्भमा नेपालको विषयलाई लिएर हेर्दा नेपालको अन्तरिम संविधान, २०६३ ले महिलाले बिना भेदभाव मुलुकको सम्मानित नागरिकको रूपमा मौलिक अधिकारको उपभोग गर्न पाउने व्यवस्था गरी आफ्नो प्रगतिशील प्रकृति प्रस्तुत गरेको छ । जीवनको अधिकार, कानुनका सामुन्ने समानताको अधिकार, न्यायमा पहुँचको अधिकार, स्वतन्त्रता र व्यक्तिगत सुरक्षासम्बन्धी अधिकार, यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको अधिकार, शोषण, हिंसा र दुरूपयोग विरुद्धको अधिकार, व्यक्तिको मर्यादाको संरक्षणसम्बन्धी अधिकार, हिँड्डुल गर्न पाउने अधिकार, अभिव्यक्ति, विचार र सूचनाको पहुँचको स्वतन्त्रता, गोपनीयताको अधिकार, शिक्षाको अधिकार, स्वास्थ्यको अधिकार, काम र रोजगारीको अधिकार, सामाजिक सुरक्षाको अधिकार, राजनीतिक र सार्वजनिक जीवनमा सहभागिताको अधिकार, साँस्कृतिक अधिकार, प्रजनन् स्वास्थ्य तथा प्रजनन्सम्बन्धी हक, हिंसाविरुद्धको हक, पैतृक सम्पत्तिमाथिको समान हक, आदि जस्ता महिलाको अधिकारलाई संविधानले नागरिकका मौलिक र आधारभूत अधिकारको रूपमा मान्यता दिएको छ। यसका अतिरिक्त संविधानले सर्वोच्च अदालतलाई यी विभिन्न मौलिक अधिकारको पालना र प्रचलनका लागि रिटलगायतका उपयुक्त आदेश जारी गर्ने अधिकार प्रदान गरेकोले यी अधिकारको निर्वाध उपभोगको लागि संवैधानिक सुनिश्चितता रहेको देखिन्छ ।

त्यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ को भाग ४ मा उल्लिखित राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूमा नेपाली नागरिकलाई महासन्धिले प्रत्याभूत गरेका अधिकारहरूको सम्मान, संरक्षण र परिपूर्तिको लागि विशेष व्यवस्था गरिएको पाइन्छ । जसअनुसार संविधानको धारा ३३ ले राज्यको दायित्वअन्तर्गत देशमा अग्रगामी राजनीतिक, आर्थिक र सामाजिक परिवर्तन सुनिश्चितता लगायत विश्वव्यापीरूपमा स्वीकृत आधारभूत मानव अधिकार, कानुनको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यायपालिका आदि अवधारणाहरूको पूर्ण परिपालना गर्ने कुरामा जोड दिएको छ । त्यसैगरी वर्गीय, जातीय, भाषिक, लैङ्गिक, साँस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभाव उन्मूलन गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अपाङ्गता भएका व्यक्तिलगायत अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्र आदिका समस्याहरूलाई सम्बोधन गर्न राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गरी मुलुकको राज्य संरचनाका सबै अङ्गहरूमा सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने तथा आर्थिक सामाजिक रूपान्तरणको न्यूनत्तम साझा कार्यक्रम लागू गर्दै शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सम्प्रभूतामा सबै नागरिकको अधिकार स्थापित गर्ने आदि जस्ता कुरालाई समावेश गरी महिलाका अधिकारको संरक्षण र सम्वर्द्धनका लागि राज्यलाई जिम्मेवार बनाएको छ। यी व्यवस्थाले पनि महिलाहरूको अधिकारको संरक्षणमा बल मिलेको छ भन्न सकिन्छ ।

धारा ३४ मा राज्यका निर्देशक सिद्धान्तहरूअन्तर्गत सामाजिक, आर्थिक एवम् राजनीतिक क्षेत्रलगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी खुला समाजमा आधारित लोककल्याणकारी व्यवस्थाको अभिवृद्धि गर्नु राज्यको प्रमुख उद्देश्य हुनेछ

भनिएको छ। सोही धारामा मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्दै सार्वजनिक हितको प्रवर्द्धन गर्ने र स्वायत्त शासनको माध्यमद्वारा जनतालाई शासनमा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई लोकतन्त्रका लाभहरूको उपभोग गर्न सक्ने व्यवस्था कायम गर्नु राज्यको उद्देश्य हुने गरी तोकिएको छ। सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धिको न्यायोचित वितरणको व्यवस्था मिलाई आर्थिक असमानता हटाउँदै स्वदेशी निजी एवम् सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र, आत्मनिर्भर एवम् उन्नतिशील गराउनु राज्यको मूलभूत आर्थिक उद्देश्य हुने र सबै किसिमको आर्थिक एवम् सामाजिक असमानता हटाई विभिन्न जात, जाति, धर्म, भाषा, वर्ण, समुदाय र सम्प्रदायका बीच सामञ्जस्य स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य हुने भनी व्यवस्था पनि भएको छ। यी व्यवस्थाहरू महासन्धिद्वारा प्रदत्त महिलाको अधिकारको सुनिश्चिततताका लागि संविधानले निर्देश गरेको राज्यका निर्देशक सिद्धान्तहरू हुन्।

यसका अतिरिक्त धारा ३५ मा राज्यका नीतिहरूअन्तर्गत विभिन्न नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक विषयमा राज्यका नीतिगत व्यवस्था गर्दै ती अधिकारहरूको थप सुनिश्चितताको लागि मार्ग प्रशस्त गरिएका छन्। यसरी व्यवस्था गरिएका सैद्धान्तिक एवम् नीतिगत व्यवस्थाहरू राज्यले आवश्यकताअनुसार स्रोत र साधन परिचालन गरी गराई आफ्ना विभिन्न अङ्ग र निकायहरूमार्फत् क्रमश: कार्यान्वयन गर्दै जाने र यसको कार्यान्वयन भएको कुराको अनुभूति जनताले क्रमश: गर्दै जाने भएकोले यी विषयहरू कार्यान्वयन भए वा नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन नसकिने गरी संविधानको धारा ३६ मा व्यवस्था गरिएको छ।

महिलाको अधिकारको संरक्षण तथा सम्वर्द्धनसँग सम्बन्धित कानुनी संरचनाको कुरा गर्दा माथि उल्लेख गरिएको संवैधानिक व्यवस्थाका अतिरिक्त विभिन्न कानुनहरू निर्माण भएको देखिन्छ। जस्तै: नागरिक अधिकार ऐन, २०१२ (समानता र कानुनको समान संरक्षण हुने, भेदभाव नगरिने), मुलुकी ऐन २०२० (सम्बन्ध-विच्छेदसम्बन्धी व्यवस्था, जबर्जस्ती करणीसम्बन्धी व्यवस्था, गर्भपतनसम्बन्धी व्यवस्था, विवाहसम्बन्धी व्यवस्था, अंशसम्बन्धी व्यवस्था, अपुतालीसम्बन्धी व्यवस्था, स्त्री-अंशधनसम्बन्धी व्यवस्था, बोक्सो-बोक्सीको आरोप लगाउनेलाई सजायको व्यवस्था आदि), संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ (राजनीतिक दलले समानुपातिक निर्वाचनमा कुल उम्मेद्वारमध्ये ५० प्रतिशत महिला उम्मेद्वारसहित जनसङ्ख्याको आधारमा समानुपातिक प्रतिनिधित्व हुने गरी उम्मेद्वारहरूको सूची तयार गर्नुपर्ने), स्थानीय स्वायत्त शासन ऐन, २०५५ (स्थानीय निकायमा महिला सहभागिता), मतदाता परिचयपत्रसम्बन्धी नियमावली, २०५३ (मतदाता परिचयपत्रसम्बन्धी विवादको निर्णय गर्ने समितिमा एकजना महिला सदस्य रहने), चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ (चलचित्र जाँच केन्द्रीय र स्थानीय समितिमा महिला प्रतिनिधित्व रहने), संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ (उपभोक्ता समितिमा

महिला सदस्य रहने), बालबालिकासम्बन्धी ऐन, २०४८, उपभोक्ता संरक्षण ऐन, २०५४, शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र ऐन, २०५७, नेपाल फार्मेसी परिषद् ऐन, २०५७, सिँचाइ नियमावली, २०५६, नेपाल स्काउट ऐन, २०५०, राष्ट्रिय सहकारी विकास प्रतिष्ठान ऐन, २०४९, आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री-वितरण नियन्त्रण) ऐन, २०४९, खानेपानी नियमावली, २०५५, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८, सवारी तथा यातायात व्यवस्था ऐन, २०४९, शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५३, श्रम ऐन, २०४८, श्रम नियमावली, २०५०, चिया-बगानसम्बन्धी श्रम नियमावली, २०५०, प्रहरी नियमावली, २०४९, सशस्त्र प्रहरी नियमावली, २०६०, कारागार नियमावली, २०२०, निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५०, गाली र बेइज्जती ऐन, २०१६, घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६, मानव बेचविखन तथा ओसार-पसार (नियन्त्रण) ऐन, २०६४, लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०६३, तीन वर्षीय अन्तरिम योजना (२०६७/६८-२०६९/७०), मानव अधिकार राष्ट्रिय कार्ययोजना, मानव बेचविखन तथा ओसार-पसार (नियन्त्रण) राष्ट्रिय कार्ययोजना, लैङ्गिक हिंसाको अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, सर्वोच्च अदालतबाट भएका विभिन्न आदेशहरू आदि ।

त्यसैगरी संरचनागत व्यवस्थाको कुरा गर्दा राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, केन्द्रीय प्रहरी महिला सेल, विभिन्न प्रहरी कार्यालयहरू, विभिन्न तहका अदालतहरू, स्थानीय निकायहरू, नेपाल बार एशोसिएशन, सामाजिक तथा गैरसरकारी सङ्घसंस्थाहरू, अस्पतालहरू, विभिन्न तहका विद्यालय तथा महाविद्यालयहरू, तालिम तथा प्रशिक्षण केन्द्रहरू, साँस्कृतिक एवम् सामाजिक प्रतिष्ठान, विभिन्न विकास समिति तथा आयोजनाहरू, महिला हक हित र अधिकारको क्षेत्रमा कार्यरत सम्बन्धित निकाय, कार्यालय, प्रज्ञा प्रतिष्ठान, सङ्घ तथा संस्थाहरू आदि सबैले महिलाहरूको अधिकारलाई उच्च सम्मान गर्दै उनीहरूलाई ती निकायको हरेक क्रियाकलापमा समानरूपमा सहभागी हुने अवसर प्रदान गर्ने कुरालाई लिन सकिन्छ ।

## (६) सन्धि घरेलुकरणको प्रक्रिया र अवस्था

महासन्धिको पक्ष बनेपछि अन्तर्राष्ट्रियरूपमा सिर्जना हुने दायित्व निर्वाह गर्नु पक्ष राज्यको कर्तव्य हुन्छ । The Vienna Convention on the Law of Treaties, 1969 का अनुसार कुनै राज्य कुनै महासन्धिको पक्ष बनेपछि त्यस्तो पक्ष राज्य उक्त महासन्धिका व्यवस्था कार्यान्वयन गर्न बाध्य हुन्छ । आफू पक्ष बनेको महासन्धिले सिर्जना गरेका दायित्वहरू निर्वाह गर्न र त्यस्तो महासन्धिका व्यवस्थाहरू कार्यान्वयन गर्नका लागि राज्यले घरेलु उपायहरू अवलम्बन गरेको हुनुपर्दछ । यस्ता घरेलु उपायहरू राज्य स्वयंले निर्धारण गर्ने कुरा हो, यस सम्बन्धमा महासन्धिले कुनै कुरा बोलेको हुँदैन । महासन्धिका व्यवस्थाको घरेलुकरणको सम्बन्धमा चर्चा गर्दा विश्वमा दुईओटा प्रणाली प्रचलनमा

रहेको पाइन्छ। पहिलो, महासन्धिको पक्ष बनेपछि त्यस्तो महासन्धिको व्यवस्था स्वत: घरेलु कानुनसरह मान्य हुन्छ। अन्य घरेलु कानुनहरू महासन्धिको व्यवस्थासँग बाझिएमा बाझिएको हदसम्म महासन्धिका व्यवस्था लागू हुन्छ। दोस्रो, महासन्धिको व्यवस्था स्वत: लागू नभई महासन्धिको कार्यान्वयनका लागि छुट्टै कानुन निर्माण गरी लागू गरिन्छ। त्यसैले राज्यले महासन्धिको व्यवस्था सिधैं लागू गर्न वा ती व्यवस्थाको कार्यान्वयनका लागि आवश्यकताअनुसार घरेलु कानुन निर्माण गर्न सक्दछ। यसका अतिरिक्त राज्यले महासन्धिका व्यवस्थाहरू कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र कार्यान्वयन गर्ने, संस्थागत संरचनाको विकास गर्ने आदि उपायहरू पनि अवलम्बन गर्न सक्दछ।

यससम्बन्धी नेपालको सन्दर्भलाई हेर्दा नेपाल सन्धि ऐन, २०४७ लाई प्रमुखरूपमा हेर्नुपर्दछ। यो ऐनले नेपाल राज्य वा नेपाल सरकारले हस्ताक्षर, अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गरी पक्ष बनेको कुनै सन्धि वा सम्झौताको कार्यान्वयनका सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ। यस ऐनको दफा ९ ले नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुने र त्यस सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुनसरह लागू हुने व्यवस्था गरेको छ। सोही दफामा नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिबाट नेपाल राज्य वा नेपाल सरकार उपर कुनै थप दायित्व वा भार पर्न जाने र त्यसको कार्यान्वयनको लागि कानुनी व्यवस्था गर्नुपर्ने रहेछ भने त्यस्तो सन्धि कार्यान्वयनको लागि नेपाल सरकारले यथासम्भव चाँडो कानुन बनाउने कारबाही चलाउनुपर्ने व्यवस्था गरिएको छ। यो कानुनी व्यवस्थालाई हेर्दा नेपाल पक्ष भएका महासन्धिअनुसारको दायित्व निर्वाह गर्न वा त्यस्तो महासन्धिको कार्यान्वयन गर्न कानुनी व्यवस्था गर्नुपर्ने र त्यसबाट मात्र महासन्धिको घरेलुकरणका प्रक्रिया पूरा हुने देखिन्छ। प्रस्तुत महासन्धिको प्रसङ्गलाई हेर्दा नेपालले सो महासन्धिले सिर्जना गरेका दायित्व निर्वाह गर्न महासन्धिको पक्ष बन्नु अगाडि र पक्ष बनेछि पनि थुप्रै कानुनी व्यवस्था गरेको पाइन्छ। ती कानुनी व्यवस्थाले महिलाको अधिकारको प्रत्याभूतिको बाटो निश्चित गरेका छन् भन्न सकिन्छ। तथापि महिलासँग प्रत्यक्षरूपमा सरोकार राख्ने विषयसँग मात्र यो महासन्धि बढी केन्द्रित भएको हुँदा यी कानुनी व्यवस्थाले प्रत्यक्षत: महिलाका सबै अधिकारलाई छोएको कुरामा द्विविधा उत्पन्न हुन्छ। त्यसैले यस सम्बन्धमा राज्यले महिलालगायत आमनागरिकलाई सचेत तुल्याउन गम्भीररूपमा लाग्न सक्नुपर्दछ। साथै महासन्धिको प्रभावकारी कार्यान्वयन गर्न विशेष कानुन निर्माण गरिनुपर्दछ।

### (७) सन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय प्रतिवेदनको अवस्था

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९ को नेपाल २२ अप्रिल १९९१ मा पक्ष बनेको हो। यसरी पक्ष बनेपछि यो महासन्धिको धारा १८ मा

व्यवस्था भएअनुसार महासन्धिमा व्यवस्था गरिएका अधिकारहरूको प्रत्याभूतिको लागि अवलम्बन गरिएका उपायहरूका बारेमा पक्ष बनेको एक वर्षभित्र प्रारम्भिक प्रतिवेदन र त्यसपछि प्रत्येक चार-चार वर्षमा आवधिक प्रतिवेदन संयुक्त राष्ट्रसङ्घसमक्ष पेश गर्नुपर्दछ। सोही व्यवस्थाअनुसार नेपालले हालसम्ममा तीन पटक प्रतिवेदन बुझाएको छ। नेपालले महासन्धिको पक्ष भएपछि पेश गरेको प्रारम्भिक प्रतिवेदनउपर १५ र १८ जुन सन् १९९९ मा महिलाविरुद्ध हुने भेदभाव उन्मूलनसम्बन्धी समितिमा छलफल भएको थियो। त्यस्तै नेपालले पेश गरेको दोस्रो र तेस्रो संयुक्त आवधिक प्रतिवेदन समितिको १३ जनवरी सन् २००४ मा बसेको बैठकमा छलफल भएको थियो। नेपालले तेस्रो पटक पेश गरेको चौथो र पाँचौं संयुक्त आवधिक प्रतिवेदनउपर समितिमा २० जुलाई २०११ छलफल भई सो प्रतिवेदनका सम्बन्धमा Concluding observation जारी गरेको थियो।

## (८) सन्धि कार्यान्वयनबाट हुने उपलब्धिहरू

महिलाको अधिकारको अन्तर्राष्ट्रिय महासन्धि, २००६ को कार्यान्वयनबाट महिलाको अधिकारको प्रत्याभूति हुने मात्र नभई ती अधिकारहरूको सम्मान, संरक्षण र परिपूर्ति गर्न सरकारलाई बल मिल्दछ। यो महासन्धिको कार्यान्वयनको कारणबाट महिलाहरू राजनीतिक तथा आर्थिकरूपमा सबल र सक्षम, सामाजिकरूपमा सम्मानित र साँस्कृतिकरूपमा स्वतन्त्र हुन पुग्दछन्। महासन्धिको कार्यान्वयनबाट महिलाले उनीहरूका लागि महासन्धिले प्रत्याभूत गरेका अधिकारको निर्वाध उपभोग गर्न पाउने अवस्था सिर्जना हुन्छ। यी अधिकारहरूको उल्लङ्घन भएको अवस्थामा घरेलु तथा अन्तर्राष्ट्रिय उपचारको अधिकार पनि सुरक्षित हुन्छ।

## (९) सन्धिको कार्यान्वयनमा देखिएका चुनौती र समस्याहरू

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९ ले पक्ष राज्यलाई महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ। तथापि यी अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने काम पक्ष राज्यका लागि सजिलो छैन। महिलाले उनीहरूको अधिकार क्रमशः अनुभूति गर्दै जाने विषय नभई तत्कालै अनुभूति गर्न पाउनुपर्ने विषय भएकोले यी अधिकारको उल्लङ्घन भएका त्यसउपर दाबी गर्न र अदालतमा उजुरी गर्न जान सकिन्छ। महिलाको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको विषयमा पनि आजकल अदालतले नागरिकका अन्य अधिकारसरह मौलिक अधिकारको रूपमा मान्यता दिई राज्य पक्षलाई यस्ता अधिकारको संरक्षण र सम्वर्द्धन गर्न आदेश दिने गरेको पाइन्छ। नेपालको सन्दर्भमा पनि कतिपय मुद्दामा अदालतले राज्यलाई कानुन निर्माण गरी यी अधिकारको सुनिश्चितता गर्न आदेश दिएको देखिन्छ। यसरी हुने आदेश कार्यान्वयन गर्नु राज्य पक्षको जिम्मेवारी र कर्तव्य भए पनि यसको सही समयमा कार्यान्वयन हुन नसक्दा यी अधिकारको संरक्षणको प्रश्न र अदालतबाट भएका आदेशको कार्यान्वयनको प्रश्न जटिल बन्ने गरेको छ।

### (१०) सन्धिको कार्यान्वयनका लागि गर्नुपर्ने प्रयासहरू

नेपालको सन्धि ऐन, २०४७ को दफा ९ ले संसदबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनका लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुनसरह लागू हुनेछ भनी गरेको व्यवस्था हेर्दा महासन्धिका व्यवस्थाहरू नेपाल कानुनभन्दा उच्च हुन् कि भन्ने देखिन्छ। त्यसैले महासन्धिको पक्ष बनेपछि महासन्धिका प्रावधानहरू स्वत: लागू हुने अवस्था रहेको हो कि भन्ने पनि देखिएको छ। तर त्यो सही होइन। महासन्धिको व्यवस्थाहरू लागू हुनका लागि त्यसको कार्यान्वयन संयन्त्रको विकास गरिएको हुनुपर्दछ। महासन्धिको व्यवस्थालाई घरेलुकरण गरी कानुनी रूप दिएपछि मात्र यसका व्यवस्थाहरू प्रभावी हुन्छन्। त्यसैले महासन्धिद्वारा प्रत्याभूत गरिएका अधिकारहरूको सुनिश्चितताका लागि कानुन आवश्यक हुन्छ। त्यस्तो कानुन बनाएर मात्र हुँदैन। त्यसको प्रभावकारी कार्यान्वयन हुनु पनि उत्तिकै आवश्यक छ। प्रस्तुत महासन्धिले महिलाको अधिकारहरूको प्रत्याभूति गरेकोले महासन्धिले व्यवस्था गरेका महिलाको अधिकारहरूको व्यावहारिक प्रयोगको सुनिश्चितताका लागि भएका कानुनहरूमा आवश्यक परिमार्जन गरी त्यसको व्यावहारिक प्रयोग र कतिपय नयाँ कानुन निर्माण गरिनुपर्दछ। उदाहरणका लागि नेपालमा महिलाको अधिकारको संरक्षणसम्बन्धी छुट्टै कानुन नै छैन। विभिन्न कानुनहरूमा यी अधिकारहरू छरिएर रहेको स्थिति छ। कतिपय अवस्थामा अदालतले आदेश गरेको भरमा अधिकार संरक्षित भइरहेको अवस्था पनि छ। त्यसैले यस्तो अवस्थाको अन्त्यका लागि राज्यले गम्भीररूपमा गृहकार्य गरी महिलाको अधिकारको संरक्षणका लागि प्रभावकारी उपाय अवलम्बन गर्नु आवश्यक छ।

## ७. यातना तथा अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि, १९८४

### (१) पृष्ठभूमि

सबै प्रकारको यातनालाई विश्वभरि नै रोक्ने प्रयोजनका साथ संयुक्त राष्ट्रसङ्घीय महासभाले १० डिसेम्बर १९८४ मा यातना तथा अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि, १९८४ जारी गरेको थियो। यो महासन्धिको धारा २७ को व्यवस्थाअनुसार महासचिवसमक्ष बीसौं लिखत दाखिल भएको मिति २६ जुन १९८७ देखि यातना तथा अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि, १९८४ लागू भएको हो। त्यसैले प्रत्येक वर्ष जुन २६ तारिखको दिनलाई यातना पीडितहरूको सहयोगका लागि अन्तर्राष्ट्रिय दिवसको रूपमा मनाउने गरिन्छ। यो महासन्धिका ७८ राज्यले हस्ताक्षर गरेका र हालसम्म १५१ राष्ट्र पक्ष बनिसकेका छन्। महासन्धिको नेपालले १४ मे १९९१ मा अनुमोदन गरी पक्ष बनेको थियो।

**Convention against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment**

New York, 10 December 1984

**Entry into force** : 26 June 1987, in accordance with article 27(1).

**Registration** : 26 June 1987, No. 24841

**Status** : Signatories : 78. Parties : 151

**Note** : The Convention was adopted by resolution 39/46 of 10 December 1984 at the thirty-ninth session of the General Assembly of the United Nations. The Convention is open for signature by all States, in accordance with its article 25.

नेपालमा २०४६ सालको राजनीतिक परिवर्तनपछि अन्तर्राष्ट्रिय कानुनका रूपमा रहेका महासन्धिहरूको अनुमोदन तथा सम्मिलन गर्ने प्रक्रियाले निकै गति पायो। यसैक्रममा १४ मे १९९१ मा अन्य अन्तर्राष्ट्रिय महासन्धिहरू अनुमोदन गर्ने क्रममा नेपाल सरकारले यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरूद्धको अन्तर्राष्ट्रिय महासन्धि, १९८४ को पनि पक्ष बनेको थियो। तर सन् २००२ डिसेम्बर १८ मा संयुक्त राष्ट्रसङ्घीय महासभाबाट अनुमोदन भएको यस महासन्धिअन्तर्गतको ऐच्छिक आलेखमा भने नेपालले हालसम्म हस्ताक्षर गरेको छैन।

(२) **महासन्धिका व्यवस्थाहरू**

यो महासन्धिले अन्य मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज खासगरी मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिका व्यवस्थाहरू जस्तै प्रस्तावनासहित तीन भाग र तेत्तीस धारामा महासन्धिका प्रावधानहरूलाई अनुबन्धित गरेको छ।

यस महासन्धिको प्रस्तावनामा यो महासन्धिका पक्ष राष्ट्रहरू संयुक्त राष्ट्रसङ्घको बडापत्रमा घोषणा गरिएका सिद्धान्तहरूअनुसार मानव परिवारका सबै सदस्यहरूको समान र अविच्छिन्न अधिकारहरूको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय तथा शान्तिको आधारशिला भएको, मानव व्यक्तिको अन्तर्निहित प्रतिष्ठाबाट नै ती अधिकारहरू निःशृत हुने, बडापत्र खासगरी धारा ५५ अन्तर्गत मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको विश्वव्यापीरूपमा सम्मान र पालना प्रवर्द्धन गर्ने राष्ट्रहरूको दायित्व रहने, कसैलाई पनि यातना दिन वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गर्न नहुने व्यवस्था गर्ने मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा ५ र नागरिक तथा

राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ७ को व्यवस्था र ९ डिसेम्बर १९७५ तदनुसार २३ मार्ग २०३२ मा महासभाद्वारा ग्रहण गरिएको सबै व्यक्तिहरूलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट संरक्षण दिनेसम्बन्धी घोषणापत्रको व्यवस्थालाई समेत ध्यान दिँदै यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको सङ्घर्षलाई विश्वभर नै अझ बढी प्रभावकारी बनाउने इच्छासहित यो महासन्धि जारी गर्न सहमत भएको उल्लेख छ ।

यो महासन्धिको तीन भाग र ३३ धाराहरूमा व्यवस्था गरिएका प्रावधानहरू सङ्क्षेपमा देहायबमोजिम रहेका छन् :

भाग- १ (धारा १-१६): महासन्धिको यस भागमा यातनाको परिभाषा (धारा-१), पक्ष राज्यको यातनाविरुद्धको प्रतिबद्धता (धारा-२), यातना पाउन सक्ने व्यक्तिलाई निकाला वा सपुर्दगी नगरिने (धारा-३), यातनालाई अपराधीकरण गर्ने (धारा-४), यातनासम्बन्धी मुद्दामा क्षेत्राधिकार कायम नहुने (धारा-५), यातनाको कार्यमा संलग्न भएको भनी आरोप लागेको अभियुक्तलाई हिरासतमा लिने तथा अन्य कानुनी कारबाहीसम्बन्धी व्यवस्था (धारा-६), सपुर्दगी नहुने अभियुक्तलाई मुद्दा हेर्ने अधिकारीसमक्ष पेश गर्ने, प्रमाणको स्तरीयता र स्वच्छ व्यवहार (धारा-७), यातनाको कसुर सुपुर्दगीयोग्य कसुर हुने (धारा-८), फौजदारी कारबाहीमा आपसी न्यायिक सहायता (धारा-९), तालीममा यातना निषेधसम्बन्धी शिक्षा तथा जानकारी (धारा-१०), पक्राउ, थुना वा कैदमा परेका व्यक्तिहरूको हिरासत र व्यवहारका लागि सोधपुछका नियमहरू, निर्देशनहरू, विधिहरू तथा व्यवहारहरू एवम् प्रबन्धहरूको व्यवस्थित पुनरावलोकन (धारा-११), छिटो तथा निष्पक्ष अनुसन्धान (धारा-१२), मुद्दाको छिटो र निष्पक्षरूपमा परीक्षण गरिपाउने अधिकार (धारा-१३), पुनर्स्थापनाको उपायहरू लगायत उचित तथा पर्याप्त क्षतिपूर्ति (धारा-१४), यातनाको कारणले लिइएको बयान भनी स्थापित भएमा त्यस्तो बयानलाई कुनै पनि कानुनी कारबाहीमा प्रमाणको रूपमा नलिने (धारा-१५), यातनाको कार्यभित्र नपर्ने कुनै सार्वजनिक अधिकारी वा सरकारी हैसियतमा काम गर्ने अन्य कुनै व्यक्तिबाट वा निजको वहकाउ वा सहमति वा मौन सहमतिमा गरिने क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायका अन्य कार्यहरूमा रोक लगाउने (धारा-१६) ।

भाग- २ (धारा १७-२४): यातनाविरुद्धको समिति र समितिमा उच्च नैतिक प्रतिष्ठा तथा मानव अधिकारको क्षेत्रमा स्वीकृत दक्षता भएका दश जना विशेषज्ञहरू रहने (धारा-१७), यातनाविरुद्धको समितिले दुई वर्षको पदावधिको लागि पदाधिकारीहरू निर्वाचित गर्ने ( धारा-१८), महासन्धिअन्तर्गतका आफ्ना प्रतिज्ञाहरू लागू गर्न अवलम्बन गरेका उपायहरूसम्बन्धी प्रतिवेदनहरू महासन्धि लागू भएको मितिले एक वर्षभित्र र त्यसपछि पूरक प्रतिवेदनहरू प्रत्येक चार-चार वर्षमा पेश गर्ने (धारा-१९), यातनाविरुद्धको समितिले कुनै पक्ष राष्ट्रको ईलाकामा यातना भइरहेको देखिने जानकारी प्राप्त गरेमा सो पक्ष राष्ट्रलाई त्यस्तो जानकारीको परीक्षा गर्ने कार्यमा सहयोग पुऱ्याउन अनुरोध गर्ने धारा

(धारा-२०), महासन्धिका व्यवस्थाको उल्लङ्घन भएर आफू पीडित भएको दाबीसम्बन्धी सूचना प्राप्त गरी सो उपर विचार गर्नसक्ने यातनाविरुद्धको समितिको सक्षमता स्वीकार गरेको कुराको घोषणा (धारा-२१ र २२), अस्थायी मेलमिलाप आयोगका सदस्यहरूको विशेषाधिकार तथा उन्मुक्ति (धारा-२३), समितिको वार्षिक प्रतिवेदन पक्ष राष्ट्रहरू तथा संयुक्त राष्ट्रसङ्घको महासभासमक्ष पेश गर्ने (धारा-२४)

भाग- ३ (धारा २५-३३): महासन्धि हस्ताक्षरका लागि खुला रहने (धारा-२५), महासन्धि सम्मिलन हुनका लागि खुला रहने (धारा-२६), अनुमोदन वा सम्मिलनको बीसौं लिखत संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला भएको मितिले तीसौं दिनदेखि महासन्धि लागू हुने (धारा-२७), महासन्धिमा हस्ताक्षर वा अनुमोदन वा सम्मिलन गर्दा समितिको सक्षमतालाई स्वीकार नगर्ने भनी घोषणा गर्न सक्ने (धारा-२८), महासन्धिको पक्ष राष्ट्रले संशोधन प्रस्ताव गर्न र सो संशोधन संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दर्ता गर्न सक्ने (धारा-२९), महासन्धिको व्याख्या वा प्रयोगको सम्बन्धमा उत्पन्न विवादको समाधान वार्ताबाट हुन नसकेमा मध्यस्थतासमक्ष पेश गरिने (धारा-३०), पक्ष राष्ट्रले संयुक्त राष्ट्रसङ्घका महासचिवलाई लिखित सूचना दिएर यो महासन्धि परित्याग गर्न सक्ने (धारा-३१), संयुक्त राष्ट्रसङ्घका महासचिवले संयुक्त राष्ट्रसङ्घका सम्पूर्ण सदस्य राष्ट्रहरूलाई हस्ताक्षर, अनुमोदन र सम्मिलनहरू, महासन्धि लागू हुने मिति, संशोधन र परित्यागबारे सूचना दिने (धारा-३२), अरबी, चिनिया, अङ्ग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी भाषाका प्रतिहरू प्रामाणिक प्रति संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला गरिने (धारा-३३)।

## (३) महासन्धिअन्तर्गत राज्यको दायित्व

राज्यले महासन्धिअन्तर्गतका मानव अधिकारका आधारभूत सिद्धान्तहरूलाई नष्ट गर्न, बङ्ग्याउन वा अन्यथा परिभाषित गर्न पाउँदैन। ती सिद्धान्तहरूलाई सधैं आदर गरेको हुनुपर्दछ। त्यतिमात्र होइन, राज्यले ती अधिकारको संरक्षणका लागि पनि यथोचित कार्य गरेको हुनुपर्दछ, ताकि कसैले ती अधिकारको हनन गर्न नसकोस्। त्यसैगरी, राज्यले त्यस्ता अधिकारको परिपूर्तिका लागि आवश्यक उपायहरू समेत अवलम्बन गरेको हुनुपर्ने गरी पनि दायित्व तोकिएको छ।

यो महासन्धिले यातना पाएको वा दिइएको व्यक्ति र उसको परिवारका सदस्यहरूको अधिकार र उनीहरूको संरक्षणका लागि विशेष व्यवस्था गरेको छ। यो महासन्धिका व्यवस्थाहरूको राज्यद्वारा सम्मान (अधिकारको उपभोगमा हस्तक्षेप नगर्ने र कसैलाई यातना नदिइने परिस्थिति निर्माणको दायित्व), संरक्षण (कसैको अधिकारको उपभोगमा हस्तक्षेप गर्न नपाउने कुरा सुनिश्चितता र यातना पाएको व्यक्तिको आधकारमा अहस्तक्षेपको प्रत्याभूति गर्ने) र परिपूर्ति (अधिकार उपभोगका लागि आवश्यक सेवा र सुविधा प्रदान गर्ने र यातना दिने कार्यमा संलग्न हुने जोकोहीलाई कानुनबमोजिम दण्डको भागिदार बनाउने) हुनुपर्ने गरी राज्यको दायित्व पनि तोकिएको छ। कुनै व्यक्तिले यस महासन्धिअन्तर्गतको कुनै अधिकारको दाबी गरेमा त्यस्तो अधिकारको प्रत्याभूति राज्यले गर्न सक्नुपर्दछ। राज्य पक्षले कसैलाई यातना नदिने कुराको

सुनिश्चितता गर्नुपर्ने र यदि कसैले कुनै व्यक्तिलाई यातना दिएमा त्यस्तो यातना दिने व्यक्तिउपर कानुनी कारबाही हुने र यातना पाएको व्यक्तिले उचित व्यवहार, उद्दार, उपचार, क्षतिपूर्ति तथा पुनर्स्थापनाको सेवा राज्यबाट प्राप्त गरेको हुनुपर्दछ। महासन्धिअन्तर्गत राज्यको दायित्व सामान्यतया महासन्धिमा उल्लिखित व्यवस्था र अधिकारको आदर गर्ने, ती अधिकारको संरक्षण गर्ने र ती व्यवस्था र अधिकार परिपूर्ति गर्ने कुरासँग सम्बन्धित हुन्छ ।

### (४) अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि भएका प्रयासहरू (कानुनी, नीतिगत र संस्थागत)

यातना दिइएको वा पाएको व्यक्ति र उसको परिवारका सदस्यहरूको अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि राज्यले थुप्रै नीतिगत एवम् संस्थागत प्रयास गरेको हुनु आवश्यक छ। नीतिगत व्यवस्थाअन्तर्गत यातना दिइएको वा पाएको व्यक्ति र उसको परिवारका सदस्यहरूको अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि राज्यको प्रमुख नीतिको घोषणा देशको संविधानको माध्यमबाट गर्ने, उपरोक्त नीतिगत संवैधानिक व्यवस्थाको कार्यान्वयनको लागि अन्य क्षेत्रगत नीतिहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, त्यस्ता नीतिहरूको कार्यान्वयनको लागि कानुनी तथा संस्थागत संरचनाहरूको विकास गर्ने र ती संरचनाहरूलाई क्रियाशील तुल्याई यातना नदिने कुराको सुनिश्चितता गर्ने, भई हालेमा त्यस्तो व्यक्ति र उसको परिवारका सदस्यहरूको अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्ने प्रयास गरिएको हुनु आवश्यक छ। कतिपय अवस्थामा यातना पाएको वा दिइएको व्यक्ति र उसको परिवारका सदस्यहरूले नागरिकसरह समानरूपमा अधिकारको उपभोग गर्न पाउने अवस्थाका बारेमा महासन्धिमा व्यवस्था गरिएकोले त्यसको कार्यान्वयनका लागि पनि राज्य इमान्दार हुनु आवश्यक छ ।

प्रस्तुत सन्दर्भमा नेपाल यो महासन्धिको पक्ष राज्य बनेको धेरै भइसकेकोले नेपालले यस महासन्धिअन्तर्गतको दायित्व तत्कालै निर्वाह गर्नुपर्ने अवस्था छ। नेपालमा विगत माओवादी जनयुद्धको सिलसिलामा धेरै व्यक्तिहरूलाई यातना दिइएको स्थिति हुँदा यो महासन्धिको पक्ष राज्यको हैसियतले त्यसरी यातना दिने कार्यमा संलग्न जोसुकैलाई पनि कानुनी कारबाहीको दायरामा ल्याई कारबाही हुने परिस्थितिको निर्माण राज्यबाट हुनुपर्दछ। यसका लागि समयमै कानुनी, नीतिगत तथा संस्थागत क्षमता विकासको पहल हुनु जरुरी हुन्छ ।

नेपालमा यातनालाई रोक्नेसम्बन्धी संवैधानिक व्यवस्था पहिलो पटक २०४७ सालको संविधानमा गरिएको पाइन्छ। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४ को उपधारा (४) मा यातनाविरुद्धको हकलाई मौलिक हकको रूपमा स्थापित गरिएको थियो। त्यसो त नेपाल २०१३ सालमा संयुक्त राष्ट्रसङ्घको सदस्यता लिएदेखि नै नेपालले यातनाविरुद्धमा आफ्नो प्रतिबद्धता जनाउँदै आएको हो। त्यसपछि नेपालले थुप्रै मानव अधिकारसम्बन्धी महासन्धिको पक्ष बनी यस किसिमको प्रतिबद्धता जनाउँदै आएको भए तापनि यातनाविरुद्धको महासन्धि, १९८४ लाई सन् १९९१ को मे १४ मा

सम्मिलन गरी नेपाल यो महासन्धिको पक्ष बनेपछि भने यातनाविरुद्धको प्रतिबद्धता अझ अगाडि आएको हो ।

यातनासम्बन्धी महासन्धिलाई अनुमोदन गरेको हरेक पक्ष राष्ट्रले आफ्नो क्षेत्राधिकारभित्र यातनाको कार्यलाई रोक्न प्रभावकारी कानुनी, न्यायिक एवम् प्रशासनिक उपायहरू अवलम्बन गर्नुपर्दछ । नेपालले यो महासन्धिको पक्ष हुनुअघि र पक्ष भएपछि व्यक्त गरेको प्रतिबद्धतालाई पूरा गर्न केही कानुनी व्यवस्थाहरू गरेको देखिन्छ । जसमा नेपालको अन्तरिम संविधान, २०६३ प्रमुख हो । यो संविधानको धारा २६ को उपधारा (२) ले यातनालाई दण्डनीय बनाएको छ । त्यस्तै मुलुकी ऐन, २०२०, प्रमाण ऐन, २०३१, नेपाल सन्धि ऐन, २०४७, यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३, राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८, सार्वजनिक सुरक्षा ऐन, २०४६, बालबालिकासम्बन्धी ऐन, २०४८, सैनिक ऐन, २०६४ आदि कानुनहरूमा यातनाका विषयमा उल्लेख भएको पाइन्छ । तर यी कानुनहरूले यातनाविरुद्धको महासन्धिलाई घरेलुकरण गरी यातनासम्बन्धी कार्यलाई बन्देज लगाउने र यस्तो कार्यमा संलग्न हुने व्यक्तिलाई दण्ड दिने कानुनी अभावलाई पूर्ति गर्न सकेको देखिँदैन । अतः नेपालमा यो महासन्धि अनुकूलको कानुनी अभाव खड्किएको अवस्था छ ।

## (५) सन्धि घरेलुकरणको प्रक्रिया र अवस्था

नेपाल यो महासन्धिको पक्ष राज्य बनेको धेरै भइसक्यो । महासन्धिको पक्ष बनिसकेपछि अन्तर्राष्ट्रियरूपमा सिर्जना हुने दायित्व निर्वाह गर्नु पक्ष राज्यको कर्तव्य हुन्छ । The Vienna Convention on the Law of Treaties, 1969 का अनुसार कुनै राज्य कुनै महासन्धिको पक्ष बनेपछि त्यस्तो पक्ष राज्य उक्त महासन्धिका व्यवस्था कार्यान्वयन गर्न बाध्य हुन्छ । आफू पक्ष बनेको महासन्धिले सिर्जना गरेका दायित्वहरू निर्वाह गर्न र त्यस्तो महासन्धिका व्यवस्थाहरू कार्यान्वयन गर्नका लागि राज्यले घरेलु उपायहरू अवलम्बन गरेको हुनुपर्दछ । यस्ता घरेलु उपायहरू राज्य स्वयंले निर्धारण गर्ने कुरा हो, यस सम्बन्धमा महासन्धिले कुनै कुरा बोलेको हुँदैन । महासन्धिका व्यवस्थाको घरेलुकरणको सम्बन्धमा चर्चा गर्दा विश्वमा दुईओटा प्रणाली प्रचलनमा रहेको पाइन्छ । पहिलो, महासन्धिको पक्ष बनेपछि त्यस्तो महासन्धिको व्यवस्था स्वतः घरेलु कानुनसरह मान्य हुन्छ । अन्य घरेलु कानुनहरू महासन्धिको व्यवस्थासँग बाझिएमा बाझिएको हदसम्म महासन्धिका व्यवस्था लागू हुन्छ । दोस्रो, महासन्धिको व्यवस्था स्वतः लागू नभई महासन्धिको कार्यान्वयनका लागि छुट्टै कानुन निर्माण गरी लागू गरिन्छ । त्यसैले राज्यले महासन्धिको व्यवस्था सिधैं लागू गर्न वा ती व्यवस्थाको कार्यान्वयनका लागि आवश्यकताअनुसार घरेलु कानुन निर्माण गर्न सक्दछ । यसका अतिरिक्त राज्यले महासन्धिका व्यवस्थाहरू कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र कार्यान्वयन गर्ने, संस्थागत संरचनाको विकास गर्ने आदि उपायहरू पनि अवलम्बन गर्न सक्दछ ।

यससम्बन्धी नेपालको सन्दर्भलाई हेर्दा नेपाल सन्धि ऐन, २०४७ लाई प्रमुखरूपमा हेर्नुपर्दछ । यो ऐनले नेपाल राज्य वा नेपाल सरकारले हस्ताक्षर, अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गरी पक्ष बनेको कुनै सन्धि वा सम्झौताको कार्यान्वयनका सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ । यस ऐनको दफा ९ ले नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुने र त्यस सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुनसरह लागू हुने व्यवस्था गरेको छ । सोही दफामा नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिबाट नेपाल राज्य वा नेपाल सरकार उपर कुनै थप दायित्व वा भार पर्न जाने र त्यसको कार्यान्वयनको लागि कानुनी व्यवस्था गर्नुपर्ने रहेछ भने त्यस्तो सन्धि कार्यान्वयनको लागि नेपाल सरकारले यथासम्भव चाँडो कानुन बनाउने कारबाही चलाउनुपर्ने व्यवस्था गरिएको छ । यो कानुनी व्यवस्थालाई हेर्दा नेपाल पक्ष भएका महासन्धिअनुसारको दायित्व निर्वाह गर्न वा त्यस्तो महासन्धिको कार्यान्वयन गर्न कानुनी व्यवस्था गर्नुपर्ने र त्यसबाट मात्र महासन्धिको घरेलुकरणका प्रक्रिया पूरा हुने देखिन्छ ।

यातना दिइएको वा पाएका व्यक्ति र उसको परिवारका सदस्यसँग प्रत्यक्षरूपमा सरोकार राख्ने कुरासँग यो महासन्धि बढी केन्द्रित भएको हुँदा यस महासन्धिको पक्ष बनेपछि प्रत्यक्षत: यातना दिइएका वा पाएको व्यक्ति र उसको परिवारका सदस्यको अधिकारलाई संरक्षण गर्ने गरी कानुनी व्यवस्था मिलाउनु जरुरी हुन्छ । यस सम्बन्धमा राज्यले समयमै यातनासम्बन्धी कार्यलाई अपराधिक कार्यको रूपमा कानुनी व्यवस्था गर्ने, त्यस्तो कार्यमा संलग्न हुने जोकोहीलाई कानुनी दायरामा ल्याई कारबाही हुने कुराको सुनिश्चितता प्रदान गर्ने र यातना दिइएका वा पाएका व्यक्ति र उसको परिवारका सदस्यहरू लगायत आमनागरिकलाई सचेत तुल्याउन गम्भीररूपमा लाग्न सक्नुपर्दछ ।

यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ यातनासम्बन्धी महासन्धिको पक्ष बनेपछि ल्याइएको भए पनि यो कानुनले पीडितलाई न्याय दिन सकेको पाइँदैन । यातनासम्बन्धी कार्यलाई फौजदारी अपराधको रूपमा परिभाषित गर्न नसक्नु, यातनाको परिभाषालाई सङ्कुचित पारिनु, क्षतिपूर्तिको रकम सरकारले नै व्यहोर्ने व्यवस्था गरी पीडकलाई जिम्मेवार नबनाइनु आदि कारणले यो कानुन प्रभावकारी हुन सकेको छैन । साथै थुप्रै यातनासम्बन्धी घटनाहरू सार्वजनिक भइरहेको अवस्थालाई सहीरूपमा सम्बोधन गर्न पनि यातनालाई फौजदारी अपराधको रूपमा लिई यस्तो कार्यमा संलग्न हुने जोकोहीलाई दण्ड हुने कानुनी व्यवस्था गर्न नयाँ कानुन निर्माण गर्नु आवश्यक देखिन्छ । नेपालले महासन्धिको धारा १९ को व्यवस्थाअनुसार पेश गरेको प्रारम्भिक प्रतिवेदनउपर विचार गर्दै यातनाविरुद्धको समितिले यातनाको प्रयास, मिलिमतो र संलग्नतालाई फौजदारी अपराधको रूपमा लिई सजायको कानुनी व्यवस्था गर्न सिफारिस गरेको थियो । त्यस्तै सर्वोच्च अदालतले पनि यातनाको कार्यलाई फौजदारी अपराधको रूपमा लिने गरी कानुन निर्माण गर्न सरकारका नाममा निर्देशनात्मक आदेश जारी पनि भएको छ । तर पनि हालसम्म यस्तो कानुन बन्न नसकेकोले यसतर्फ सरकार गम्भीर भई तत्कालै

यातनालाई कसुर मानी यस्तो कार्यमा संलग्न हुनेलाई सजाय हुने कानुनी व्यवस्था गरिनु आवश्यक छ ।

## (६) सन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय प्रतिवेदनको अवस्था

यातना तथा अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि, १९८४ को धारा १९ मा व्यवस्था भएअनुसार महासन्धिमा व्यवस्था गरिएका पक्ष राज्यका दायित्वलाई प्रभावकारी बनाउन अवलम्बन गरिएका उपायहरूका बारेमा पक्ष बनेको दुई वर्षभित्र प्रारम्भिक प्रतिवेदन, त्यसपछि प्रत्येक चार-चार वर्षमा आवधिक प्रतिवेदन संयुक्त राष्ट्रसङ्घसमक्ष पेश गर्नुपर्दछ । यो महासन्धिको पक्ष बनेपछि यो प्रावधानलाई विशेषरूपमा ख्याल गरी समयमै प्रतिवेदन बुझाउनेतर्फ क्रियाशील हुनु आवश्यक हुन्छ । यो महासन्धिको नेपाल पक्ष बनेको धेरै भइसक्यो । महासन्धिको व्यवस्थाको कार्यान्वयन गर्दै नेपालले यससम्बन्धी प्रारम्भिक प्रतिवेदन २१ अप्रिल १९९४ मा पेश गरेको थियो । यातनाविरुद्धको महासन्धिको धारा १९ अन्तर्गत आफूले यातना रोकथाम गर्नका लागि अपनाएका उपायहरूका सम्बन्धमा यातनाविरुद्धको समितिसमक्ष प्रारम्भिक प्रतिवेदन बुझाएको प्रत्येक चार वर्षमा आवधिक प्रतिवेदनसमेत पेश गर्नुपर्ने हो । तर सन् १९९१ मा यो महासन्धिको पक्ष भएपछि सन् १९९३ मा आफ्नो प्रारम्भिक प्रतिवेदन पेश गरेपश्चात् प्रत्येक चार वर्षको अन्तरालमा आवधिक प्रतिवेदन पेश गर्नुपर्ने भए पनि नेपालले दोस्रो, तेस्रो र चौथो प्रतिवेदन समयमा बुझाउन सकेन । नेपाल सरकारले दोस्रो, तेस्रो र चौथो संयुक्त प्रतिवेदन सन् २००४ मे ५ मा मात्रै बुझाएको थियो । तर समितिले त्यो प्रतिवेदनलाई दोस्रो प्रतिवेदनको रूपमा मात्र स्वीकार गऱ्यो । यस अवस्थामा नेपालले सन् २००८ जुन १२ सम्ममा आफ्नो तेस्रो, चौथो तथा पाँचौं आवधिक प्रतिवेदन बुझाउनुपर्ने थियो तर हालसम्म यसको तयारी समेत हुन सकेको छैन ।

## (७) सन्धि कार्यान्वयनबाट हुने उपलब्धिहरू

यातना तथा अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि, १९८४ को कार्यान्वयनबाट यातना दिने कार्यमा कमी आउनुका साथै यस्तो कार्यमा संलग्नलाई फौजदारी कसुर गरेको मानी कारबाही र दण्डसजाय हुने अवस्था रहन्छ । साथै कदंकदाचित कसैलाई यातना दिइएको भए तापनि त्यसरी यातना दिइएको वा पाएका व्यक्ति र उसको परिवारका सदस्यहरूको अधिकारको प्रत्याभूति हुने मात्र नभई ती अधिकारहरूको सम्मान, संरक्षण र परिपूर्ति गर्न सरकारलाई बल मिल्दछ । यो महासन्धिको कार्यान्वयनको कारणबाट यातना पाएको व्यक्ति र उसको परिवारका सदस्यहरूले उसका लागि महासन्धिले प्रत्याभूति गरेका अधिकारको निर्वाध उपभोग गर्न पाउने र उसको उचित संरक्षणको अवस्था सिर्जना हुन्छ । यी अधिकारहरूको उल्लङ्घन भएको अवस्थामा घरेलु तथा अन्तर्राष्ट्रिय उपचारको अधिकार पनि सुरक्षित हुन्छ । महासन्धिले यातना पाएको व्यक्तिको उद्धार, उपचार, क्षतिपूर्ति र पुनर्स्थापनाको समेत व्यवस्था गरेकोले यसबाट पीडित व्यक्तिको अधिकारको संरक्षण हुने कुरामा विश्वास गर्न सकिन्छ ।

## (८) महासन्धि कार्यान्वयनका प्रमुख चुनौतीहरू

- महासन्धिलाई ग्रहण गर्न र त्यसको प्रभावकारी कार्यान्वयन गर्न राज्यहरू उत्साहित नहुनु ।
- महासन्धिका व्यवस्थाहरू व्यावहारिकरूपमा कार्यान्वयन गर्न गाह्रो, अन्तर्राष्ट्रिय मापदण्डको घेराभन्दा बाहिर रहेको, बढी महत्वाकांक्षी हुनु ।
- धेरै मुलुकहरूले महासन्धिको प्रावधानप्रति चासो नदिनु ।
- महासन्धि कार्यान्वयन गर्न संरचनागत व्यवस्थाको कमी हुनु ।
- महासन्धिको कार्यान्वयनमा कतिपय मुलुकको संविधान र कानुन नै बाधक रहनु ।
- महासन्धिका व्यवस्थाहरूको गहिरो अध्ययन नहुनु साथै महासन्धिका व्यवस्थाहरूको गलत बुझाई हुनु ।
- यातनासम्बन्धी विषय सरकारको प्राथमिकतामा नपर्नु ।
- यातना दिइएको वा पाएको वा निजका परिवारका सदस्यहरूको अधिकारप्रति बेवास्ता गर्ने प्रवृत्ति रहनु ।
- यातनाको समस्यालाई गुपचुपरूपमा नै सुल्झाउन उपयुक्त हुने राज्यहरूको सोचाई रहनु ।
- मानव अधिकारप्रतिको बुझाईमा कमी हुनु । मानव अधिकारलाई समग्रमा नहेरिनु । मानव अधिकार आफ्ना नागरिकको लागि मात्र हो भन्ने गलत सोचाई रहनु ।
- यस क्षेत्रमा अध्ययन, अनुसन्धानको कमी रहनु ।

## (९) सन्धिको कार्यान्वयनका लागि चाल्नुपर्ने कदम

यातना तथा अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि, १९८४ ले पक्ष राज्यलाई महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ । महासन्धिका व्यवस्थाहरूको सम्मान, संरक्षण र परिपूर्ति गर्ने काम पक्ष राज्यका लागि सजिलो छैन । नेपाल यो महासन्धिको पक्ष बनेको पनि धेरै भइसकेको छ । तर पनि महासन्धिअन्तर्गतको कानुन बन्न बाँकी नै रहेको सन्दर्भमा यसको कार्यान्वयनको चुनौतीको सामना गर्नु गाह्रो परिरहेको छ । त्यसैले महासन्धिको कार्यान्वयनका लागि प्रभावकारी कानुनको निर्माणलाई राज्यले प्राथमिकतामा राख्न सक्नुपर्दछ । यदि यसो हुन नसकेमा धेरै चुनौती आउन सक्नेतर्फ ख्याल राखी त्यसको निदानको उपाय सोच्नु जरुरी छ । मुख्यरूपमा महासन्धिमा व्यवस्था भएको यातनालाई फौजदारी कसुरको रूपमा लिई यस्तो कार्यलाई दण्डनीय बनाउने र यातना दिने कार्यमा संलग्न जोकोहीलाई उसले गरेको आपराधिक कार्यको लागि जिम्मेवार बनाउन नेपालले तत्कालै आवश्यक कानुनी व्यवस्था गरी महासन्धिको पक्ष राज्यको दायित्व निर्वाह गर्नुपर्ने देखिन्छ । साथै महासन्धिका व्यवस्थाहरूबारे सबै सम्बद्ध निकाय तथा पदाधिकारी र आमनागरिकलाई सचेतना हुने किसिमबाट कार्यक्रम सञ्चालन गर्नु पनि उत्तिकै आवश्यक छ । त्यसैगरी महासन्धिको पक्ष राज्यको हैसियतबाट पेश गर्नुपर्ने आवधिक प्रतिवेदनलाई पनि प्राथमिकतामा राखी समयमै बुझाउनेतर्फ सरकार गम्भीर हुनु जरुरी छ ।

# ८. सबै आप्रवासी कामदार र उनीहरूका परिवारको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि, १९९०

## (१) पृष्ठभूमि

**International Convention on the Protection of the Rights of All Migrant Workers and Members of their Families**

New York, 18 December 1990

**Entry into force** : 1 July 2003, in accordance with article 87(1).

**Registration** : 1 July 2003, No. 39481

**Status** : Signatories : 34. Parties : 46

**Note** : The Convention was adopted by Resolution 45/158 of 18 December 1990 at the forty-fifth session of the General Assembly of the United Nations. The Convention is open for signature by all States in accordance with its article 86 (1).

विश्वका ३५ जनामा एकजना मानिस अन्तर्राष्ट्रिय आप्रवासी कामदारको रूपमा विश्वका विभिन्न मुलुकमा रहेको अनुमान गरिन्छ। यो सङ्ख्या विश्वको कुल जनसङ्ख्याको करिब ३ प्रतिशत हो। संसारका सबैजसो राज्य कुनै कुनै रूपमा आप्रवासीसँग सम्बन्धित छन्। तीमध्ये धेरै राज्यले आप्रवासी कामदारलाई ग्रहण गर्दछन्। कतिले आप्रवासी हुन पठाउँछन् भने कतिपय मुलुक आप्रवासीका लागि ट्राञ्जिट विन्दु भएका छन्। वास्तवमा आप्रवास अहिले विश्वव्यापीकरणको स्वभाविक विशेषता भएको छ।

आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरूसम्बन्धी अन्तराष्ट्रिय कानुनको चर्चा गर्दा केही आई.एल्.ओ. महासन्धिहरू र सबै आप्रवासी कामदार र उनीहरूका परिवारको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि प्रमुखरूपमा अगाडि आउँछन्। रोजगारीका लागि आप्रवासनसम्बन्धी आई.एल्.ओ. महासन्धि १९४९ (नं. ४३) आप्रवासीहरूको हैसियत, प्रस्थान र गन्तव्यसम्मको यात्रा र उनीहरूले आर्जन गरेको आम्दानीको हस्तान्तरणसँग सम्बन्धित छ भने आप्रवासी कामदारसम्बन्धी थप व्यवस्थासहितको आई.एल्.ओ. महासन्धि नं. १४३ ले आप्रवासी कामदारका केही निश्चित अधिकारहरूको बारेमा व्यवस्था गरेको छ। त्यस्तै अरू थुप्रै आई.एल्.ओ. महासन्धिहरूमा पनि आप्रवासी कामदारका बारेमा उल्लेख छ। तर यी महासन्धिहरूले आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरूको मानव अधिकारभन्दा पनि प्रक्रियाको बारेमा उल्लेख गरेको देखिन्छ। अधिकारका बारेमा पनि छरिएर रहेका विभिन्न प्रावधानहरू छन्। त्यसैले आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरूको जोखिमपूर्ण अवस्था, उनीहरूको संरक्षणको खाँचो र उनीहरूका लागि न्यूनतम मानव

अधिकारको प्रत्याभूतिको आवश्यकतालाई ध्यानमा राखी जारी भएको आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी महासन्धि आप्रवासी कामदार र उनीहरूका परिवारको आधारभूत मानव अधिकारको संरक्षणका लागि महत्वपूर्ण अन्तर्राष्ट्रिय दस्तावेज हो। यो महासन्धिले आप्रवासन र मानव अधिकारलाई जोड्ने काम गर्दै आप्रवासी कामदार र उनीहरूका परिवारको अधिकारको संरक्षणका लागि पक्ष राज्यहरूलाई बाध्यात्मक दायित्व सुम्पेको छ। यो महासन्धि १८ डिसेम्बर १९९० मा हस्ताक्षरका लागि खुला भई महासन्धिको प्रावधानअनुसार अनुमोदन गर्ने राज्यको सङ्ख्या २० पुगेको दिन १ जुलाई २००३ देखि यो लागू भएको हो। यसको कार्यान्वयनस्थितिको अनुगमनका लागि महासन्धिमा आप्रवासी कामदारसम्बन्धी समितिको व्यवस्था गरिएको छ।

### (२) महासन्धिका प्रमुख प्रावधानहरू

सबै आप्रवासी कामदार र उनीहरूका परिवारको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिको प्रमुख उद्देश्य आप्रवासी कामदारको मानव अधिकारप्रतिको सम्मानलाई प्रवर्द्धन गर्नु हो। आप्रवासी व्यक्तिहरू मात्र कामदार नभएर उनीहरू समाजको अङ्ग पनि हुन्। उनीहरू अरू साधारण मानिस जस्तै अधिकारधारी व्यक्तिहरू हुन्। जसरी अरू मानिसहरूको अधिकार छ आप्रवासीहरूको पनि त्यस्तै अधिकार सुरक्षित छ। तर व्यवहारमा उनीहरूप्रति गरिने व्यवहारको भिन्नताले आप्रवासी मानिस नै होइनन् कि भन्ने सोचाई कसैकसैमा रहेको पाइन्छ। यो अवस्थाको अन्त्य र आप्रवासीको अधिकारको संरक्षणको लागि महासन्धिले महत्वपूर्ण काम गरेको छ। महासन्धिले आप्रवासी कामदारहरूको छुट्टै र नयाँ अधिकारहरू सिर्जना गर्दैन बरु यसले उनीहरूका लागि भएका अधिकारहरूको समानरूपमा प्रत्याभूतिको सुनिश्चितता गरेको छ। यसले सबै आप्रवासी कामदार र उनीहरूका परिवारका लागि न्यूनतम तहको संरक्षणको आवश्यतालाई जोड दिएको छ। यसमा कानुनीरूपमा वा वैधानिकरूपमा रहेका आप्रवासी र अवैधानिकरूपमा रहका आप्रवासी दुवैको अधिकारको बारेमा उल्लेख छ। तर अधिकार माग्ने प्रयोजनका लागि निश्चितरूपमा कानुनी वा वैधानिक आप्रवासीको अधिकार बढी हुने कुरालाई महासन्धिले बोध गरेको देखिन्छ। त्यस्तै महासन्धिले अवाञ्छित वा भूमिगतरूपमा हुने आवत-जावतलाई निर्मूल गर्ने प्रयोजनका लागि अवैधानिक आप्रवासन गर्ने व्यक्तिहरूलाई उक्साउने प्रवृत्ति र गलत सूचनाका विरुद्धमा सङ्घर्ष गर्न त्यस्तो कार्यमा संलग्न हुने रोजगारदाता र अवैधानिक रूपमा कामदार लैजाने व्यक्तिलाई कारबाही गर्न सकिने व्यवस्था पनि गरेको छ।

महासन्धिको धारा ७ ले आप्रवासी कामदार र उनीहरूका परिवारका लागि लिङ्ग, जात, रङ्ग, भाषा वा विश्वास, राजनीतिक आस्था, जातिगत वा सामाजिक उत्पत्ति, राष्ट्रियता, सम्पत्ति, वैवाहिक स्थिति, जन्म वा अन्य कुनै आधारमा हुने कुनै पनि किसिमको भेदभाव बिना अधिकारहरूको संरक्षणको व्यवस्था गरेको छ।

## महासन्धिले जोड दिएका प्रमुख विषयहरू

- आप्रवासी कामदारहरू सामान्य कामदार वा आर्थिक उपार्जनका माध्यम मात्र होइनन् । उनीहरू र उनीहरूको परिवारका सदस्यहरू समाजका अभिन्न अङ्ग हुन्, त्यसैले उनीहरूको अरू मानिसको जस्तै अधिकार छ ।
- आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरू रोजगारदाता वा ट्रान्जिट मुलुकमा रहेका गैरनागरिकको रूपमा असुरक्षित अवस्थामा छन् । उनीहरूको अधिकारलाई न त उनीहरू रहेको देशले मान्यता दिन्छ न त उनीहरूको आफ्नै देशले ।
- महासन्धिले आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरूको परिभाषा गर्दै उनीहरूको वर्गीकरण समेत गरेको छ । यसले महासन्धिले आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरू उपर गरिनुपर्ने व्यवहारका सम्बन्धमा अन्तर्राष्ट्रिय मापदण्ड निर्धारण गर्दै उनीहरूका अधिकारहरूको बारेमा उल्लेख गरेको छ ।
- महासन्धिले आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरूको आधारभूत मानव अधिकारको उपभोगमा उनीहरू रहे बसेको राज्यको नागरिक र गैरनागरिकबीचमा समानताको आधारलाई जोड दिँदै दर्तावाला आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरू थप अधिकारको बारेमा उल्लेख गरेको छ ।
- महासन्धिले आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरूको शोषणलाई रोक्न र त्यसको अन्त्य गर्न तथा उनीहरूको गैरकानुनी आवतजावतको अन्त्य गर्न भूमिका खेल्न खोजेको देखिन्छ ।
- महासन्धिले आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरूको संरक्षणका लागि न्यूनतम मापदण्ड निर्धारण गर्न खोजेको छ ।
- महासन्धिले गैरकानुनीरूपमा रहेका वा दर्ता नगराई बसेका आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरूको अवस्था र जुनसुकै अवस्थामा पनि उनीहरूको अधिकारको हनन हुन नहुने स्थितिलाई पनि सम्बोधन गर्न खोजेको छ ।

## (३) महासन्धिको महत्व

विशेष प्रकृतिका व्यक्तिहरूको मानव अधिकारका संरक्षण भएका प्रयासहरूमध्येमा आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षणका लागि भएको प्रयासको विशिष्ठ महत्व छ । आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी महासन्धिले विश्वव्यापीरूपमा आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरूको संरक्षणको लागि नयाँ ढोका खोलेको छ । त्यसैगरी महासन्धिले महिला र पुरुष, दर्ता भएका र दर्ता नभएका, नागरिक र गैरनागरिक आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरूको बीचमा

मानव अधिकारको समानताको सिद्धान्तसम्बन्धी व्यवस्थालाई व्यावहारिक प्रयोगको लागि अन्तराष्ट्रिय समुदायलाई अग्रगामी बाटो देखाएको छ । सारमा यो महासन्धिको महत्वलाई निम्नबमोजिम उल्लेख गर्न सकिन्छः-

- यो महासन्धिले आप्रवासी कामदारहरूले विश्व अर्थतन्त्रमा खेलेको भूमिकालाई मान्यता प्रदान गरेको छ ।
- यो महासन्धिले आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरूको जोखिमपूर्ण अवस्थाको विचार गरी उनीहरूको आधारभूत मानव अधिकारको संरक्षणको प्रत्याभूति गरेको छ ।
- यो महासन्धिमा आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरूप्रति गरिनुपर्ने व्यवहार, उनीहरूको कल्याण र अधिकारको संरक्षणका लागि अन्तराष्ट्रिय मापदण्ड तोकिएको छ ।
- महासन्धिमा आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरूको हुन्, उनीहरूको के कस्तो प्रकार हुन सक्दछ भन्ने सम्बन्धमा स्पष्ट परिभाषा गरिएको छ ।
- महासन्धिले आप्रवासी कामदारहरू कामदारमात्र नभएर समाजका अङ्ग हुन् र उनीहरूको परिवारमा पुनर्मिलन हुन पाउनेलगायतका निश्चित अधिकार छन् भन्ने कुरामा जोड दिएको छ ।
- महासन्धिमा दर्ता भएका र दर्ता नभएका आप्रवासी कामदारहरूको कानुनी हैसियत, उनीहरूको अधिकारको सम्मानको व्यवस्था गर्दै दर्ता नभएका आप्रवासी कामदारलाई दर्ता हुन प्रोत्साहन गरिएको छ ।
- महासन्धिले आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरूलाई केही निश्चित अवस्थामा आफ्ना नागरिकसरह समान व्यवहार गर्न उनीहरू रहेको मुलुकलाई निश्चित दायित्व सुम्पेको छ ।
- महासन्धिले आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरूको कानुनी, राजनीतिक, आर्थिक, नागरिक, सामाजिक र साँस्कृतिक अधिकारलाई मान्यता प्रदान गर्दै त्ससम्बन्धी न्यूनतम मापदण्ड तोकेको छ ।
- समग्रमा महासन्धिले आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरूलाई आप्रवासनको सम्पूर्ण प्रक्रियामा हुन सक्ने शोषण र उत्पीडनको अन्त्यको लागि महत्वपूर्ण भूमिका खेलेको छ ।

## (४) महासन्धिद्वारा आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरूका लागि प्रत्याभूति गरिएका अधिकारहरू

महासन्धिले प्रमुखरूपमा दुई भागमा आप्रवासी कामदारका अधिकारको बारेमा उल्लेख गरेको छ । भाग तीनमा आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरूको मानव अधिकारको बारेमा उल्लेख छ भने भाग चारमा आप्रवासी कामदारका अरू अधिकारका बारेमा उल्लेख छ । भाग तीनमा उल्लेख भएका मानव अधिकारका कुराहरू

जस्तोसुकै कानुनी हैसियतका आप्रवासी कामदारको हकमा पनि लागू हुन्छ भने अरू अधिकारसम्बन्धी व्यवस्था नियमित अवस्थाका कामदारको हकमा मात्र लागू हुन्छ। महासन्धिले मानव अधिकारको विश्वव्यापी घोषणापत्र र अन्य मानव अधिकारसम्बन्धी महासन्धिद्वारा प्रत्याभूति गरिएका अधिकारहरूलाई नै महत्वका साथ आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरूका लागि भनी थप महत्वका साथ प्रत्याभूति गरेको छ। आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यहरूलाई हुन सक्ने गैरमानवतावादी क्रियाकलाप, शोषण, उत्पीडन र उनीहरूको जोखिमपूर्ण अवस्थालाई ध्यानमा राखी महासन्धिका पक्ष राज्यलाई आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षणका लागि बाध्यकारी व्यवस्था गरेको छ। यो महासन्धिमा प्रमुखरूपमा आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यहरूको देहायका अधिकारहरू उल्लेख छन्।

- जीवनको अधिकार तथा आधारभूत स्वतन्त्रता (धारा १, धारा ९, धारा १०, धारा ११, धारा १२, धारा १३ र धारा १५)
- भेदभावविरुद्धको अधिकार (धारा ७)
- उचित कानुनी प्रक्रियासम्बन्धी अधिकार (धारा १६–२० र धारा २२)
- गोपनीयताको अधिकार (धारा १४)
- समानताको अधिकार (धारा २५)
- ट्रेड युनियनको अधिकार (धारा २६)
- आम्दानी हस्तान्तरणको अधिकार (धारा ३२)
- सूचनाको अधिकार (धारा ३३)

**दर्ता भएका नियमित अवस्थाका कामदारका अरू अधिकारहरू**

- क्षणिकरूपमा काममा अनुपस्थित हुन पाउने अधिकार (धारा
- घुमफिर र हिँड्डुल गर्न पाउने अधिकार (धारा ३९)
- समानताका आधारमा शिक्षा, व्यावसायिक तालिम र अन्य सामाजिक सेवामा सहभागी हुन पाउने अधिकार (धारा ४३, धारा ४५, धारा ५४)
- मुद्दा हाल्न पाउने र स्वच्छ र सार्वजनिक सुनुवाईको अधिकार (धारा ५४, धारा १८)
- गैरकानुनी कामदारका अधिकार तथा उनीहरूसम्बन्धी व्यवस्था (प्रस्तावना, धारा ८–३५, ६८)

## (५) महासन्धिअन्तर्गत राज्यको दायित्व

महासन्धिले व्यक्तिगत एवम् पारिवारिक विषयलाई केन्द्रित गरी आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यहरूको अधिकार र उनीहरूको संरक्षणका लागि विशेष व्यवस्था गरेको छ। यी अधिकारको राज्यद्वारा सम्मान (अधिकारको उपभोगमा हस्तक्षेप नगर्ने दायित्व), संरक्षण (कसैको अधिकारको उपभोगमा हस्तक्षेप गर्न नपाउने कुरा सुनिश्चित गर्ने) र परिपूर्ति (अधिकार उपभोगका लागि आवश्यक सेवा र सुविधा प्रदान गर्ने) हुनुपर्ने गरी

राज्यको दायित्व पनि तोकिएको छ । कुनै आप्रवासी कामदारले यस महासन्धिअन्तर्गतको कुनै अधिकारको दाबी गरेमा त्यस्तो अधिकारको प्रत्याभूति राज्यले गर्न सक्नुपर्दछ । महासन्धिअन्तर्गत राज्यको दायित्व सामान्यतया महासन्धिमा उल्लिखित अधिकारको आदर गर्ने, संरक्षण गर्ने र ती अधिकार परिपूर्ति गर्ने कुरासँग सम्बन्धित हुन्छ ।

राज्यले महासन्धिअन्तर्गतका मानव अधिकारका आधारभूत सिद्धान्तहरूलाई नष्ट गर्न, बङ्ग्याउन वा अन्यथा परिभाषित गर्न पाउँदैन । ती सिद्धान्तहरूलाई सधैँ आदर गरेको हुनुपर्दछ । त्यतिमात्र होइन, राज्यले ती अधिकारको संरक्षणका लागि पनि यथोचित कार्य गरेको हुनुपर्दछ, ताकि कसैले ती अधिकारको हनन गर्न नसकोस् । त्यसैगरी, राज्यले त्यस्ता अधिकारको परिपूर्तिका लागि आवश्यक उपायहरू समेत अवलम्बन गरेको हुनुपर्ने गरी पनि दायित्व तोकिएको छ ।

## (६) अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि भएका प्रयासहरू (कानुनी, नीतिगत र संस्थागत)

आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यहरूको अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि राज्यले थुप्रै नीतिगत एवम् संस्थागत प्रयास गरेको हुनु आवश्यक छ । नीतिगत व्यवस्थाअन्तर्गत आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यहरूको अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि राज्यको प्रमुख नीतिको घोषणा देशको संविधानको माध्यमबाट गर्ने, उपरोक्त नीतिगत संवैधानिक व्यवस्थाको कार्यान्वयनको लागि अन्य क्षेत्रगत नीतिहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, त्यस्ता नीतिहरूको कार्यान्वयनको लागि कानुनी तथा संस्थागत संरचनाहरूको विकास गर्ने र ती संरचनाहरूलाई क्रियाशील तुल्याई आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्ने प्रयास गरिएको हुनु आवश्यक छ । कतिपय अवस्थामा आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यहरूले नागरिकसरह समानरूपमा अधिकारको उपभोग गर्न पाउने अवस्थाका बारेमा महासन्धिमा व्यवस्था गरिएकोले त्यसको कार्यान्वयनका लागि पनि राज्य इमान्दार हुनु आवश्यक छ ।

प्रस्तुत सन्दर्भमा नेपालको विषयलाई लिएर हेर्दा नेपाल हालसम्म यस महासन्धिको पक्ष बनिनसकेकोले तत्कालका लागि यस महासन्धिअन्तर्गतको दायित्व निर्वाह गर्नुपर्ने अवस्था छैन तर पनि नेपालले धेरै कामदार अन्य मुलुकमा काम र रोजगारीका लागि पठाएको हुँदा यो महासन्धिको पक्ष बन्नेतर्फ अग्रसर हुनु आवश्यक देखिन्छ । यसका लागि समयमै कानुनी, नीतिगत तथा संस्थागत क्षमता विकासको पहल हुनु जरुरी हुन्छ ।

## (७) सन्धि घरेलुकरणको प्रक्रिया र अवस्था

नेपाल यो महासन्धिको पक्ष राज्य बनिसकेको छैन । महासन्धिको पक्ष बनिसकेपछि अन्तर्राष्ट्रियरूपमा सिर्जना हुने दायित्व निर्वाह गर्नु पक्ष राज्यको कर्तव्य हुन्छ । The Vienna Convention on the Law of Treaties, 1969 का अनुसार कुनै राज्य कुनै

महासन्धिको पक्ष बनेपछि त्यस्तो पक्ष राज्य उक्त महासन्धिका व्यवस्था कार्यान्वयन गर्न बाध्य हुन्छ । आफू पक्ष बनेको महासन्धिले सिर्जना गरेका दायित्वहरू निर्वाह गर्न र त्यस्तो महासन्धिका व्यवस्थाहरू कार्यान्वयन गर्नका लागि राज्यले घरेलु उपायहरू अवलम्बन गरेको हुनुपर्दछ । यस्ता घरेलु उपायहरू राज्य स्वयम्ले निर्धारण गर्ने कुरा हो, यस सम्बन्धमा महासन्धिले कुनै कुरा बोलेको हुँदैन । महासन्धिका व्यवस्थाको घरेलुकरणको सम्बन्धमा चर्चा गर्दा विश्वमा दुईओटा प्रणाली प्रचलनमा रहेको पाइन्छ । पहिलो, महासन्धिको पक्ष बनेपछि त्यस्तो महासन्धिको व्यवस्था स्वत: घरेलु कानुनसरह मान्य हुन्छ । अन्य घरेलु कानुनहरू महासन्धिको व्यवस्थासँग बाझिएमा बाझिएको हदसम्म महासन्धिका व्यवस्था लागू हुन्छ । दोस्रो, महासन्धिको व्यवस्था स्वत: लागू नभई महासन्धिको कार्यान्वयनका लागि छुट्टै कानुन निर्माण गरी लागू गरिन्छ । त्यसैले राज्यले महासन्धिको व्यवस्था सिधैँ लागू गर्न वा ती व्यवस्थाको कार्यान्वयनका लागि आवश्यकताअनुसार घरेलु कानुन निर्माण गर्न सक्दछ । यसका अतिरिक्त राज्यले महासन्धिका व्यवस्थाहरू कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र कार्यान्वयन गर्ने, संस्थागत संरचनाको विकास गर्ने आदि उपायहरू पनि अवलम्बन गर्न सक्दछ ।

यससम्बन्धी नेपालको सन्दर्भलाई हेर्दा नेपाल सन्धि ऐन, २०४७ लाई प्रमुखरूपमा हेर्नुपर्दछ । यो ऐनले नेपाल राज्य वा नेपाल सरकारले हस्ताक्षर, अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गरी पक्ष बनेको कुनै सन्धि वा सम्झौताको कार्यान्वयनका सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ । यस ऐनको दफा ९ ले नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुने र त्यस सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुनसरह लागू हुने व्यवस्था गरेको छ । सोही दफामा नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिबाट नेपाल राज्य वा नेपाल सरकार उपर कुनै थप दायित्व वा भार पर्न जाने र त्यसको कार्यान्वयनको लागि कानुनी व्यवस्था गर्नुपर्ने रहेछ भने त्यस्तो सन्धि कार्यान्वयनको लागि नेपाल सरकारले यथासम्भव चाँडो कानुन बनाउने कारबाही चलाउनुपर्ने व्यवस्था गरिएको छ । यो कानुनी व्यवस्थालाई हेर्दा नेपाल पक्ष भएका महासन्धिअनुसारको दायित्व निर्वाह गर्न वा त्यस्तो महासन्धिको कार्यान्वयन गर्न कानुनी व्यवस्था गर्नुपर्ने र त्यसबाट मात्र महासन्धिको घरेलुकरणका प्रक्रिया पूरा हुने देखिन्छ ।

आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यसँग प्रत्यक्षरूपमा सरोकार राख्ने विषयसँग मात्र यो महासन्धि बढी केन्द्रित भएको हुँदा यस महासन्धिको पक्ष बनेपछि प्रत्यक्षत: आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यको अधिकारलाई छुने गरी कानुनी व्यवस्था मिलाउनु जरुरी हुन्छ । यस सम्बन्धमा राज्यले समयमै आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यहरू लगायत आमनागरिकलाई सचेत तुल्याउन गम्भीररूपमा लाग्न सक्नुपर्दछ । साथै महासन्धिको प्रभावकारी कार्यान्वयन गर्न विशेष कानुन निर्माण गरिनुपर्दछ ।

### (८) महासन्धिमा व्यवस्था भएअनुसारको पक्ष राज्यको कर्तव्य

- नागरिक र गैरनागरिक आप्रवासीको बीचमा विभेद नगर्ने (धारा ७) आप्रवासी कामदारहरूका लागि न्यायपूर्ण, मानवीय तथा कानुनी अवस्थाको सिर्जना गर्ने (धारा ६४, धारा ६५, धारा ६८, धारा ७०)
- आप्रवासी कामदारसम्बन्धी सूचना प्रवाह गर्नुपर्ने (धारा ३३, धारा ३७)
- आप्रवासीसम्बन्धी विषय हेर्ने छुट्टै संस्था खडा गर्नुपर्ने (धारा ४१)
- आम्दानी गरेको रकम सार्न पाउने र समानताका आधारमा कर र भन्सारसम्बन्धी व्यवस्था लागू गर्नुपर्ने (धारा ४६, धारा ४७, धारा ४८)
- आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यका लागि स्वतन्त्रता र सुरक्षा प्रदान गर्नुपर्ने (धारा १६ धारा १७)
- काम गर्ने र बस्ने उचित व्यवस्था मिलाउनुपर्ने (धारा ७०)
- परिवारका सदस्यहरूसँग पुनर्मिलनको अवसर दिनुपर्ने (धारा ४४)
- सम्पत्तिको सुरक्षा गरिनुपर्ने (धारा १५)
- नागरिकहरू सरह समानताको आधारमा व्यवहार गर्नुपर्ने (धारा १८, धारा २५, धारा २७, धारा ३०, धारा ४३)
- ट्रेड युनियनमा भाग लिने अवसर दिनुपर्ने (धारा २६)
- कागजातको सुरक्षाको प्रबन्ध गरिदिनुपर्ने (धारा २४)
- पक्ष राज्यले आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी समितिसमक्ष महासन्धि कार्यान्वयन गर्न गरिएका कानुनी, न्यायिक, प्रशासकीय तथा अन्य उपायहरू समावेश गरी पक्ष बनेको एक वर्षभित्र प्रारम्भिक प्रतिवेदन र त्यसपछि हरेक पाँच-पाँच वर्षमा आवधिक प्रतिवेदन पेश गर्नुपर्दछ । (धारा ७३)
- पक्ष राज्यले आप्रवासी कामदारलाई उनीहरूलाई महासन्धिद्वारा प्रदान गरिएका अधिकार परित्याग गर्न बाध्य पार्न सक्दैन । (धारा ८२)
- पक्ष राज्यले महासन्धिद्वारा प्रद्त्त अधिकार उल्लङ्घन भएमा त्यसको प्रभावकारी उपचारको व्यवस्था गरेको हुनुपर्दछ । (धारा ८३)

### (९) सन्धि कार्यान्वयनबाट हुने उपलब्धिहरू

आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यहरूको अधिकारको अन्तर्राष्ट्रिय महासन्धि, १९९० को कार्यान्वयनबाट आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यहरूको अधिकारको प्रत्याभूति हुने मात्र नभई ती अधिकारहरूको सम्मान, संरक्षण र परिपूर्ति गर्न सरकारलाई बल मिल्दछ । यो महासन्धिको कार्यान्वयनको कारणबाट आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यहरू राजनीतिक तथा आर्थिकरूपमा सबल र सक्षम, सामाजिकरूपमा सम्मानित र साँस्कृतिकरूपमा स्वतन्त्र हुन पुग्दछन् । महासन्धिको कार्यान्वयनबाट आप्रवासी कामदार र उनीहरूको

परिवारका सदस्यहरूले उनीहरूका लागि महासन्धिले प्रत्याभूति गरेका अधिकारको निर्वाध उपभोग गर्न पाउने र उनीहरूको उचित संरक्षणको अवस्था सिर्जना हुन्छ । यी अधिकारहरूको उल्लङ्घन भएको अवस्थामा घरेलु तथा अन्तर्राष्ट्रिय उपचारको अधिकार पनि सुरक्षित हुन्छ ।

## (१०) सन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय प्रतिवेदनको अवस्था

आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यहरूको अधिकारको अन्तर्राष्ट्रिय महासन्धि, १९९० को नेपाल पक्ष बनिसकेको छैन । यो महासन्धिको धारा ७३ मा व्यवस्था भएअनुसार महासन्धिमा व्यवस्था गरिएका अधिकारहरूको प्रत्याभूतिको लागि अवलम्बन गरिएका उपायहरूका बारेमा पक्ष बनेको एक वर्षभित्र प्रारम्भिक प्रतिवेदन र त्यसपछि प्रत्येक पाँच-पाँच वर्षमा आवधिक प्रतिवेदन संयुक्त राष्ट्रसङ्घसमक्ष पेश गर्नुपर्दछ । यो महासन्धिको पक्ष बनेपछि यो प्रावधानलाई विशेषरूपमा ख्याल गरी समयमै प्रतिवेदन बुझाउनेतर्फ क्रियाशील हुनु आवश्यक छ ।

## (११) सन्धिको कार्यान्वयनमा देखिएका चुनौती र समस्याहरू

आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यहरूको अधिकारको अन्तर्राष्ट्रिय महासन्धि, १९९० ले पक्ष राज्यलाई महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ । तथापि यी अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने काम पक्ष राज्यका लागि सजिलो छैन । आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यहरूले उनीहरूको अधिकार क्रमशः अनुभूति गर्दै जाने विषय नभई तत्कालै अनुभूति गर्न पाउनुपर्ने विषय भएकोले यी अधिकारको उल्लङ्घन भएका त्यसउपर दाबी गर्न र अदालतमा उजुरी गर्न जान पनि सकिन्छ । आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको विषयमा पनि आजकल अन्य मुलुकका अदालतले नागरिकका अन्य अधिकारसरह मौलिक अधिकारको रूपमा मान्यता दिई राज्य पक्षलाई यस्ता अधिकारको संरक्षण र सम्वर्द्धन गर्न आदेश दिने गरेको पाइन्छ । नेपालको सन्दर्भमा हालसम्म पक्ष बनेको नहुँदा यसको कार्यान्वयनको चुनौतीको सामना हालसम्म गर्नुपरेको छैन । तर पनि समयमै चुनौती आउन सक्नेतर्फ ख्याल राखी त्यसको निदानको उपाय सोच्नु जरुरी छ । सन्धिको कार्यान्वयनमा देखिएका चुनौती र समस्याहरू निम्नानुसार छन्:-

- महासन्धिलाई ग्रहण गर्न र त्यसको प्रभावकारी कार्यान्वयन गर्न राज्यहरू उत्साहित नहुनु ।
- महासन्धिका व्यवस्थाहरू व्यावहारिकरूपमा कार्यान्वयन गर्न गाह्रो, अन्तर्राष्ट्रिय मापदण्डको घेराभन्दा बाहिर रहेको, बढी महत्वाकांक्षी हुनु ।
- आप्रवासी कामदार ग्रहण गर्ने धेरै मुलुकहरूले महासन्धिको प्रावधानप्रति चासो नदिनु ।
- आप्रवासी समस्या कम हुनु ।

- आर्थिक अस्थिरता, बेरोजगारी आदि कारणले आप्रवासीलाई भन्दा आफ्नै नागरिकतर्फ राज्यको ध्यान बढी केन्द्रित हुनु ।
- महासन्धि कार्यान्वयन गर्न संरचनागत व्यवस्थाको कमी हुनु ।
- महासन्धिको कार्यान्वयनमा कतिपय मुलुकको संविधान र कानुन नै बाधक रहनु ।
- महासन्धिका व्यवस्थाहरूको गहिरो अध्ययन नहुनु साथै महासन्धिका व्यवस्थाहरूको गलत बुझाई हुनु । (महासन्धिको पक्ष बनेपछि बढी आप्रवासी समस्या आउँछ भन्ने)
- आप्रवासीको मुद्दा सरकारको प्राथमिकतामा नपर्नु ।
- आप्रवासी कामदारलाई गैरकानुनी घोषणा गरी उनीहरूको अधिकारप्रति बेवास्ता गर्ने प्रवृत्ति रहनु ।
- आप्रवासी कामदारको समस्यालाई आन्तरिकरूपमा नै सुल्झाउन उपयुक्त हुने राज्यहरूको सोचाई रहनु ।
- मानव अधिकारप्रतिको बुझाईमा कमी हुनु । मानव अधिकारलाई समग्रमा नहेरिनु । मानव अधिकार आफ्ना नागरिकको लागि मात्र हो भन्ने गलत सोचाई रहनु ।
- विभेद र जातीयतासम्बन्धी धारणाको कारण पनि आप्रवासी कामदारको मुद्दामाथि उठ्न नसक्नु ।
- यस क्षेत्रमा अध्ययन, अनुसन्धानको कमी रहनु ।
- विश्वव्यापीकरण र आप्रवासी कामदारको संरक्षणको विषयहरू आपसमा बाझिनु ।

### (१२) **सन्धिको कार्यान्वयनका लागि चाल्नुपर्ने कदम**

आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यहरूको अधिकारको अन्तर्राष्ट्रिय महासन्धि, १९९० ले पक्ष राज्यलाई महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ । महासन्धिका व्यवस्थाहरूको सम्मान, संरक्षण र परिपूर्ति गर्ने काम पक्ष राज्यका लागि सजिलो छैन । हालसम्म नेपाल यो महासन्धिको पक्ष बनेको छैन । साथै यो महासन्धिको पक्ष बनेपछि यसअन्तर्गतको कानुन बन्नु पनि उत्तिकै आवश्यक छ । कानुन बने पनि त्यसको कार्यान्वयनको चुनौतीको सामना गर्नु गाह्रो हुन सक्दछ । त्यसैले महासन्धिको पक्ष बनेपछि त्यसको कार्यान्वयनका लागि प्रभावकारी कानुनको निर्माणलाई राज्यले प्राथमिकतामा राख्न सक्नुपर्दछ । यदि यसो हुन नसकेमा धेरै चुनौती आउन सक्नेतर्फ ख्याल राखी त्यसको निदानको उपाय सोच्नु जरुरी छ । मुख्यरूपमा महासन्धिमा व्यवस्था भएको आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यहरूको अधिकारलाई संरक्षण गर्न नेपालले तत्कालै आवश्यक कानुनी व्यवस्था गरी महासन्धिको पक्ष बनेपछि राज्यको दायित्व निर्वाह गर्नुपर्ने देखिन्छ । साथै महासन्धिका व्यवस्थाहरूबारे सबै सम्बद्ध निकाय तथा पदाधिकारी र आमनागरिकलाई सचेतना हुने किसिमबाट कार्यक्रम सञ्चालन गर्नु पनि उत्तिकै आवश्यक छ । त्यसैगरी महासन्धिको पक्ष बनेपछि त्यसको पक्ष राज्यको हैसियतबाट पेश गर्नुपर्ने आवधिक प्रतिवेदनलाई पनि प्राथमिकतामा राखी समयमै बुझाउनेतर्फ सरकार गम्भीर हुनु जरुरी छ ।

## ९. बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिको संरक्षणका लागि अन्तर्राष्ट्रिय महासन्धि, २००६

### (१) पृष्ठभूमि

बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिको संरक्षणका लागि अन्तर्राष्ट्रिय महासन्धि संयुक्त राष्ट्रसङ्घीय अन्तर्राष्ट्रिय मानव अधिकार दस्तावेजहरूमध्येको नवीनतम एक दस्तावेज हो। यो महासन्धिले मूलत: अन्तर्राष्ट्रिय कानुनद्वारा परिभाषित मानवताविरुद्धको बलपूर्वक बेपत्तासम्बन्धी कार्यलाई रोक्ने उद्देश्य लिएको छ। संयुक्त राष्ट्रसङ्घीय महासभाले २० डिसेम्बर २००६ मा पारित गरी ६ फेब्रुअरी २००७ देखि हस्ताक्षरका लागि खुला गरिएको यो महासन्धि २३ डिसेम्बर २०१० देखि लागू भएको हो। हालसम्ममा यो महासन्धिको ९१ राष्ट्रले हस्ताक्षर गरेका छन् भने ३२ राष्ट्र पक्ष बनेका छन्।

**International Convention for the Protection of All Persons from Enforced Disappearance**

New York, 20 December 2006

**Entry into force** : 23 December 2010, in accordance with article 39(1) which reads as follows: "This Convention shall enter into force on the thirtieth day after the date of deposit with the Secretary-General of the United Nations of the twentieth instrument of ratification or accession.".

**Registration** : 23 December 2010, No. 48088

**Status** : Signatories : 91. Parties : 34

**Note** : The above Convention was adopted on 20 December 2006 during the sixty-first session of the General Assembly by resolution A/RES/61/177. In accordance with its article 38, the Convention shall be open for signature by all Member States of the United Nations. The Convention shall be open for signature on 6 February 2007 in Paris, France, and thereafter at United Nations Headquarters in New York.

बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिको संरक्षणका लागि अन्तर्राष्ट्रिय महासन्धि लामो संयुक्त राष्ट्रसङ्घीय प्रयासको उपज हो। सन् १९७८ मा संयुक्त राष्ट्रसङ्घीय महासभाको प्रस्तावबाट बलपूर्वक बेपत्ता सम्बन्धमा सिफारिस गर्न सदस्य राष्ट्रहरूलाई आव्हान गरिएको थियो। त्यस्तै सन् १९९२ मा संयुक्त राष्ट्रसङ्घीय महासभाले २१ ओटा धारामा

अनुबन्धित बलपूर्वक बेपत्तासम्बन्धी घोषणापत्र जारी गरेको थियो । सन् २००१ मा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार आयोगले बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिको संरक्षणका लागि बाध्यात्मक व्यवस्थासहितको दस्तावेजको मस्यौदा तयार गर्न एक कार्यदल गठन गऱ्यो । सोही कार्यदलले सन् २००६ मा बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिको संरक्षणका लागि अन्तर्राष्ट्रिय महासन्धिको मस्यौदा तयार गऱ्यो, जसलाई मानव अधिकार परिषद्ले २९ जुन २००६ मा पारित गरियो । सोही मस्यौदा संयुक्त राष्ट्रसङ्घीय महासभामा २० डिसेम्बर २००६ मा पेश हुँदा सर्वसम्मतरूपमा पारित भयो । यो महासन्धिमा जम्मा ४५ धाराहरू छन् ।

### (२) महासन्धिका प्रमुख व्यवस्थाहरू

बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिको संरक्षणका लागि अन्तर्राष्ट्रिय महासन्धिको प्रमुख उद्देश्य बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिको संरक्षण गर्नु हो । यो महासन्धिका प्रावधानहरू यातनासम्बन्धी महासन्धिकै स्वरूपमा व्यवस्थित गरिएको छ । यो महासन्धिको धारा २ मा बलपूर्वक बेपत्ताको परिभाषा गरिएको छ । जसअनुसार महासन्धिको प्रयोजनका लागि बलपूर्वक बेपत्ताअन्तर्गत राज्यको एजेन्ट वा राज्यको अख्तियारी, समर्थन वा सम्मति प्राप्त व्यक्ति वा व्यक्तिहरूको समूहले कसैलाई कानुनको संरक्षणबाट बाहिर पार्ने गरी पक्राउ गर्ने, थुनामा राख्ने, अपहरण गर्ने वा अरू प्रकारले निजको स्वतन्त्रताको अपहरण गर्ने र त्यसको लगत्तै त्यस्तो स्वतन्त्रताको अपहरण गरेको कुरा अस्वीकार गर्ने वा निजको अवस्था वा निज रहे-बसेको स्थानका बारे जानकारी नगराउने जस्ता कुराहरू पर्दछन् ।

धारा १ ले युद्धको अवस्था, युद्धको खतरा रहेको स्थिति, आन्तरिक राजनीतिक अस्थिरता वा अन्य कुनै प्रकारको सार्वजनिक सङ्कटकालको अवस्थामा समेत बलपूर्वक बेपत्ताको औचित्य पुष्टि गर्न नसकिने कुरामा जोड दिएको छ । त्यस्तै धारा ५ ले व्यापक वा पद्दतिगतरूपमा बलपूर्वक पारिने बेपत्ताको कार्यलाई मानवताको विरुद्धको अपराधको रूपमा परिभाषित गरेको छ । धारा ६ मा हरेक राज्य पक्षले बलपूर्वक बेपत्ता पार्ने कार्यमा संलग्न हुने वा त्यसको मतियार हुने जोसुकैलाई फौजदारी कानुनअन्तर्गत उत्तरदायी बनाउनका लागि आवश्यक उपायहरू अपनाउने र धारा २४ मा बलपूर्वक बेपत्ता पारिएको व्यक्ति वा त्यस्तो कार्यबाट प्रत्यक्षरूपमा प्रभावित व्यक्तिले परिपूरण वा क्षतिपूर्ति पाउने अधिकार हुने सम्बन्धमा व्यवस्था गरेको छ । यो महासन्धिको व्यवस्थाहरूको कार्यान्वयनका सम्बन्धमा भए गरेको कामकारबाहीको विवरणसहितको प्रतिवेदन बलपूर्वक बेपत्तासम्बन्धी समितिसमक्ष पेश गर्नुपर्ने व्यवस्था पनि महासन्धिमा गरिएको छ । स्वेच्छिक व्यक्तिगत उजुरीसम्बन्धी व्यवस्था पनि महासन्धिमा छ ।

### (३) महासन्धिअन्तर्गत राज्यको दायित्व

महासन्धिले बेपत्ता व्यक्ति र उनीहरूको परिवारका सदस्यहरूको अधिकार र उनीहरूको संरक्षणका लागि विशेष व्यवस्था गरेको छ । यी अधिकारको राज्यद्वारा सम्मान

(अधिकारको उपभोगमा हस्तक्षेप नगर्ने दायित्व), संरक्षण (कसैको अधिकारको उपभोगमा हस्तक्षेप गर्न नपाउने कुरा सुनिश्चित गर्ने) र परिपूर्ति (अधिकार उपभोगका लागि आवश्यक सेवा र सुविधा प्रदान गर्ने) हुनुपर्ने गरी राज्यको दायित्व पनि तोकिएको छ। कुनै व्यक्तिले यस महासन्धिअन्तर्गतको कुनै अधिकारको दाबी गरेमा त्यस्तो अधिकारको प्रत्याभूति राज्यले गर्न सक्नुपर्दछ। महासन्धिअन्तर्गत राज्यको दायित्व सामान्यतया महासन्धिमा उल्लिखित अधिकारको आदर गर्ने, संरक्षण गर्ने र ती अधिकार परिपूर्ति गर्ने कुरासँग सम्बन्धित हुन्छ।

राज्यले महासन्धिअन्तर्गतका मानव अधिकारका आधारभूत सिद्धान्तहरूलाई नष्ट गर्न, बङ्ग्याउन वा अन्यथा परिभाषित गर्न पाउँदैन। ती सिद्धान्तहरूलाई सधैं आदर गरेको हुनुपर्दछ। त्यतिमात्र होइन, राज्यले ती अधिकारको संरक्षणका लागि पनि यथोचित कार्य गरेको हुनुपर्दछ, ताकि कसैले ती अधिकारको हनन गर्न नसकोस्। त्यसैगरी, राज्यले त्यस्ता अधिकारको परिपूर्तिका लागि आवश्यक उपायहरू समेत अवलम्बन गरेको हुनुपर्ने गरी पनि दायित्व तोकिएको छ।

### (४) अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि भएका प्रयासहरू (कानुनी, नीतिगत र संस्थागत)

बलपूर्वक बेपत्ता व्यक्ति र उनीहरूको परिवारका सदस्यहरूको अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि राज्यले थुप्रै नीतिगत एवम् संस्थागत प्रयास गरेको हुनु आवश्यक छ। नीतिगत व्यवस्थाअन्तर्गत बेपत्ता पारिएको व्यक्ति र उनीहरूको परिवारका सदस्यहरूको अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि राज्यको प्रमुख नीतिको घोषणा देशको संविधानको माध्यमबाट गर्ने, उपरोक्त नीतिगत संवैधानिक व्यवस्थाको कार्यान्वयनको लागि अन्य क्षेत्रगत नीतिहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, त्यस्ता नीतिहरूको कार्यान्वयनको लागि कानुनी तथा संस्थागत संरचनाहरूको विकास गर्ने र ती संरचनाहरूलाई क्रियाशील तुल्याई बलपूर्वक बेपत्ता हुन नदिने कुराको सुनिश्चितता गर्ने, भई हालेमा त्यस्तो व्यक्ति र उनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्ने प्रयास गरिएको हुनु आवश्यक छ। कतिपय अवस्थामा बलपूर्वक बेपत्ता व्यक्ति र उनीहरूको परिवारका सदस्यहरूले नागरिकसरह समानरूपमा अधिकारको उपभोग गर्न पाउने अवस्थाका बारेमा महासन्धिमा व्यवस्था गरिएकोले त्यसको कार्यान्वयनका लागि पनि राज्य इमान्दार हुनु आवश्यक छ।

प्रस्तुत सन्दर्भमा नेपालको विषयलाई लिएर हेर्दा नेपाल हालसम्म यस महासन्धिको पक्ष बनिनसकेकोले तत्कालका लागि यस महासन्धिअन्तर्गतको दायित्व निर्वाह गर्नुपर्ने अवस्था छैन। तर पनि नेपालमा विगत माओवादी जनयुद्धको सिलसिलामा धेरै व्यक्तिहरू बलपूर्वक बेपत्ता पारिएको र उनीहरूको अवस्था अझै अज्ञात रहको स्थिति हुँदा यो महासन्धिको पक्ष बन्नेतर्फ अग्रसर हुनु आवश्यक देखिन्छ। यसका लागि समयमै कानुनी, नीतिगत तथा संस्थागत क्षमता विकासको पहल हुनु जरुरी हुन्छ।

## (५) सन्धि घरेलुकरणको प्रक्रिया र अवस्था

नेपाल यो महासन्धिको पक्ष राज्य बनिसकेको छैन । महासन्धिको पक्ष बनिसकेपछि अन्तर्राष्ट्रियरूपमा सिर्जना हुने दायित्व निर्वाह गर्नु पक्ष राज्यको कर्तव्य हुन्छ । The Vienna Convention on the Law of Treaties, 1969 का अनुसार कुनै राज्य कुनै महासन्धिको पक्ष बनेपछि त्यस्तो पक्ष राज्य उक्त महासन्धिका व्यवस्था कार्यान्वयन गर्न बाध्य हुन्छ । आफू पक्ष बनेको महासन्धिले सिर्जना गरेका दायित्वहरू निर्वाह गर्न र त्यस्तो महासन्धिका व्यवस्थाहरू कार्यान्वयन गर्नका लागि राज्यले घरेलु उपायहरू अवलम्बन गरेको हुनुपर्दछ । यस्ता घरेलु उपायहरू राज्य स्वयंले निर्धारण गर्ने कुरा हो, यस सम्बन्धमा महासन्धिले कुनै कुरा बोलेको हुँदैन । महासन्धिका व्यवस्थाको घरेलुकरणको सम्बन्धमा चर्चा गर्दा विश्वमा दुईओटा प्रणाली प्रचलनमा रहेको पाइन्छ । पहिलो, महासन्धिको पक्ष बनेपछि त्यस्तो महासन्धिको व्यवस्था स्वत: घरेलु कानुनसरह मान्य हुन्छ । अन्य घरेलु कानुनहरू महासन्धिको व्यवस्थासँग बाझिएमा बाझिएको हदसम्म महासन्धिका व्यवस्था लागू हुन्छ । दोस्रो, महासन्धिको व्यवस्था स्वत: लागू नभई महासन्धिको कार्यान्वयनका लागि छुट्टै कानुन निर्माण गरी लागू गरिन्छ । त्यसैले राज्यले महासन्धिको व्यवस्था सिधैं लागू गर्न वा ती व्यवस्थाको कार्यान्वयनका लागि आवश्यकताअनुसार घरेलु कानुन निर्माण गर्न सक्दछ । यसका अतिरिक्त राज्यले महासन्धिका व्यवस्थाहरू कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र कार्यान्वयन गर्ने, संस्थागत संरचनाको विकास गर्ने आदि उपायहरू पनि अवलम्बन गर्न सक्दछ ।

यससम्बन्धी नेपालको सन्दर्भलाई हेर्दा नेपाल सन्धि ऐन, २०४७ लाई प्रमुखरूपमा हेर्नुपर्दछ । यो ऐनले नेपाल राज्य वा नेपाल सरकारले हस्ताक्षर, अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गरी पक्ष बनेको कुनै सन्धि वा सम्झौताको कार्यान्वयनका सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ । यस ऐनको दफा ९ ले नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुने र त्यस सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुनसरह लागू हुने व्यवस्था गरेको छ । सोही दफामा नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिबाट नेपाल राज्य वा नेपाल सरकार उपर कुनै थप दायित्व वा भार पर्न जाने र त्यसको कार्यान्वयनको लागि कानुनी व्यवस्था गर्नुपर्ने रहेछ भने त्यस्तो सन्धि कार्यान्वयनको लागि नेपाल सरकारले यथासम्भव चाँडो कानुन बनाउने कारबाही चलाउनुपर्ने व्यवस्था गरिएको छ । यो कानुनी व्यवस्थालाई हेर्दा नेपाल पक्ष भएका महासन्धिअनुसारको दायित्व निर्वाह गर्न वा त्यस्तो महासन्धिको कार्यान्वयन गर्न कानुनी व्यवस्था गर्नुपर्ने र त्यसबाट मात्र महासन्धिको घरेलुकरणका प्रक्रिया पूरा हुने देखिन्छ ।

बलपूर्वक बेपत्ता पारिएको व्यक्तिहरू र उनीहरूको परिवारका सदस्यसँग प्रत्यक्षरूपमा सरोकार राख्ने विषयसँग मात्र यो महासन्धि बढी केन्द्रित भएको हुँदा यस महासन्धिको पक्ष बनेपछि प्रत्यक्षत: बलपूर्वक बेपत्ता पारिएको व्यक्तिहरू र उनीहरूको परिवारका सदस्यको अधिकारलाई छुने गरी कानुनी व्यवस्था मिलाउनु जरुरी हुन्छ। यस सम्बन्धमा राज्यले समयमै बलपूर्वक बेपत्ता पारिएको कार्यलाई अपराधिक कार्यको रूपमा कानुनी व्यवस्था गर्ने, त्यस्तो कार्यमा संलग्न हुने जोकोहीलाई कानुनी दायरामा ल्याई कारबाही हुने कुराको सुनिश्चितता प्रदान गर्ने र बेपत्ता व्यक्ति र उनीहरूको परिवारका सदस्यहरू लगायत आमनागरिकलाई सचेत तुल्याउन गम्भीररूपमा लाग्न सक्नुपर्दछ। साथै महासन्धिको प्रभावकारी कार्यान्वयन गर्न विशेष कानुन निर्माण गरिनुपर्दछ।

## (६) सन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय प्रतिवेदनको अवस्था

बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिको संरक्षणका लागि अन्तर्राष्ट्रिय महासन्धि २००६ को नेपाल पक्ष बनिसकेको छैन। यो महासन्धिको धारा २९ मा व्यवस्था भएअनुसार महासन्धिमा व्यवस्था गरिएका पक्ष राज्यका दायित्वलाई प्रभावकारी बनाउन अवलम्बन गरिएका उपायहरूका बारेमा पक्ष बनेको दुई वर्षभित्र प्रतिवेदन संयुक्त राष्ट्रसङ्घसमक्ष पेश गर्नुपर्दछ। यो महासन्धिको पक्ष बनेपछि यो प्रावधानलाई विशेषरूपमा ख्याल गरी समयमै प्रतिवेदन बुझाउनेतर्फ क्रियाशील हुनु आवश्यक छ।

## (७) सन्धि कार्यान्वयनबाट हुने उपलब्धिहरू

बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिको संरक्षणका लागि अन्तर्राष्ट्रिय महासन्धि, २००६ को कार्यान्वयनबाट बलपूर्वक बेपत्ता पार्ने कार्यमा कमी आउनुका साथै यस्तो कार्यमा संलग्नलाई फौजदारी कसुर गरेको मानी कारबाही र दण्ड सजाय हुने अवस्था रहन्छ। साथै कदंकदाचित बलपूर्वक बेपत्ता पारिएमा पनि त्यसरी बेपत्ता पारिएका व्यक्ति र उनीहरूको परिवारका सदस्यहरूको अधिकारको प्रत्याभूति हुने मात्र नभई ती अधिकारहरूको सम्मान, संरक्षण र परिपूर्ति गर्न सरकारलाई बल मिल्दछ। यो महासन्धिको कार्यान्वयनको कारणबाट बेपत्ता व्यक्ति र उनीहरूको परिवारका सदस्यहरूले उनीहरूका लागि महासन्धिले प्रत्याभूति गरेका अधिकारको निर्वाध उपभोग गर्न पाउने र उनीहरूको उचित संरक्षणको अवस्था सिर्जना हुन्छ। यी अधिकारहरूको उल्लङ्घन भएको अवस्थामा घरेलु तथा अन्तर्राष्ट्रिय उपचारको अधिकार पनि सुरक्षित हुन्छ।

## (८) सन्धिको कार्यान्वयनमा देखिएका चुनौती र समस्याहरू

बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिको संरक्षणका लागि अन्तर्राष्ट्रिय महासन्धि, २००६ ले पक्ष राज्यलाई महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ। महासन्धिका व्यवस्थाहरूको सम्मान, संरक्षण र परिपूर्ति गर्ने काम पक्ष राज्यका लागि सजिलो छैन। नेपालको

सन्दर्भमा हालसम्म पक्ष बनेको नहुँदा यसको कार्यान्वयनको चुनौतीको सामना गर्नुपरेको छैन । तर पनि समयमै चुनौती आउन सक्नेतर्फ ख्याल राखी त्यसको निदानको उपाय सोच्नु जरुरी छ । सन्धिको कार्यान्वयनमा देखिएका चुनौती र समस्याहरू निम्नानुसार छन्:-

- महासन्धिलाई ग्रहण गर्न र त्यसको प्रभावकारी कार्यान्वयन गर्न राज्यहरू उत्साहित नहुनु ।
- महासन्धिका व्यवस्थाहरू व्यावहारिकरूपमा कार्यान्वयन गर्न गाह्रो, अन्तर्राष्ट्रिय मापदण्डको घेराभन्दा बाहिर रहेको, बढी महत्वाकांक्षी हुनु ।
- धेरै मुलुकहरूले महासन्धिको प्रावधानप्रति चासो नदिनु ।
- महासन्धि कार्यान्वयन गर्न संरचनागत व्यवस्थाको कमी हुनु ।
- महासन्धिको कार्यान्वयनमा कतिपय मुलुकको संविधान र कानुन नै बाधक रहनु ।
- महासन्धिका व्यवस्थाहरूको गहिरो अध्ययन नहुनु साथै महासन्धिका व्यवस्थाहरूको गलत बुझाई हुनु ।
- बलपूर्वक बेपत्ताको मुद्दा सरकारको प्राथमिकतामा नपर्नु ।
- बलपूर्वक बेपत्ता पारिएका वा निजका परिवारका सदस्यहरूको अधिकारप्रति बेवास्ता गर्ने प्रवृत्ति रहनु ।
- बलपूर्वक बेपत्ताको समस्यालाई आन्तरिकरूपमा नै सुल्झाउन उपयुक्त हुने राज्यहरूको सोचाई रहनु ।
- मानव अधिकारप्रतिको बुझाईमा कमी हुनु । मानव अधिकारलाई समग्रमा नहेरिनु । मानव अधिकार आफ्ना नागरिकको लागि मात्र हो भन्ने गलत सोचाई रहनु ।
- यस क्षेत्रमा अध्ययन, अनुसन्धानको कमी रहनु ।

## (९) सन्धिको कार्यान्वयनका लागि चाल्नुपर्ने कदम

बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिको संरक्षणका लागि अन्तर्राष्ट्रिय महासन्धि, २००६ ले पक्ष राज्यलाई ठूलो जिम्मेवारी प्रदान गरेको छ । महासन्धिका व्यवस्थाहरूको सम्मान, संरक्षण र परिपूर्ति गर्ने काम पक्ष राज्यका लागि सजिलो छैन । हालसम्म नेपाल यो महासन्धिको पक्ष बनेको छैन । साथै यो महासन्धिको पक्ष बनेपछि यसअन्तर्गतको कानुन बन्नु पनि उत्तिकै आवश्यक छ । कानुन बने पनि त्यसको कार्यान्वयनको चुनौतीको सामना गर्नु गाह्रो हुन सक्दछ । त्यसैले महासन्धिको पक्ष बनेपछि त्यसको कार्यान्वयनका लागि प्रभावकारी कानुनको निर्माणलाई राज्यले प्राथमिकतामा राख्न सक्नुपर्दछ । यदि यसो हुन नसकेमा धेरै चुनौती आउन सक्नेतर्फ ख्याल राखी त्यसको निदानको उपाय सोच्नु जरुरी छ । मुख्यरूपमा महासन्धिमा व्यवस्था भएको बलपूर्वक बेपत्ताबाट सबै

व्यक्तिको संरक्षण गर्न नेपालले तत्काल आवश्यक कानुनी व्यवस्था गरी महासन्धिको पक्ष बनेपछि राज्यको दायित्व निर्वाह गर्नुपर्ने देखिन्छ । साथै महासन्धिका व्यवस्थाहरूबारे सबै सम्बद्ध निकाय तथा पदाधिकारी र आमनागरिकलाई सचेतना हुने किसिमबाट कार्यक्रम सञ्चालन गर्नु पनि उत्तिकै आवश्यक छ । त्यसैगरी महासन्धिको पक्ष बनेपछि त्यसको पक्ष राज्यको हैसियतबाट पेश गर्नुपर्ने आवधिक प्रतिवेदनलाई पनि प्राथमिकतामा राखी समयमै बुझाउनेतर्फ सरकार गम्भीर हुनु जरुरी छ ।

# भाग- ३

# नेपालमा मानव अधिकारको विकासक्रम

## १. नेपालमा मानव अधिकारको विकास

नेपालमा मानव अधिकारको विकास पश्चिमी मुलुकहरूबाट भएको भनी बुझ्ने गरिन्छ तर पूर्वीय दर्शनको अध्ययन गरी हेर्दा विश्वमा मानव अधिकारको विकास पूर्वीय दर्शनबाट नै भएको पाइन्छ । विशेष गरी हिन्दु धर्मका प्रमुख ग्रन्थहरू रामायण, महाभारत वेद आदिको अध्ययनबाट यस कुराको पुष्टि हुन्छ । यी ग्रन्थहरूलाई बेलायतमा सन् १२१५ मा जारी भएको म्याग्नाकार्टा भन्दा पनि पुराना ग्रन्थको रूपमा लिने गरिन्छ, जसमा मानव अधिकारमैत्री प्रावधानहरू पनि छन् । बेलायती शासकहरू (राजाको) को हातमा नियन्त्रित अधिकार बेलायती नागरिकसम्म म्याग्नाकार्टामार्फत १२१५ पुगेको मानिए पनि विश्वमा मानव अधिकार अवधारणाको प्रष्ट विकास दोस्रो विश्वयुद्धपछि सुरु भएको मानिन्छ ।

नेपालको प्राचीन इतिहास ई.पू हजारौं वर्षदेखि आरम्भ भएको भनिए पनि वि.सं. ३०० सम्मको इतिहास अझै स्पष्ट छैन । शासनको आधारमा गोपाल, महिषपाल, किराँत र लिच्छवी गरी चार काललाई प्राचीनकालको रूपमा लिएको पाइन्छ । गोपाल र महिषपालहरूको शासनव्यवस्थामा मानव अधिकारको विकासमा योगदान पुग्ने कार्य भएको पाईंदैन । यस कालमा दासयुग सुरु भएको मानिन्छ । किराँतकालमा उम्लेको पानीमा हात डुबाउँने, आजन्म दास बनाउँने, गाउँबाट निकाला गर्ने, ज्यानको बदला ज्यान लिने, जार काट्ने जस्ता मानव अधिकारविरुद्धका कार्यहरू हुने गरेको उल्लेख भएको पाइन्छ । लिच्छवीकालमा पनि मानवअधिकार विकासको क्षेत्रमा कार्यहरू भएको

उल्लेख भएको पाउन कठीन छ । मानव अधिकाकार विकासको दृष्टिकोणबाट मल्लकालीन अवस्था पनि उस्तै भएको मानिन्छ । राजा रामशाहलाई न्यायका प्रतीक मानिन्थ्यो । तर पनि उनको न्याय दिने प्रकृया भने मानव अधिकार सम्मत भए नभएको विषयमा विश्लेषण हुन बाँकी ।

नेपाली इतिहासमा वि.सं. १८२५ पछिको समयलाई आधुनिक कालको रुपमा मानिए पनि मानव अधिकारको विकासमा कुनै योगदान पुगेको देखिदैंन । तर पनि वि.सं. १९०० पछिका दिनहरूमा केही न केही कार्यहरू भएको पाईन्छ । तत्कालीन शासकहरू मानव अधिकारप्रति संवेदनशील नभए पनि मुलुकी ऐन १९१० मा मानव अधिकारका केही सीमित र सङ्कुचित व्यवस्थाहरू गरिएका थिए । उक्त ऐनमा छोटाबडा सबैलाई समान न्यायको धारणा व्यक्त भएको थियो तर पनि जातीय विभेद कायमै थियो । चन्द्र शम्शेर प्रधानमन्त्री भएको अवधिमा वि.सं. १९७७ मा सती प्रथा र १९८१ मा दासप्रथाको उन्मूलन भएको थियो । भीम शमसेरको प्रधानमन्त्रीत्व कालमा वि.सं. १९८८ मा मृत्युदण्डसम्बन्धी कानुनी व्यवस्थामा केही सुधार गरी केवल राजकाज अपराध र जङ्गी कानुनबमोजिम दिइने सजायमा मात्र मृत्युदण्ड दिन सक्ने र अन्य फौजदारी अपराधहरूमा मृत्युदण्ड दिन नपाइने व्यवस्था गरिएको थियो । कानुनी रूपमा नेपाल सरकार वैधानिक कानुन २००४ जारी हुँदा यस कानुनले केही मौलिक हकको रूपमा व्यवस्था गरेको पाइन्छ । राणा शासनको अन्त्यतिर मौलिक हकसम्बन्धी ऐन २००५ र व्यक्तिगत स्वतन्त्रतासम्बन्धी ऐन २००६ जारी भयो । यी ऐनहरूमा बिना वारेण्ट पक्राउ गर्न नपाउने एवम् पक्राउ परेको व्यक्तिलाई १२ घण्टाभित्र अड्डा अदालतमा पेश गर्ने व्यवस्थाहरू समावेश गरिएका थिए । जसलाई मानवअधिकार संरक्षणको सकारात्मक सङ्केतको रूपमा लिन सकिन्छ ।

राणा शासनको अन्त्यको लागि विराटनगरबाट सुरु भएको मजदुर आन्दोलनलाई मजदुरहरूको हकअधिकार प्राप्तिको पहिलो अभियानको रूपमा लिन सकिन्छ । सो आन्दोलन एकतन्त्रीय शासनको अन्त्य गरी आफ्नो राजनैतिक र नागरिक अधिकार प्राप्तिको लागि पनि केन्द्रित थियो । राणा शासनको अन्त्यसँगै देशमा वि.सं. २००७ मा नेपाल अन्तरिम शासन विधान २००७ जारी भयो । यस विधानले वाक र प्रकाशन, बिना हातहतियार शान्तिपूर्वक रूपमा स्वतन्त्रतापूर्वक भेला हुन पाउने लगायतका मौलिकहकहरूको व्यवस्था गरेको थियो । विधानको राज्यका निर्देशक सिद्धान्त खण्डमा सकेसम्म सामाजिक, आर्थिक र राजनीतिक न्यायपूर्ण भएको सामाजिक व्यवस्था स्थापना गर्ने उल्लेख थियो । विधानले अदालतको स्थापनासम्बन्धी व्यवस्था पनि गरेको थियो । सो व्यवस्थाबमोजिम वि.सं. २००८ मा प्रधान न्यायालय ऐन जारी भयो । ऐन जारी भएपछि प्रधान न्यायालयका जरनललाई प्रधानन्यायधीशमा रूपान्तरण गर्‍यो । न्यायालयलाई बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध वा अधिकारपृच्छाजस्ता रिट निवेदनहरू सुन्ने अधिकार पनि प्रदान गरी न्यायालयमा रहेको राणाहरूको न्यायिक तजबिजको अन्त्यको प्रयास गरेको पाइन्छ ।

यस्तै वि.सं. २०१२ सालमा नागरिक अधिकार ऐन जारी भएपछि नेपालमा नागरिक अधिकारको क्षेत्रमा नयाँ आयाम थपिएको मानिन्छ । यो ऐन हालसम्म पनि विद्यमान छ । संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार संयन्त्रको विकाससँग तुलना गरेर हेर्ने हो भने नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध १९६६ आउनु ११ र लागू हुनुभन्दा २१ वर्षपहिले नै नेपालमा कानुनी रूपमा नागरिक अधिकार संरक्षणको प्रयास भएको पाइन्छ । तर राजनैतिक अस्थिरताको कारण अधिकार उपभोगमा प्रशस्त अवरोधहरू आइरहेको अवस्था छ ।

प्रधानन्यायालय न्यायिक निकायको उच्चतहको अदालतको रूपमा कार्यरत अवस्थामा अदालतलाई समयसापेक्ष बनाउने भन्दै प्रधान न्यायालय ऐन २००८ लाई खारेज गर्दै वि.सं. २०१३ सालमा सर्वोच्च अदालत ऐन जारी भयो । ऐन जारी भएपछि प्रधान न्यायालय सर्वोच्च अदालतमा परिणत भयो । यस ऐनमा अदालतले गरेको निर्णय सबैले मान्नुपर्ने व्यवस्था कायम गर्‍यो । ऐनले राजा र राजपरिवारलाई कानुनी दायरामा ल्याउन सकेको थिएन । सर्वोच्च अदालतको गठनसँगै डा.के.आई. सिंह लगातका मुद्दाहरूमा मानव अधिकारमैत्री फैसलाहरू हुने कार्यको सुरुआत भएको थियो । अदालतले विशेषत: राजनैतिक बन्दीहरूको अधिकारको सम्बन्धमा महत्वपूर्ण निर्णयहरू गरेको थियो ।

नेपालमा वि.सं. २००७ मा प्रजातन्त्रको स्थापना भएपछि राजनैतिक स्थायीत्व हुन नसक्दा छोटो समयमा नै राजनैतिक परिवर्तनहरू देखिने क्रम सुरु भयो । यसै क्रममा वि.सं. २०१५ सालमा नेपाल अधिराज्यको संविधान जारी भयो । देशमा पहिलो पटक नेपाली नगरिकले पनि यसै अवधिमा आफ्नो मतदान गर्ने अधिकारको प्रयोग गरे । वी.पी. कोईराला नेपालको इतिहासमा जनताबाट निर्वाचित पहिलो प्रधानमन्त्री भए । यस समयमा जारी भएको संविधानले संवैधानिक उपचारको हकलाई मौलिक हकको रूपमा प्रस्तुत गर्‍यो । संविधानको भाग ५ मा न्यायपालिकासम्बन्धी व्यवस्था गरी न्यायपालिकालाई असाधारण अधिकार क्षेत्र प्रयोग गर्ने अधिकार प्रदान गर्‍यो । यसै अधिकारको प्रयोग गर्दै वीपी कोइरालालगायतका मुद्दाहरूमा अदालतले मानव अधिकारमैत्री महत्वपूर्ण निर्णयहरू गरेको थियो ।

नेपाल अधिराज्यको संविधान २०१५ लामो समयसम्म चल्न सकेन । राजा महेन्द्रले वि.सं. २०१७ साल पुस १ गते एकदलीय पञ्चायती व्यवस्थाको घोषणा गरे लगत्तै यो संविधानको अस्तित्व समाप्त भयो । त्यसपछि नेपालमा निर्दलीय पञ्चायती व्यवस्था भएको नेपालको संविधान २०१९ जारी भयो । उक्त संविधानमा पनि संवैधानिक उपचारको हकलाई मौलिक हककै रूपमा प्रस्तुत गर्‍यो । संविधानमा सर्वोच्च अदालतद्वारा प्रतिपादित कानुनी सिद्धान्त सबै अदालतले मान्न बाध्य हुने व्यवस्था गरेको पाइन्छ । यसैको आधारमा वि.सं. २०२७ सालमा सर्वोच्च अदालतबाट हीरा पासी विरुद्ध तत्कालीन सरकार विपक्षी भएको एक मुद्दामा डरत्रास र अन्य अनुचित प्रभावमा पारी हिरासतमा बयान हुन सक्ने हुनाले प्रहरीले गराएको साविति बयानलाई मान्यता दिई

कसूरदार ठहराउन नहुने महत्वपूर्ण फैसला पनि गरेको थियो । जसलाई यातनाविरुद्ध अदालतबाट भएको महत्वपूर्ण र ऐतिहासिक फैसलाको रूपमा पनि लिन सकिन्छ । पछि यसैको पृष्ठभूमिमा प्रमाण ऐन २०३१ जारी भएको मानिन्छ । यसै समयमा नेपालले सबै किसिमका जातीय भेदभावको उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको २०२७ माघ १७ गते तद्नुसार ३० जनवरी १९७१ पक्षराष्ट्र भएको थियो । सम्भवतः नेपाल यसै महासन्धिको पक्षराष्ट्र भई संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार प्रणालीमा प्रवेश गरेको हुनुपर्दछ ।

पञ्चायती व्यवस्थाको प्रादुर्भावसँगै मुलुकमा बहुदलीय व्यवस्था र राजनीतिक अधिकारको लागि हतियारबन्द र शान्तिपूर्ण आन्दोलनहरू हुन पुगे । नेपाली काङ्गेस र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माले) बाट सशस्त्र आन्दोलन चर्चित थिए । २०३५ सालमा पाकिस्तानका पूर्वप्रधानमन्त्री जुल्फिकर अलि भुट्टोलाई तत्कालीन सैनिक सरकारले फाँसी दिएको विरोधमा काठमाडौँस्थित पाकिस्तानी दूतावासमा विरोधपत्र बुझाउँन जान लागेका विद्यार्थीहरूमाथि प्रहरीको निर्मम दमन भयो । परिणामतः विद्यार्थी आन्दोलन चर्कन गई अन्तत सरकार जनमतसङ्ग्रह गर्ने निर्णयमा पुगेको थियो । अन्ततः झिनो मतले पञ्चायती व्यवस्था विजयी भएको घोषणा गरियो । त्यसपछि पनि विभिन्न स्वरूपमा आन्दोलनहरू चली नै रहे । नेपाली काङ्ग्रेसको नेतृत्वमा वि.सं. २०४२ मा सत्याग्रहको थालनी गऱ्यो तर राजदरबारलगायतका स्थानमा भएको बमविष्फोटनको कारण आन्दोलन स्थगित हुन पुग्यो । पञ्चायत विरोधी नेपाली काङ्ग्रेस/ ने.क.पा. (माले)लगायतका दलहरूबाट तात्कालीन व्यवस्थाको भण्डारफोर गर्ने नीतिअनुरूप निर्वाचनमा आफ्ना उमेदवारहरू दिने कार्य भयो । कतिपय ठाउँमा उमेदवारहरू विजयी पनि बने ।

यसवीचमा मानव अधिकार अन्दोलनमा विभिन्न सङ्घसंस्थाहरूबाट निर्वाह भएको भूमिका स्मरणीय छ । दलहरू प्रतिबन्धित अवस्थामा राजनीतिक अधिकारलाई मानवअधिकारसँग जोडी शिक्षक, सञ्चारकर्मी, पेशाकर्मी, कानुनव्यवसायी, अधिकारकर्मीहरूवीच मानव अधिकार संस्थाको स्थापना गर्ने विषयमा छलफल भएको पाइन्छ । सन् १९६९ मा नूतन थपलियाको नेतृत्वमा एमनेष्टी इन्टरनेशनल नेपाल शाखा स्थापना हुन पुग्यो । सन् १९७१ मा अन्तर्राष्ट्रिय कार्य समितिले एम्नेष्टी इन्टरनेशनलको नेपाल शाखालाई मान्यता दियो । तत्कालीन निर्दलीय व्यवस्थाको कारण सन् १९८२ मा यो नेपाल शाखा विघटन हुन गयो । नेपालमा प्रजातन्त्रको पुनःस्थापनापछि (१९९३ देखि) एम्नेष्टि इन्टरनेशनल नेपाल शाखा मानवअधिकारको क्षेत्रमा सक्रिय हुँदै आएको छ । वि.स. २०३७ सालमा काठमाडौँमा “बन्दी विमोचन समिति” गठन भएको पाइन्छ । यस समितिले पञ्चायति व्यवस्थाले थुनामा राखेका राजनीतिक व्यक्तिहरूको रिहाइका लागि मानव अधिकारको विश्वव्यापी घोषणा, १९४८ को आधारमा राजनीतिक सङ्गठन गर्न पाउनुपर्छ भनी अभियान चलाएको थियो । मानव अधिकारका मुद्दालाई अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचारप्रसार गर्ने उद्देश्यले वि.स. २०४१ सालमा “मानवअधिकार संरक्षण मञ्च” (मासम) गठन हुन पुग्यो । वि.सं. २०४३ सालमा “राजबन्दी रिहाइ अभियान समिति (रारिअस)

गठन भयो। मानवअधिकार प्रजातान्त्रिक आन्दोलनलाई अगाडि बढाउन वि.स.२०४४ सालको विश्व मानवअधिकार दिवसको अवसरमा ऋषिकेश शाहको नेतृत्वमा “नेपाल मानव अधिकार सङ्गठन” (नेमाअसं) गठन भयो। यसरी स्थापित सङ्घसंस्थाहरूले मानव अधिकार आन्दोलनको साथै राजनीतिक आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए।

मानव अधिकारको बारेमा उल्लेख गरिरहँदा वि.स. २०४६ को जनआन्दोलनलाई महत्वपूर्ण उपलब्धिको सुरुआतको रूपमा लिन सकिन्छ। जनआन्दोलनको सफलतापछि निर्माण भएको नेपाल अधिराज्यको संविधान २०४७ लाई हालसम्मका संविधानमध्ये उत्तम साथै विश्वका राम्रा संविधानमध्येको एक भनी चर्चा गरिएको थियो। पहिलो पटक प्रस्तावनामा नै मानव अधिकार शब्दावली प्रयोग गरिएको संविधान यही थियो। यस संविधानले कानुनभन्दा माथि रहेको राजतन्त्रलाई संवैधानिक राजतन्त्रमा रूपान्तरण गर्‍यो। संविधानको भाग ३ मा मौलिक हकको व्यवस्था गरिएको थियो।

जनआन्दोलनको सफलतापछि प्रजातान्त्रिक आन्दोलनको क्रममा वि.सं. २०१५ सालदेखि २०४६ सालसम्म राज्यबाट बलपूर्वक वेपत्ता पारिएका व्यक्तिहरूको अवस्था पत्ता लगाउनको लागि सच्चेबहादुर पहाडीको अध्यक्षतामा एक छानबिन आयोग गठन गरिएको थियो। जनआन्दोलनमा भएको मानव अधिकार उल्लङ्घन र अन्य धनजनको क्षतिसम्बन्धी छानबिनको लागि जनार्दनबहादुर मल्लिकको अध्यक्षतामा अर्को उच्चस्तरीय आयोग पनि गठन गरिएको थियो। आयोग गठनको उद्देश्य छानबिन र छानबिनबाट दोषी देखिएका व्यक्तिहरूलाई कारबाहीको सिफारिस गर्नुथियो।

जनआन्दोनको सफलतासँगै मानव अधिकारको संस्थागत संयन्त्रको विकासको लागि नागरिक समाजबाट सशक्त कार्यक्रमहरूको आयोजना हुन थाल्यो। मुलुकमा मानव अधिकारसम्बन्धी सङ्घसंस्थाहरू खुल्नुको साथै कार्यहरू अगाडि बढ्न थाले। नेपालले मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महत्वपूर्ण मानव अधिकारसम्बन्धी सन्धिहरूको पक्षराष्ट्र बन्यो। संसद र सरकारका निकायहरूमा समेत मानव अधिकारका मुद्दाहरूले स्थान पाउन थाले। यसै अवधिमा विषयगत रूपमा आफ्नो कार्य क्षेत्र रहने गरी मानव अधिकारको क्षेत्रमा काम गर्ने सङ्घसंस्थाहरू पनि स्थापना हुँदै गए। जसमा अनौपचारिक क्षेत्र सेवा केन्द्र, (इन्सेक), मानव अधिकार संरक्षण मञ्च, बाल मजदुर सरोकार केन्द्र (सिविन) नेपाल, यातना पीडितहरूलाई आफ्नो कार्य क्षेत्र बनाई यातना पीडित सरोकार केन्द्र (सिभिक्ट), मानव अधिकार शान्ति समाज आदि रहेका छन्।

जनआन्दोलनको सफलता र नेपाल अधिराज्यको संविधान २०४७ जारी भएपछि केही मानव अधिकारमैत्री कानुनहरू निर्माण हुने क्रम सुरु भयो। न्याय प्रशासन ऐन २०४८, सरकारी मुद्दासम्बन्धी ऐन २०४९ लगायतका कानुनहरू जारी भए। सरकारी मुद्दासम्बन्धी ऐनले फौजदारी न्यायसम्बन्धी विभिन्न प्रावधानहरू समावेश गर्‍यो। कसैलाई पनि पक्राऊ गरेका २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष पेश गर्नुपर्ने, २५ दिनसम्म मात्र अनुसन्धानको लागि हिरासतमा राख्ने लगायतका व्यवस्थाहरू जारी भए।

यसै अवधिमा नागरिक समाजबाट देशको मानव अधिकार अवस्थाको संरक्षण र सम्वर्द्धनको लागि राष्ट्रिय मानव अधिकार आयोग गठनको माग गर्दै सशक्त आन्दोलनहरू भए । आयोग स्थापनाको लागि सरकार उदाशीन देखिए पनि तात्कालीन प्रतिनिधिसभाको केही सदस्यहरूबाट गैरसरकारी विधेयकको संसदसमक्ष विधेयक प्रस्तुत भयो । परिणामतः वि.सं. २०५३ सालमा मानव अधिकार आयोग ऐन २०५३ जारी भयो तर पनि सरकार र राजनैतिक दलहरूको अनिच्छाको कारण तत्काल आयोग गठन हुन सकेन । यसै वर्ष गैरसरकारी विधेयकको रूपमा नै प्रस्तुत भएको यातनासम्बन्धी क्षतिपूर्ति ऐन पनि जारी भयो । यसभन्दा पहिले वि.सं. २०४८ सालमा बालबालिकासम्बन्धी ऐन जारी भएको थियो ।

मानव अधिकार आयोग ऐन जारी भएको समयमा देशमा तत्कालीन नेकपा (माओवादी) ले सशस्त्र युद्धको घोषणा गरिसकेको थियो । माननव अधिकारको गम्भीर उल्लङ्घन/ज्यादतिजस्ता कार्यहरू हुन थालिसकेका थिए । यस परिस्थितिमा देशको मानव अधिकार संरक्षण र सम्वर्द्धनको लागि राष्ट्रिय मानव अधिकार आयोग गठन गर्न नागरिक समाज एवम् मानव अधिकारकर्मी, पेशाव्यवसायीहरू सशक्त आन्दोलनमा उत्रनुपर्‍यो । आयोग गठनको विषयलाई लिएर सर्वोच्च अदालतमा परमादेशको निवेदन दर्ता हुन पुग्यो । उक्त रिट निवेदनमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले आयोग गठन गर्न तत्कालीन श्री ५ को सरकारका नाममा परमादेशको आदेश जारी गर्‍यो । नागरिक समाजको सशक्त आन्दोलन र अदालतको आदेशपछि बाध्य भएर सरकारले वि.सं. २०५७ साल जेठ १३ गते देशमा राष्ट्रिय मानव अधिकार आयोगको गठन गर्‍यो । हाल यो आयोग मानव अधिकार संरक्षण र सम्वर्द्धनसम्बन्धी कार्यमा क्रियाशील रहिआएको छ ।

आयोग गठन हुँदा देशमा सशस्त्र द्वन्द्व उत्कर्षतिर उन्मुख थियो । मानव अधिकार उल्लङ्घन/ज्यादतिका घट्नाहरूमा दिनानुदिन वृद्धि भइरहेको थियो । यस्ता घट्नाहरूलाई अन्तर्राष्ट्रिय समुदायले पनि चासोपूर्वक हेर्नुको साथै सचेत गराउदै आएको थियो । राष्ट्रिय र अन्तर्राष्ट्रिय दबाब, बहस, छलफलपछि सरकारी निकायमा पनि यी विषयवस्तुमाथि छलफल हुन थाल्यो । विशेषतः मानव अधिकारको उल्लङ्घन व्यापक भएको आरोप लाग्न थालेपछि सुरक्षा निकायहरूमा पनि मानव अधिकार एकाइको गठनको थालनी हुन थाल्यो । मानव अधिकारका हननका विषयमा हाल नेपाली सेनामा मानव अधिकार निर्देशनालय र सशस्त्र प्रहरी तथा नेपाल प्रहरीमा मानव अधिकार इकाइमार्फत कार्यहरू हुँदै आएका छन् । प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयमा मानव अधिकार प्रवर्द्धन शाखा स्थापना भई कार्य भइरहेको अवस्था छ ।

तात्कालीन राजा श्री ५ ज्ञानेन्द्रबाट शासनसत्ता आफ्नो हातमा लिएपछि मुलुकमा नागरिक तथा राजनीतिक अधिकार हरण भएको भनी दलहरूबाट आन्दोलनको आव्हान भयो । नेपालमा मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा सहयोग गर्न भन्दै तत्कालीन सरकारसँग भएको सम्झौताबमोजिम संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तले

२०६२ सालमा नेपालमा आफ्नो कार्यालय स्थापना गरी काम गर्‍यो । सशस्त्र द्वन्द्वको नाममा मानवअधिकारको व्यापक उल्लङ्घन भएको भन्दै मानव अधिकार क्षेत्रमा कार्यरत विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमार्फत पनि कामहरू हुन थाले । देशमा नेपाल सरकारको तर्फबाट मानव अधिकार राष्ट्रिय कार्यायोजना निर्माण गरी लागू गर्ने कार्य आर्थिक वर्ष २०६१/२०६२ सालबाट सुरु भयो । यसबाहेक अन्य मानव अधिकारका विषयगत कार्ययोजनाहरू पनि नेपाल सरकारबाट बन्न सुरु भए । नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा उल्लेख भएबमोजिमको दायित्व पूरा गर्न सुरु गरेको अवस्था छ । बालबालिकाको मानव अधिकार संरक्षणार्थ २०४९ सालमा केन्द्रीय बालकल्याण समितिको स्थापना भएको थियो । मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने क्रममा नेपाल सरकारले २०५८ सालमा राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगको गठन गर्‍यो । वि.स.२०६० सालमा आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान गठन भई कार्य भइरहेको अवस्था छ । यसबाहेक घटना विशेषसँग कतिपय आयोग एवम् समति गठन भई कार्य गर्ने गरेको पनि पाइन्छ ।

व्यापक रूपमा मानव अधिकारको उल्लङ्घन भइरहेको समयमा नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३ मंसीर ५ गते बिस्तृत शान्तिसम्झौता भयो । यसले संस्थागत र योजनाबद्ध रूपमा भई रहेको मानव अधिकार उल्लङ्घन रोक्नलाई मत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । जनआन्दोलन २ को सफलतापछि देशमा भएको मानव अधिकार उल्लङ्घन अवस्थाको चित्रण गरी दोषीलाई कारबाही, पीडितलाई राहत तथा क्षतिपूर्ति र संस्थागत सुधारसमेतको लागि उच्चस्तरीय छानबिन (रायमाझी) आयोग गठन भयो । २०६३ माघ १ गते नेपाल अधिराज्यको संविधान २०४७ खारेज भई नेपालको अन्तरिम संविधान २०६३ जारी भयो । यस संविधनले नेपालको इतिहासमा पहिलो पटक आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारलाई पनि मौलिक हकको रूपमा स्थापित गर्ने प्रयास गर्‍यो । वि.सं. २०६३ सालमा नै राष्ट्रिय सूचना आयोगको गठन भयो । पुर्नस्थापित प्रतिनीधि सभाले नागरिक अधिकार संरक्षणार्थ महत्वपूर्ण निर्णयहरू गर्‍यो । सरकारले शान्ति तथा पुनर्निर्माण मन्त्रालयको पनि स्थापना गर्‍यो । नेपालमा पहिलो पटक बहुप्रतिक्षित संविधान सभाको निर्वाचन भई वास्तविक रूपमा समावेशी प्रतिनिधित्व भएको संविधानसभा र व्यवस्थापिका/संसदको निर्माण भयो तर राजनीतिक दलहरूको असहमति र असमझदारीका कारण संविधानसभाले आफ्नो कार्य गर्न सकेन । कानुनी रूपमा ज्येष्ठ नागरिक, घरेलु हिंसा नियन्त्रण, जातीय विभेद तथा छुवाछुत कसूर र सजायसम्बन्धी ऐनहरू जारी भए । सर्वोच्च अदालतबाट मानव अधिकारमैत्री थुप्रै फैसलाहरू भए । अदालतले सङ्क्रमणकालीन न्यायको क्षेत्रमा पनि थुप्रै निर्णयहरू गरेका छ । सङ्क्रमणकालीन न्यायका प्रमुख संयन्त्रहरूको निर्माण गर्ने प्रयास भएपनि राजनैतिक असहमतिका कारण हालसम्म पनि ती संयन्त्रहरूको गठन हुन सकेको छैन । राजनीतिक परिवर्तनका बावजुद पनि समग्रमा मानव अधिकारको अवस्थामा अपेक्षित रूपमा सुधार आउन सकेको छैन ।

## २. विद्यालय पाठ्यक्रममा मानव अधिकार शिक्षा

मानव अधिकार शिक्षा मानव अधिकार संस्कृति विकासको मेरुदण्ड हो । बाल्यकालदेखि नै सिकेको मानव अधिकारसम्बन्धी ज्ञान र सीप मानव अधिकारमैत्री समाज निर्माणको महत्वपूर्ण पक्ष हो । मानव अधिकार शिक्षाले मानव अधिकारमैत्री सामाजिक वातावरण सिर्जनाको लागि विशेष भूमिका निर्वाह गरेको हुन्छ । यी विविध पक्षलाई मध्यनजर राख्दै विश्वमा नै मानव अधिकार शिक्षालाई महत्वपूर्ण स्थान दिएको पाइन्छ ।

नेपाल पनि मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्षराष्ट्र बनिसकेको छ । पक्षराष्ट्र भएका ती महासन्धिमा उल्लिखित व्यवस्थाहरूलाई घरेलुकरण गर्नु राज्यको दायित्व हो । मानव अधिकार शिक्षालाई विद्यालयस्तरसम्म पुर्‍याउनाले मानव अधिकार संस्कृतिको विकासमा महत्वपूर्ण योगदान पुग्न जाने कुरामा कुनै सन्देह छैन । नेपाल सरकारको तर्फबाट विद्यालयस्तरका पाठ्यक्रमहरूमा मानव अधिकारका विषयहरूलाई पनि समावेश गर्ने कार्यको थालनी हुन पुगेको छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्रले स्वतन्त्रता तथा मानव अधिकारलाई सशक्त बनाउनको लागि मानव अधिकार शिक्षाको प्रचारप्रसार गर्नुपर्ने[१], सबै किसिमका जातीय विभेद उन्मूलन गर्ने सम्बन्धी महासन्धिले सबै किसिमका जातीय विभेद उन्मूलन गर्नको लागि शिक्षा लगायतका माध्ययमहरूबाट तत्कालनि तथा प्रभावकारी कार्य गर्नुपर्ने[२], उल्लेख छ । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्धले हरेक व्यक्तिको शिक्षा पाउने अधिकारलाई स्वीकार गरी मानव अधिकार तथा मौलिक अधिकारहरूप्रति सम्मान व्यक्त गर्दै कार्यान्वयन गर्नुपर्ने[३] भनी जोड दिएको पाइन्छ । यस्तै महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिले महिलाहरूलाई पनि पुरुषसरह शिक्षाको अधिकार प्रदान गर्नुपर्ने र त्यसको लागि सोहीबमोजिका पाठ्यक्रम, परीक्षा प्रणाली आदिको सुनिश्चितता गर्नुपर्ने[४] उल्लेख छ । मानव अधिकार शिक्षाको बारेमा बाल अधिकारसम्बन्धी महासन्धिमा बालबालिकाको आफ्नो साँस्कृतिक पहिचान भाषा, लैंगिक समानता, प्राकृतिक वातावरणप्रति सम्मान एवम् मानव अधिकारप्रति सम्मान व्यक्त गर्ने किसिमको शिक्षा हुनुपर्ने भनी उल्लेख छ ।[५] यातनाविरुद्धको महासन्धिले कानुन कार्यान्वयन गर्ने सरकारी कर्मचारीहरूलाई यातनाविरुद्धको पर्याप्त मात्रामा तालिम दिनुपर्ने व्यवस्था गरेको छ[६] भने अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिमा पनि अपाङ्गता भएका व्यक्तिहरूको अधिकारहरूको बारेमा चेतनामूलक तालिम तथा अन्य प्रशिक्षणमूलक कार्यक्रमहरू

---

[१] विस्तृत जानकारीको लागि हेर्नुहोस्, मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ को धारा २६
[२] सबै किसिमका जातीय विभेद उन्मूलन गर्ने सम्बन्धी महासन्धि १९६५ को धारा ७
[३] थप जानकारीको लागि हेर्नुहोस्, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुवन्ध १९६६ को धारा १३
४ थप जानकारीको लागि हेर्नुहोस्, महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलनगर्ने सम्बन्धी महासन्धि १९७९ को धारा १०
[५] थप जानकारीको लागि हेर्नुहोस्, बाल अधिकारसम्बन्धी महासन्धि १९८९ को धारा २९
[६] थप जानकारीको लागि हेर्नुहोस्, यातनाविरुद्धको महासन्धि १९८४ को धारा १०

सञ्चालन गर्ने तर्फ राज्यको दायित्व हुने[७] भनेको छ । माथि उल्लिखित संयुक्त राष्टसङ्घीय व्यवस्थाहरूसँगै भियना घोषणापत्र १९९३ ले 'समुदायहरूबीच स्थायी र सुमधुर सम्बन्ध कायम राखी आपसी समभ्रुदारी, खुलापन र शान्ति कायम गर्न तालिम र सार्वजनिक जानकारीको माध्यमबाट मानव अधिकारको प्रवर्द्धन र उपलब्धि गर्नुलाई मानव अधिकार शिक्षा'[८] भनी मानव अधिकार शिक्षाको परिभाषा गर्ने प्रयाससमेत गरेको पाइन्छ । साथै सन् १९९५ देखि २००४ लाई मानव अधिकार शिक्षासम्बन्धी राष्टसङ्घीय दशक घोषणा गरेको थियो । परिणामत विश्वमा मानव अधिकार शिक्षाले विशेष स्थान पाउन थालेको हो ।

नेपालमा शिक्षाको समयानुकूल विकासको लागि वि.सं. २००७ मा प्रजातन्त्रको स्थापना भएपछि राष्ट्रिय शिक्षा योजना आयोग २०११ गठन भयो । उक्त अयोगले आफ्नो सिफारिस नं. २ मा प्रारम्भिक श्रेणीदेखि पूर्ण वयष्क सम्मलाई निःशुल्क, कर सहायति, सार्वजनिक शिक्षा पद्धति खडा गर्ने सिफारिश गरेको पाइन्छ ।[९] सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ सालमा पेश भएको थियो । उक्त प्रतिवेदनमा प्राथमिक शिक्षालाई सम्पूर्ण देशमा निःशुल्क एवम् अनिवार्य गर्नुपर्ने तथा समाजमा प्रत्येक अङ्गलाई साक्षर बनाउनका साथसाथै जीवनोपयोगी तालिम दिनकोलागि समाज शिक्षाको व्यवस्था गर्नुपर्ने भनी सिफारिस गरेको थियो ।[१०] यसपछि शिक्षाको गुणस्तर सूधारलाई मुख्य आधार बनाई नेपालमा राष्ट्रिय शिक्षा पद्धति योजना (२०२८ देखि २०३२) जारी भयो । उक्त योजनाले दुर्गम क्षेत्र र गरिब विद्यार्थीहरूलाई निःशुल्क पुस्तक वितरण गर्ने नीति लिएको देखिन्छ ।[११] सरकारले यसपछि वि.सं. २०४० सालमा शाही उच्चशिक्षा आयोग गठन गरेको थियो । सो आयोगको उद्देश्य उच्च शिक्षामा अन्तर्राष्ट्रिय जगतमा नेपालको उच्च शिक्षाप्रतिको मान्यता तथा विश्वास र शिक्षाको विकासमा जनअभिरुची तथा जन-सहभागिताको भूमिकाको बारेमा पनि अध्ययन गर्नु आदि रहेको देखिन्छ ।

शिक्षाको समयानुकुल विकासको सन्दर्भमा भनी गरिएको उल्लिखित प्रयासहरू वास्तबिक रूपमा अधिकारमुखी नभई हितमुखी कार्यसँग सम्बन्धित थिए । यी कुनै पनि विषयहरू अधिकारको रूपमा उल्लेख भएको देखिँदैन । नेपालमा वि.सं. २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना भइसकेपछि देशमा शिक्षा प्राप्त गर्ने कार्यलाई देशले अधिकारको रूपमा लिन थालिएको हो ।

प्रजातन्त्रको पुनस्थापर्नापछि नेपाल मानव अधिकारसम्बन्धी विभिन्न महासन्धिहरूको पक्षराष्ट्र बन्न पुग्यो । नेपाल अधिराज्यको संविधान २०४७ ले नेपालको संवैधानिक इतिहासमा पहिलो पटक मानव अधिकारलाई प्रस्तावना र मौलिक हकमा समाविष्ट गर्‍यो । संविधानको मौलिक हकअन्तर्गत धारा १८ मा नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई

[७] थप जानकारीको लागि हेर्नुहोस्, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि २००६ को धारा ८
[८] भियना घोषणा पत्र
[९] नेपाल शिक्षा आयोगहरूका प्रतिवेदनहरू, मकालु बुक्स एण्ड स्टेशनर्स, काठमाडौं, पृष्ठ १३०
[१०] ऐ.ऐ. पृष्ठ १५१
[११] ऐ.ऐ. पृष्ठ २३७

आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने अधिकार हुने उल्लेख गरेको थियो । यसै धारामा आफ्नो मातृभाषामा शिक्षा दिनको लागि विद्यालय खोल्न पाउने अधिकार पनि प्रदान गरेको पाइन्छ । राज्यका निर्देशक सिद्धान्तमा पिछडि पारिएका वर्ग वा समुदायहरूको उचित शिक्षाको व्यवस्था गर्ने पनि उल्लेख भएको थियो ।

प्रजातन्त्रको पुनर्स्थापना र प्रजातान्त्रिक संविधान जारी भएपछि तत्कालीन सरकारले वि.सं. २०४९ सालमा राष्ट्रिय शिक्षा आयोग गठन गर्‍यो । उक्त आयोगले नेपाल सरकारसमक्ष एक प्रतिवेदन पेश गर्‍यो । प्रतिवेदनमा भाषिक समुदायको आवश्यकतालाई ध्यानमा राखी प्राथमिक शिक्षाका पाठ्यपुस्तकलाई राष्ट्रिय भाषाहरूमा तयार गर्ने तर्फ कार्य हुनुपर्ने, अपाङ्ग बालबालिकाको शिक्षाको लागि पनि आवश्यक कार्य गरिनुपर्ने, महिला वर्ग, अपाङ्ग तथा सामाजिक दृष्टिले पछि परेका समुदायका लागि निःशुल्क पाठ्यक्रम उपलब्ध गराउने व्यवस्थाका लागि पहल हुनुपर्ने सुझावहरू दिएको थियो ।[१२] यसका साथै सो आयोगले विद्यालय तहको पाठ्यक्रम प्राथमिक विद्यालयको लागि बालकेन्द्रित हुनुपर्ने, अन्य भाषामा पठनपाठनका लागि आवश्यक पर्ने पाठ्यसामग्री नेपाली भाषामा भएपनि व्याख्या स्थानीय भाषामा गर्नुपर्ने, बहुभाषिक समुदायका बालबालिकाहरूलाई स्थानीय मातृभाषाको अध्ययन गर्न प्रोत्साहन गर्नुपर्ने, प्राथमिक तहमा शिक्षकको नियुक्ति गर्दा स्थानीय मातृभाषा जानेको व्यक्तिलाई प्राथमिकता दिनुपर्ने भनी सुझाव दिएको पाइन्छ ।[१३] माध्यमिक तहको सन्दर्भमा यस्ता सुझावहरू प्राप्त भएको पाइँदैन ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ पछि नेपालमा उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ गठन भई प्रतिवेदनसमेत पेश भएको थियो । त्यस आयोगलाई निःशुल्क तथा अनिवार्य शिक्षा र मातृभाषामा शिक्षा दिने लगायतका कार्यक्षेत्रहरू तोकिएका थिए । आयोगले प्राथमिक तहको शिक्षाको उद्देश्य बाँच्नका लागि आवश्यक जीवन सीपहरूको विकास गर्ने, बालबालिकाहरूमा अर्न्तनिहित क्षमताको विकास गर्नुपर्ने सुझाव दिएको थियो ।[१४] यस्तै वि.स. २०५८ मा शिक्षासम्बन्धी उच्चस्तरीय कार्यसमितिको प्रतिवेदन प्रकृतिको आयोग गठन भएको थियो तर त्यस आयोगले प्रत्यक्ष रूपमा मानव अधिकार शिक्षा सम्बन्धमा सुझावहरू उल्लेख गरेको थिएन ।

माथि उल्लिखित प्रतिवेदनहरूमा उल्लेख भएका लाक्षणिक व्यवस्थाहरूसँगै विद्यालय तहका पाठ्यक्रमहरूमा मानव अधिकारका सीमित विषयहरूलाई समावेश गरिएको छ । प्राथमिक, निम्न माध्यामिक तथा माध्यमिक तहमा आंशिक रूपमा मानव अधिकार शिक्षाको बारेमा जानकारी दिएको छ । यता सुरक्षाकर्मीहरूलाई दिइने तालिम पाठ्यक्रमहरूमा पनि मानव अधिकार शिक्षाले सम्बन्धमा उल्लेख गरिएको छ ।

---

[१२] विस्तृत जानकारीको लागि हेर्नुहोस्, राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९, राष्ट्रिय शिक्षा आयोग, केशरमहल, काठमाडौं ।

[१३] राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ प्राथमिक शिक्षा २.४ मा दिइएको सुझावहरूबाट

[१४] उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ मा प्राथमिक शिक्षाका उद्देश्य सम्बन्धमा दिइएका सुझावहरूबाट

नेपालमा मानव अधिकार शिक्षा सम्बन्धमा नेपालको अन्तरिम संविधान २०६३ र त्यसपछि जारी मानव अधिकार राष्ट्रिय कार्ययोजना तथा आवधिक योजनाहरूमा कुनै न कुनै रूपमा सम्बोधन गर्ने प्रयास गरिएको छ । संविधानको मौलिक हकमा मातृभाषामा आधारभूत शिक्षा पाउने, कानुनमा व्यवस्था भएबमोजिम माध्यमिक तहसम्म नि:शुल्क शिक्षा पाउने तथा आफ्नो भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्द्धनको हक हुने उल्लेख छ ।[१५] यस्तै सबै क्षेत्रका जनताको लागि ... शिक्षाको विकास गरी जीवनस्तर वृद्धि गर्ने, महिला वर्गको शिक्षाको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा सहभागी बनाउने, आर्थिक तथा सामाजिक रूपले पिछडिएका आदिबासी, जनजाति, मधेशी दलित लगायतको लागि शिक्षा ...समेतमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गर्ने लगायतका राज्यको नीति रहेको उल्लेख गरेको छ ।[१६] विद्यालयमा मानव अधिकार शिक्षा सम्बन्धमा उल्लेख गरिरहँदा विद्यालय शिक्षाको राष्ट्रिय पाठचक्रम प्रारूप २०६४, तीन वर्षे अन्तरिम योजना (२०६७/०६८ देखि २०६९/०७०) र बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९ मा मानव अधिकार शिक्षा र मानव अधिकारसम्बन्धी प्रावधानहरू समावेश भएको पाइन्छ ।[१७] सरकारले विद्यालय तहमा मानव अधिकार शिक्षा थप प्रभावकारी रूपमा लागू गर्न पाठचक्रम, पाठचपुस्तक, शिक्षक निर्देशिका र तालिम सामग्रीहरूमा परिमार्जन र पुनर्लेखन गर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धता पनि जनाएको छ ।[१८]

नेपालले माध्यमिक शिक्षा पाठचक्रम २०६४ मा ...मानव अधिकारप्रति सम्मान गर्ने...नागरिक तयार गर्ने तथा हरेक प्रकारका द्वन्द्व व्यवस्थापनका लागि सक्षम नागरिक तयार गर्ने लगायतका उद्देश्य राखेको देखिन्छ ।[१९] आधारभूत शिक्षाको परीक्षण पाठचक्रम २०६७ मा विद्यार्थीहरू आफ्नो अधिकारप्रति सचेत रही कर्तव्य पालनामा जवाफदेही हुनुपर्ने, मानव अधिकारको मर्मअनुरूप मर्यादापूर्वक सामाजिक व्यवहार गर्नुपर्ने लगायतका विषय वस्तुहरूलाई समावेश गरिएको पाइन्छ ।[२०] एक संस्थाले [२१] हालसालै गरेको अध्ययनले कक्षा ६ देखि १० सम्मका सामाजिक अध्ययन, नैतिक शिक्षा र नागरिक शिक्षा लगायतका नेपाली विषयका पुस्तकहरूमा मानव अधिकारमैत्री विषयहरू समावेश भएको पाइएको उल्लेख छ । राणा शासनको पतनलाई मानव अधिकारको दृष्टिकोणबाट कक्षा १० को इतिहास विषयमा प्रस्तुत गरेको भनी भनेको छ । अध्ययनले कतिपय

---

[१५] नेपालको अन्तरीम संविधान २०६३ को धारा १७

[१६] ऐ.ऐ. धारा ३५

[१७] विद्यालय पाठचक्रममा मानव अधिकार शिक्षा : अवस्था र कार्यान्वयन, असोज २०६९, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पृष्ठ २

[१८] Uniersal Periodic Reiew; UPR Report: Its Recommendations, Action Plan and Implementation Status, Goernment of Nepal, Office of the Prime Minister and Council of Ministers, July 2012 page 87

[१९] विद्यालय पाठ्यक्रममा मानव अधिकार शिक्षा : अवस्था र कार्यान्वयन, असोज २०६९, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पृष्ठ २४

[२०] ऐ.ऐ. पृष्ठ २५

[२१] अनौपचारिक क्षेत्र सेवा केन्द्र (ईन्सेक), विद्यालय पाठ्यक्रममा मानव अधिकार शिक्षा : अवस्था र कार्यान्वयन, असोज २०६९,

विषयहरूमा लैङ्गिक तथा अपाङ्गता मैत्री नभएका कतिपय विषयहरू पाएको उल्लेख गरेको जनाएको छ ।

यसरी माथि गरिएको चर्चाबाट नेपालमा मानव अधिकार शिक्षा र मानव अधिकामैत्री पाठ्यक्रमको क्षेत्रमा कार्यहरूको थालनी भएको पाइन्छ । यी कार्यहरूलाई प्राथमिकताका साथ अगाडि बढाउनुपर्ने आवश्यक छ । यस कार्यमा सरकार एवम् सबै सरोकारवालाहरूबाट मत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ ।

## ३. राष्ट्रिय मानव अधिकार आयोग

राष्ट्रिय मानव अधिकार आयोग एक मात्र संवैधानिक मानव अधिकार संस्था हो । मानव अधिकारको संरक्षण र सम्बर्द्धनका सन्दर्भमा सबैभन्दा महत्वपूर्ण निकाय राष्ट्रिय मानव अधिकार आयोग हो । मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम स्थापित यो आयोग नेपालको अन्तरिम संविधान, २०६३ जारी भएपछि संवैधानिक हैसियतमा कार्यरत छ । आयोगले संवैधानिक हैसियत प्राप्त गरेपछि मानव अधिकार आयोग ऐन, २०५३ खारेज भई हाल राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ कार्यान्वयनमा छ । आयोगले संविधान र यस ऐनले दिएका अधिकार प्रयोग गरी आफ्नो कार्य गर्दै आएको छ । राष्ट्रिय मानव अधिकार आयोगलाई नेपालको अन्तरिम संविधान र ऐनले मानव अधिकारको संरक्षण, सम्बर्द्धन र पालनाका लागि निम्न अधिकारहरू प्रदान गरेको छ । यस आयोगले मानव अधिकारको संरक्षण र सम्वर्द्धनका सन्दर्भमा निम्न अधिकारहरू प्रयोग गर्न पाउँछ ।

- मानव अधिकार उल्लङ्घन वा दुरुत्साहनका उजुरीहरू ग्रहण तथा अनुसन्धान गरी दोषीउपर कारबाही गर्न सिफारिस गर्ने,
- मानव अधिकार उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी पाएको पदाधिकारीले सो जिम्मेवारी पूरा नगरेमा विभागीय कारवाहीका लागि सम्बन्धित अधिकारीसमक्ष सिफारिस गर्ने ,
- मानव अधिकार उल्लङ्घनकर्ताविरुद्ध मुद्दा चलाउनुपर्ने आवश्यकता भएमा कानुनबमोजिम मुद्दा चलाउन सिफारिस गर्ने,
- मानव अधिकार उल्लङ्घनकर्तालाई विभागीय कारवाही तथा सजाय गर्न सम्बन्धित निकायसमक्ष सिफारिस गर्ने,
- मानव अधिकार उल्लङ्घनका सम्बन्धमा आयोगले गरेका सिफारिस वा निर्देशन पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानुनबमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताका रूपमा अभिलेख गर्ने,
- कुनै व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराई जानकारी, बयान वा बकपत्र गराउने, प्रमाण बुझ्ने, निजको आवास वा कार्यालयमा बिनासूचना प्रवेश गरी खानतलासी लिने,

- **व्यक्तिको मानव अधिकार उल्लङ्घन भइरहेको जानकारी प्राप्त भई तत्काल कारवाही गर्नुपर्ने भएमा बिनासूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गरी उद्धार गर्ने,**
- **पीडितलाई क्षतिपूर्ति दिन आदेश दिने,**
- **मानव अधिकारको सचेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,**

**उल्लिखित अधिकारहरूप्राप्त आयोगले स्थापना कालदेखि नै मानव अधिकारको संरक्षण, सम्वर्द्धन र सम्मानमा सक्रिय रूपमा आफ्नो कार्य गर्दै आएको छ । संवैधानिक अधिकारप्राप्त आयोगका हाल केन्द्रीय कार्यालयसहित पाँच क्षेत्रीय र तीन उपक्षेत्रीय कार्यालयहरू छन् । यी नौ ओटा कार्यालयहरूबाट यस आयोगले आफ्ना कार्यहरू सम्पन्न गर्दै आएको छ । मानव अधिकार उल्लङ्घनका सम्बन्धमा ती कुनै पनि कार्यालयहरूमा उजुरी दर्ता गर्न सकिने छ ।**

## ४. मानव अधिकार शिक्षाको क्षेत्रमा मानव अधिकार आयोगको प्रयासहरू

सामान्य अर्थमा मानव भएको कारणले प्राप्त हुने सबै अधिकार मानव अधिकार हुन् । मानव अधिकार मानिसको जीवन, स्वतन्त्रता र स्वाभिमानसँग सम्बन्धित छ । मानिसको जीवन, मर्यादा, समानता र स्वतन्त्रता मानव अधिकारको संरक्षणका मुख्य क्षेत्र हुन भने सामाजिक सचेतीकरण र सशक्तिकरण मानव अधिकार प्राप्तिका स्थायी खम्बा हुन । सबैको अधिकारप्रति सचेत भई संरक्षण, सम्वर्द्धन, सम्मान र उपयोग गर्न सघाउने शिक्षा नै मानव अधिकार शिक्षा हो । मानव अधिकारको पहिचान, सचेतनाको विकास र उपभोग गर्ने सुनिश्चितताका लागि मानव अधिकार शिक्षाको आवश्यकता पर्दछ । आफ्ना अधिकारप्रति सजग हुनुका साथै अरूको हकअधिकारप्रति संवेदनशील हुने, उनीहरूको अधिकारको पनि सम्मान गर्ने अर्थात अधिकार हनन हुन नदिनेतर्फ सबै सचेत हुनुपर्दछ । मानव अधिकार शिक्षाले राज्य तथा राज्यको संविधान तथा ऐन कानुनले प्रदान गरेका हक तथा अधिकारहरूको उपभोग गर्न सक्षम बनाउन सहयोग पुऱ्याउँदछ । प्रत्येक व्यक्ति आफ्नो अधिकारको बारेमा सुसूचित हुन सकेमा मानव अधिकार उल्लङ्घनका घट्नाहरूमा कमी आउछ ।

यी सम्पूर्ण व्यवहारिक पक्ष र आयोगले आफ्नो संवैधानिक एवम् कानुनी दायित्वललाई मध्यनजर राखी स्थापनाकालदेखि नै मानव अधिकार शिक्षामा विशेष जोड दिँदै आएको छ । मानव अधिकार शिक्षाको माध्यमबाट नागरिक सचेतना अभिवृद्धि भई मानव अधिकार संस्कृति विकासमा सहयोग पुग्ने उद्देश्यले आयोगले विभिन्न रणनीतिक योजनाहरूमा मानव अधिकार शिक्षालाई प्राथमिकतामा राखी काम गर्दै आएको छ । आयोगले सन २००६ देखि नै अन्तर्राष्ट्रिय विशेषज्ञसमेतको परामर्शमा मानव अधिकार शिक्षा प्रचारप्रसारको लागि सरोकारवालाहरूबीच समन्वय बिस्तार गर्नको लागि रणनीतिक साझेदारी विकास (Strategic Partnership Development Training) सम्बन्धी तालिम कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ ।

मानव अधिकारको ज्ञान, सीप र सचेतनाको अभावका कारणबाट पनि राज्यका निकायहरू मानव अधिकारका मुद्दाहरूप्रति सम्वेदनशील हुन नसकेको अवस्था छ । यस तथ्यलाई मध्यनजर राखी आयोगले सरकारलाई मानव अधिकारको संरक्षण र सम्वर्द्धनको लागि सम्बन्धित निकायमा मानव अधिकार शिक्षा तथा तालिम संयन्त्रको आवश्यक व्यवस्था गर्न भनेको थियो । मानव अधिकार शिक्षालाई जनस्तरमा पुऱ्याउन औपचारिक तथा अनौपचारिक शिक्षामार्फत आवश्यक नीति तथा कार्यक्रमहरू सञ्चालन गर्नको लागि आयोगले आर्थिक वर्ष २०६३/२०६४ मा नेपाल सरकारलाई सिफारिस गरेको थियो । आयोगले सरोकारवाला निकायहरू शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र, लगायतका निकायहरूसँग मानव अधिकार शिक्षा प्रवर्द्धनको लागि सहकार्य गर्दै आएको छ । नीतिगत तथा कार्यक्रमगत रूपमा विभिन्न तहमा बैठक, अन्तरर्क्रिया तथा छलफल कार्यक्रमहरू मार्फत मानव अधिकार शिक्षा प्रवर्द्धनमा सहकार्य र समन्वय भइरहेको अवस्था छ । जिल्लागत तहमा पनि जिल्ला शिक्षा कार्यालयसँग समन्वय गरी मानव अधिकार शिक्षाको प्रवर्द्धन कार्यलाई अगाडि बढाइएको छ । यसै सन्दर्भमा हाल आयोगको सिफारिस कार्यानवयनको क्रममा नेपाल सरकार औपचारिक शिक्षाअन्तर्गत विद्यालय तहको कक्षा ८ सम्म मानव अधिकार शिक्षा पाठ्यक्रममा समावेश भइसकेको छ । पाठ्यक्रम पुनरावलोकनको क्रमसँगै कक्षा ९ र १० मा समेत मानव अधिकार शिक्षालाई समावेश गर्नको लागि छलफलहरू भइरहेका छन् । यसअलावा आयोगबाट एकल र सहकार्यमा विद्यालयका शिक्षक तथा विद्यार्थी एवम् सुरक्षा निकायहरूलाई लक्षित गरी मानव अधिकार शिक्षासम्बन्धी चेतनामूलक कार्यक्रमहरू निरन्तर रूपमा सञ्चालन भइरहेका छन् । यी सीमित कार्यहरूलाई थप व्यापक रूपमा प्रवर्द्धन गर्न आयोगले सरकार र सरोकारवाला निकायहरू अझ समन्वय र सहकार्यका साथ अगाडि बढ्नुपर्दछ । राज्यबाट पनि मानव अधिकार शिक्षालाई मानव अधिकार संस्कृति विकासको आधारको रूपमा लिई थप प्रभावकारी कदम चाल्न आवश्यक छ ।

# सन्दर्भ सामग्री


१. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६

२. नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६

३. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६

४. बाल अधिकारसम्बन्धी महासन्धि, १९८९

५. सबै प्रकारको जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६

६. महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९

७. यातना तथा अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि, १९८४

८. सबै आप्रवासी कामदार र उनीहरूका परिवारको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि, १९९०

९. बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिको संरक्षणका लागि अन्तर्राष्ट्रिय महासन्धि, २००६

१०. नेपाल शिक्षा आयोगहरूका प्रतिवेदनहरू, मकालु बुक्स एण्ड स्टेशनर्स, काठमाडौ

११. Charter of the United Nations, 1945.

१२. Universal Declaration of Human Rights, 1948.

१३. The International Bill of Human Rights, Fact Sheet, No. 2 (Rev.1).

१४. OHCHR treaty bodies database in http://www.ohchr.org.

१५. UN General Assembly Resolution No.60/251, 2006.

१६. Frequently Asked Questions on a Human Rights–Based Approach to Development Cooperation", Office of the United Nations High Commissioner for Human Rights.

१६. The United Nations Human Rights Treaty System, An Introduction to the Core Human Rights Treaties and the Treaty Bodies, Fact Sheet, No. 30, page 15-16.

१७. Domestication of International Obligations, By Dr.A.O. Adede, Chairman & CEO L'ETWAL INTERNATIONAL (A Foundation for Law and Policy for Contemporary Problems).

१८. नेपालको अन्तरिम संविधान, २०६३, काठमाडौं : कानुन किताब व्यवस्था समिति

१९. नेपाल अधिराज्यको संविधान, २०४७, काठमाडौं : कानुन किताब व्यवस्था समिति

२०. त्रिवर्षीय योजना (२०६७/६८-२०६९/७०), काठमाडौं : राष्ट्रिय योजना आयोग

२१. त्रिवर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजना (२०६७/६८-२०६९/७०), काठमाडौं : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

२२. मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको सँगालो (२०६४), काठमाडौं : कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

२३. न्याय प्रशासनको कार्यमा संलग्न कर्मचारीका लागि मानव अधिकार दिग्दर्शन (२०६०), काठमाडौं : कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड)

२४. महिला महासन्धिअन्तर्गतको नेपालको दोस्रो तथा तेस्रो संयुक्त आवधिक प्रतिवेदनमाथि महिलाविरुद्धभेदभाव उन्मूलन समितिले दिएको निष्कर्ष र सुकाव (२०६२), काठमाडौँ : महिला, कानुन र विकास मञ्च (सेलर्ड) ।

२५. खनाल रेवतीरमण, नेपालको कानुनी इतिहासको रुपरेखा, २०५९

२६. श्रेष्ठ अमन/सिवाकोटी कैलाशकुमार, मानव अधिकारसम्बन्धी अन्तर्राष्टिय महासन्धि, मानव अधिकारको विकास र दृष्टिकोण समीक्षात्मक विवेचना २०६८, मधुवन प्रकाशन, काठमाडौँ ।

## यस पुस्तक सम्बन्धमा तपाईको प्रतिक्रिया तथा सुझावः

यस पुस्तकको अध्ययन पश्चात आयोगलाई तपाईको अनुभव र सुझाव भए निम्न ठेगानामा प्राप्त हुने गरी पठाई दिनु हुन अनुरोध छ ।


ठेगाना : केन्द्रीय कार्यालय
हरिहरभवन, ललितपुर
पो.ब.नं. ९१८२, काठमाडौँ
इमेल nhrc@nhrcnepal.org
फोन ०१ ५०१००१५, १६, १७, १८
वेवसाइट www.nhrcnepal.org
फ्याक्स ०१ ५५४७९७३, ५५४७९७५
हटलाइन ०१ ५० १० ०००